卐 ओमयाङ्ग 卐

किरातेश्वर सन्देश

(महाप्रभु ज्योतिनन्द संस्मरण अङ्क - १)



विरूपाक्ष

(वर्तमान युगमा कलिको नामले)

पशुपति आर्यघाट नेर.

प्रसिद्ध

म. पु. डीन. प्राध्यापक
पं. अम्बिकाप्रसाद अधिकारीज्यूलाई
उपहार
किरातेश्वर परिवार
मिति २३।५।२०४२


किरातेश्वर-सन्देश

(महाप्रभु ज्योतिनन्द सम्मरण अंक)

वर्ष-१ पुष्प-१

सम्पादक

लक्ष्मणाचार्य



सम्पादक मण्डल

मणोश्वर राई

हरिबहादुर राई

दिलीप वाम्तवा

पूर्णानन्द दाहाल

प्रकाशक:
किरातेश्वर प्रकाशन
श्रीशिवज्योतिसिद्ध किरातेश्वर धाम
लखनपुर-१, सीतापुरी, झापा
नेपाल ।

१००० प्रति

मूल्य:- ने. रु. ३१।-
भा. रु. २५।- (धाम निर्माणार्थं सहयोग)

मुखपृष्ठ तस्वीर सौजन्य : श्री ५ को सरकार, पुरातत्व विभाग ।

मुद्रक:-
यौवन छापाखाना
जमवागीश्वरी, काठमाडौं ।

संरक्षक महानुभावहरू

आचार्य पं. छविलाल पोखरेल,

आचार्य पं. खेमराज केशवशरण,

डा० स्वामी प्रपन्नाचार्य,

प्रमुख सल्लाहकार

श्री गोविन्द टण्डन

श्री सन्तकुमार वान्तवा

शुभ-कामना

शिवज्योतिसिद्ध किरातेश्वर धाम लखनपुर, सीतापुरी झापा, मेचीबाट "किरातेश्वर सन्देश" प्रकाशित हुन लागेको समाचार सुन्दा हर्ष लाग्यो।

यस स्मारिकाले नेपालका समस्त आर्य संस्कृतिका अनुयायीहरूमा धर्म, संस्कृति, कला, दर्शन आदिमा बहुमुखी विकासका साथै परस्पर सामन्जस्य एवं सद्‌भावनाको नयाँ जागरण ल्याई नैतिक, सांस्कृतिक, पुनरूत्थान गर्न समर्थ हुनेछ भन्ने मेरो पूर्ण आशा र विश्वास छ

म यस स्मारिकाको प्रकाशनको निमित्त हार्दिक शुभकामना व्यक्त गर्दछु।

नगेन्द्रप्रसाद रिजाल

मू. पू. प्रधान मन्त्री एवं
अध्यक्ष, विश्वहिन्दू संघ

बत्तीस पुतली, काठमाडौं।
मितिः २०४२।२।१८

शुभ-कामना

"किरातेश्वर सन्देश" पत्रिकाको महाप्रभु ज्योतिनन्द संस्मरण अङ्क प्रकाशन अवसरमा यो अङ्क र किरातेश्वर सन्देशलाई नै शुभकामना प्रकट गर्दा हर्ष लाग्दछ। नेपाल राष्ट्रको एकत्वको भावना प्रस्फुरित गर्न यो पत्रिकाले उल्लेखनीय देन दिन्छ र दिनेछ भन्ने मेरो विश्वास छ।

रणधीर सुब्बा
शिक्षा तथा संस्कृति एवं परराष्ट्र मन्त्री

शुभ-कामना

दमक लखनपुर पञ्चायत-अन्तर्गत सीतापुरमा अवस्थित श्रीशिवज्योतिसिद्ध किरातेश्वर धामबाट "किरातेश्वर सन्देश" नामक पत्रिका प्रकाशमा आउन लागे-कोमा मलाई ज्यादै खुशी लागेको छ ।

हाम्रो हिन्दू समाजमा यस्ता पत्रिकाहरूको खाँचो म महसूस गर्दछु । आशा छ, यस पत्रिकाले आध्यात्मिक र नैतिक चेतना जगाउन तथा मानिसको चरित्र निर्माण गर्नमा ठूलो सहयोग प्रदान गर्नेछ भन्ने मैले संझेको छु ! यो वार्षिक रूपमा प्रकाशनको उत्तरोत्तर विकास होस् भन्ने मेरो हार्दिक शुभ-कामना छ ।

लैनसिंह वाङ्देल
कुलपति
नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

※मननीय कुरा※

मातृदेवो भव। पितृदेवो भव। आचार्यदेवो भव। अतिथिदेवो भव। यान्यनवद्यानि कर्माणि। तानि सेवितव्यानि। नो इतराणि। यान्यस्माकं सुचरितानि तानि त्वयोपास्यानि। नो इतराणि। ये के चास्मच्छ्रेयांसो ब्राह्मणाः। तेषां त्वयासनेन प्रश्वसितव्यम्। श्रद्धया देयम्। अश्राद्धया ऽदेयम्।

अर्थ :– आमा, बाबु, गुरू, पाहुना, यिनलाई देवताजस्तो मान्ने होऊ। निर्दोषी काम गर्नु, दोषी काम नगर्नु, हाम्रा चालचलनमा पनि जो असल चरित्र छन्, तिनै सेवन गर्नु, खराव चरित्र नगर्नु, आफू भन्दा श्रेष्ठ आएका छन् भने तिनलाई आसन दिनु, आतिथ्य गर्नु। जो दिइन्छ श्रद्धाले दिनु। अश्रद्धाले नदिनु। सम्पत्ति अनुसार दान दिनु।

–तैत्तिरीय उपनिषद्

एघारौं अनुवाक

सम्पादकीय

जीवनको विविध पक्षहरूका एक उत्तम साधन पत्रिका पनि हो । वर्णनात्मक, समीक्षात्मक, अलोचनात्मक आदि लेखहरूबाट धर्म, संस्कृति, सभ्यता र इतिहासको बाटो देखाउँदै जनतालाई मुख्य रूपले आँखा देखाउने काम पत्र-पत्रिकाहरूले गर्छन् । वस्तुस्थितिमा पत्र-पत्रिका भनेको कागजको पोका होइन्, अपितु निःसन्देह ज्ञानको पोका हो । पत्रिकाको माध्यमबाट हामी अनेक प्रकारको ज्ञान पाउछौं । प्रान्त-प्रान्त, जिल्ला जिल्ला, अञ्चल तथा देश र विदेशहरूमा कहाँ कहाँ ? के के भैराखेको छ ? ती सबै हामी पत्रिकाको पाना–पानाबाट बुझ्न सक्छौं । अर्को शब्दमा भन्ने हो भने पत्रिकाले निकै पुरानो इतिहास, संस्कृति, कला, आदिको संरक्षण गरेर राखेको हुन्छ । पत्र पत्रिकाको महत्ताको सम्बन्धमा यसको प्राचीन इतिहास कोट्याउँदा त्यत्ति साह्रो पुरानो ठहरिदैन । शिलालेख, तामापत्र, स्वर्णपत्र, भोजपत्र, ताडपत्र, माटोको छाप शंख, घण्ट, त्रिशूल आदिमा लेखिएका मैदान र पहाड तथा हिमालयको फेद, सेप, चेप, काख, देउराली, थुम्का, आदिमा भने लिपिबध्द लेखहरू पुरातत्वको रुपमा प्राप्त भएको छ, हुँदैछन् । परन्तु पत्र र पत्रिकाको रूपमा प्राप्त हुने उल्लेख भन्ने कतै एघारौं शताब्दी, कतै बाह्रौं शताब्दीदेखि लिएर अठारौं शताब्दीसम्मको जग पाइन्छ। भारतमा प्रकाशित हुने हिन्दीको सर्वप्रथम पत्रिका 'उदन्त मार्तण्ड" कलकत्ताबट प्रकाशित भएको थियो। यो भन्दा केही पहिले संस्कृतको पत्रिकाहरू निक्लेका थिए । समग्रमा भन्दा राष्ट्रोत्था.को निमित्त पत्र–पत्रिकाको अत्यधिक सम्मानित स्थान छ। यसै परिप्रेक्ष्यमा आज पाठकहरूको सामुमा 'किरातेश्वर सन्देश' पनि अनेकौं महत्वाकांक्षा लिएर पाठक–पाठिकाहरुको सामुमा उपस्थत हुदैछ । यद्यपि अनेक पत्र-पत्रिकाहरू आ–आफ्नो क्षेत्रमा प्रकाशित भै राखेको छन् । तथापि 'किरातेश्वर सन्देश' ले ओगट्ने कार्यकलाप प्राचीन पुरातत्व' विज्ञान, धर्म, संस्कृति

कला, नैतिक, सामाजिक एवं पुरातात्विक विषयहरूलाई लिएर देशको प्रामाणिक इतिहास तथा तद्-तद् विषयहरूको तथ्यातथ्य वस्तुस्थिति जनसमक्ष प्रस्तुत गर्ने रहेको छ। यो प्रथम संस्करण महाप्रभु ज्योतिनन्दजीको आविर्भाव, जीवनी, उपदेश, मुन्धुम, धारणा, ध्यान, समाधि र समाज सेवा आदि विषयहरू लिएर पाठकहरूको अगाडि उभिएको छ। 'किरातेश्वर' नाम किरातहरूको इष्टदेव परात्पर, परब्रह्म परमेश्वर शिवको नामबाट राखिएको हो। यसमा किरातेश्वर भगवान् शंकरको सन्देश विविध शोध-खोजद्वारा भविष्यमा पनि प्रकाशन गर्ने किरातेश्वर परिवारको विचार छ। यसपालीको अंकमा ज्योतिनन्द महाप्रभुको जीवनीको अतिरिक्त नेपाल र भारतमा प्रख्यात विद्वान्हरूका अत्यन्त चिन्तन र मनन् गर्न योग्य तथा सही मार्गनिर्देशन गर्ने लेखहरू छन्। उदाहरणको लागि संस्कृत साहित्यमा किरात, लालमोहरमा किरात, किरातवंशको प्रशंसनीय अभियान, राष्ट्रोत्थानमा हिन्दूधर्मको योगदान र लिच्छविकालमा किरातकालको प्रभाव आदि लेखहरूले किरातहरूको सही इतिहास पहिल्याएको छ। यद्यपि केही लेखहरूमा सिद्धान्त वैभिन्य पनि देखिन्छ। तर यहाँ गम्भीर अध्ययन गरेर सही तथ्यको पत्ता लगाई समन्वय गर्ने आवश्यकता पनि देखिन्छ। यस्तै यी लेखहरूमा परेका प्रौढ विद्वानहरूदेखि बाहेक अरू नवयुवक लेखकहरूका प्रतिभालाई ध्यान दिएकोछ। उनीहरुका लेख र कविताहरुले "किरातेश्वर सन्देश'लाई ठूलो सहयोग पुऱ्याएका छन्। 'किरातेश्वर सन्देश'लाई सहयोग पुऱ्याउन त्रि. वि. वि. मा संलग्न शिक्षिका देवी शर्मा र कवयित्री शशी रिमालबाट पनि लेख संकलनमा सहयोग मिलेको छ। विशेष नलेखी नहुने सहयोग त्रि.वि. वि.का नेपाली इतिहास, संस्कृति तथा पुरातत्व शिक्षण समितिका उप प्रा. तथा सनातन धर्म सेवा समितिका केन्द्रीय महासचिव गोविन्द टण्डनले ठूलो गुन लगाउनु भएको छ। हामी संझन्छौं यो लेख ऐतिहासिक अनुसन्धानको दृष्टिकोणले किरातेश्वर सन्देशको मुटु हुन पुगेको छ। यसको लागि किरातेश्वर सन्देशको सम्पादक र किरातेश्वर परिवार कृतज्ञता ज्ञापन गर्दछ। कर्मयोगी महानुभावहरूलाई जुन शब्दले जति नै धन्यवाद दिए पनि थोरै नै हुन्छ। यस्मा किरातेश्वर सन्देश प्रकाशनको लागि जुन दानवीर महानुभावहरुले दान दिएर समाज र राष्ट्रसेवा गरी आफूलाई अमर तुल्याउने काम गरेर धाम बनाउने काममा र विधान एवं नियमावली बनाउने काममा सहयोग गर्नु हुने पनि सानोतिनो धन्यवादका पात्र होइनन्। त्यस्तै श्री शिवज्योतिरिद्ध किरातेश्वर धाम निर्माण गर्न कायन वाचा मनसा सहयोग गर्नु हुने महानुभावहरू एवं किरातेश्वर सन्देशलाई यस रूपमा पुऱ्याउनु हुने सबैलाई धन्यवाद टक्र्याउँदै भविष्यमा अझ विस्तृत रूपमा यो संस्था र यस पत्रिकाले समाज र देश सेवा गर्ने अव-

सरपाउने छ भन्ने विश्वासमा छौं। यो संस्था र पत्रिका त अहिले जन्मेको मात्रै छ यसलाई हुर्काएर फलदार वृक्ष बनाउनु हामी सबैको काम हो। केवल जन्म दिने मात्रलाई व्यभिचारी भनिन्छ। तर जन्म दिएर पालनपोषण गरी शिक्षा दीक्षाले योग्य बनाएर समाजमा समर्थवान बनाएर उभ्याइ दिनेलाई पिता भनिन्छ। त्यस्तै यो संस्थालाई पनि जन्म दिएर बीचैमा नै छोडी दियौं भने त व्यभिचारी नै ठहरिनेछ। त्यसो भएको हुनाले यो संस्था र पत्रिकालाई निरन्तर अगाडी बढाउने काममा साँचो ध्येय र तन्मयताकोसाथ काम गर्नेहरूको भविष्यको इतिहासमा पनि स्वर्णाक्षरले लेखिने छ। हामी इतिहास बनाउदै जाऊ, इतिहास लेख्नेले लेख्दै जाऊन। हामीले "किरातेश्वर सन्देश"मा अहिले ज जति गर्‍यौं त्यो दूध र पानी छुट्टयाउने पाठक-पाठिकाहरूको समक्षमा उपस्थित छ। त्यसो भएको हुनाले धेरै भन्नु वा नसुहाउँदो कुरा गर्नु उचित ठानेका छैनौं।

"किरातेश्वर-सन्देश" लाई शुभ-कामना दिएर प्रोत्साहित गर्ने विश्व हिन्दू संघका अध्यक्ष एवं भू. पू. प्रधान मन्त्री श्री नगेन्द्रप्रसाद रिजाल, शिक्षा तथा संस्कृति एवं परराष्ट्र मन्त्री श्रीरणधीर सुब्बा, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका कुलपति श्री लैनसिंह बाङदेल प्रति हामी आभार प्रकट गर्दछौ।

अन्तमा किरात वंशका एक जाज्वल्यमान प्रतिभा एवं नेपालको प्रकाण्ड विद्वान डा. स्वामी प्रपन्नाचार्यज्यू बसले किरात जातिको वास्तविक इतिहास जन-समक्ष ल्याउन अनेकौ शोधखोज अनुसन्धान गरी किरात जातिको मूल अस्तित्वको जगेर्ना गर्न अथक परिश्रम एवं पथप्रदर्शन गरिदिनु भै अन्धकारबाट उज्यालोतिर हिडन केही प्रकाश दिनु भएको फलस्वरूप नै यो 'किरातेश्वर-सन्देश' प्रकाशित हुन सकेको छ। उहाँको आशिर्वाद सँधै प्राप्त भै रहोस्, नेपाली आमाले यस्ता सपुतहरू जन्माई रहुँन हामी यही चाहान्छौ।



विषय प्रवेश:

महाप्रभुको जीवन सम्बन्धी

किरातेश्वर धाम सम्बन्धी

लेखहरू

कबिता

विविध



卐 ओमयाङ्ग 卐

नन्देराईदेखि महाप्रभु ज्योतिनन्दसम्म

जीवन क्षणिक हो । विवेचना गर्ने पदार्थ पनि अनित्य हो । संसार पनि अनित्य नै हो । तर यस असार संसारमा कसले जन्म लिदैन ? अथवा को मर्दैन ? यसको सीधा उत्तर छ । सबैले जन्म लिन्छन् । सबै मर्छन् । जन्म लिने र उत्पन्न हुने जति सबै नाशवान् छन् । तर जन्म लिनु उसैको सार्थक छ, जसको जन्मले धर्मको अभ्युदय हुन्छ, समाजको उत्कर्ष हुन्छ, जसबाट राष्ट्रको उन्नति हुन्छ, त्यसैको जन्म सार्थक छ । नभए त्यो व्यर्थ पृथिवीको भार मात्र हो । त्यसले व्यर्थै आमालाई दश महीनासम्म दुःख मात्र दियो । त्यो जीवन र पशुको जीवनमा केही फरक छैन । मानव भए पनि पशु जस्तो जीवन बिताउनेहरुको पृथिवीमा कमी छैन । अध्यात्म प्रकाशमा थुरिनु पुगेको महापुरूषहरूलाई त्यस्ताले पागल भन्छन् । बौलाहा भन्छन् । बेकामे भन्छन् । राष्ट्र विरोधी भन्छन् । जे आयो उही भन्छन् । जे मनमा आयो उही गर्छन् । पक्रेर सजाय दिन्छन् । बदनाम गर्ने प्रयत्न गर्छन् । तर महापुरुषहरू आफ्नो बाटोमा हिंडिराखेका हुन्छन् । संसारका अज्ञानी मानवलाई ज्ञान दिइराखेका हुन्छन् । सम्झाइराखेका हुन्छन् । प्रकाश दिइराखेका हुन्छन् । अज्ञानी अन्धकारैमा बस्न रूचाउँछ । महापुरूषले ज्ञानरूपी अमृत पिलाउँछन् । अज्ञानीले विष पिलाए जस्तै गरेर थुकी दिन्छ । यो घटना कल्पनाको पोको होइन । ईसा पूर्व छैठौं शताब्दीमा सुकरातले यस्तै अज्ञानी भेट्टाएका थिए । ब्रुनो पनि यसै कोटिका थिए । ईसामसीह पनि उसै पंक्तिमा उभिए । महावीर र बुद्ध पनि यसै हाराहारीमा थिए ।

स्वामी दयानन्द पनि उही नमीठो पंक्तिको रेखा बन्न पुगे । यति मात्रै होइन, १८ औं शताब्दीका द्विजेंदिल, शशिधर स्वामी, ज्ञानदिल महाप्रभु र फलगुनन्द गुरु पनि यस्ता अज्ञानीहरूको दुःख दिने क्रम र जालमा नपरेका होइनन् । यस्ता महापुरुषहरूको इतिहास सुनको अक्षरमा लेखिएको हुन्छ । भविष्यमा पनि लेखिने छन् ।

वास्तवमा महापुरुषहरूले सम जलाई ज्ञानरूपी अमृत पिलाउँछन् । अज्ञानीहरूले दुःखरूपी विष पिलाउँछन् । तर ती दुःखरूपी विष पिलाउने अज्ञानीहरूलाई पनि धन्यवाद छ । किनभने उनीहरूले दुःखरूपी विष पिलाएर ती महापुरुषहरूलाई कहिले नमर्ने अजर र अमर बनाए । ती अज्ञानीहरूले दुःख नदिएको भए अमर बन्ने थिएनन् होलान् । ती महापुरुषहरूको सुनामको दुष्प्रचार नगरेको भए उनीहरूको नाम पनि त्यति दुनियाँमा फैलिने थिएन होला । त्यसो भएको हुनाले यी अज्ञानीहरूलाई केही दोष छैन । यी त विना पैसा, विना वेतनका प्रचारक मात्र हुन् । केवल प्रचारको माध्यममा अन्तर पऱ्यो । जे होस्, विश्वका महापुरुषहरूले यी अज्ञानीहरूलाई ज्ञानरूपी अमृत पिलाएर अमर बनाउने महान् प्रयत्न गरे । तर त्यसको बदलामा अज्ञानीहरूले ती महापुरुषहरूलाई विष नै पिलाए । यहाँ विष पिलाउनुमा यति अन्तर छ कि कुनैले साक्षात विष पिलाएर मारे । कुनैले नहुँदो दुःख दिएर दुःखरूपी विष दिएर मारे । तर दुवै विष नै हो । परन्तु ती विष पिउने महापुरुषहरू हाँसी हाँसी मरे । हाँसेरै गए । हाँसेरै मरे । विष दिनेलाई पनि हाँसेरै आशीर्वाद दिए । सुकरातले विष पिउनेहरूलाई (ए ! अलि छिटो गरन) भनेका थिए । वैदिक धर्मको युगपुरुष स्वामी दयानन्दले आफ्नो विष पिलाउने मान्छेलाई (ए जगन्नाथ ! मेरो सिरानीमा दुइसय रुपियाँ छ, लिएर तुरुन्त जाइहाल) भनेका थिए । बुद्धले आफ्नै काकाको छोरा देवदत्तलाई सँधै क्षमा गरे । भाईले बुद्धको जीवनको क्षण–क्षणमा खतरा पुऱ्याएका थिए । जगन्नाथले आफ्नो भुललाई जाने पछि स्वामी दयानन्दसँग क्षमा मागे । तर स्वामीजीले भन्नु भो तलाई" म क्षमा दिंदै छु र त त्यो किराया लिएर जा भन्दैछु । "अरूले मेरो प्राण गए पछि तँलाई छोड्दैन " भन्नु भयो तर अज्ञानीले हमेशा आफ्नै नोक्सान गरेको हुन्छ । आफ्नै समाजको नोक्सान पुऱ्याएको हुन्छ । आफ्नै राष्ट्रको नोक्सान पुऱ्याएको हुन्छ । तैपनि त्यसै अज्ञानीले प्रोत्साहन पाइराखेको हुन्छ । यही संसारको विचित्र गति छ । तर जसले त्यसो गऱ्यो, पछि त्यही नै पुजारी हुन्छ । यो पनि बडो विचित्र कुरा छ । धन्य

छन् ती महापुरुष ! ती विष पिलाउने अज्ञानीहरूको नाम निशानै छैन । ती महापुरुष युगौं युग बाँचिराखेका छन् । आज पनि ती महापुरुष हाम्रो सामुमा उभिएकै छन् । उनीहरू शरीरले नरहे पनि उनीहरूको जनसेवा र इतिहासले उनीहरू सधैं अमर छन् ।

ठीक यसै प्रकारले हामी यहाँ एक महापुरूषको जीवन चर्यासँग परिचय गराउँदैछौं । तर महापुरूष या विद्वान् आकाशबाट खसेको हुँदैन । भुइँबाट फुटेर माथि आएको हुँदैन । कमल त हिलैमा फुल्छ । 'हुन सक्छ त्यो हिलोमा जुगा, भ्यागुता र फोहोर पनि होला । कुनै पनि देशको महापुरूष हिलैको कमल हो । तर हामी हिलोसँग घृणा गर्छौं । त्यसलाई सफा गर्ने प्रयत्नमा हुँदैनौं । यो दुर्भाग्यको कुरा छ । दुर्भाग्यलाई भाग्यमानी बनाउने प्रयासमा हुँदैनौं । दुर्भाग्यको अङ्ग जरा उखेल्नतिर लाग्छौं । तर यो दुर्भाग्य पनि केही आफ्नै कर्तव्यहीनताबाट आउँछ । केही आफ्नै कुसंस्कार र दुर्व्यसनको कारणबाट बनेको हुन्छ । केही समाज र सङ्गतबाट बनेको हुन्छ । यिनैमा कुनै कारणवश मनवलाई उथल-पुथल गरिरहनु पर्छ । यस्ता समाज विश्वको एकमात्र हिन्दूराष्ट्र नेपालमा पनि कम छैन । त्यसमा पनि किरात देश नेपालको अति प्राचीन किरात जाति यस्मा धेरै मिसिएका छन् । तिनै किरातहरूमध्ये एक महापुरूषले 'राई' परिवारमा जन्म लियो । पूर्व नेपाल मेची अञ्चल, इलाम जिल्लाको पुवा, मझुवा वा. नं. ४ जल्केनी गाउँमा २०१४ साल मार्ग ७ गते शुक्रवारको दिन एक वालकको जन्म भयो । पिताको नाम श्री दिलबहादुर माङ्पाहाङ राई तथा माताको नाम श्रीमती दिलमाया थियो । यिनै दुवै सत् गृहस्थ सनातन हिन्दू किरात क्षत्रिय परिवारमा एक ज्योति वालकको रूपमा जगमगायो । वालकको नाम 'नन्द बहादुर राई' राखियो । यद्यपि वालकको पिताको मूल निवास पावा' गाऊँ नै हो । तर वालकले मावली घर जल्केनीमा जन्म लियो । केही वर्ष पछि वालक नन्द बहादुर आफ्नै पैतृक घर पावा गाँउमा आए । त्यहीं खेल्दा – बस्दा पिता पल्टनमा भएको हुनाले पाँचवर्षको उमेरमा पितासँगै देहरादून, अम्वाला आदिमा वालकले जानु पर्‍यो । यस्तै पल्टनको जीवनमा वावुसगैं वस्दा-बस्दै तीन वर्ष पछि फेरि भाग्यले उही पावा गाउँमा पुर्‍यायो । अब वालक नन्दे किशोर अवस्थामा प्रवेश हुन थाली सकेको थियो । नन्देको जीवन अब खेल्नु, घाँस काटनु, गाई् भैंसी चराउनु, हलो जोत्नु, कुखुरा सुँगुरहरूलाई चारो हाल्नुदेखि बाहेक अरू केही भएन । यो क्रम निकै वर्षसम्म चल्यो । तर भविष्यमा हुने लक्षण पनि देखिद थियो ।

शिक्षा

२००७ साल भन्दा पहिले नेपालमा सबैले पढ्न पाउने शुभ दिन थिएन। त्यसो हुँदा नेपालदेखि बाहिर दार्जिलिङ्ग, खार्साङ्ग, कालेम्पुङ्ग तथा वाराणसी आदि-मा पढेर आउँथे। त्यसमा अनेक प्रकारका टण्टा हुन्थ्यो। ७ सात सालसम्म पनि त्यति थिएन। तै पनि ७ साल पूर्व भन्दा कता हो कता उदाङ्ग भइ सकेको थियो। २१-२२ साल तिर पावा क्षेत्रमा पनि कक्षा पाँचसम्मको स्कूल खुल्यो। त्यस बेला बालक नन्देराईले स्कूलमा गएर पाँच कक्षा-सम्मको पढाई गरे। यस पढाईलाई आजको युग अनुसार साक्षर मात्र भन्न सकिन्छ। यस प्रकार नन्देराईले २०२८ सालमा अध्यात्म क्षेत्रको एउटा पूर्वरूप देखायो। घर छोडेर जङ्गल, जङ्गल चहार्ने गर्थ्यो। त्यस्तोविघ्न जाँड रक्सी र कुखुरा सुँगुरमा डुबेको घरबाट बालकले बाहिर निक्लदा आश्चर्य लाग्नु स्वाभा-विकै कुरा हो। गाउँ घरको चलन अनुसार माङपा, विजुवा, धामी, झाँक्री लगाइयो। त्यस बीचमा बालक नन्देले पनि जगवीर राई माङपाहाङबाट माङपा दीक्षा लियो। यस दीक्षामा अन्यो प्रथा अथवा चलनको अनुसार प्रशस्त काटमार पनि गर्न थाले यस दीक्षामा दीक्षित भएपछि नन्देराई विजुवा ज्ञानमा गुरूभन्दा पनि अगाडि बढे। वि० सं० २०२८ देखि २०३५ सम्म ४५ पञ्चायतहरूको भक्तजनहरुले उनलाई गुरू मानिसकेका थिए। यी ती भक्तजनहरूमा अटुट ढङ्गले जमीसकेका थिए। वि० सं० २०३७ को माघ महीनामा इभाङ्ग गा. पं, वा. नं. ४ तावा-खोला किनारको गुफामा एकाएक समाधिमा बसे। त्यस समाधिमा २३ दिनसम्म केही नखाई बसे। २४ दिनमा गुफाबाट उठे पछि पूर्व नियोजित सेतो जामा, त्रिशूल, तामाको कमण्डलु धारण गरेर अब एक साधुको रूपमा भक्तजनहरूलाई दर्शन दिन थाले। दुई महीना आराम गरे पछि रवि, हिकुनाम्बा आदि सबै ठाउँको भक्तजनहरूलाई प्रेरित गरेर चैत्र महीनाको अन्तिममा सर्व-प्रथम सूर्यपाक यज्ञ गर्नु भयो। यसै बीचमा फलगुनन्द गुरूको साक्षात् शिष्य सिद्धिदासको शिष्य, शिक्षदिल राई (धनेपा) माङपासँग पनि तपस्वी दीक्षा लिए।

भ्रमण

२०४० को आषाढ १२ गते रवि हेकुनाम्बाबाट कञ्चनजङ्घा दूधपोखरी आदि हिमालयको यात्रा गर्नु भयो। यो उहाँको ठूलो र लामो यात्रा थियो। भगेन्द्र राई, जङ्गबाहादुर राई, आदि १८ जनाका टोली भएर हिमालयका यात्रा गरेका थिए। यस यात्रामा भक्तजन र शिष्यहरुले उहाँको अनेक आध्यात्मिक

चमत्कार पनि पाए। यो यात्रा एक महीना जति लामो थियो । हिमालयको काखमा भएको दूध पोखरीमा उहाँले एक शिवलिङ्ग खडा गरी दुईटा त्रिशूल, एक ठूलो तावाको कमण्डलु चढाएर फर्कनु भयो। दूध पोखरीमा जन्मा सात दिनसम्म बस्नु भयो । त्यस बीचमा उहाँले ध्यानबाट मुन्धुम (मन्त्र) पनि प्राप्त गर्नु भयो। पाठकहरूले आश्चर्य मान्ने कुरा छैन । किनभने वेदमन्त्रहरू पनि ऋषिहरूले यसरी नै ध्यानबाट सङ्कलन गरेका हुन् । दूध पोखरीबाट फर्केर केवल पाँच जना भक्तहरूलाई लिएर सिक्कीम जानु भयो। पेलिङ्ग गुम्बा (सिक्कीम)मा अवतारी लामाहरूसँग साक्षात्कार गरी पाँचथर रविमा पुग्नु भयो । यस प्रकार पूर्व नेपालका केही अञ्चलहरूको भ्रमण गर्नु भयो।

अभियोग

यतिखेरसम्ममा नन्देराईबाट उहाँ ज्योतिनन्द गुरू भइसक्नु भएको थियो। यो संसारको अकाट्य नियम छ कि एकले अर्काको उत्कर्ष सहन सक्दैनन्, आफुले गरेर खान नसके पनि अर्कालाई त केही गर्ने अवसर देउ । तर यो समाजको दुर्भाग्य हो । किनभने राष्ट्र र समाजको लागि जो समर्पित हुन्छ, पहिला त्यसैको जरो काटिन्छ । त्यसैको जरो खोदालिन्छ । त्यसै महापुरुष माथि स्वार्थीहरूको कुदृष्टि पर्छ । अन्त्यमा त्यस्ता स्वार्थी हारेर ज्युँछ। मरेर ज्युँछ। ज्युँदै मर्छ। तर महापुरुष ज्युँदै अमर हुन्छ । शरीरले मरे पनि अमर हुन्छ । यस्ता अज्ञानी स्वार्थीहरूको कुदृष्टि ज्योतिनन्दजी माथि नपरेको होइन । केवल ज्योतिनन्द मात्र हैन सुकरात, बुद्ध, महावीर, ज्ञानदिल, फलगुनन्द आदि महामानवले पनि स्वार्थीहरूको सामना गर्नु परेको थियो। तर सत्य, सत्य नै हो। स्वार्थले हमेशा सत्यदेखि हार्नु पर्छ। ज्ञानदेखि अज्ञानले सधैं हार्नु पर्छ। किनभने ज्ञानले आत्मविश्वासी र दरीलो बनाउँछ। अज्ञानले मानवलाई हमेशा घाइते बनाउँछ । स्वार्थले हमेशा झरीलो अगुल्ठोले जस्तै श्वास-प्रश्वास पोल्छ। अज्ञान र स्वार्थले हमेशा रुवाउँछ । ज्ञानले प्रसन्न राख्छ। शान्त स्वभाव बनाउँछ। मुसुमुसु हसाउँछ। त्यसै भएको हुनाले त "ज्ञान मर्दछ हाँसेर रोई विज्ञान मर्दछ"*। अज्ञानी स्वार्थी कहिले पनि दरीलो आत्मावाला हुँदैन । स्वार्थीमा शङ्का, उपशङ्का र चिन्ताको पोको कसेर बाँधेको हुन्छ । त्यो पोका खुस्किदा कति महापुरुषहरू पनि भेल-बाढीमा पर्छन्। तर ◆'सत्यमेव जयते' सत्यको जीत हुन्छ। यस्तो नैतिक, सामाजिक, धार्मिक कार्यमा संलग्न रहने युगपुरुष माथि लाग्ने अभियोग ज्योति-

---

*प्रहला बालकृष्ण समको उद्धरण हो। ◆मुण्डकोपनिषद्

नन्दमा पनि थुरिन पुग्यो। सिलौटी धामको मूर्ति अपहरणको अभियोग निकै पहिले देखि नै चली रहेको थियो । अर्थात् मूर्ति चोन्यो भन्ने अभियोग लगाएर २०४० भाद्र महीनाको पहिलो हप्तामा रवि थानाको प्रमुखले हिकुनाम्बामा ज्योतिनन्दजीलाई पकड्यो । त्यस दिन हिकुनाम्बामा यज्ञ थियो । त्यहांको प्रधानपञ्च र अन्य भक्तजनहरूसाथ लागि रवि थानामा ज्योतिनन्द गुरूसँगगए उहाँलाई थानामा उपस्थित गर्दा जिल्ला महिला सङ्गठनको सभापति र अ.कि.स.को सभापति पनि सम्मिलित थिए । ज्योतिनन्दजीलाई थाना इन्चार्जज्यूले अपराधबारे सोध-खोज गर्दा, उहाँले 'भन्नु भयो सिलौटी मन्दिर सुधारको लागि रू. ५०। दिएर अरू सुधारको सुझावदिएर आएको हुँ । यस्तो अभियोग महागुरू फलगुनन्दलाई पनि लागेको थियो। त्यही सेहें (जागित्र)ममा सरेको हो भन्नु भयो। त्यसको उत्तरमा थाना प्रमुखले भने 'अञ्चलकार्यालय र सि. डि. ओ. कार्यालयबाट आदेश भएको हुनाले मैले तपाईं-लाई थानामा डाकेको हो । आवश्यक सोधपुछ पनि थानेदारले ज्योतिनन्दजीलाई रविथानाबाट छोडिदिए । साथै तपाईं निर्दोषी हुनुहुन्छ, जे गर्नुपर्छ गर्नुहोस् थानेदारले भनेपछि, तपाईं र म भएर समाजलाई सत्यबाटो देखाउँ भनी ज्योतिनन्दगुरूले भन्नु भयो । थानाबाट छोडिए पनि फिदीम सदरनुकाम सि. डि. ओ. कार्यालयमा सात दिनसम्म थुनामा राखिए । त्यसवेला भक्तहरूको धुइरो लाग्यो । यस प्रकारले लगभग २३ दिनसम्म ज्योतिनन्दज्यू फिदीममा वस्नु भयो । हरिबहादुर राईले त्यस बीचमा ज्योतिनन्द परिवारको प्रतिनिधि भएर फिदीम पुगेर धेरै सहयोग गर्नु भयो । करीव २४ दिनमा अञ्चल अदालत इलाममा ज्योतिनन्दजी पुग्नु भयो । इलाममा अञ्चल अदालतको रेख-देखमा ज्योतिनन्दजी एक महीनासम्म वस्नु भयो । वयान दिने दिनमा बादी पक्षबाट तीन जना बोलाइए। तर ती मध्ये एक जनामात्रै अदालतमा आए । त्यो वादीसँग, ज्योतिनन्दले मूर्ति चोरेको देखिस् ? यी मान्छेहरू मध्ये ज्योतिनन्द कुन हो ? भनेर सोद्धा, वादीले भन्यो, यी मध्ये ज्योतिनन्द कुन हो, म जान्दिन । ज्योतिनन्दले मूर्ति चोन्यो भन्नु भनेको हुनाले मैले भनेको हो भने । त्यस पछि अर्को वयान फिदीममा भयो । तर वादीको फत्तुर असत्य भएको हुनाले उपस्थित भएन । त्यस पछि इलाममा ज्योतिनन्दजीले फेरि खुट्टा राखे । त्यस समयमा हरिबहादुर राईले निकै क्रियाशीलता देखाए र २०४० असोजको अन्तिम महीनामा ज्योतिनन्दगुरू र उहाँको शिष्य भगेन्द्र राईलाई निर्दोष घोषित गरेर इलाम अदालतबाट मुक्त गरियो । त्यतिखेर ज्योतिनन्दगुरूको तर्फबाट गणेशप्रसाद श्रेष्ठ वकील थिए । यस प्रकार सत्यको

जीत भए पछि ज्योतिनन्दगुरुले आफ्नो तपस्याको फल समाजलाई दिन थाल्नु भयो ।

सामाजिक कार्य

कुनै पनि महापुरूषलाई ज्ञान भए पछि दुःखसुखले बाँध्दैन । अर्थात् दुःखमा दुखी भएर या दैन्य देखाएर हिंड्दैन । सुखमा ऐस-आरामको ढोङ्ग देखाएर हिंड्दैन । महापुरूषले 'सुखदुःखेसमे कृत्वा' सुख र दुःखलाई समान मानेर हिंड्दछ । त्यसै रूपले व्यवहार गर्छ । अत्र समाजमा ज्योतिनन्दजी धार्मिक सामाजिक सेवामा लाग्नु भयो । धार्मिक जीवनबाट चरित्र निर्माण नगरेसम्म समाजलाई केही दिन सकिन्न भन्ने सिद्धान्तलाई स्थिर गरेर उहाँले हेकुनाम्बामा सानो मन्दिर यज्ञमण्डप बनाउनु भयो । दोस्रो कार्यको रूपमा आफ्नो पितृभूमि पावागाउँमा पनि 'ज्योतिमन्दिर' को निर्माण गर्नु भयो । त्यसपछि २०४० कार्तिक १२ गते दमक लखनपुर पञ्चायतको वा. नं. १ सीतापुर गाउँमा 'शिवज्योतिसिद्ध किरातेश्वरधाम' निर्माणको शिलान्यास गर्नु भयो । यो मन्दिर शिलान्यास गर्नु भन्दा पूर्व उहाँको प्रिय शिष्य पूर्णदिल चामलिङ्ग राईले आज्ञा माग्नु भयो कि यहीं एक मन्दिर बन्नु पर्छ । यो दुइ कट्ठा भूमि म गुरूको चरण कमलमा अर्पण गर्दैछु' भने । त्यसपछि उहाँले त्यसै भूमिमा त्रिशूल गाडेर जग बसाल्नु भयो । यसमा अरू भूमि प्राप्त गर्नमा सुबेदार मोहनकुमार चामलिङ्ग, जयभक्त राई खालिङ्ग, मणीश्वर पाङमाली राई, पृथ्वीबहादुर वान्तवा राई, हरिबहादुर योंछेनराई, जङ्गबहादुर चामलिङ्ग राई सन्तकुमार वान्तवा राई, वडा अध्यक्ष पुण्यप्रसाद पौडेल आदिले सहयोग गरेका छन् । त्यसपछि माइमा गएर जल समाधि सात दिनसम्म लिनु भयो । त्यस पछि मैनाचुलीमा कठोन स्थानमा गएर तप गर्नु भयो ।

सामाजिक कुरीतिको सुधार

जो स्वयं जाँड र रक्सीले रत भए । जसको जीवन अशिक्षित परिवारमा बित्यो । जसको सँस्कारै भिन्न थियो । त्यो मान्छेले आध्यात्मिक क्षेत्रलाई बुझ्न सक्ला भन्ने विश्वास कमै हुन्छ । त्यसमा पनि जाँड र रक्सीको चस्का लागिसके पछि त पुरा जिउछाडा नै हुन्छन् । नन्देराईले जन्म-जन्मान्तरबाट पाएको जाँड र सुँगूरलाई अध्यात्मज्ञानको चमत्कार नपाईकन कसरी छोड्यो होला ? यहाँ त यस्ता पनि देखिन्छन् हामीले त छोड्यौं भन्नेहरू पनि डवका र तोङबा, चिण्डो र घ्याम्पामा डुबेका देखिन्छन् । किन त्यसो गरेको भन्दा खै

छोड्ने मेसो गरेको हो । तर छोड्न सकिएन भन्छन् । तर सबैं भन्दा ठूलो आश्चर्यको कुरा छ । त्यो नन्देराईले कसरी छोड्यो । जाँड, रक्सी, मासु, माछा बिडी–चुरोट, जुवा, तास आदि जति पनि समाजको टि०बि० र क्यान्सर रोगलाई नन्देराईले कसरी जान्यो। मानौं जाने छ पनि अरुले जस्तै डुबुल्की मारेर आफ्नो आत्महत्या गर्नुपर्ने हो । तर नन्देराइले त्यो कुरालाई भित्रबाट बुझ्यो र नै सदाको लागि 'अहिंसा परमो धर्म' भन्ने सिद्धान्तलाई अपनायो । यद्यपि उनी संस्कृत पढेका थिएनन् । तर उनको मुन्धुम सुन्दा वेद शास्त्र र रीति वचन-हरूले परिपूर्ण देखिन्छ। यो अध्यातम देन नभई कसरी हुन सक्छ। वस्तुतः योग र भोगमा महान विरोध छ। भोगीले भोग गरेर मर्छ। तर योगीले योगैमा शरीर छोडछ । भोगीको शरीर आफ्नो भोग विलासमा बितेको हुन्छ। अन्तमा अशान्त भएर मर्छ । तर योगीको शरीर हमेशा परहित र उपकारको लागि हुन्छ । अन्त्यमा शरीर छोडदा शान्त भएर जान्छ। यो सिद्धान्त ज्योतिनन्दहरु-लाई थाहा थियो। राम्ररी थाहा थियो ।

त्यसो हुँदा केही धर्माचार्य धर्मगुरू नामधारीहरुले समाजलाई सही मार्ग निर्देशन नगरेको हुनाले तथा स्वयं दुर्व्यसन र भोगविलासमा फँसेको हुनाले समाजमा धर्म प्रति अनास्था मइसकेको देखेर नै उहाँ ज्योतिनन्दगुरूले सम्पूर्ण दुर्व्यस-नहरूलाई चटक्क छोडिदिए। ती दुर्व्यसन छोड्नु आवश्यक पनि थियो किन भने 'यद्यदाचरति श्रेष्ठ' आफू भन्दा ठूलाहरुले या धर्मगुरुहरुले जो जो आचरण गर्छन्, 'स यत् प्रमाणं कुरुते' अरु जनसाधारणले पनि त्यै प्रमाण दिएर कुकर्म गर्न लाग्छन् । गुरूले जाँड र मासु खाएको देखेर उसको अनुयायी शिष्यहरुले पनि हाम्रो गुरूले त खान्छन्, पिउछन्, भने हामीले किन नखाने ? भनी हाल्छन् । यस परिस्थितिमा समाजमाथि आचार्य, धर्मगुरू र नेताहरूको कति ठूलो उत्तरदायि-त्व छ भन्ने कुरा स्पष्ट हुन्छ। हमेशा ठूलोले सानोलाई बिगार्छ। सानो अज्ञानी, अबोध हुन्छ । ठूलोले राम्रो बाटो देखाउन सक्नु पर्छ। हुन भने समाजमा त्यो ज्ञानी हुँदैन। समाज बिग्रे पछि राष्ट्र बिग्रिन्छ। त्यस पछि स्वयं नाश हुन्छ। यो दुर्व्यसन र कुप्रथा पनि समाज र राष्ट्रको क्यान्सरै हो । त्यो पनि कहिल्यै बुद्धि नहुन दिने क्यान्सर हो। कुहेको खाए पछि बुद्धि कुहिन्छ । बुद्धि कुहेपछि लडाई, झगडा, काट – मार, नाना प्रकारको काम हुन्छ । त्यसबाट सर्वनाश हुन्छ। त्यसो हुँदा यो मानव जीवनमाई बरबाद पार्ने र मालिकदेखि भिखारी, डाँडा कटाउने, बनीबुटो गरीखाने, करोडपति कहिल्यै हुन नदिने, विद्वान्, लेखक, कवि, हुन नदिने; माछा र विहावारी गर्दा भिखारी बनाउने, यस्तो दुर्व्यसनलाई जबसम्म किरातहरूले छोडदैनन् तबसम्म उँभो लाग्ने बाटो छैन ।

जसले जुन ठाउँमा भन्यो, त्यही ठाउँलाई माङ (देवी देवता) मानेर रगत बगाउनु हुँदैन। हाम्रो सामूहिक उपास्यस्थल एक नियत स्थानमा हुनुपर्छ। त्यसमा नियत अथवा हप्तामा एक पटक मिलेर सेवा लाउने गर्नुपर्छ। सत्सङ्ग तथा सामाजिक काम गर्नुपर्छ। विद्यालय-हरू नभएको ठाउँमा विद्यालय, अस्पताल नभएको ठाउँमा अस्पताल आदि खोलेर जनसेवा गर्नुपर्छ। हाम्रो पितृपूजामा आएको कुरीतिहरूलाई हटाउनु आवश्यक छ। मन्दिर,तीर्थस्थान आदिलाई सुग्घर, सफा र पवित्र देवस्थल पारेर राख्नु पर्छ। गुहेवारी, फोहर र मैला गरेर राख्नु हुँदैन। मन्दिर देवस्थलहरूमा काटमार गर्नु हुँदैन। ससुरालीमा सिंगै राँगा, सुंगुर, र पुरा घ्याम्पा भरी–भरी जाँड रक्सी लैजाने चलनले हामीलाई सँधै गरीब बनाउँछ। यो कुप्रथालाई हटाउनु पर्छ। विहावारी गर्दा शक्ति भन्दा बढी जन्ती जाने वा लैजाने, अथवा शक्ति भन्दा धेरै ऋण गरेर विहामा खर्च गरी केटा र केटीलाई जीवनभरी कमारा-कमारी पार्ने प्रथालाई निर्मूल पार्नु पर्छ। बरू धेरैजनालाई खानपान गराउनु सट्टा दुई जना बेउला, बेउली र उनीहरूलाई आशीर्वाद दिएर फूलमाला लगाइदिए भै हाल्छ। यस प्रकारको सुधार हुनु आवश्यक छ।

हामीले हवन गर्दा पनि अबदेखि सुपाक फल तथा फूल र अन्य हवन सामग्रीले मात्रै गर्नु पर्छ। अन्न र घिउ पोल्नु हुँदैन। किन भने ती पदार्थ मानवले खान पाउँछन्। यता हामीले ईश्वरको अर्पण पनि गरिहाल्छौं। मन्दि-रमा दियो बाल्दा पनि अबदेखि घिउ र तेलको दियो नबाल्ने। केवल मट्टीको तेल मात्र बाल्ने भन्नु भयो। यसरी अर्थशास्त्र नपढिकन पनि यस्तो अर्थ-शास्त्रको ज्ञान कसरी भयो? आश्चर्यको कुरा छ। तर अध्यात्मविद्या, अध्या त्मदर्शन स्कूल, कालेज र विश्वविद्यालयको वशको कुरो होइन। उहाँले सामाजिक कुरीतिको सुधारमा जोड दिनु भएको थियो। मन्दिरहरूमा चढाउँदा अथवा दान दिंदा कुनै दबाबको कुरा छैन। यथा शक्ति यथा भक्ति ईश्वरार्पण र गुरूको अर्पण गर्न सकिन्छ। श्रद्धामा करकाप हुँदैन। हुनेले समाज सेवाको लागि जति दिए पनि हुन्छ।

तुलनात्मक सुधार

पुरानो मान्यता	सुधार
१. गुरू भेटमा रूपैयाँको प्रयोग।	१. केवल मनशुद्धिको साथ फूलमाला भए-पनि हुन्छ।
२. सुनदान या अन्य द्रव्यदान दिनु आवश्यक छ।	२. मनले सत् चिताएर निर्मल पानीमात्र अर्पण गरे पनि हुन्छ।
३. धानको चामलको मात्र अनेक	

मोग बनाएर वढाउनु पर्छ ।

४. एउटै देवतालाई घरघरमा पूजेर कुखुरा, सुँगुर आदिको बलि दिई पूजा गर्नुपर्छ ।

५. स्वार्थी गुरुले आफ्नो स्वार्थको लागि आर्थिक आर्जन गर्छ ।

६. परमात्मा नाममा अनावश्यक शोषण

७. मठ, मन्दिरको बेवास्ता किन भइरहेको छ ?

३. धानको चामल नभए मकै फलफूल आदि सूर्यपाक मात्राले पनि हुन्छ ।

४. गाउँको सामूहिक पूजा कम खर्चमा हुनु पर्छ ।

५. निस्वार्थले अर्पित धनराशी समाज र संस्थाको प्रयोगमा लाउनु पर्छ ।

६. विकृतिरहित परम्परा र ईश्वर भक्ति तथा कर्म आर्थिक तथा सामाजिक हितको लागि हुन्छ ।

७. सञ्चालकहरूको अकर्मण्यता र धर्मगुरु पुजारी तथा धार्मिकजनको उपेक्षाले दुर्दशा भएको हो । यस्तै मार्ग निर्देशन को अभावमा अनुशासनहीनता भइराखे-को छ । नयाँ मठ मन्दिरहरूको स्थापना र पुरानोको मर्मत गर्नु पर्छ ।

यस प्रकार समाजलाई धेरै दिएर २०४१ पौष ८ गते देखि 'माङमालुङ' मा समाधि बसेर ११ गते दिनको १२ बजे सम्म पनि समाधिबाट उठ्नु भएन । यसरी सदाको लागि भक्तजनलाई छोडेर समाधिस्थ हुनु भयो । २७ वर्षको छोटो अवस्थामा धेरै काम गरेर जानु भयो । शायद परमात्मालाई पनि ज्योतिनन्दगुरूको आवश्यकता पर्‍यो होला र त यति चाँडै जानु भयो। समाजले उहाँबाट धेरै आशा राखेका थिए।



यद्यदाचरति श्रेष्ठस्तत्तदेवेतरो जन: ।
स यत्प्रमाणं कुरुते लोकस्तदनुवर्तते ।।

– श्रीमद्भगवद्गीता /३/२१

अर्थात् – श्रेष्ठ पुरुष जस्तो आचरण गर्छन् त्यस्तै अरू मानिसहरू पनि गर्छन। श्रेष्ठ पुरुषद्वारा गरिएको कर्म समुदायलाई प्रमाण या उदाहरण मानेर अरू व्यक्तिहरू पछि लाग्ने हुन्छन् ।'



ज्योतिनन्द गुरुको मुन्धुम
किरात राई मुन्धुमको अनुवाद
(वान्तवाराई भाषामा मुन्धुम)

[१] उङकान् = हामी, हाङ = परमात्माको-, छा = छोरा, झारा = सबै, नुवाक = राम्रो, लामा = बाटो, डुमाउ = हिड्न, निपाङ = लागि, डी = के चुमाली = गर्नुपर्छ, मोलो = भने, झारा = सबै, साप्तेन = समाज, मेनलुङ = भएको, साकोङ्ग = हृदय, या = आत्मा, सेङ = सफा, माली = गर्नुपर्छ।

साकोङ्क = हृदय, सेङ = सफा, माव = गर्ने, खाइसा = कर्म नुमाली ? = गनुपर्छ ? झारा = सबै माईनुमी = आरीस या डाह गर्ने, भागा = वाला, वालुमी = वनावटी कुरा गर्ने, मागा = वाला, मु = जो, वान्को = आउनेवाला, चिछाङ = जो तिनीहरू, नुवाक् = राम्रो या उचित अथवा उत्तम, यिङ्ग = कुरा अथवा विषय वस्तुको कुरालाई, चेप्याङसा = सोचविचार गरेर, लाङखुकडा = पैताल या खुट्टामुनि रिसराग, ची = जति, युङमाली = राख्नु पर्छ ।

भावार्थ

हामी सबै परमात्माका सन्तति हौं । त्यसो हुँदा हामी सबैले सुमार्गमा हिड्नको लागि के गर्नु पर्छ भने, सबै समाजको मनलाई सफा गर्नुपर्छ । अर्थात्-आहार व्यवहार शुद्ध राख्नु पर्छ । आहार भनेको जाँड, रक्सी, मासु, माछा, कुखुरा सुँगुर, बिडी, चुरोट आदि जति पनि दुर्व्यसन छ, ती सबैलाई परित्याग गर्नुपर्छ । अनि मात्र आहार शुद्ध हुन्छ । आहार शुद्ध भए पछि मन शुद्ध हुन्छ । मन शुद्ध भएपछि व्यवहार आफै शुद्ध भइहाल्छ । त्यसैलाई छा-दोगप

उपनिषद्मा 'आहार शुद्धौ सत्वशुद्धिः' भनेको छ । अर्थात् आहार शुद्ध भएपछि मन शुद्ध हुन्छ । यो कुरा ध्रुवसत्य छ । त्यसो हुनाले त्यो मनलाई (आत्मा) सफा पार्नको लागि के गनुपर्छ भने निन्दित कर्म गर्नु हुँदैन । निन्दित वचन बोल्नु हुँदैन । अर्काले हेला गर्ने वचन बोले भने पनि आफूले रीस नगरी शान्त भएर ती अज्ञानीहरूलाई सम्झाउनु पर्छ । किनभने रीसले अर्कालाई खान्छ, बुद्धिले आफूलाई खान्छ। रीसले आफ्नो कोही हुँदैन । त्यसो भएको हुनाले आहार शुद्धिको साथ क्रोधको परित्याग गर्नु साधकको लागि परम-आवश्यक छ ।

[२] खुन्की = त्यसो भएको हुनाले, ओम्याङ = सफा, यङ = कुरा, ची = चाहिं, टाङ = शिर या टाउको, चोकडा = माथि, मुमाकी = शिरोधार्य गरेर चुपाङ्ग = सानो सानो, यङ = कुरा, मुयाङ्सा = गर्दै, लाम = मार्गमा, लाम्मान-चिन्ली = आफ्नो नराम्रो विचार परिवर्तन गरेर, खुनभने = त्यसरी मात्र, उँकान = हामी, ढाचोक्डा = माथि, खारीन् = जानु, माआङ = हैन भने, अंकान् = हामी, खुकडाङा = तलको तलै, युङिन = परिन्छ अथवा बसिन्छ। खुन्की = अनि-मात्र, आन्को = हाम्रो, लाम = बाटो नुवाक्ली = असल हुन्छ अथवा राम्रो हुन्छ ।

भावार्थ – राग, द्वेष र क्रोधलाई परित्याग गर्नासाथ मनमा सात्विक विचार आउँछ। अनि सद्‌गुरु तथा महापुरुषहरूको सत्य वचनलाई शिरोधार्य गर्नु पर्छ। अर्थात् आफ्नो हितकर वचनलाई स्वीकार गरेर आफ्नो जीवनमा उतार्नु पर्छ । विनम्र भएर कुरा गर्नु पर्छ । किन भने अभिमानीको शिर हमेशा नीचो रहन्छ। त्यसो भएको हुनाले अभिमान या घमण्डलाई छोडेर विनयशील भएर सत्मार्गमा लाग्नु पर्छ। अनि मात्र हामी सत्मार्गको पथिक बन्न सक्छौ। अनि मात्र हामी आफ्नो लक्ष्यसम्म पुग्न सक्छौ। नत्र हामी सबैं अन्धकारमा परीरहने छौ । यस प्रयत्नको लागि हामीले सबै जाग्नु पर्छ ।

[३] साप्तेन = सामाजिक, मेनलुङ्गो = मान्यताको, साकोङ = मन, सेङ्माव = सफा गरेर मिलाउनु अथवा मिल्नु, अंकान् = हामी, डी = के, चुमाली = गर्नु पर्छ ? यायोक्मा = अत्यन्त विमर्श (एक भएर), चुपाङ्ग = सानो, अत्यन्त नम्र, लिमालिकी = भएर, लाम = बाटोमा, वाङीन् = लागेर मात्र, माङ्कोलेनुको = भोलीको अथवा भविष्यको, लामडा = बाटोमा, वीमा = हिंड्नु, टोकटीन् = पाइन्छ। माआङ्ग = हैन भने, लो = त, माइसुमी = हामीले जुन वस्तुलाई नपाएर चिन्तन गरिएको छ, चिछाङ्ग = त्यो पनि, यायोक्मा = अत्यन्त विमर्श (एक भएर), चुपाङ्गमङ =

सानो कुरा , मुयाङसा = गर्दै , म्रान =हाम्रो, छुकडा = हातमा , टाटमा = ल्याउनु, चिली = तिनीहरूलाई (त्यो कुरालाई) हामीले बशमा ल्याउनु पर्छ ।

भावार्थ

समाजको मन शुद्ध गर्न हामीले के गर्नु पर्छ भने, अत्यन्त विनम्र हुनु पर्छ । नम्र विनयशील व्यक्तिले समाजको हरेक क्षेत्रलाई आफ्नो वशमा पार्न सक्छ । हरेक वर्गलाई आत्मासात् गर्न सक्छ । अतः विनम्र स्वभावले सुमार्गमा लाग्यौं भने भोली (बाटो) सन्मार्गमा हिड्न पाइन्छ । उज्जड कटु वचनबाट कोही पनि आफ्नो हुँदैन । त्यसो भएको हुनाले आफूले निन्दित शब्द– उच्चारण गर्नु हुँदैन । अर्थात कसैलाई गाली गर्नु हुँदैन । अर्कोले गरिहाले छ भने पनि आफूले अत्यन्त नम्र वचनबाट आफ्नो बनाउनु पर्छ । आफूतिर ल्याउनु पर्छ ।

[४] माङ्खोलेनको = भोलिको, लाम = बाटो, डुमाउ = हिडनको लागि, डी = के, चुमाली = गर्नु पर्छ ? ओम = उज्यालो , याङ्ग = प्रकाशलाई , फोक्री = निष्ठावान् भएर, साग्लीङ्ग = आचरणमा; फोक्री = निष्ठावन् भएर, याहाङ्ग = सत्य- लाई धारण गर्नु , फोक्री = निष्ठावान् भएर ।

मुयाङसा = पालन गर्दै , खाप्माली = समर्पित भएर जानु, याहाङ्ग = सत्यलाई धारण गर्नु , फोक्री = निष्ठावान् भएर, माङ्गयाङ्ग = स्वप्नावस्थामा पनि जो सत्य रहन्छ , फोक्री = निष्ठावान् भएर, मुमाव = गर्नुको लागि, डी = के चुमाली = गर्नु पर्छ, भोलो = भने आनकोङ्ग = स्वयंको हृदय , सेङमा = सफा चिन्माली = सक्नु पर्छ । खुन्की = त्यसो भए पछि, निवो = अर्काको, कोङ्गछाङ्ग = भित्रको मनलाई पनि , सेङमा = सफा गरी , रूमाली = सक्नु पर्छ । खुन्की = त्यसो भए पछि , माते = मात्रै , मोको = त्यो लाम = बाटो , डुमा = हिड्न, रुन् = सकिन्छ । नभालो = नभए त, उरुनमिन = सकिँदैन ।

भावार्थ

भोलीको बाटो हिडनलाई के गर्नु पर्छ भने सत्य वचन बोल्नु पर्छ सदाचरण गर्नु पर्छ । सत्यको धारण गर्नु पर्छ । सत्य धारण, सत्यवचनको लागि के गर्नुपर्छ भने, पहिले आफ्नो हृदय साफ गर्नु पर्छ । त्यसपछि अरूको हृदय साफ गर्नु पर्छ । अनि मात्र त्यो सत्यको मार्गमा हिड्न सकिन्छ । मन पवित्र

नहुने साधकले सत्यको बाटो हिंड्न सक्दैन । सत्य भनेको भूत, भविष्य र वर्तमान तीनै कालमा एक समान रहनेलाई भनिन्छ । त्यो सत्य आत्मा हो, त्यो सत्य ब्रह्म हो । असत्य भनेको अन्धकार हो । अन्धकार भनेको मृत्यु हो । सत्य भनेको प्रकाश हो । सत्य भनेको उज्यालो हो । त्यसो भएको हुनाले सत्य अमृत हो । सत्य नै मोक्ष पनि हो । अतः साधकले हृदयलाई पवित्र पारेर सत्यनिष्ठ हुनुपर्छ । तबमात्र इष्ट सिद्ध हुन्छ ।

(क्रमश.........)

(उपर्युक्त 'मुन्धुम' महाप्रभु ज्योतिनन्द गुरुले भन्दै जाँदा टेप गरी श्री प्रेमदास वान्तवाले ल्याउनु भएको थियो । वान्तवा राई भाषामा भएको मुन्धुमलाई अनुवाद गरी यहाँ दिइएको हो । —सम्पादक)

सं गच्छध्वं सं वदध्वं सं वो मनांसि जानताम् ।
देवा भागं यथा पूर्वे संजानाना उपासते ।।

(ऋग्वेद १० । १९१ । २)

अर्थात् – तिमीहरू संगसंगै हिंडडुल गर्ने होऊ । परस्पर मेलमिलापका कुरा गर । एक – अर्काका मनलाई राम्ररी जान । जसरी देवताहरू समानरूपले मिलेर आ – आफ्नो यज्ञ भाग लिन्छन्, त्यसैगरी तिमीहरू सबैं मिलेर व्यवहार गर ।

अन्तिम ज्योति-सन्देश

(महाप्रभु ज्योतिनन्द चीर निद्रामा समाधिस्थ हुनु भन्दा ५ दिन अगाडि उहाँले भन्नु भएको कुराहरूलाई टेप गरी राखिएको थियो। त्यसै अनुसार यहाँ उहाँका अमृत वचनहरू प्रस्तुत छ। —सम्पादक)

हे भगवान् ! मेरो प्रार्थना सुन्नु होस् । सुनी राख ! ईश्वर भक्त-हरूले । मेरी पुकार तपाईं कहाँ पुगोस् ।

सत्योगी सिद्ध मेरो नाम हो।

सङ्कटको दिनमा तपाईंले आफ्नो मोहडा मबाट नलुकाउनु होस् । मैले पुकार गरेको दिनमा मलाई तुरुन्तै उत्तर दिनु होस् । ईश्वर भक्त हो ! सुन ! म के भन्दछु । किनभने मेरो दिन धुवाँ जस्तै नष्ट हुँदैछ अगुल्टो झैं सल्केको ओइलिएको छ । हेर ! ईश्वर भक्तजन हो ! किन भने म आफ्नो ग्रसादलाई खान बिर्सेको छु । मेरो ठसठसी गनाएको हातले गर्दा छालाहरू हड्डीमा टाँसि-एका छन् । जङ्गलै-जङ्गल पेलीकन पंछी झैं बनिसकेको छु । म त उजाड ठाउँको निम्ति लाटोकोसेरो जस्तो भएको छु । म जागेर रहन्छु, तर छाना-माथिको भङ्गेरा, एक्लो भङ्गेरा जस्तो भएको छु । मेरो शत्रुहरूले मलाई दिन भरी गाली गर्छन् ।

जो जो मेरो विरुद्धमा रीसले पोलिएका छन्, ती मेरो नाम लिएर तर्सिन्छन्। हो ? होइन ? किनभने रोटी जस्तै गरी मैले खरानी खाएको छु। हेर, ईश्वर भक्तजन हो ! सुन ! म आँसु मिसाएर पानी पिउँछु । यो त तपाइंहरूकै रिसानी र क्रोधको कारणले किनभने तपाईंहरूले मलाई उचालेर फाल्नु भयो । हे ईश्वर ! मेरा दिनहरू ढल्केको छायाँ जस्तै छन् । म घाँस जस्तै ओइलाएको छु। तपाईं के सदा हेरिरहनु हुन्छ ? जन्म जन्मको सम्झना पुस्तौंसम्म रहन्छ ।

जीउनुलाई हे ईश्वर ! उठेर भक्तहरूलाई कृपा गर्नु होस् तपाइंले

उठेर सबैलाई कृपा गर्नु होस् । किन यसमाथि अनुग्रह नगर्ने ? तोकिएको समयमा पुगेको छु । मेरो तोकिएको समय आइपुगेको छ । किन भने तपाईंको दासहरू व्यस्त छन् । ढुङ्गाहरु खुशी हुन्छन् । इतिहासको धुलोमा टेकाउँछु । त्यसरी अरूले सहेको (तपाईंको) नाममा भएको मात्रै छन् । पृथ्वीको सम्पूर्ण राजाहरू तपाईंको प्रतापदेखि डराउँछन् । डर मात्रै छन् किनभने 'ज्योतिसिद्ध लाई' फेरि बिर्सनु भएको छ ।

उहाँले (सिद्धज्योतिले) दिन भरि प्रार्थना तर्फ ध्यान लगाएको छ । त, यो, म, के भन्दैछु ? सुनी राख ईश्वर भक्त हो ! तिमीहरूको प्रार्थनालाई उहाँले (ईश्वरले) तुच्छ गर्नु भएको छैन । अर्थात् हेला गरेको छैन । अब आउँने पुस्तौंसम्मको लागि यो कुरा (इतिहास) ईश्वर भक्तहरूले लेखी राख्नु । अनि जुन मानिसहरूको नयाँ श्रृष्टि हुनेछ, तिनीहरूले उहाँको (परमात्माको) प्रशंसा अर्थात् प्रार्थना गर्नेछन् । किनभने प्रभुले आफ्नो उच्च र पवित्र स्थान स्वर्गबाट तल मर्त्यलोकमा दृष्टि लगाउनु भएको छ । सिद्ध, धर्म प्रचार गर्दै स्वर्गदेखि पृथ्वीमा हेर्नु भएको छ । कैकेयी एक समयमा कैदी मुस्केरा भएकी थिई । दुःखिया मानिसहरूका बन्धन फुकाउनुलाई धेरै ईश्वर भक्तहरूले प्रार्थना गरेका थिए । मानिसहरूले कहाँ (ईश्वर) नाम सिर्यो (अत्यन्त सूक्ष्मरूप) मा र सद्गुरुको मुखारविन्दबाट वर्णन गरून् । त्यसै भएको हुनाले त उहाँको (ईश्वरको) प्रोत्साहन स्वरूप सद्गुरु हुनुहुन्छ ।

जब सद्गुरु (परमात्मा) को सेवा गर्नलाई देश–देशका, राज्य - राज्यको मानिसहरू जम्मा हुन्छन् । मेरो यात्रामा उहाँ (परमात्मा)ले स्वागत गर्नु भयो । तर मेरो आयु घटाउनु भयो । मैले भने, हे परमेश्वर ! मेरो आधा उमेर छ, मलाई नलैजानु होस् । तपाईंको वर्ष (आयु) त पुस्तौं युगयुगसम्म रहन्छ । आदिमा तपाईंले पृथ्वीको जग बसाल्नु भएको हो र स्वर्ग तपाईंको बाहुलीको कर्म हो । कार्य पनि हो । ईश्वर भक्त हो सुन ! आज म के भन्दै छु, यो कुरा (इतिहास) भोलीको लागि हो । ती सांसारिक यथार्थहरू त एक दिन सबै नाश हुन्छ । तर तपाईं (परमात्मा) एकनाश रही रहनु हुन्छ । ईश्वर भक्तहरू पनि एक दिन लुगा झैं पुराना भै हाल्छन् । यो मेरो शरीर पनि पोशाक फेरिए झैं फेरिने छ । तपाईंहरूलाई ती परमात्माले फेर्नु हुन्छ । अनि ती फेरिन्छन् । म, यो, (केही भेद भाव रहँदैन) । तर तपाई त एकनाशको हुनुहुन्छ । ईश्वर र भगवान् त

एउटै हुनुहुन्छ । यो शरीर मात्रै लुगा झैं फेरिन्छ । यो मेरो शरीर फेरिएता पनि सत्य फेरिने छैन । तपाईंको (परमात्मा) वर्षको अन्त्य हुँदैन । हेर, भक्त-जन हो ! ईश्वरको दासहरूको सन्तान रही नै रहन्छ । ईश्वरको वंश तपाईं-हरूको सामुन्ने रहिनै रहन्छ । लौ आज यति (अरू) फेरि सुन्नु होस् ।

सृष्टिको प्रसङ्ग

लौ आज सृष्टिको बारेमा गाउँदैछु । तपाईंहरूले सुनी राख्नु, उनी राख्नु, गुनी राख्नु होला । हे मेरो सत्य परमेश्वर ? सत्यस्वरूप ? तपाईं अति महान् हुनुहुन्छ । सन्तको लागि भगवान् महान् हुनु हुन्छ । भगवान्ले आदर र महिमाको पोशाक लगाउनु भएको छ। भगवान्ले पोशाक पहिराए झैं गरी आफूलाई ज्योतिले ढाक्नु भएको छ । उसले आकाशलाई चँदुवा जस्तो पारेर टाङ्नु भएको छ । भगवान्ले आफ्नो गोठ (पशु पक्षी) र डाली (वृक्ष) हरू पानीमाथि बसाल्नु भएको छ । भगवान्ले बादललाई आफ्नो रथ बनाउनु भएको छ । अनि भगवान् बतासको पखेटामाथि हिड्नु हुन्छ । सत्यस्वरूप भगवान्ले बतासलाई आफ्नो दूत र बल्दै (गरेको) आगोलाई आफ्नो सेवक तुल्याउनुहुन्छ । कहिले पनि नडगमगाओस् भनेर (परमात्माले) पृथिवीको जग बसाल्नु भयो । सत्यस्व-रूप भगवान्ले जसलाई वस्त्र झैं गरी बनी रहोस् भनी समुद्र ढाल्नु (बनाउनु) भयो, जस्तै (प्रलय कालमा) पानीहरू डाँडा माथि–माथि पुगेका छन् ।

सत्स्वरूप भगवान्को मस्तिष्क (स्वरूप) मा ती (भक्तहरू) भागी हाले । जस्तै भक्तहरूको गुञ्जनको आवाजमा आतुर हुँदै गए । पाहाड माथि उठे । बेंसीहरू तल झरे । त्यो सम्म मैदान ठाउँ चाहिं तिमीहरूको निम्ति (परमात्मा) ले स्थापित गर्नु भएको हो ।

–ज्योतिसिद्ध सत्ययोगीसित तिमीहरू फेरि फर्केर पृथिवीमा आउनु । तिमी-हरूलाई ध्यान गर्न सक्ने एक सीमानामा तपाईं (परमात्मा) ले राखिदिनु भएको हो । उहाँ (परमात्मा) ले बेंसीहरूमा पानीको मूल फुटाउनु हुन्छ । सत्यस्वरूप परमात्माले अगम्य पाहाड पर्वतहरूमा पानीको मुहान र खोलो बगाइदिनु हुन्छ । वनको सर्व जीवजन्तुहरूले त्यसैबाट पानी पिउँछन् । तिर्खा मेटाउँछन् । तिनका नाडीमा आकाशका चराहरूले आफ्नो बास बनाउँछन् । ती चराहरू हाँगामा बसेर गाउँछन् ।

उहाँ (परमात्मा) ले आफ्नो कोठाहरूबाट डाँडाहरूलाई पानीले भिजा-

उनु हुन्छ। सत्यस्वरूप भगवान्को (सत्यसङ्कल्पस्वरूप) कामनाबाट पृथिवी तृप्त हुन्छ। गाई-वस्तु आदिको लागि वहाँले सँधै घाँस र पृथिवीमा खाने पदार्थहरू तथा मानिसको निमित अन्न, साग, पातहरू उमार्नु भएको छ। हेर ! सत्स्वरूप भगवान्ले मानिसको मन खुशी गराउनलाई झकमक्क फूल फुलाउनु भएको छ। मानवको मुख चहकिलो पार्न तेल आदि चिल्लो पदार्थको निर्माण गर्नु भयो। मानिसको हृदय र शरीर बलियो बनाउनको लागि अन्न उब्जाउनु भयो। उहाँबाट वृक्षहरू तृप्त भएका हुन्छन्। उहाँले लगाउनु भएको लेबान (वृक्ष) को लेबदा (हाँगा) हरूमा चराहरूले गुँड लाउँछन्। यही संसारको विषमतामा यस्तै सङ्कटका घरहरू हुन्छन्। ईश्वर भक्त हो ! साजका रुखहरू भए अनन्त घरहरू बन्दछन्। अग्ला अग्ला पहराहरू थोरलहरूको निम्ति छन्। चट्टानका कीरा र चराहरूको निम्ति चट्टानै छन्। उहाँले नियत समयको लागि चन्द्र र सूर्य बनाउनु भयो। अनि अँध्यारो तुल्याउनु हुन्छ। अनि रात पर्छ। त्यसो हुँदा वनका पशुहरू तर्सेर निस्कन्छन्। यौवनमत्त सिंहहरू शिकार खोज्न-लाई गर्जन्छन्। तिनीहरूले परमात्मासँग आफ्नो आहार माग्छन्। सूर्य उदय भए पछि ती गैहाल्छन्। हो-हैन-? जान्दछन् कि जान्दैनन् ? र भरी सुन, ती सिंह आफ्ना आफ्ना गुफाहरूमा गएर ढल्कन्छन्। मानिसहरू आफ्नो काम साझ सम्म गर्दछन्। विहान भए पछि हे ईश्वर ? तपाईको कार्य कस्ता कस्ता किसिमका छन् भनी प्रार्थना गर्छन्। यी सबै पदार्थ तपाईले आफ्नो बुद्धिले बनाउनु भएको हो। पृथ्वी, भूग्रह आदि प्रभुको-सम्पत्तिले परिपूर्ण छ। जहाँ छ, त्यहाँ विशाल, ठूलो फराकिलो समुद्र छ। जसमा ठूला साना, अनन्त थरीका तत्वहरू छन्। त्यसमा जहाजहरू पनि चल्छन्। त्यहाँ निकेतन पनि छ। जसलाई तपाईँले त्यहाँ खेल्न लाई स्थान बनाउनु भएको छ।

हे भगवन् ! तपाईले तिनीहरूको आहार ठीक ठीक समयमा दिनु हुन्छ। भगवन्ले नै दिनु हुन्छ भनेर ती सबै भगवान्को बाटो हेर्दछन्। सत्य स्वरूप भगवन् ! तपाइले नै (दिए पछि) तिनीहरूले बटुल्छन्। हे परमात्मन् ! तपाईले आफ्नो मुट्ठी फुकाउँदा तिनीहरू तृप्त हुन्छन्। तपाईले आफ्नो मुहार लुकाउँदा तिनीहरू दुःखमा पर्छन्। तपाईले तिनीहरूको स्वास लिंदा ती मरी हाल्छन्। फेरि माटोमा नै मिल्छन्। हे सच्चिदानन्द स्वरूप परमात्मन् ! तपाईले आफ्नो आत्मा पठाउँदा ती तृप्त हुन्छन्। तपाईले पृथ्वीको सतहहरू-लाई नयाँ तुल्याउनु हुन्छ। हे सत्स्वरुप ! तिम्रो महिमा बनी रहोस्। आफ्नो कार्यहरूमा आनन्द रहोस्, पृथ्वीलाई हेर्नु हुँदा कम्पायमान हुन्छे। जहाँ डाँडाहरु हुन्छन्, त्यहाँ धुवाँ निक्लन्छ।

हे भगवन् ! म सँधै भजन गाउँदै रहन्छु। मेरो जीवन छउन्जेलसम्म परमेश्वरको नाम गाउँदै रहने छु। मेरो धन्यवाद उहाँलाई मन परोस्। हे परमेश्वर आनन्दमय हुने छु।"

यस पछि कहिल्यै बोल्नु भएन। चिरनिद्रामा सुत्नु भयो।

ज्योतिनन्दजीको कार्य र केही चमत्कारहरू

मिति २०४० साल वैशाख २४ गते शनिवारका दिन श्रीपूज्यज्योतिनद गुरुज्यूबाट प्रयास गरेको सिद्ध पञ्चायणी यज्ञ बारे विस्तृत रूपमा छलफल गर्नु पर्ने आवश्यकता देखियो। त्यस सम्बन्धमा इमाङ्ग गाउँ पञ्चायत वा. नं. ९ मा श्रीवमप्रसाद राईको सभापतित्वमा सभा बसी निम्न प्रस्ताव पास गरियो।

प्रस्ताव **पारित**

१– श्रीसिद्ध पञ्चायणी यज्ञ कुन ठाउँमा गर्ने ! कुन मिति देखि प्रारम्भ गरेर कुन मिति सम्ममा समाप्त गर्ने ?

२– सिद्धपञ्चायती यज्ञ इमाङ्ग गाउँ पञ्चायत अन्तर्गत व. नं. ४ माङ्मालुङ्ग, लुङ्किवा भुरुमा मिति २०४०।२।१० देखि जेठ ११ गते विहान १ वजे महामाईमा गई स्नान गरीकन फर्कने निर्णय गरियो। त्यस पछि १२ गते सुरू गरेर १३ गते सबै भक्तजनले विदा हुने निर्णय भयो।

३– सिद्धपञ्चायणी यज्ञको सञ्चालन गर्नका लागि समिति गठन गरियो। यस यज्ञको सञ्चालन निमित्त मूल समिति र उपसमिति गठन गरियो,

मूल समितिका सदस्यहरू

१– सभापति उप प्र. पं. श्री खड्गप्रसाद राई, इमाङ्ग; गा. पं. ९

२– उपसभापति नन्दराम राई रवि गाउँ पञ्चायत

३– कोषाध्यक्ष हिन्दुप्रसाद राई रवि मूढे गाउँ

४– सचिव तीर्थराज राई इमाङ्ग गा. पं. ९

५– अरू जम्मा ३१ जना सदस्यको मूल समिति बनाइयो। त्यस्तै ४० जनाको उपसमिति गठन गरे। जसमा २५ पञ्चायतका जनताले सक्रिय रूपमा भाग लिए।

६– यस यज्ञमा उपर्युक्त समितिहरुले आफ्नोआफ्नो शक्ति र भक्तिपूर्वक हवन सामग्री र द्रव्यसङ्कलन गरेका थिए ।

७– त्यहाँ सिद्ध पञ्चायणी यज्ञ माङमालुङ्को प्रत्यक्ष विवरण यस प्रकार थियो।

पहिलो दिन २०४०।२।११ गतेको कार्यक्रम सबैभन्दा पहिले गुरू-ज्योतिनन्दजी तथा बहुसंख्यक भक्तजनहरूले एक एक लाख बत्ती जलाई परमात्माको ज्योतिसँग ज्योति मिलाई आराधना गरे । यो दिन माईखोलामा स्नान गर्न जाने सङ्कल्प गरिएको थियो। माईमा स्नान गर्नेका लागि प्रातः १ बजेर ३० मिनटमा माङमालुङबाट सबै भक्तजनहरु हिंडे ।

माईखोलामा पुगेर स्नान गरिसके पछि पवित्र वेदमन्त्र तथा नुन्धुमले गुरूजी र सबै भक्तजनले भगवती माईलाई एक एक लाख बत्ती जलाएर चढाए। यस पछि गुरु फलगुनन्दको छाया चित्रमा श्रद्धापूवक माल्यार्पण गरी ओङ्कार ध्वनि गरे ।

माईबाट प्रस्थान गर्दा ठाउँ–ठाउँमा गुरु आज्ञानुसार ओङ्कार ध्वनि गर्दै माङमालुङ्ग यज्ञ स्थलमा पुगे । त्यस पछि यज्ञस्थलमा भेला भएका हजारौं नरनारीले गुरूको स्वागत गरे । तदनन्तर श्री ५ महाराजाधिराजको छाँया चित्रमा माल्यार्पण गरे पछि कार्यारम्भ भयो । त्यस पछि परिक्रमा गर्नु भयो ।

परिक्रम गर्दा किवांलुभुरू (वाग जस्तो भएको ढुङ्गाको डाँडा) शिलाशङ्खा, पुंसां धुमाइएको मठ, अखण्डज्योति मठ, शिवमण्डप हुँदै अनेक गाजा वाजाको साथ तीन पटक त्यस स्थानलाई परिक्रमा गरे । त्यस पछि गुरूजीको भेट दर्शन गरेर प्रसाद ग्रहण गरियो । त्यस पछि उहाँको आज्ञानुसार शतचण्डी यज्ञ प्रारम्भ भयो । फेरि ५–५ लाख बत्ती जलाइयो । त्यहाँको यज्ञकुण्ड गुरुको आज्ञानुसार नयाँ ढङ्गले बनेका थिए । यज्ञकुण्ड चारै तर्फ माङ सामग्रीले सुशोभित थिए । यज्ञकुण्डको बीचमा ११ गते बेलुकी नै गुरुले त्रिशूल गाडीसक्नु भएको थियो । ठीक त्यसैमा दोश्रो दिन तीन फिट गहिरो यज्ञकुण्ड खनियो । त्यो यज्ञकुण्ड पांच पाटा र पाँच तला भएको थियो । पाँचौं बाँसको लिङ्गो सेतो धागोले पाँच फनको बेरिएको थियो। त्यस पछि पुनः पाँच लाख बत्ती बालियो।

यज्ञमा गुरुले सामिल हुँदा सेतो लुगा अर्थात् जामा तथा पगरी लगाउनु भएको थियो । ताँवा, तुलसी, र रुद्राक्षको मालाले भक्तजनहरुको बीच सुशोभित हुनुहुन्थ्यो । केराको तुन्लामाथि सेतो कपडाको आसनमा उहाँ बस्नु

हुन्थ्यो । यो मण्डप सारै राम्रो सजिएको थियो । यज्ञको आरम्भ १२ बजेर २० मिनटमा भयो । यज्ञ मण्डपको उत्तर दिशामा बसेर यज्ञ सञ्चालन गर्नु भयो । समस्त पुजारी भक्तजनले आफ्नो सामग्री तैयार पारेर ओङ्कार ध्वनि गर्नु भयो । त्यस पछि फेरि यज्ञकुण्डको परिक्रम गरियो । त्यहाँ अनेक प्रकारका वाद्य-हरुले गुञ्जायमान भएको थियो । भक्तहरुको साथै प्रहरी टोली इलाम, फिदिम, रवि थाना, पञ्चमी चौकी समेतका प्रमुख, र जनताहरू समेत समावेश भएर यज्ञकुण्डको परिक्रमा गरे । गुरुजीको आसनको अगाडी तामाको माङटोवालाई अर्थात् तांवाको थुन्चेलाई सेतो कपडाले ढाकेको थियो । त्यहाँ त्यस अवस्थामा गुरुजी ले त्रिशूल गाड्नु भयो । तर सबैले त्रिशूल उखेल्न सक्दैन थिए । त्यस अवस्थमा गुरुजीको सेवा गर्दा तानावानाले आकाश गुञ्जायमान हुन्थ्यो । यस प्रकार सिद्ध पञ्चा-यणी यज्ञको शोभा अलौकिक थियो । मानव-मानव एक रूपमा भएर शुद्ध धार्मिक चिन्तन मात्र गर्दथिए । त्यस पछि गुरुले ईश्वर चिन्तन र लगनशील नै स्वाभाविक धर्म हो भन्नु भयो । माङ्मालुङ्गामा सम्पन्न भएको सिद्ध पञ्चायणी यज्ञ,नयाँ वर्ष २०४१ को प्रथम नौलो सत्य युग झैं थियो । ज्योतिनन्द गुरुको सुनौलो नौलो उपदेश र समाज सुधार नै भविष्यको लागि नयाँ सन्देश देखिन्थ्यो ।

उपर्युक्त कार्य सम्पन्न भए पछि ताँवाको खाली थुन्चे सेतो कपडाले मुख ढाकेको यज्ञकुण्डमा फेकिदिनु भयो । त्यस पछि त्यहाँबाट निस्केको अन्नलाई प्रसाद-को रूपमा सबै भक्तजनहरुलाई बाँडिदिनु भयो । त्यस पछि अग्निज्वाला एक दम तेजिलो भयो । यस यज्ञमा जम्मा ५० पञ्चायतको भक्तजनहरू आएका थिए । सबै जातिका थिए । ती सबै भक्तहरू निराहार थिए । दिनभरिको उपवास भए तापनि भक्तजन अत्यन्त प्रसन्न थिए । महायज्ञमण्डपको चारौं तर्फ हजारौं माङ थुन्चे सेतो कपडाले ढाकिएका थिए । तीन तीन कलस र एक एक लाख बत्ती बालेर चारैतर्फ घेरा गरिएको थियो । अन्तिम समयमा भक्तजनले पचासौं लाख बत्ती बालेर कुण्डमा चढाए । त्यस पछि ११ पटक ओङ्कार ध्वनि गरे । त्यो ध्वनि र त्यो ज्योति विश्वशान्तिको रूपमा परिणत भएको थियो । सूर्यपाक चरू होम गरिसके पछि भक्तजनहरुले गुरुको उपदेश श्रद्धापूर्वक सुने । त्यस यज्ञमा ज्योतिनन्द गुरुको कार्यकलाप हेर्न, वारेण्ट लिएर श्रीप्रसाद सुब्बा अ. स. ई. तथा रवि पञ्चमी चौकीका हवलदार श्रीवाहादुर गुरुङ्ग र अन्य सिपाहीहरुले यज्ञस्थलको अवलोकन गरे । यसको विवरण अ.स.ई. श्रीप्रसादले लैजानु भएको

छ । तर प्रहरीहरूले गुरुदेवको कुनै असामाजिक कार्य पाउनु भएन । महापुरुषहरूमा यस प्रकारको विघ्न बाधाहरू आएकै हुन्छन् । यो ज्योतिनन्दगुरूको हजारौं शिष्यहरूको बीचमा परीक्षा भैरहेको थियो । तर गुरू त्यो परीक्षामा सहजै पार हुनु भयो । अलौकिक महापुरुषहरूको सामुन्ने त्यो कुनै ठूलो कुरो हैन ।

आत्मस्वरूपको दर्शन गर्ने गुरू ज्योतिनन्दजीले धार्मिक, सामाजिक, नैतिक चारित्रिक, तथा दर्शनतत्व बारे समस्त भक्तजनहरूलाई बोध गराउनु भयो । सुन्धुमको बारेमा गुरुज्यूले नयाँ तरीकाले सम्झाउनु भयो । जो मुन्धमको बारेमा सबै भ्रमित थिए । यस प्रकार ज्योतिनन्दगुरूले समाजलाई जो देन दिनुभयो । त्यो अलौकिक छ । यहीं देखि गुरुज्यूको उपदेश समाजमा भक्तजनहरूले सुन्न पाएको हो ।



परिवर्तिनि संसारे मृत को वा न जायते
स जायतो येन जातेन याति वंश समुन्नतिम् ।

(पं. तं. नी. ३.)

संसारमा कसले जन्म लिंदैन र को मर्दैन
अर्थात् सबैले जन्म लिन्छन् । सबै मर्छन् ।

तर जन्म लिनु उसैको सार्थक छ । जसले जन्म लिएर आफ्नो वंश र राष्ट्रको उन्नति गर्छ । त्यो निश्चय नै महापुरुष हो ।

श्रीशिवज्योतिसिद्ध किरातेश्वर धामको

निर्माण एवं उद्घाटन कार्यक्रमको संक्षिप्त विवरण❋




श्री शिवज्योतिसिद्ध किरातेश्वर धाम ल.गा. पं. वा. १ सीतापुरी–झापा, नेपाल ।

त्यो २०४१ फागुन ६ गते शिवरात्रिको दिन कहिले भुली नसक्ने दिन थियो । महाशिवरात्रिको पुण्यमय दिन थियो । हिन्दू किरात परम्परानुसार पूजा, पाठ होमादि तथा ज्योतिको परिक्रमा पनि गरियो । लगभग ५–६ हजार जत समूहको बीचमा प्रमुख-अतिथि डा. स्वामी प्रपन्नाचार्यजी अत्यन्त प्रसन्न मुद्रामा हुनु हुन्थ्यो । शिवज्योति सिद्ध किरातेश्वर धाम भित्रको मण्डपमा सजाइएको दियो – कलस , अक्षता , फल–फूल ,

❋ श्रीमणीश्वर षाङ्माली राईद्वारा–प्रस्तुत

आदिले सजिएको देख्दा अत्यन्त सुन्दर लागथ्यो। अत्यन्त हर्षको उल्लासमा अनेक प्रकाण्ड विद्वान्हरूको आगमनले सभा सुशोभित भयो । कार्यक्रमको प्रारम्भमा-ब्राह्मणहरूले रूद्री पाठ गरे । जसमुनि सन्तहरूले हिन्दी नेपालीमा आफ्नो कर्मकाण्ड गरे । सत्यहाङमाहरूले लिम्बु मुन्धुममा पूजापाठ गरे । तथा राई वान्तवा भाषामा पनि उसै प्रकारले पूजापाठ भयो । यस सम्मेलनमा सबै जाति सहभागी थिए । यस अवसरमा विशेष गरेर वेदवेदान्तादि अनेक शास्त्रका विद्वान् हरूका प्रथम पटक त्यहाँ दर्शन भयो । यस सम्मेलनमा अनेक जाति अनेक थरी भएता पनि एकै धर्म, एकै उद्देश्य र एकै ज्योतिमा सम्मिलित भएका थिए । किन भने मानिस जातले ठूलो हुँदैन, ज्ञानले ठूलो हुन्छ भन्ने स्वर्गीय देवकोटाजीको सूक्तिलाई आधार मानेर एक भएका थियौं ।



ज्योति यज्ञशाला – ज्योति मण्डप -सिद्ध आश्रम

यस सम्मेलनको उद्देश्य एकै आत्मा, एकै ज्योति. एकै लक्ष्य लिएर यो सम्मेलन भयो । यस रीतिले मिति २०४१ मार्गशीर्ष ९ गते पूर्व निर्धारित सूचना अनुसार मु. मोहनकुमार चामलिङ्ग राईजीको सभापतित्वमा बसेको बैठकले शिव-ज्योति सिद्ध किरातेश्वर धामको बौद्धिक किरात धर्म मुन्धुम सँस्कृति तथा साहित्य अन्वेषण समिति गठन गर्ने निर्णय गऱ्यो । यसै प्रकारले समिति पनि गठन गरियो । उचित सबै विधि विधान तयार हुँदैछ । मिति २०४१ साल मार्ग शीर्ष मास १८ गते बिहिवारको उपसभापति जयभक्त राई खालिङ्गको सभापति-

त्वमा फाल्गुन ६ गते शिवरात्रिको शुभ मुहूर्तमा उद्घाटन गर्ने निर्णय भयो । यसै निर्णय अनुसार उद्घाटन पनि भयो । शिवज्योतिसिद्धकिरातेश्वर धामको प्रमुख अतिथि श्री १०८ डा० स्वामी प्रपन्नाचार्य वेदान्ताचार्य पीएच. डी. को कर-कमलद्वारा ६ बजे विहानको शुभमुहूर्तमा उद्घाटन भयो । त्यस पछि ज्योतिमण्डपमा ज्योति बाल्नु भयो । वैदिक र किरात लोक विधि अनुसार अपार भक्तजनहरूले फल, फूल, धूप, नैवेद्य आदिले पूजा गरी जय घोष गरे । ज्योतिमण्डपको चारै तिर अनेक प्रकारका फलफूलहरूले सजिएका थिए । अनेक सुगन्धले सुवासित थिए । हजारौं पण्डित, विद्वान्, भक्तजनहरुद्वारा शङ्ख, घण्टा, डमरू, एकतारा चमर आदि वाद्य ध्वनिको साथ शिवज्योति सिद्धकिरातेश्वर मन्दिरको पूजा भयो । त्यस पछि 'ओम् या हाङ साङ लाङ' भन्ने पूजा भयो ।

त्यस भन्दा अगाडी ६ बजे देखि १० बजे सम्म यज्ञ- याग, होम, रूद्री, पाठ आदि कार्यक्रम सम्पन्न भयो। १० बजे देखि ११–३० बजे सम्ममा जलपान तथा फल प्रसादको कार्यक्रम सम्पन्न भयो । ठीक १२ बजेदेखि भाषण व्याख्यानको कार्यक्रम वृहद्रूपले प्रारम्भ भयो ।

१. सर्व प्रथम सभापति वरण गरियो । पिण्डेश्वर संस्कृत विद्यापीठको संस्थापक भू. पू. प्राचार्य नेपाल र भारतमा ख्यातिप्राप्त विद्वान् लेखक, कर्मठ कार्य कर्ता ८० वर्षका ज्ञानवृद्ध वयोवृद्ध पं० श्रीछविलाल पोखरेलजीले सभापतिको आसन ग्रहण गर्नु भयो।

२. त्यस पछि प्रमुख अतिथि श्री १०८ डा०स्वामी प्रपन्नाचार्य वेदान्ताचार्य पीएच्. डी. जीले मुख्य अतिथिको आसन ग्रहण गर्नु भयो। साथै अन्य अतिथि विद्वान्हरूले पनि ससम्मान आसन ग्रहण गरे।

३. त्यस पछि प्रमुख अतिथिज्यू र सभापतिज्यूबाट श्री ५ महाराजाधिराज सरकारको चित्रमा माल्यार्पण कार्य सम्पन्न भयो।

४. तदनन्तर भू० पू० सै० सं० को अञ्चल सभापति सन्तकुमार वान्तवाजीले स्वागत भाषण गर्नु भयो। साथै उहाँले शिवज्योतिसिद्धकिरातेश्वर धाम निर्माणको पृष्ठ भूमिमा पनि प्रकाश पार्नु भयो।

५. मञ्चसञ्चालक उद्बोधक हरिबहादुर योङछेन राई हुनु हुन्थ्यो । मञ्चमा भाषण गर्ने महानुभावहरूमा श्रीपूर्णानन्द शर्मा, वी० वी. सुब्बा, किरात धर्म तथा साहित्य उत्थान संघका आजीवन सदस्य, एवं भू. पू. रा, प. सं. गणेशप्रसाद रिजाल, दिलीप-वान्तवा, अमर विष्ट, गम्भीर राई आर्य, उप. प्रा. जगन्नाथ श्रेष्ठ, प्रेमराई चामलिङ्ग

आदि हुनु हुन्थ्यो। यी वक्ताहरूले किरात धर्म, संस्कृति, र सामाजिक नैतिक जागरणका विषयमा बोल्नु भयो।

त्यस पछि प्रमुख अतिथिको आसनबाट श्री १०८ डा. स्वामी प्रपन्नाचार्यज्यूले आफ्नो भाषण प्रारम्भ गर्नु भयो। प्रमुख अतिथिज्यूले किरात संस्कृति तथा नैतिक, सामाजिक, धार्मिक र ऐतिहासिक विषयहरूमा प्रकाश पार्दै मानवको लक्षण र कर्तव्यलाई बताउनु भयो। तदन्तर शिवज्योतिसिद्धकिरातेश्वर धाम समितिको अध्यक्ष सुबेदार मोहनकुमार चामलिङ्गजीले धन्यवाद ज्ञापन गर्नु भयो। त्यस पछि सभापति पं. छविलाल पोखरेलजीले किरातबारे प्रकाश पार्नु भयो। तत् पश्चात् सभा विसर्जन भयो। यसै प्रकारले ७ गते पनि नैतिक जागरण उद्बोधन विषय लिएर महाराजजीको प्रवचन भयो। यसबाट पनि जनताले ठूलो लाभ उठाए।

यसको लगत्तै पछि जनजागरणको क्रम जारी नै रह्यो। त्यसो हुँदा मिति २०४१ सालको फाल्गुन २४ गते बिहिवारको दिन धरान निवासी श्रीप्रेमराई चामलिङ्गजीले किरातेश्वर धामको उन्नतिको लागि नेपाल, भारत, लङ्का, अमेरिका, आदि देशहरूमा भ्रमण गरेर संस्कृत र हिन्दू संस्कृतिको प्रचारक सनातन धर्म, केन्द्रीय समितिको अध्यक्ष श्रीखेमराज केशवशरणजीलाई किरातेश्वर धाममा पुऱ्याउनु भयो। प्रेमजीको सप्रेम आग्रहलाई स्वीकार गरेर पण्डितजी उहाँ पुग्नु भयो। तथा किरातहरूको बारेमा उहाँले प्रवचन दिनु भयो। महेन्द्र क्याम्पसको उप प्रा. डा. गोपालप्रसाद श्रेष्ठ तथा भू. पू. पिण्डेश्वर संस्कृत विद्यापीठको प्राचार्य पं. छविलाल पोखरेल र प्रेमराईजीले यस अवसरमा आफ्नो अमूल्य भाषण र सुझावले जनताजनार्दनको सेवा गर्नु भयो। यो पनि अविस्मरणीय क्षण थियो।

वृत्तं यत्नेन संरक्षेत् वित्तमेति च याति च

अक्षणो वित्ततः क्षीणो वृत्ततस्तु हतोहतः॥

महाभारत ५।३६।३०

अर्थात् "चरित्रलाई यत्नपूर्वक रक्षा गर्नुपर्दछ, धन त आउँछ, जान्छ। तर चरित्र नष्ट भएमा मनुष्यको पूरै विनाश हुन्छ।"




प्रमुख अतिथि धाम मित्रको
ज्योतिमण्डपमा ज्योति बाल्दै
हुनु हुन्छ ।



पुण्यमय शिवरात्रिको अवसरमा प्रमुख अतिथिको भाषण सुन्नमा भाव विभोरश्रोताहरू

क्रिातेश्वर शिव ज्योतिमण्डपको अर्थ



श्रीशिवज्योति सिद्धकिरातेश्वर धाम भित्रको ज्योतिमण्डप

ज्योतिनन्द महाराजजीले केही क्षेत्रहरूमा आफ्नो अध्यात्म ज्योत्स्नानको प्रसार गरिसके पछि केही दिनको भ्रमणको लागि मेची अञ्चलको झापा जिल्ला अन्तर्गत लखनपुर (लक्ष्मणपुर) गाउँ पञ्चायतको सीतापुर भन्ने गाउँमा निवास गर्नु भयो । त्यस अवसरमा उहाँले त्यहाँका शिष्य वर्ग र समाजलाई अध्यात्मको बाटो देखाएर

मानव जीवनलाई सार्थक बनाउने उपदेश दिनु भयो । साधकहरूलाई साधनास्थल नभएसम्म आफ्नो परम लक्ष्यसम्म पुग्न साह्रै गाह्रो हुन्छ । त्यस विषयलाई ध्यानमा राखेर ज्योतिनन्दजी महाराजले लगभग पाँच फुटको त्रिशूल गाडेर साधनास्थललाई सोध गर्नु भयो । त्यो शोधबाट पक्का साधनास्थल सिद्ध भए पछि, त्यो त्रिशूललाई पूरा धसाएर त्यसै ठाउँमा 'किरातेश्वर शिवज्योतिमण्डप' निर्माण गर्नु भयो । त्यो ज्योतिमण्डपमाथि केही दिन पछि त्यहाँका भक्तजन र जनताले सहभागीको रूपमा मिलेर एउटा भव्य मन्दिर खडा गरे । त्यसैको नाम 'शिवज्योतिसिद्धकिरातेश्व धाम' राखियो । त्यसलाई किरातेश्वर धाम पनि भनिन्छ किरातहरूको मुख्य इष्टदेव अनादि कालदेखिनै शिव भएको हुनाले किरातेश्वर भगवान् शिवको नाम हो । किरातेश्वर, परमात्मा, अछेद्य, अभेद्य, अजर, अमर, नित्य, शुद्ध, बुद्ध ज्ञानस्वरूप सर्वघटवासी, सर्वान्तर्यामी भएको हुनाले ज्योतिस्वरूप हुनु हुन्छ । अर्थात्, प्रकाशस्वरूप हुनु हुन्छ । शिवस्वरूप, कल्याणस्वरूप हुनु हुन्छ । 'किरात' शब्दको अर्थ हो समुद्रसम्मको भू-भागलाई निरन्तर जितेर शासन गर्नु । 'किर' को अर्थ सुँगुर हैन । 'अत' भनेको निरन्तर अर्थ हुन्छ । यी दुवै शब्दलाई दीर्घ सन्धि गरे पछि 'किरात' शब्द सिद्ध हुन्छ । मूलरूपमा किरातहरूको शिव पारूहाङ – 'थेत्रासाम्' इष्टदेव भएको हुनाले किरातेश्वर नाम अनेक प्राचीन इतिहास र शास्त्रहरूमा प्रसिद्ध छ ।

यस प्रकार शिवज्योति सिद्ध किरातेश्वर धामको मन्दिर भित्र बनेको ज्योतिमण्डपको अर्थ पनि श्रद्धालु भक्तजन, जनताजनार्दन तथा पाठकवृन्दले जान्नु आवश्यक छ । साधारणरूपमा आजको युगमा अर्थ र तात्पर्य नबुझिकन बाझिएर हिँडिरहेको देखिन्छ । तर धार्मिक, घण्टा, चमर, पूजा सामग्री, शिवलिङ्ग, मूर्ति, मण्डप आदिमा ठूलो फराकीलो इतिहास लुकेको हुन्छ । यसमा संस्कृति, कला र त्यस राष्ट्रको प्राण लुकेको हुन्छ । तर त्यसको अर्थ कालेज, विश्वविद्यालय बाहर्नेहरूले लगाउन सक्दैनन् । त्यसको अर्थ गम्भीर भएको हुनाले सर्वसाधरणको बुद्धिको कुरा हुँदैन । त्यसको लागि त्यसै विषयको विद्वान् अन्वेषक, तत्त्वज्ञानी हुनु आवश्यक छ । ठीक यसै प्रकारले किरातेश्वर-ज्योतिमण्डपको पनि गहन अर्थ छ ।

यो आध्यात्मिक ज्योति मण्डपमा जम्मा सात तला छन् । हरेक तलाका हरेक पाटा बनेका छन् । हरेक तलामा भिन्न-भिन्न अर्थ भए जस्तै हरेक तलामा बनेका पाटाका पनि विभिन्न अर्थ छन् । सबैभन्दा तल्लो तला चाहिँ पृथिवीको आकारमा बनाइएको छ ।

१. त्यो देखि माथिको तलामा १४ वटा पाटा बनेका छन् । त्यसको अर्थ हो

चौध भुवन । जम्मा सृष्टि चौध भुवनमा टुङ्गिन्छ ।

२. दोस्रो तलामा जम्मा एघार पाटा बनेको छ। यसको अर्थ हो एघार रुद्र ।

३. तेस्रो तलाको बनावटमा नौवटा पाटा छन् । नौवटा पाटाको अर्थ के हो त ? भन्दा नवग्रह र नवद्वीप हो । आद्या शक्ति एकै भएता पनि उपाधि भेदले नव दुर्गा पनि हो।

४. चौथो तलामा चाहिं सात पाटा छन् । त्यसको अर्थ सात समुद्र, सात सूर्य र सप्तद्वीप, सप्तर्षि हो ।

५. पाँच तलामा पाँच पाटा छन् । यसको अर्थ पृथिवी, जल, वायु, अग्नि, आकाश यी पांच महाभूत हुन् । अन्नमय, प्राणमय, मनोमय, विज्ञानमय, आनन्दमय यी पाँच कोश हुन् । विष्णु, महेश्वर, गणेश, सूर्य र देवी यी पञ्चदेवता पनि यसै अर्थमा समाविष्ट हुन्छन् ।

६. छैठौं तलामा केवल तीन पाटामात्र बनेका छन् । यसको अझ गम्भीर अर्थ छ। यो तीन पाटाले के अर्थ बुझाउछ भने सत्वगुण, रजोगुण, तमोगुण, तथा यी गुणहरूको अभिमानी देवता ब्रह्मा, विष्णु, महेश्वर एव ओङ्कर स्वरूप अक्षरमा परेको अकार, उकार, मकार अर्थ हो ।

७. सातौं तला चाहिं केही चुच्चा र अरू भन्दा गोलाकार छन् । यसै स्थानमा अखण्ड ज्योति बालिन्छ । यसको अर्थ भू, भुवः, जन, तप, आदि अन्तिम सत्य लोक हो । सर्व लोकको अन्तिम गुहान सत्य लोक हो । सत्य लोक ज्योतिःस्वरूप छ । त्यसो भएको हुनाले सातौ लोकलाई ज्योतिस्वरूप मानेको हो । ज्योति : आत्मस्वरूप हो । ज्योति ब्रह्मस्वरूप हो। ज्योति जीवनस्वरूप हो। ज्योति नै मोक्ष हो। किन भने अन्धकारमय जीवन नै अज्ञान हो । ज्ञानमय जीवन नै प्रकाश हो। प्रकाशको अभाव हुँदा अन्धकार हुन्छ । प्रकाश हुँदा उज्यालो हुन्छ । मानवले जीवन ज्योतिलाई उज्यालो पारेर, असत्मा नलै-जाउ, सत्यको बाटोमा लैजाउ, मृत्युको बाटोमा नलैजाउ, अमृतको बाटोमा लैजाउ, भन्ने प्रकाश स्वरूप परमात्मा शिव = पाएहाङ = थेवासामको [प्रतीकको रूपमा राखेको हो ।

विवेकशील पाठकहरूले बुझ्नु पर्ने कुरा यो छ कि हिजो अरितसम्म हो ह्याले–माले गर्ने नन्देराईले यत्रो गम्भीर आध्यात्मिक कुरा कसरी ? कहाँबाट ?

बुझ्यो ? यो आश्चर्यको विषय छ। शास्त्र पढेको थिएन। देश र विदेश घुमेको थिएन । सत्सङ्ग कहिले पाएको थिएन। कुखुरा, सुँगुर र जाँड रक्सी देखि बाहेक अरु कल्पनाको कुरै जीवनमा आएन होला ।

ती सबै नर्कबाट झट्ट निक्लनु एक महान् महापुरुषको काम हो । साथै यस्तो गम्भीर अर्थ पूर्ण आध्यात्मिक र सामाजिक काम गर्ने महापुरुष अवश्य अलौकिक प्रतिभा लिएर आएको हुनु पर्छ ।

जाँगर, सीप र साधन जस्ता कुरा भौतिक विकासका पूर्वाधार हुन् भने राष्ट्रिय परम्परा, संस्कार र धर्म जस्ता मान्यताको आफ्नोपनमा अड्ने दृढताले राष्ट्रिय मनोबल उच्च गराउन सघाउ पुऱ्याउँछ ।

श्री ५ वीरेन्द्र



हामीले ध्यान राख्नु पर्छ कि हामी सबै संसारको ऋणी छौं, संसार हाम्रो केही चाहँदैन । हामी सबैको लागि यो एक महान् सौभाग्य हो कि हामीलाई संसारको लागि केही गर्ने अवसर मिलेको छ । संसारको भलाई गरौं । संसारको भलाई गर्दा वास्तवमा हामी आफ्नै भलाई गरिरहेका हुन्छौं ।

स्वामी विवेकानन्द

शिवरात्रिको महान् पुण्यमय अवसरमा किरातेश्वधामको उद्घाटन समारोहमा भएको भाषणको सार

त्यस अवरसमा दिलीपकुमार वान्तवाले भन्नु भयो कि हामीलाई धर्मको आवश्यकता छ । धर्म विना बाँच्न सक्दैनौं । तर हामीलाई धर्मको सम्बन्धमा सही मार्ग निर्देशन दिने गुरुको आवश्यकता छ । धर्म मान्ने र धर्म मान्न खोज्ने-हरुलाई पनि अत्यन्त सुदृढ गुरुको आवश्यकता पर्दछ । यो अन्धै, अन्धो भएको अन्धकारमय वैज्ञानिक युगमा पनि एउटा विचित्र घटना घट्यो । एक विचित्र ज्योति जल्यो । त्यो ज्योति त्यो प्रकाश, सारै सानो अवधिमा अथवा छोटो समयमा प्रकाशित भयो । त्यो ज्योति थियो ज्योतिनन्द महाप्रभु । ज्योतिनन्दजीले सानो अवधिमा समाजलाई धेरै दिएर जानु भयो। उहाँमाथि हामीले पनि धेरै आस्था र श्रद्धा राख्दै आएका थियौं । आज यो महान् शिवरात्रिको महापर्वमा यहाँ-हरु यत्रो संख्यामा आउनु भयो । त्यसको कारण पनि यही हुन सक्छ कि ज्योतिमाथि श्रद्धाको फूल चढाउनु आउनु भयो होला ।

त्यसो भएको हुनाले हामी पिछडिएको देशको पिछडिएको समाज, पिछडिएको ठाउँमा, भेला भएर केही जान्ने, केही पाउने, अभिलाषा लिएर वरपर अँधेरामा उठेका भएतापनि हाम्रो आँखा नखुलेकाले हामी वरपर घुमी रहेका छौं । यो अन्धा समाजमा विद्युत्को रुपमा जो आफूलाई प्रस्तुत गरेर एउटा विद्वान् स्वामीको रुपमा जन्मनु भएको छ । त्यसो हुँदा हामीमा म एउटै कुराको आशा गर्दछु कि हामीलाई आँखा चाहियो । हामीलाई सोच्ने ज्ञान चाहियो। हामीले धर्म कसरी मान्ने ? त्यसको सुमार्गहरु चाहियो । हामीलाई उचित मार्ग-निर्देशन चाहियो । हामी मान्न तैयार छौं । निश्चय नै हामी धर्मले तिर्खाएका छौं । भोकाएका छौं । यस अवस्थामा उहाँहरुले हामीलाई मार्गनिर्देशन अवश्य पनि दिनु हुनेछ। यस प्रकार उहाँहरु सरुय समयमा आएर दिव्योपदेश र मार्ग निर्देशन गरी समाजको कल्याण गर्नु हुने छ भन्ने आशामा छु । भन्नू भयो। उहाँहरुले समय समयमा

दिनु भएको उपदेश र शिक्षालाई अवश्य पनि हृदयङ्गम गरेर राख्ने छौं । यसै रीतिले भविष्यमा पनि हाम्रो पिछडिएको समाजले विद्वद्वृन्दलाई स्वागत गर्ने अवसर मिलोस् । यस प्रकार दिलीप वान्तवाजीले भावपूर्ण व्याख्यानले समाजलाई उद्बोधन गर्नु भयो ।

त्यस अवसरमा पूर्णानन्द दाहालले भन्नु भयो कि फलगुनन्द गुरुबाट पाएको कर्मकाण्डलाई अग्रसारित गरेर किरात, राई, लिम्बु समाजले धार्मिक प्रवृत्तिलाई अपनाएर किरातहरुले एउटा उच्च लक्ष सिद्ध गर्नु भएको छ । फलगुनन्दले धार्मिक कार्यको व्याजले अझ ठूलो सामाजिक कार्य गर्नु भएको थियो । त्यतिखेर किरातहरुले कलुषित र दुर्व्यसनको खाडलमा जाकिएको वेलामा फलगुनन्दजीले ठूलो सामाजिक काम गर्नु भयो । कुकर्ममा लागेकाहरुलाई धार्मिक बाटो देखाएर ठूलो उपकार गरे । फलगुनन्दजीले किरात मुन्धुमबाट वैदिक सनातनधर्मलाई किरातहरुको बीचमा पुनरुज्जीवित पारे । किरात र हिन्दू अलग होइन । किरात धर्म र हिन्दू धर्म एकै हो । यो समन्वय फलगुनन्दगुरुले ल्याउनु भएको थियो । हामीहरुमा यस प्रकारको धार्मिक समन्वयको जागृति नै राष्ट्रको एकता हो । वैदिक कालमा ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र, एक प्रकारको पेशा मात्रै थियो । त्यो कुनै प्रकारको जात थिएन । मात्र पेशा थियो । त्यसो भएको हुनाले हामी सबै एकै हौं । किरातहरूको उल्लेख वेदमा पनि भएको हुनाले किरात, आर्य हिन्दूमा कुनै प्रकारको भेद छैन । त्यसैको प्रतीक शिवज्योति सिद्ध किरातेश्वर धामको निर्माण भयो । यो मन्दिर ऐले सानो भएता पनि भविष्यमा शोधको एउटा केन्द्र बन्ने छ । एकताको केन्द्र बन्ने छ भन्ने विश्वासमा पनि छु ।

महेन्द्र वहुमुखी क्याम्पसको सँस्कृतिको उप-प्राध्यापक जगन्नाथ श्रेष्ठले विगत वर्षमा वीरगञ्जमा हिन्दू सम्मेलन भएको स्मरण दिलाउँदै आफ्नो भाषणमा भन्नु भयो– विश्वहिन्दू सम्मेलन बीरगञ्जमा म भाग लिन पुगेको थिए । एक ठाउँमा विद्वान्हरूको सभा लागि राखेको थियो । एक जना कोही राई-लिम्बुको अनुहार लिएको कुनै महात्मा धाराप्रवाहले संस्कृत भाषामा विद्वान्हरूलाई सम्झाई राखेका थिए । मैले पनि सुनी रहे । मलाई आश्चर्य लाग्यो । राई लिम्बुहरू पनि यस्ता प्रकाण्ड विद्वान् हुँदा रहेछन् । यसरी संस्कृतमा बोल्न सक्दा रहेछन् भन्ने मनमा लाग्यो । तर झट्ट पं. छविलाल पोखरेलजीले मलाई बसाउनु भयो । म बसें । पण्डितजीले स्वामीजीसंग परिचय गराउनु भयो । उहाँ केवल संस्कृतको धुरन्धर विद्वान् मात्रै होइन । उहाँ त डाक्टरेट पनि भइसक्नु भएको रहेछ । तीन

दिनको भाषण सँस्कृत मै सुनियो। चौथो दिनको भाषण हिन्दीमा सुनियो। पांचौ दिनको भाषण नेपालीमा सुनियो। तीनै भाषामा स्वामीजीको अप्रतिहत गति देखेर हामी आश्चर्यमा पऱ्यौ त्यतिखेर। स्वामीजीको 'वेदमा के छ' ग्रन्थ छापिएको थिएन। मैले पं. छविलाल पोखरेल तथा उहाँको दाजु पं. कविराज नरपति पोखरेल दुवै जनाको सामुमा भने स्वामीजीलाई धरान लैजाउँन त। स्वीकार भयो। मलाई मनमा लागि राखेको थियो, स्वामीजी नेपालमा नै बसी दिए हुन्थ्यो। आज यो शिवरात्रिको पुण्य-अवसरमा शिवज्योति सिद्ध किरातेश्वर धामको उद्घाटन गन मुख्यातिथिको रूपमा डा० स्वामी प्रपन्नाचार्यजीलाई पाउँदा ,हामी सारै प्रसन्न छौं। यो एउटा पुण्यमय अवसर हो। आज हामीलाई सोच्नु पर्ने भएको छ। आज हामीमा धार्मिकता छैन। अनुशासनहीन, संस्कृति देखि हीन हुँदै जादै छौं। यो दुःखको कुरा छ। विशेष गरेर उद्दण्डता, दुर्व्यसन, कतै त आफ्नो धर्मलाई छोडेर ईशाई धर्ममा बिकी राखेको देखिन्छ। यस परिस्थितिमा स्वामीजी जस्ता प्रख्यात विद्वान्‌लाई आफ्नो देशमा आदर दिएर राखनु आवश्यक छ।

साथै स्वमीजीलई विशेषरूपले चिन्ने प्रयास मैले गरे। स्वामीजी भारतका प्रख्यात विद्वान्‌हरूसँग शाश्त्रार्थमा ख्याति प्राप्त गरेर अनेकौ ठूला ठूला सभाहरूमा भाग लिई सक्नु भएको रहेछ। उहाँको व्यक्तित्वबाट अवश्य पनि हामीलाई अर्थात् राष्ट्रलाई ठूलो लाभ हुने छ भन्ने ठानेका थियौ। आज त्यसैको फलस्वरूप मुख्य-अतिथिको रूपमा विराजमान भई श्रीशिवज्योति सिद्धकिरातेश्वर धामको मञ्चमा उपस्थित भई जनता जनार्दनलई उद्बोधन गर्ने अवसर दिनु भएको छ। यो हाम्रो सौभाग्य हो।

कालेम्वुङ्गबाट पाल्नु भएको गम्भीर राई आर्यले आफ्नो भाषणको सारमा भन्नु भयो कि किरातहरूले जबसम्म संस्कृत पढ्दैनन्, तबसम्म आफ्नो इतिहास र विज्ञान तथा धार्मिक, कला-कृतिबाट वञ्चित रहनेछन्। हाम्रो पूर्वजनहरू सँस्कृत पढेका थिए। स्वयं हाम्रो इष्टदेव देवाधिदेव महादेवले डमरू वजाएर पाणिनि र सनकादि ऋषिहरूलाई ज्ञान दिए। पाणिनिको १४ सूत्र माथि लेखिएको अष्टाध्यायी विश्व प्रसिद्ध छ। हाम्रो इष्टदेवले दिएको संस्कृत विद्या हामीले पढ्न सुन्न हुँदैन र? अवश्य सुन्न हुन्छ। तर आज हामी बरालिएका छौं। दुर्व्यसनमा परेका छौं। यी दुर्व्यसनलाई हटाएर हामीले अगाडी बढनु परेको छ। त्यसैको लागि यो शिवज्योति सिद्ध किरातेश्वर धामको स्थापना भएको हो। यस मन्दिरबाट भविष्यमा शोध, खोज, र धार्मिक प्रचार प्रसार तथा संस्कृत विद्याको अवश्य पनि विद्यापीठ हुने छ भन्ने विश्वास लिएको छ। यसबाट पिछडिएका हाम्रो समाज माथि उठने छन्। त्यसले हाम्रो राष्ट्र बलियो हुने छ।

नेपाल भूतपूर्व सैनिक संगठन मेचो अञ्चलको सभापति सन्तकुमार वान्तवाको वक्तव्य पनि सारगर्भित थियो । आज हामी यस शिवरात्रिको पुण्य अवसरमा एकत्रित भएका छौं । यो महान् ऐतिहासिक दिनमा यो मन्दिर आज उद्धाटन हुँदैछ । यसमा एक ऐतिहासिक महापुरूषको वरद हस्त छ । उहांको नाम हो श्रीज्योतिनन्दजी । हामी वस्तुतः पिछडिएका भएता पनि हामी उहाँलाई गुरू मन्छौ । उहांको उदय भएको धेरै वर्ष भएको छैन । विगत दुई तीन वर्ष पहिले देखि प्रकाशमा आउनु भएको हो । यो निश्चय हो कि जो पनि महापुरूष यस पृथिवीमा आए । तिनलाई बाचुञ्जेलसम्म कसैले वास्ता गर्दैनन् । उनीको गुण गान गर्दैनन् । जब धरती छोडेर जान्छ। त्यस पछि उसको गुण गान हुन्छ । त्यस्तै ज्योतिनन्द गुरू पनि हुनु हुन्थ्यो । तर बाचुञ्जेलसम्म ज्योतिनन्दगुरूले जनतालाई धेरै दिनु भयो । सबै मन्दा ठूलो उहाँको काम हामीमा धार्मिक भावना जगाएर जानु भयो । उहाँको सत्प्रयासले नैं यो मन्दिर निर्माण भएको छ । यसमा यहाँका श्राद्धालुहरूले यथाशक्ति तन, मन, धनले सहयोग जुटाएर अनुपम उदारण प्रस्तुत गर्नु भएको छ। यसमा लगभग पच्चीस हजारभन्दा बढ्ता लागत र धेरै दान दाताहरूले अन्य बस्तु दान दिएका छन् । यहाँको जनतामा जो त्याग र तपस्याको भाव देखिए; त्यो अत्यन्त प्रशंसनीय छ । यद्यपि त्यो मन्दिर र हवनशाला तथा कुटी बनाउनमा प्रेरणा दिने महापुरूप आज हाम्रो सामुमा हुनु हुन्न । तर उहाँले भक्तजनहरूमा ठूलो छाप छोडेर जानु भयो । निश्चयनै भुल्न नसकिने छाप छोडेर जानु भएको छ। यस संस्थामा सहयोग दिने महानुभावहरूले धेरै दिएका छन् । यसै प्रकारले अरू सहयोगको लागि पनि भक्तजनहरू जमजमाइरहेका छन् ।

यस रीतिले बनाएको देवस्थल मन्दिरको उपयोगिता ठूलो धार्मिक, सांस्कृतिक रूपमा सिद्ध भएको छ। आजको युगमा विहावारी गर्नु पनि एक ठूलो समस्या भएको हुनाले कम खर्चको लागि मन्दिरमा वर वधुलाई उपस्थित गरि सामान्य खर्चमा हामी अभीष्ट कार्य सिद्ध गर्न सक्छौ । यज्ञोपवीत, यज्ञ, याग, होम, पूजा

पाठ आदि जति हुनु पर्ने र उपयुक्त कर्महरू यसै मन्दिरमा गर्न सक्छौं । यस्तै उपयोगिताको लागि यो मन्दिर निर्माण भएको हो। यस रूपमा यी मन्दिरहरूमा पुजिने हाम्रो उपास्यदेव ईश्वर एउटै छ । तर उपासना र पूजा पाठको तरिका भिन्ना-भिन्नै देखिन्छ । प्रायः मठ मन्दिर देवस्थलहरूमा धर्मप्रचारकहरूले व्याख्यान, भाषण दिंदा व्यावहारिक पक्षलाई ध्यनमा राख्नु पनि आवश्यक देखिन्छ। किन भने यो संसार केही होईन । काम गर्न पर्दैन आदि जस्ता प्रचारले समाजलाई उन्नतिमा पुऱ्याउँदैन । संसारमा भौतिक र आध्यात्मिवादको द्वन्द्वमा जीवन बिताउनको लागि हामीले कर्म योगी पनि हुनै पर्छ । तर केवल जीवन चर्यारहित कोरा आध्यात्मवादले हाम्रो कल्याण हुन सक्दैन । केवल भौतिकवाद पनि अशान्तिको सिगो ज्वाला हो। अतः हिजो डा. स्वामी प्रपन्नाचार्यजीले भन्नु भएको भौतिकवाद र आध्यात्मवादको समन्वयको साथै कर्मयोगी बन्ने प्रण गर्दै म आफ्नो भाषण टुङ्ग्याउँछु ।

गोर्खादक्षिणबाहु पद तथा त्रिशक्ति पट्ट प्राप्त गर्ने धरान निवासी बी. बी, सुब्बाजीले भन्नु भयो कि कुनै धर्मशास्त्र होस्, अथवा कुनै जातिले उचित आफ्ना-आफ्ना नियम-अनुसार अलग-अलग नाम राखी पूजा, पाठ, यज्ञ होमादि कर्म गरि आएता पनि निष्कर्षमा भगवान् एउटै हो । परमात्मा पशु, पक्षी तथा वृक्ष आदिमा व्याप्त छन्। अतः एव उसै परमात्माको साकार स्वरूपको पूजा गर्नको लागि 'शिवज्योतिसिद्ध किरातेश्वर धाम'को स्थापना गरिएको हो । यस संस्थामा कुनै प्रकारको राजनीतिको दृष्टिकोण लिनु अनुचित र घातक हुने छ । यस्तो पवित्र-उद्देश्यले बनेको धर्म संस्थामा अथवा मन्दिरमा यस प्रकारको दृष्टि कसैको छ भने अविलम्व हटाउनु अनिवार्य छ । राजनैतिक दृष्टिकोण राख्दा धार्मिक समाजमा धेरै ठूलो नोक्सान भएको देखिन्छ । अत: हामी हाम्रो पूजाको स्थल तथा साधनास्थललाई केवल पवित्र साधना स्थलनै बनाएर राखौं । यही मेरो भक्तजनहरूसंग प्रार्थना छ ।

यसै प्रकारले गणेशप्रसाद रिजालले पनि आफ्नो भाषणमा भन्नु भयो कि किरातहरू अति प्राचीन कालदेखि नै भगवान् शिवका भक्त हुन् । त्यसो हुँदा आज पवित्र शिवरात्रिको शुभ अवसरमा हामी सबै एकत्रित भएर उसै

शिवकिरातेश्वर भगवान्को उपासना मन्दिरमा गुणगान गर्दैछौ । यसमा हामी सबै एकत्रित भएका छौ । यो सौभाग्यको अवसर हो । यस अवसरमा जिल्ला पञ्चायतको सदस्य अमर बिष्टले पनि किरातेश्वरको बारेमा आफ्नो सार-गर्भित भाषण गर्नु भयो। धरान दन्तकाली पाना पाउरोटी बिस्कुट कारखानाको उद्योगपति प्रेमराई चामलिङ्गले आफ्नो वचनमा पक्का रही किरातेश्वर धामको जसरी भए पनि उन्नति हुनु पर्छ भन्नु भयो। हामी किरातहरू छरपष्टिएका छौं। हामी एक मत छैनौ। हामीले एक मत भएर काम गर्न सकेका थिएनौ । आज हामीले किरातेश्वर धाममा एक भएर काम गर्ने अवसर पाएका छौं। त्यसो हुँदा सबै दाजु भाई दिदी बहिनीहरूलाई म आह्वान गर्छु कि हामी एक भएर धार्मिक र सामाजिक सेवा गरौं भन्नु भयो।





तिमीले मालिक जस्तै गरी कार्य गर्नु पर्छ न कि दास झैं, अविराम कर्म गर तर दास जस्तो भएर होइन ।

स्वामी विवेकानन्द



प्रमुख अतिथि परम पूज्य डा० स्वामी प्रपन्नाचार्यजी
किरातेश्वर धामको उद्घाटन गर्दै हुनु हुन्छ ।
साथमा समितिको अध्यक्ष सुवेदार श्रीमोहनकुमार थामलिङ्ग
तथा सचिव श्रीमणीश्वर पाँङमाली हुनुहुन्छ ।
(महाशिवरात्रि २०४१ फाल्गुण ६ गते बिहान ८ बजे)





प्रमुख अतिथि परमपूज्य डा. स्वामी प्रपन्नाचार्य ज्यूबाट भएको उद्घाटन सभाषणको सार

डा. स्वामी प्रपन्नाचार्य

किरातहरू◆ प्राचीन सभ्यतामा महान् थिए । वर्मामा पनि किरातहरूको शासन थियो । आसाममा पनि किरात राजा थिए । अरब देश-सम्म पनि किरातहरू शासन गर्दथिए । 'किलात्' भन्ने जिल्ला आज पाकिस्तानमा छदैछ । अरावली पर्वत देखि लिएर जालन्धर जम्मु, काश्मीरको सामुन्नेमा हिमाचल प्रदेश पर्दछ । त्यहाँ पनि किरातहरूले राज्य गर्दथिए । किरातहरुले नेपालमा पनि राज्य गरेका थिए । त्यस्तै अनुपद्वीप आदिदेखि लिएर विन्ध्याचलसम्म किरातहरूको शासन थियो । किरातहरूको शासन उच्च कोटिको थियो ❀ । ऐतिहासिक दृष्टिकोणबाट उनीहरूको उत्कर्षित अवस्था पाउछौ, तर किरातहरू आज तल कसरी खसे ? अध्यात्म क्षेत्रमा पनि किरातहरू धेरै अगाडी थिए। यो शरीरको जन्म पाँचथर लालीखर्क

❀हामीले झूठो इतिहासलाई कहिलेसम्म साचो मान्ने ? भन्ने प्रकाशोन्मुख पुस्तकमा यस सम्बन्धी विस्तृत कुराहरू लेखिएका छन् ।

◆यो भाषणको अलि कति उत्तरार्धमात्रै हो ।

वेरडाँडामा भएको हो। फलगुनन्द सत्यहाँङमा गुरूले किरातहरूलाई जगाउँनको लागि प्रयत्न गर्नु भयो । तर किरातहरू त्यतिसारो जागेनन् । तैपनि ज्योतिनन्द महाप्रभुलाई जतिले मान्नु भएको छ, उहाँहरूले धोखा दिनु हुँदैन । हुनत फलगुनन्द सत्यहाङमालाई पनि धोखा दिन्थे। रक्सी खानु हुँदैन । यसले किरातहरूको बुद्धि कुहियो । किन भने अन्नलाई कुहाउनु पर्छ । कुहाएर मात्र पिउनु पर्छ। त्यसो भएको हुनाले कुहेको खादाँखेरी बुद्धि कुहिनु स्वाभाविक कुरा हो, भनी फलगुनन्दगुरूले आफ्नो शिष्यहरूलाई उपदेश गर्नु हुन्थ्यो। मासु खानु हुँदैन। मासु खाँदा अर्कोको ज्यान मार्नु पर्छ । अर्काको ज्यान मारेर खानु पाप हो । हो, गुरूजी हामी खान्नौ भन्थे । गुरूजी आउँदाखेरि नखाने । गुरूजी आउँदा शुद्धपना देखाउने । गुरूजी बाहिर गए पछि जाँड, रक्सी, मासु सबै खान शुरू गरिहाल्थे । यसै कुकर्मलाई देखेको हुँनाले मैले सत्यहाँमालाई छोडेको हो। त्यस पछि जसमुनिमा बसें । जसमुनिमा पनि अनावश्यक कट्टरता देखेर छोडिदिए । जसमुनिलाई छोडे पछि भारतमा पुगें। भारतबाट पढेर आए पछि पनि मैले बराबर हेरिराखेको छु । ऐले पनि गुरूलाई वचन दिएर धोका दिईरखेका छन् । तर म भन्छु जसलाई वचन दिएको छ । त्यो वचन हार्नु हुँदैन । प्राण जाओस् । तर वचन नजाओस् । वचन दिई सकेपछि मर्नु पर्छ भने बरू मर्नु उचित हो। वचनको विश्वासघात गरेर ज्युँनु, ज्युँदै मर्नु हो। यसरी ज्युँदै मरेका मुर्दा धेरै छन् । निश्चय नै वचनवद्ध मानिसले आफ्नो वचनको मूल्य राख्छ।

किरात क्षत्रिय हुन् । किरातहरू क्षत्रिय कति कारणले हुन् त ? महाभारत यसको साक्षी छ।❖ ✵मनुस्मृति यसको प्रमाण छ। अनेकौं इतिहास यसको साक्षी छन् । तर सबैभन्दा पछिको साक्षी वडामहाराजधिराज श्री ५ पृथिवीनारायण शाहको लेख छ। पृथिवी नारायण शाहले लालमोहर लेखेर दिंदा बाहुनहरूललाई 'ब्रह्मभार समर्थ' भनेर दिन्थे। किरातहरूलाई दिंदा 'राजभार' समर्थ भनेर लालमोहर दिन्थे । राजभार समर्थ क्षत्रियलाई मात्र प्रयोग हुने शब्द हो । यसबाट "राजभार समर्थ किरात" पृथिवीनारायण शाहको लालमोहर आदिबाट पनि क्षत्रिय हुन् । किरात हिन्दू आर्य हुन् भन्ने प्रमाण सिद्ध हुन्छ। यसको तात्पर्य यो हो कि पृथिवी नारायण शाहको कालसम्म पनि किरातहरू क्षेत्रिय नै रहे छन् । क्षत्रिको अर्थ हिन्दू हो। आर्य हो । कुनै हालतमा किरातहरु मङ्गोलियन✵ हुन सक्दैनन् ।

❖म० भा० द्रो० प० अ० ४।६। ✵मनुस्मृति १०।४३, ४४।
✵हामीले झूठो इतिहासलाई कैले सम्म साचो मान्ने ? हेर्नु होस् ।

एक छिनको लागि मान्नु होस्, किरातहरू मङ्गोलियन नै रहेछन् अरे। परन्तु मङ्गोलिन हुनुमा के प्रमाण छ ?

केवल थेप्चो नेप्टो नाक, गोलो मुख हुनु मात्रै हो कि अरू पनि केही प्रमाण छन् । तर मङ्गोलियन हौं भन्नेहरूको केही अरु प्रवल प्रमाण देखिएको छैन। त्यस्तै मङ्गोलियन हुन् भन्ने लेख्नेहरूसंग पनि केही प्रमाण छैन। केवल खाली नाख मुख र रङ्गको अनुमान मात्रै हो।

कयौं मेरा भारतीय मित्र विद्वान्हरू मङ्गोलिया जाने आउने गर्छन् । ती मध्ये डा० रघुवीर तथा उनीकै छोरा डा. लोकेशचन्द आदिसंग मङ्गोलियाको संस्कृति, सभ्यता, इतिहास बारे सम्पर्क गर्दा त्यस्तो कुनै प्रमाण पाइएको छैन। तैपनि समय मिलेछ भने म अवश्य मङ्गोलिया पुग्ने प्रयत्न गर्नेछु। मलाई भन्न यति छ कि आर्य्यावर्तमा अर्थात् नेपाल आदि भूमिहरूमा किरातहरू लाखौं वर्ष देखि बसिरहेका छन् । आजको मङ्गोलियन तीन हजार वर्ष अगाडि थिएन। त्यस मङ्गोलियामा तीन हजार वर्ष पहिले केवल हिउँ र मरूभूमि मात्रै थियो। त्यतिखेर त मान्छे नै थिएनन्। कुन शताब्दीमा ? कुन मितिमा ? कुन वेला ? के नाम गरेको, कुन चाहिं किरात यहाँ आए ? यी प्रश्नहरूको उत्तर हामी मङ्गोलियन हुँ भन्नेहरूले बताउनु सक्नु पर्छ। वस्तुस्थितिमा सिलवेन लेभी आदि पाश्चात्य इतिहासकारहरूले हाम्रो इतिहासलाई बिगारेको मात्रै हो । यसै गरी अरू इतिहासकारहरूले पनि विगारेका छन् । यी पाश्चात्यहरूले केवल किरात इतिहासलाई मात्र विगारेका हैनन्; अपितु नेपालको इतिहासलाई नै टुक्र्याएर राखिदिएका छन् । त्यसो भएको हुनाले हाम्रो देशको शुद्ध इतिहास लेखिनु पर्छ। जबसम्म हाम्रो देशको इतिहास लेखिदैन तवसम्म हामीले राष्ट्रोत्थान गर्ने बाटो पाउदैनौ। त्यसो भएको हुनाले हामीले आफ्नो इतिहास जान्नु पर्छ भने कोरा अंग्रेजी जानेर मात्रै हुँदैन । अंग्रेजी त केवल विदेशीहरूसंग सम्पर्क राख्ने माध्यम मात्र हो। अंग्रेजीले अर्कालाई चिनाउँछ। संस्कृतले आफूलाई चिनाउँछ। आफूलाई चिन्ने मान्छे सबैभन्दा ठूलो हो। आफूलाई चिन्ने मान्छे सबैभन्दा वुद्धिमान् हो। आफूलाई चिन्ने सबैभन्दा दिमागदार व्यक्ति हो। अर्कालाई चिन्ने मान्छे बुद्धिमान् होइन। यसै सन्दर्भमा शिवरात्रिको अवसरमा बिचार गरौं । मातृशक्तिहरूले भन्नु हुन्छ कि हामीले वेद पढनु हुँदैन। तर यो कुरा सत्य होइन। महिलाहरूले पनि वेद पढ्नु हुन्छ। यसको साक्षी हाम्रो वेदै छ। तर मध्यका-

लका केही स्वार्थी व्यक्तिहरूबाट यस प्रकारका कार्यहरू भए। ऋग्वेदका अपाला, वागाम्भृणी, वाक्, रोमशा आदिले वेद पढेका थिए। उपनिषद्का गार्गी र मैत्रेयी आदिले पनि वेद पढेका थिए । ईसा देखि पछिका व्यक्तिहरूले मात्र गल्ती गरेका हुन्। यो गल्ती भयो। गल्ती सर्वत्रबाट हुन्छ । सुधार सबैबाट हुनु पर्छ । मेरो जीवनको एक घटना सुनाउँछु । एक समय हाम्रो घरमा एक जना बाहुन बाजे आएछन् । उनीले गायत्री मन्त्र भनेछन् । तर मलाई भन्नु हुदैन भन्ने कुरा थाहा थिएन । परन्तु मलाई गायत्री मन्त्र याद भईहाल्यो । यो मन्त्र मेरो मस्तिष्कमा रही रहयो। एक फेरा बाहुन बाजेहरूको बीचमा भन्दा त सबै बाहुन बाजेहरूले धत्त धत्त र धुत्त धुत्त गरे । परन्तु यो कुरालाई मैले बुझिन । पछि पिताजीसगँ बुझ्दा पत्ता लाग्यो । त्यो त उनीहरूको मन्त्र पो रहेछ । अब जुन गुरूले भन्नु भएको थियो ती पनि बाहुनै थिए । जुनले निषेध गरे ती पनि बाहुनै थिए । तर भन्नु हुन्छ भनेर सुनाउने बाजेको कुरालाई हामीले आदर दिन्छौ, दिनु पर्छ र दिनेछौ । यसरी किरातहरूले सँस्कृत पढ्न हुदैन भने पनि त्यो विकट समयमा सर्व प्रथम वि.स. १८५० मा छिनामखुका अगमदिल राईले सँस्कृत पढेका थिए *, अगमदिल राईले सँस्कृत मात्रै हैन । अपितु गायत्री मन्त्र पनि जपेका थिए ।

यस प्रकारले दार्जिलिङ्ग निवासी पण्डित (१) दिलुसिंह चामलिङ्गले चारै वेद पढेका थिए । उनीलाई पण्डित उपाधि कलकत्ताबाट प्राप्त भएको थियो । यसै प्रकारले प्रणामी सम्प्रदायको प्रसिद्ध महात्मा मोहनमुकुन्द (थुलुङ्ग राई) ले मध्यमासम्म व्याकरण पढेर आए । यस रीतिले संस्कृत पढ्ने किरातहरू धेरै छन् । जुन-जुन व्यक्तिहरूले संस्कृत पढे, उनीहरूले आफ्नो इतिहासलाई राम्ररी जानेका छन् । हामी के हौ ? को हौ ? कताबाट आएका हौ ? भतुवा हौं कि यहीका थरी रैथाने हौ । यस विषयमा योगी नरहरिनाथजीले एक श्लोक लेख्नु भयो

भगुवा भतुवा गाँसे शरणार्थी न भैकन ।
थरी स्थानी र रैथानी सबै छौं यहींका जन ॥

---

* जोसमनि सन्त परम्परा भन्ने पुस्तक हेर्नु होस् । जनकलालजीले पनि लेख्नु भएको छ ।

* पण्डित दिलुसिंह चामलिङ्ग राई प्रसिद्ध वैदिक विद्वान् हुनु हुन्थ्यो । उहाँ चारै वेदका विद्वान् हुनुहुन्थ्यो ।

हामी मगुवा, मतुवा ,गासे हैनौं । हामी यसै देशका निवासी हौं । यो हाम्रो देश हो यसैमा हाम्रो इतिहास छ । यसैमा हाम्रो संस्कृति छ । यसैमा हाम्रो सभ्यता छ । यसैमा भूत, भविष्य र वर्तमान काललाई जोड्ने इतिहास छ । त्यस्तो भएको हुनाले हामीलाई बाहिरबाट आएका इतिहासकारहरुले लेखेको इतिहासले हामीलाई चिनाउँन सक्दैन । चिनाउँछ भने केवल संस्कृतले मात्र चिनाउन सक्छ । यो तथ्यलाई सबै किरातहरूले बुझ्नु आवश्यक छ । म यो सभामा भाग लिने विशिष्ट वक्ता गम्भीर राइलाई धन्यवाद दिन्छु । किन भने आफ्नो छोरालाई संस्कृतमा शास्त्री बनाई सके । अत: एव हामी भन्न सक्छौ कि अब अर्कालाई दोष लाउने युग छैन । आफ्नो बुद्धि नलगाएर अर्कालाई दोष लगाउने काम गलत हो हामीले पढ्नु पर्छ । बुझ्नु पर्छ । किरातहरु जिउँदै छन् भने केवल 'लेफराइट' मात्रै होइन ठूला–ठूला इन्जिनियर, कलाकार, मिस्त्री, दार्शनिक, संस्कृतज्ञ सबै बन्नु आवश्यक छ । आज हामीले पिछडिएको स्थितिलाई बदल्नु परेको छ । हामीले माथि निवल्नु परेको छ ।

तर अवश्य हामीले विचार गर्नुपर्दछ कि हाम्रो बुद्धिलाई जसले नाश गर्छ, त्यसलाई निश्चितै छोड्नु पर्छ । जसले हाम्रो बुद्धि कुहायो, जसले हाम्रो बुद्धिको हत्या गर्‍यो, जसले हामीलाई हमेशा कमारा, ज्याला र बनी गरी खाने बनायो, जसले हामीलाई छिट्टै अनिकाले बनायो, जसले हामीलाई आर्थिक सङ्कटमा पारेर सधैं दु:खी र गरीब बनायो, त्यो हाम्रो सँस्कृति होइन । त्यो हाम्रो कल्चर होइन । त्यो हामीलाई सखाप पार्ने टी. बी. र क्यान्सरको बिमारी हो । त्यो हो जाँड र रक्सी । जबसम्म जाँड र रक्सी किरातहरूको संस्कृति बनेर रहिरहन्छ तबसम्म किरातहरूले आफूलाई जतिनै अर्काले शोषण गरे भने पनि उँभो लाग्न सक्ने छैनन् । कुनै पनि विषयमा उँभो लाग्ने छैनन् । त्यसो हुँदा आफ्नो कल्याण चाहने किरातहरूले जाँड, रक्सी र कुखुरा, सुँगूरबाट बाहिर निवले भने बुद्धि र वैभवमा किरातहरूलाई विश्वको कुनै पनि शक्तिले वश पार्न सक्ने छैन । यो सम्मति र परामर्श नमान्नेहरूको पनि म विरोध गर्दिन । खूब घिच्नुहोस् । खूब डकार्नु होस् । मलाई के आपत्ति छ र ? तर समाजले हाम्रो शोषण गर्‍यो नभन्नु होस् । हामी दुखी छौ, गरीब छौं, नभन्नु होस् । मैले बुझेको कुरालाई तपाईंहरूको हितमा राख्नु मेरो मानव कर्तव्य हो । तपाईंहरू नबिग्रनु होस् भनेर सल्लाह दिएको मात्रै हो । यो हाम्रो 'कल्चर' हो परम्परा हो, जातले पाएको भन्नु भूल हो । बरू त्यो हाम्रो दिमाग र बुद्धिलाई सखाप पार्ने दुर्व्यसन मात्रै हो ।

किरात क्षत्रिय हुन् । राई लिम्बु क्षत्रिय हुन् । अब प्रश्न उठ्छ

यिनीहरूले जनै कहिले देखि छोडे ? यस इतिहासलाई हामीले पँलाउनु पर्छ भने महाभारतको सभा पर्वलाई हेर्नु पर्छ । जमदग्नि ऋषिका पुत्र परशुरामले २१ पटक क्षत्रियहरूको नाश गरे * । त्यस बेला आफूलाईं बचाउ गर्नका लागि किरातहरूले पनि जनैं छोडेको इतिहास पाइन्छ । किरात क्षत्रियहरू त्यसवेलादेखि जनै विहीन भएर रहन थाले . अर्थात् क्षत्रियपनलाई छोडेर रहन थाले । वस्तुतः क्षत्रिय भनेको नाशबाट वचाउनेलाई भनिन्छ । हाइब्लडप्रेसरले ग्रस्त पार्दा आउने ज्वरो, रोस-राग, उन्माद भएको व्यक्तिको नाम क्षत्रिय हैन । नबुझीकन एक्कासी लड्न जानु क्षत्रियता हैन । क्षत्रियतामा जोशको साथ होश् पनि हुनु आवश्यक छ । होश् नभएको जोश जस्मा छ, त्यो क्षत्रिय हुन सक्दैन । निश्चय नैं किरात क्षत्रिय हुन् । किरातहरूले जाँड रक्सी खान थालेको इतिहास धेरै पुरानो होइन । महाभारत आदि प्राचीन इतिहासमा किरातहरूको उल्लेख धेरै ठाउँमा पाइन्छ । जतातत्तै पाइन्छ । तर जाँड रक्सी पिएको या मात्तिएर लडेको, हिँडेको, बाझेको इतिहास पाइदैंन । यो किरातहरूको संस्कृति भए त त्यसको उल्लेख हुनु पर्ने हो । उल्लेख नभएको हुनाले नै किरातहरूको कल्चर या संस्कृति हैन । पछि थपिएको दुर्व्यसन मात्रै हो भन्न सकिन्छ । हामीले इतिहास केलाउदा के पाउँछौं भने किरातहरुको पतनको समय बुद्धको उदयकालमा भयो । दुर्भाग्यको विषय छ, आज हाम्रो किरातहरूमा आध्यात्मिक चेतना शून्य छ । धन्य छन् ती महापुरुष गुरू नारायणदजी र गुरू फालगुन्दजी, जसले केही न केही किरातहरूलाई जगाउनु भएकी छ । त्यस पछि ज्योतिनन्द प्रभुजीको महान् देन छ । आज यो उद्‌घाटन समारोहको पृष्ठभूमि पनि उनै महाप्रभु ज्योतिनन्दजीको देन हो । यसै प्रकारले शशिधर स्वामी, ज्ञानदिल महाप्रभु आदि महापुरूषहरूले नेपाली समाजलाई नदिएको हैंन । समाजलाई नजगाएको हैन । तर बीचबीचमा बंग्याउने कट्टरपन्थीहरू पनि कम थिएनन् । आज विश्वको एक मात्र हिन्दूराष्ट्रमा हामी शिवरात्रिको अवसरमा शिवपरिवारको चर्चा गर्दैछौं । किरात आर्य हुन् । किरात हिंदू नै हुन् । किरात क्षत्रिय हुन् । यो तथ्य किरातहरूको असली इतिहास वैदिक वाङ्‌मयले बताउँछ ।

आज किरातहरू कुनै हालतमा एक छैनन् । कुहिएको खानाले बुद्धि कुहियो । उच्च कुरालाई बुझ्न सक्दैनन् । किरातहरूलाई फुटाउन पर्‍यो भने बायाँ हातको खेल हुन्छ । यो किरातेश्वर धामको जग बसालेर ज्योतिनन्द महाप्रभुले किरातसमाजलाई एक सूत्रमा बाँध्ने अथक परिश्रम गर्नु भएको छ ।

* म० भ० स० प० अ० १३।२, ४, ५। म० भ० स० प० अ० १३।५५।

तर यहाँ सावधान रहनु पनि आवश्यक छ, आवश्यक देखिन्छ। जोड्नु मात्रै कठिन हुन्छ । फुटाउन सरल हुन्छ । एउटा महापुरुषले जोडी दिए विरूवा लगाई दिए। अब यसलाई मल-जल हाली बार बारी बढाउने काम तपाईहरूको हो । जोड्ने काम हुनु पर्छ । फुटाउने काम गर्नु हुदैन । सुधार्ने काम गर्नु पर्छ । जुन-जुन व्यक्तिले आफुलाई गरीब असहाय सम्झेका छन्, तिनीहरूले आफ्नो फाल्तु खर्च र दुर्व्यसनलाई हटाउनु पर्छ। हामीले चुरोट, बिडी, माङ, चरेस, कानी (अफीम) नपिईकन पनि बाँच्न सक्छौं। हामी जाँड-रक्सी, नपिईकन पनि बाँच्न सक्छौं । सिंगै घ्याम्पा रक्सी र सुँगुर ढाकरमा बोकेर ससुरालीमा नलगे पनि हाम्रो बिहा हुन सक्छ भने हामीले आफ्नो दुर्व्यसनबाट आफै गरीब हुने कोशिस किन गर्ने ? रक्सी र मासु बिना नै टी-पार्टी, जलपान, र भोज मनाउन सक्छौं भने गरीब भएर बुद्धि बिगार्ने काम किन गर्ने ? होटल र पसलमा रक्सी र मासु नराखे पनि व्यापार चल्छ । निरामिषहरूको व्यापार-व्यवसाय चली राखेकै छ, अर्थोपार्जन अझ बढी भएको नै देखिन्छ। यस प्रकारको फाल्तु खर्च गर्न छोड्यौ भने हामी कहिले गरीब हुन सक्दैनौं। यो हाम्रो नेपाल विश्वको सबैभन्दा पुरानो र अग्लो हिमाल भएको हिन्दूराष्ट्र हो यसमा अरबौंको रत्न लुकेका छन् । हाम्रो पहाड र पाखाहरूमा सुन फल्छन् । यस्ता ठाँउमा हामीले हीरा, मोती, र सुन फलायौं भने हामीले कसैसंग भीख माग्न जानु पर्दैन । यो हाम्रो भूमिले सुन फलाउँछ । तर हामीले कर्मठ, पुरुषार्थी हुनु पर्‍यो । न कि तास, पासा क्यारमबोर्डको कीरा । कर्म गर्न तिम्रो अधिकार छ तर फलको आशा नगर । त्यो त स्वत: प्राप्त भईहाल्छ । त्यसो हुँदा उपर्युक्त अनुसारको कर्म गर्नु सबैभन्दा ठूलो कर्तव्य हो। यही नै ईश्वर पूजा हो। दुर्व्यसनबाट नहटेसम्म किरातहरूले मात्रै हैन अपितु दुर्व्यसनको कीराहरूले अवश्य नै हामी शोषित छौं, हामीलाई शोषण गर्दैछ भन्ने छन् । तर यिनीहरूलाई कसैले शोषण गरेका छैनन् । आफ्नै दुष्कर्म र अकर्मण्यताले शोषण गरिराखेका छन् । आफ्नै अनैतिकता र दुर्व्यसनले शोषण गरिराखेका छन् । यी सामाजिक कुप्रथाबाट नामेक्लेसम्म एकले अर्कालाई दोष अवश्य लगाउने छन् । तर दोषी भने अरूभन्दा आफू स्वयं नै देखिन्छ। किरात समाजमा ससुरालीलाई प्रसन्न पार्न सुँगुर र जाँड- रक्सी लग्ने बानी निश्चनै घातक छ । यो हामीलाई गरीब बनाउने डिगो साधन हो । आफ्नै बंचरो आफ्नै घुँडा हो।

हामीले विहानै उठेर नुहाई-धुवाई गरेर पूजा, पाठ गर्नु पर्छ । स्तोत्र

पाठ आदि गरेर गाईलाई घाँस हाली गोसेवा गर्नु र मीठो-गुलीयो, पौष्टिक दुध पिउनु पर्ने समयमा बिहानै उठेर बिष्टा खाने सुँगुरको सेवा गरेपछि कसरी बुद्धि सुध्रिन्छ ? कसरी उँभो लाग्न सकिन्छ ? 'यादृशी भावना यस्य सिद्धिर्भवति तादृशी' अर्थात् जसको जस्तो भावना छ । त्यस्तै सिद्धि पनि हुन्छ ।

आहार शुद्धौ: सत्वशुद्धौ: सत्वशुद्धौ ध्रुवा स्मृति: (छा. उ.)

आहार भनेको खान पान शुद्ध भयो भने सत्व - मन शुद्ध हुन्छ । मन शुद्ध भए पछि बुद्धि शुद्ध हुन्छ । बुद्धि शुद्ध भए पछि त्यो मान्छेको स्मृति ध्रुव हुन्छ । अडीग हुन्छ । चलयमान हुँदैन । त्यसपछि त्यो व्यक्ति अथवा त्यो समाजले जे सोच्यो त्यै हुन्छ । जो काम गर्छ त्यै काम सफल हुन्छ । त्यसो हुँदा मन, बुद्धि शुद्ध गर्नको लागि आहार खान पान शुद्ध हुनु आवश्यक छ । त्यस पछि राम्रो संङ्गत हुन झन आवश्यक छ। यी कुराहरूलाई आफूले सुनेर मात्रै भएन, गर्नु पर्‍यो। गाँउँ घरमा सुनाएन जागृति ल्याउनु पर्‍यो । अत: आफ्नो घर गाँउँमा गएर हरेकले सम्झाएर आफ्नो जीवनमा उतार्ने प्रयत्न गर्नु होस् । त्यसो भयो भने यस शिवरात्रिको पुण्यमय अवसरमा तपाईहरू जति आउनु भएको छ, सबैले नाङ्लो भएर देखाउनु पर्छ । अर्थात् भुस उडाएर आफ्नो साथमा चामल मात्र राख्नु पर्छ । चालनी हुनु हुँदैन । त्यसोहुँदा आज संकल्प गर्नु होस्, जस-जसले कुहिएको जाँड रक्सीलाई पिउने गर्नु भएको छ, त्यसलाई आज देखि पिएर आफ्नो बुद्धि कुहाएर हत्या गर्दिन भन्ने संकल्प गरेर जानु होस् । यो संकल्पले त्यस व्यक्तिको ठूलो कल्याण हुन्छ । त्यो कल्याणबाट हाम्रो समाज, र राष्ट्रको भलो हुन्छ । यो कुरा केवल आफूले मात्र सुनेर भएन । अरूलाई पनि सुनाउनु पर्छ । मैले पेट भरेर हुँदैन। मैले मात्र विद्वान भएर हुँदैन, मैले मात्र जानेर हुँदैन । सबैले जान्नु पर्छ । यसोहुँदा ठूलो मान्छेहरूले राम्रो आचरण गर्नु आवश्यक छ। ठूलोले बिगार्छ । सानोले बिग्रन्छ ।

यद्यदाचरति श्रेष्ठ: तत्तदेवेतरो जन:
स यत्प्रमाणं कुरुते लोक: तदनुवर्तते

श्रीमद् भगवद् गीता

ठूला ठूला धर्माचार्य, विद्वान नेता आमा - अभिभावकहरूले जस्तो-जस्तो आचरण गर्छन्, त्यस्तै-त्यस्तै आचरण सानोले पनि गर्छन् । किन त्यसो गरेको भन्दा ठूलो मान्छेलाई औंल्याएर उनीहरुले पनि त्यसै गर्छन् भनेर प्रमाण दिन्छन् । अत ठूला भनाउदाहरूले राम्रो आदर्श र अचरणलाई समाजमा प्रस्तुत गर्नु पर्छ:

दुर्व्यसनीहरूसंग बाँच्नु र बचाउनु पर्छ । हामीले आफ्नो नैतिकतालाई सुधार्न आवश्यक छ । मन्दिर हाम्रो उपासनास्थल हो । यस उपासना स्थलबाट हामी शिक्षामा पनि अगाडी बढ्न सक्छौ । त्यसै भएको हुनाले निकट भविष्यमा किरातेश्वर धाममा वाचनालय, पुस्तकालय पनि छिटै खोल्नु पर्छ । अनुसन्धानशाला खोल्नु पर्छ ।

किरात सभ्यता, लिपि, साहित्य, मुन्धुम, शिलालेख, स्वर्णपत्र, ताम्रपत्र, भुर्जपत्रदेखि लिएर इतिहास आदिको अनुसन्धानशालाको पनि छिटै स्थापना हुनु पर्छ । यसको नाम 'वैदिक किरात साहित्य अनुसन्धानशाला' राख्नु पर्छ । 'किरातेश्वर सन्देश' वार्षिक पत्रिकाको माध्यमबाट जनताको सामुमा प्रस्तुत गर्ने प्रयास जारी राख्नु पर्छ । आज यस पुण्यमय अवसरमा उपस्थित भएर श्रीशिवज्योति सिद्ध किरातेश्वर धाम उद्घाटन गर्न पाँउदा ज्यादै खुसी छु । साथै आभारी पनि छु । यस संस्थामा भाग लिने समितिको कर्मठ कर्मचारी वर्ग तथा भक्तजन, आमा, दिदी, बैनी, र युवा वर्ग आबाल-वृद्ध सबै उत्सुक र कर्मठ भएको देख्दा अत्यन्त खुसी लागेको छ । यसरी नै उत्साहको साथ यस धामको उन्नति होस् भन्ने कामना गर्दै तपाईहरु सबैको पुण्यको सराहना गर्दै आशीर्वादको साथमा म आफ्नो मुख्यातिथि वक्तव्यलाई समाप्त गर्छु ।

ओम् पुर्णमदः पूर्णमिदं पूर्णात्पूर्णमुदच्यते
पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते
सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःख भाग भवेत् ।।



संस्कृत साहित्यमा किरात*

श्री सूर्य बिक्रम ज्ञवाली, बी० ए०, बी० टी

पुर्व नेपालको बहादुर राई जाति किरातका नामले प्रसिद्ध छ । यो जाति अत्यन्त प्राचीन हुनाले संस्कृत साहित्यमा यो जाति सम्बन्धी अनेक कुरा पाइन्छन् । तिनै पाइएका कुराहरु संग्रह गरी तिनबाट किरातहरूका सम्बन्धमा के जानिने रहेछ सो बुझ्ने यो लेखको अभिप्राय हो ।

किरात जातिको वासस्थान नेपालको खाल्डोमन्दा पूर्वको मिलामची, सुनकोशी, तांबाकोशी लिखू, दूधकोशी अरुण तथा तम्बर◇नाम भएका कौशिकी नदीका ७ जङ्गार बग्ने प्रदेश हो । कौशिकी वा कोशी नदी हिन्दू शास्त्रमा अत्यन्त पवित्र नदी मानिएकी छन् । तथा यो बग्ने हिमालयको प्रदेश प्राचीन कालमा मुनिहरुले तपस्या गर्ने ठाउँ थियो । बाल्मीकि रामायणको वालकाण्डको चौतीसौं अध्यायमा कोशी नदीको उत्पत्तिको वर्णन गरिएको छ । कुश वंशमा कुश नामक एक जना परम धार्मिक राजा थिए । तिनका आफू जस्तै परम धार्मिक एक जना छोरा गाधि वा विश्वामित्र थिए तथा सत्यवती नामकी एउटी छोरी थिइन् । सत्यवतीको विवाह ऋचिक नामका ऋषिसंग भएको थियो। सत्यवती धेरै पतिव्रता थिइन् औ यिनले पूर्णरीतिले पातिव्रत्य धर्म पालन गरेको हुँदा ती सशरीर स्वर्ग गइन् । यिनै सत्यवती कौशिकीका नामले नदी भै हिमालयमा बग्न थलेकी छन् ।‡

*सामार नेपाली साहित्य सम्मेलन पत्रिका, वर्ष ३,संख्या १, भाद्र १९९१ ।
◇मिलामची र तंवर नाम नेपाली नाम बुझिदैनन् । यिनका नेपाली नाम पनि अवश्य होलान् ।

पूर्वजा भगिनी चापि राधव सुव्रता।
नाम्ना सत्यवती नाम ऋचीके प्रतिपादिता ॥
सशरीरा गता स्वर्गं भर्तारमनुवर्तिनी।
कौशिकी परमोदारा प्रवृत्ता च महानदी ॥

पतिव्रता सत्यवती मानिसको यो लोक-परलोक दुवै सपार्न नदीका रूपमा बगेकी हुन ।

दिव्य पुण्योदका रम्या हिमवन्तमुपाश्रिता ।
लोकस्या हितकार्यार्थे प्रवृता भगिनी मम ॥

माथि भनिएका सातै वटा कोशी नदीहरू मोरङ्ग जिल्लाका वाराक्षेत्र भन्ने टाउँमा मिल्छन् अौं त्यहाँबाट बग्दै भागलपुर जिल्लामा कोशी गंगाजीमा खस्छिन् । कोशी नदीद्वारा सिञ्चित यो तराई प्रदेश पनि पवित्र मानिएको छ । शोण नदीका किनारको सिद्धाश्रममा आउनुभन्दा पहिले विश्वामित्र आफ्नी दिदी सत्यवती बसेकी ठाउँमा तपस्या गर्थे भनी रामायणमा भनेको छ ।

तत्रोऽहं हिमवत्पार्श्वे वसामि नियतः सुखम् ।
भगिन्यां स्नेहसंयुक्त कौशिक्यां रधुनंदन ।।

यसै ठाउँमा तपस्य गरेर विश्वामित्रले ब्राह्मणत्व प्राप्त गरेको हो भनी महाभारतमा लेखिएको छ । 0

बहुमूलाफला चापि कौशिकी भरतर्षभ ।
विश्वामित्रऽध्यगाद्यत्र ब्र ह्मणत्वं तपोधनः ।।

वन पर्व ८७।१३

वर्तमान समयमा सप्त कौशिकी प्रदेशमा दुई मुख्य जातिको निवास छ । दार्जीलिङदेखि अरूणकोशीसम्म विस्तृत ईलाका लिम्बुवानका नामले प्रसिद्ध छ अौ यहां लिम्बुहरू बस्छन् तथा अरूणदेखि नेपालका खाल्डोसम्म विस्तृत ईलाका किरात देशका नामले प्रसिद्ध छ अौ यहाँ किरातहरू बस्छन । गोर्खाली राजाहरुले लिम्बुवान जिती लिम्बुहरुलाई सुब्बा पदवी दिएझैं किरातहरुलाई पनि राय वा जमिन्दार भन्ने पदवी दिएथे। यस कारणले वर्तमान समयमा किरातहरु राई वा जिमिदारका नामले प्रसिद्ध छन् । किरातहरूको एक दल 'याखा' नामले प्रसिद्ध छ । 'याखा' संस्कृतको यक्ष' शब्द हो । यक्षलोक उत्तर

---

0 श्री पी० सी० राय, सी० आई० ई० द्वारा प्रकाशित महाभारतबाट नै यो लेखमा उद्धरण लिइएको छ ।

दिशामा मानिएको हुनाले आर्यहरू यहाँका निवासीहरूलाई 'यक्ष' भन्थे औ सोही नाम याखाका रूपमा वर्तमान समयमा प्रचलित छ। अचेल याखा र किरातहरूमा विशेष भेद छैन। अङ्गरेज लेखकहरूले राई लिम्बु प्रायः एकै हुन् औ किरात नामले दुवै जातिलाई बुझाउँछ भनी लेखेका छन। सम्भवतः यो कुरा साँचो पनि हो। कारण यी दुई जातिमा अत्यन्त घनिष्टता छ तथा यिनीहरू एकै प्रान्तमा बसेका पनि छन्।

'किरात' शब्द संस्कृत शब्द हो औ यसको अर्थ संस्कृतमा सीमानामा बस्ने हुन्छ 'किरं पर्यंत भूमिम् अततीति किरातः।' यस बाहेक यो नामको एउटा अर्को अर्थ पनि अमरकोशका एक जना टीकाकारले गरेका छन। उनले किल–किल शब्द गरेर हिंड्ने जाति किरात हो भनी भनेका छन्। 'किलकिलेति अव्ययशब्दायमाना अतन्ति किराताः' आफ्नो अरूले नबुझ्ने भाषा बोली स्वच्छन्द रूपले किरात पुरुष स्त्री हिंडेको देखी आर्य विद्वानहरूले कसैले नबुझ्ने भाषा बोली हिंड्ने जाति भनी किरात शब्दको अर्थ गर्नु आश्चर्य छैन। तर प्रान्त भागमा बस्ने जाति भन्ने अर्थ नै अधिक युक्तिसंगत र विद्वान्हरुद्वारा मानिएको थियो। त्यसका प्रमाणमा रत्नावली नाटकको यौटा श्लोक तल सार्छु।

नष्टं वर्षवरैर्मनुष्यगणनाभावादपास्यत्रपा
मन्तः कन्चुकिकच्चुकस्य विशति त्रासादयं वामनः।
पर्यन्ताश्रयिभिर्निजस्य सदृशं नाम्नः किरातैः कृतं
कुब्जा नीचतयैव यान्ति शनकैरात्मेक्षणाशङ्किनः।।

यस श्लोकको भावार्थ यो हो दरबारमा बाँदर पस्यो र दरबारका नोकरहरूको भागाभाग भयो। नपुंसक लाज छोडेर भाग्यो, बाउन्ने कन्चुकिका लुगा भित्र पस्यो। प्रान्त भागमा बस्ने किरातहरूले आफ्ना नाम बमोजिम कार्य गरे अर्थात् कुनाकानी लागे तथा कुप्रो मानिस पनि बिस्तार बिस्तार भाग्यो। दरबारका अन्तःपुरमा प्राचीन समयमा नपुंसक, बाउन्ने, कुप्रो तथा किरातहरूलाई नोकर राख्ने चलन थियो। यस श्लोकमा प्रान्त भागमा बस्ने किरत पर्यन्ताश्रयिभिः किरातैः भन्ने शब्दहरूबाट प्रान्त भागमा बस्ने किरात भन्ने जो अर्थ माथि गरीयो त्यो अर्थ प्रमाणित हुन्छ।

तर प्राचीन संस्कृत साहित्यका लेखको विचार गर्दा वहाँ किरात भन्ने शब्द दुई वटा बेग्लै अर्थमा प्रयोग भएको देखिन्छ। एक ता लेखकहरूले प्रान्त

भागमा वस्ने जुनसुकै जातिलाई किरात भनेको छ श्रो दोश्रो किरात नामक एउटा विशिष्ट जातिलाई किरात भनेको छ । दशकुमार चरित्रमा विन्ध्याचल निवासी पहाडीलाई पनि किरात भनेको छ । दशकुमार चरित्रमा जसलाई किरात भनेको छ सो वास्तवमा किरात जातिको मानिस होइन किन्तु भारतका दक्षिण भागमा बस्ने पहाडीलाई किरात भनेको हो ।

अत्यन्त प्राचीन समयदेखि किरात नामक एउटा विशेष जाति भएको कुरा भारत वर्षका आर्यहरूलाई थाहा थियो श्रो तेसका अनेक प्रमाण आर्य ग्रन्थहरूमा पाइन्छन् । अर्जुनसंग किरातरूप महादेवले युद्ध गरी उनीसँग प्रसन्न भई उनलाई पाशुपतास्त्र दिएको कथा महाभारतमा छ । यो कथाका आधारमा भारविले किरातार्जुनियम् भन्ने एउटा प्रसिद्ध र उत्कृष्ट काव्य रचना पनि गरेको छ ।

महाभारतमा उत्तरमा बस्ने जातिहरूको वर्णन गर्दा किरात जातिको नाम पनि आएको छ ।

मह्युत्तरा प्रावृषेया मार्गवाश्च जनाधिपः ।
पुण्डड्रा भार्गाः किराताश्च सुदेष्टा यमुनास्तया।।

भीष्मपर्व–९ अध्याय-श्लोक ५१।

प्राचीन कालमा किरातहरू हिमालयका पूर्वदेखि पश्चिमसम्म फिजिएका थिए भन्ने बोध हुन्छ । कुमारसम्भवमा पश्चिम हिमालयका गङ्गाका तटमा भएका किरातहरूको वर्णन छ ।

अत्यन्त प्राचीनकालमा किरातहरू घर बनाएर बस्दैन थिए । पर्वतका कन्दरामा यिनीहरूका घर थिए । "गुहाभ्य किरातगूं" भन्ने यजुर्वेद ३० अध्यायको यो मन्त्रबाट किरातहरू गुहा वा पर्वतका गुफामा बस्ने रहेछन् भन्ने थाहा हुन्छ । यिनीहरूको, पेट पाल्ने मुख्य उपाय शिकार थियो । वन्य पशु मारेर यिनीहरू आफ्नो जीविका गर्थे । शिकारद्वारा जीविका चलाउन पर्ने हुनाले यिनीहरू धनु कांड हान्न सिपालु हुन्थे श्रो ताकेको निशान बिराउँदैनथे । किरातहरूका यी सीपहरूका विषयमा संस्कृत साहित्यमा अनेक प्रमाण छन् ।

कुमारसंभवमा यो श्लोक भनेको छ ।

भागीरथीनिर्झरसीकाराणां बोढा मुहुः कम्पितदेवदारुः
यद्वायुरन्विष्टमृगैः किरातैरासेव्यते भिन्नशिखण्डिवर्हः।।

मृगहरूलाई खोज्दै हिंडेका किरातहरुद्वारा देवदारूहरूलाई (एक थरीको सल्लो) अलि अलि हल्लाउने, भागीरथीका जलका मसिना कण लिएर बग्ने, तथा मयू-

रका प्वाँखको किरातले लाएका पटुकाका प्वाँखलाई खुकुलो पारिदिने वायु सेवन गरियो ।

किरातहरू हाने पछि निशान विराउँदैनथे भने कुराका विषयको एउटा हँस्यौली श्लोक शुभाशित मंजरीमा छ ।

वैयाकरणकिरातादपशब्दमृगाः क्व यातु संत्रस्ताः ।

यदि नटगणचिकित्सकवैतालिकवदनकंदरा न स्युः।।

व्याकरण जान्ने मानिसरुपी किरातदेखि डराई अशुद्ध शब्दरूपी मृग भागेर उट्ंग्याहा वैद्य तथा नाच्नेहरूका मुखरूपी कन्दरा नभए कहाँ जाँदा हुन् ?

हिमालयका पूर्वदेखि पश्चिमसम्म यसरी फिँजिएको किरात जाति कालान्तरमा सोहरिँदै वर्तमान नेपाल अधिराज्यको पूर्वभागमा कौशिकी प्रदेशमा बस्न थाल्यो । वर्तमान समयमा त्यो सुविस्तृत किरात जातिको शेष भाग यहाँ मात्र छ । महाभारतका समयमा किरातहरू सप्त कौशिकी प्रदेशमा बसीसकेका थिए । सप्तकौशिकी प्रदेश निवासी किरातहरूका अनेक राज्य थिए औ भीमसेनले दिग्विजय गर्दा त्यो प्रदेशक सातजना किरात राजा जितेको कुरा महाभारतमा लेखिएको छ ।

वैदेहस्थस्तु कौन्तेय इन्द्रपर्वतमन्तिकात् ।

किरातानामधिपतीनजत्सप्त पाण्डवः ।।

सभापर्व–३० अध्याय––१५ श्लोक ।

विदेह देशमा बसेर भीमसेनले इन्द्र पर्वतका नजिक बस्ने सात किरात राजाहरूलाई जिते । विदेह भनेको वर्तमान समयको मिथिला देश हो । यसै माथिको पहाडई किरात देश हो । वर्तमान समयमा पनि किरात सिपाही भर्ना गर्न सरकारले दरभंगामा यौटा रिक्रुटिङ्ग डिपो राखेको कुरा त तपाईहरू सबैलाई थाहा छ । भागलपुर जिल्लाका सुपोल सबडिभिजनकैका केही भागमा किरातहरू पहाडबाट आई अध्यावधि बसेका छन् ।

महाभारतका समयमा किरातहरू प्राग्ज्योतिषपुर अर्थात् आसामका राजा भगदत्तका प्रजा थिए । युधिष्ठिर महाराजले राजसूययज्ञ गर्नु भन्दा पहिले अर्जुनले दिग्विजय गर्दा यिनको भगदत्त राजासंग लडाईमा भगदत्त राजा अफ्ना किरात सिपाहीहरु पनि लिएर आये थे ।

स किरातैश्च चीनैश्च वृतः प्राग्ज्योतिषैऽभवत् ।

अन्यैश्च बहुभिर्योधैः सागरान्तप्रवासिभिः

सभा पर्व – २६ अध्याय ९ श्लोक ।

यो युद्धमा भगदत्त राजाको हार भयो र उनी युधिष्ठिर महाराजका राजसूय यज्ञमा सम्मिलित भए । पछि कौरव पाण्डवको लडाई हुँदा यिनै राजा भगदत्त अर्जुनका रीसले हो क्यार कौरवहरूसंग एक अक्षौहिणी सेना लिएर मिल्न आएँ । यिनका सेनामा चीनिया र किरात योद्धाहरू पनि थिए ।

भगदत्तो महीपाल : सेनामक्षौहिणीं ददौ ।
तस्य चीनैः किरातैश्च कान्चनैरिव संवृतम् ।।
बभौ बलमनधृष्य कर्णिकारवनं यथा ।

उद्योगपर्व – १८ अध्याय १५।१६ श्लोक।

यो बेला भगदत्त साह्रै बुढा भै सकेका थिए तथापि यिनको पराक्रम साह्रै ठूलो थियो। अन्त्यमा यिनी अर्जुनद्वारा मारिए ।◆

माथि सारेका श्लोकमा किरात र चीनियाहरूको वर्ण सुन जस्तो पहेंलो तथा कर्णिकार पुष्प (यौटा पहेंलो फूल) जस्तो पहेंलो भनेको छ । किरातहरूको पहेंलो रङ्गको वर्णन अन्यत्र पनि आएको छ । वाल्मीकि रामायण किष्किन्धा काण्डमा किरातहरूको एउटा वर्णन छ । तेसमा किरातहरूको रङ्ग सुनको जस्तो छ भनी लेखिएको छ किरातास्तीक्ष्णचूडाश्च हेमाभाः प्रियदर्शना ।

किरातहरूलाई आर्यहरुले कुन जातिको ठहराएका थिए सो कुराको पनि यहाँ विचार गर्नु उचित छ । आर्यहरूसंग किरातहरूको आचरण न मिल्ने हुनाले अमरकोश तथा अरू आर्यग्रन्थहरूमा किरातहरूको, गणना म्लेच्छ जातिमा भएको छ । तर यो विषयमा मनुस्मृतिबाट भने बेग्लै कुरा चाल पाइन्छ। मनुस्मृतिमा किरातहरुलाई कर्मलोप भै शूद्र भएको जाति भनेको छ ।

शनकैस्तु क्रियालोपादिमाः क्षत्रियजातय : ।
वृषलत्वं गता लोके ब्राह्मणादर्शनेन च ।।
पौण्ड्रका श्चौड्र द्रविडा : कम्बोजा : यवना : शका :
पारदा : पल्लवाश्चीना : किराता दरदाः खशा : ।।

यो मनुस्मृतिका प्रमाणका साथ साथै विचार गर्नुपर्ने एक दुई वटा अरू कुरा पनि छन्

◆ नेपालका वंशावलीमा पनि किराती राजाहरूले नेपालमा राज्य गरेको कुरा वर्णन गरिएको छ । जीतेदशी नामक नेपालका किरात राजा अर्जुनले भन्दा उनका पक्ष बाट कौरवसँग लडाई गर्न आए ।

राइटको वंशावली पृष्ठ १०९ ।

भीमसेनले सात जना किरात राजाहरूलाई हराएका कथा ता माथि भनी सकिएको छ। नेपालको वंशावलीमा नेपालमा उनन्तीस जना किरात राजाहरुले राज्य गरेको वर्णन छ। लिम्बुहरुका वंशावलीमा लिम्बुहरुका दस थर मध्ये काशीबाट आउने पाँच थरको काशी गोत्र, लासाबाट आउने पाँच थरको लासा गोत्र भए भन्ने कथा पनि छ । यी - सबै कुरा जोरी हेर्दा किरातहरु आर्यक्षत्रिय नै रहेछन् तथा अत्यन्त प्राचीनकालमा पहाड पसी कर्मच्यूत भएछन् भन्ने एउटा अड्कल हुन्छ ।

भारतीय आर्यहरूको किरातहरूसंग प्राचीनकालदेखि सम्बन्ध थियो। किरातहरू भारतीय राजाहरूका दरबारका अन्तःपुरमा भित्रिया काम गर्ने नोकरी पाउंथे । नाट्य शास्त्रमा भित्रिया नोकर चाहियो भने किरात आदि कती जात मात्र भन्नु भन्ने नियम छ ।

तद्वदवरोधे वामन शण्ढ किरात म्लेछा भीरा : शकारकुब्जादया :

साहित्य दर्पण – तृतीय परिच्छेद ।

रघुवंश सोह्रौं सर्गमा किरातिनीको वर्णन आएको छ। तेसमा पनि हातमा चमर लिएको किरातिनी "उपात्तवालव्यंजनां किरातीम्" भनेको छ । श्लोकबाट पनि किरात किरातिनी दुवै राजाका अन्तःपुरका भित्रिया नोकर हुँदा रहेछन् भन्ने बुझिन्छ। चँमर चँवरीगा-ईका पुच्छरको हुन्छ औ किरात देसमा चँवरी गाईको अभाव छैन ।

किरात देशबाट भारतमा एउटा औषधि पनि आउँथ्यो। त्यो चिराइतो हो। अचेल पनि हामी भारीका भारी चिराईतो किरात देशबाट दार्जिलिङ्ग ल्याई रेल चढाएको देख्तैछौं । प्राचीनकालमा पनि चिराइतो यसै गरी किरात देशबाट आउँदो रहेछ भन्ने कुरो चिराईतोको किरातिक्त भन्ने नाम रहेबाट बुझिन्छ। किरा-देशको तितो भनी चिराइतोलाई भनेको हुँदा यो कुराको व्यापार प्राचीन कालमा किरात देशको एकहट्टो नै रहेछ भन्ने अनुमान हुन्छ ।



"जुन मनुष्यहरूले तिमीलाई हानी पुऱ्याए, तिम्रो निन्दा गरे अथवा जो तिम्रा शत्रु छन्, उनका व्यवहारहरूलाई बिल्कुल बिर्सि देऊ। उनका अनिष्टकारी प्रभावहरुलाई आफ्नो मस्तिष्कमा सँग्रह हुन नदेऊ। उनका प्रति दया र क्षमाका विचा-रहरुलाई प्रेरित गर, कहिल्यै कसैको निन्दा नगर, गऱ्यौ भने त्यसको नराम्रो असर तिमीमा नपरी रहने छैन।"

– खप्तड स्वामी

संस्कृत साहित्य र लालमोहरमा किरात

पं. छबिलाल पोखरेल

नेपाल काठमाडौंदेखि पूर्वका मेची र जनकपुर अञ्चल समेतका पहाडतर्फका इलाकाहरूलाई ७ साल मन्दा पहिलेसम्म वल्लो किरात, माझ किरात र पल्लो किरात भनी अड्डाहरूमा लेखिन्थ्यो । तेसो हुँदा किरातको मूल थलो नेपालको पूर्वतर्फ नै रहेछ भन्ने निश्चय छ । अरू मनुष्य जस्तै किरातहरू पनि जहाँ तहाँ जाने र थोरै उतै रहने गरेका छन् तापनि अहिलेसम्म धेरैजसो किरातहरू उक्त इलाकाहरूमा नै छन् । नेपालको इतिहासमा र महाभारत ग्रन्थमा समेत किरात जातले राज्य शासन गरेको उल्लेख छ । ५ हजार वर्ष पहिलेको महाभारत युद्धमा वाणले घोचेर नभागुन् भनेर वर्मसंछन्न (कवचले शरीर ढाकेका) सातसय हात्ती समेतको सैन्य किरात राजाले पठाएको थियो । तेस युद्धमा आसामका भग-दत्त राजा पनि गएका थिए । तिनका सेनामा किरात, चीन र काञ्चन जातका मानिस थिए भन्ने लेखिएको छ। ती तीनजातमा किरात र चीन बुझिन्छ । काञ्चन जात चिन्न सकिदैन । अचेल थारू, राजवंशी, कोचेमेचे आदि र मगर गुरुङ आदिलाई पनि कसै–कसैले किरात लेखेको देखियो, तर आफूलाई किरात मान्ने नै किरात, हुन् । ती अचेल राई लिम्बु आदि अनेक नामबाट पुकारिन्छन् ।

किरातबारेका भ्रामक कुरा

इसाइ मिशन श्री ५ पृथ्वीनारायण शाहको आगमनमन्दा पनि पहिलेदेखि नै काठमाडौं आदिमा बसेका थिए । तिनले यहाँ मानिसलाई इसाई बनाई राष्ट्रिय एकतामा बाधा पर्ने देखेर होला, ती मिशनका पादरीहरुलाई र अरू इसाइहरूलाई पनि नेपालबाट हटाइयो । पछि ती भारतको बेतियामा गएर बसे । भारतमा अंग्रेज

साम्राज्य कायम भएपछि लब्धप्रशमनस्थैर्यका निम्ति फूट आदि कूटनीतिबाट र शास्त्रबाट पनि पाएको शासनलाई शान्तिपूर्वक स्थिर राख्न सांस्कृतिक, धार्मिक स्तरबाट समेत जित आवश्यक हुँदा मिशन र शासकका पक्षधर विद्वान्हरूले हाम्रा अति प्राचीन र अति आराध्य मानिएका वेद, रामायण, महाभारत आदि ग्रन्थका साथै भारत र नेपालका अनेक जातका रिती, स्थिति, भाषा पनि मोटामोटी बुझी सांस्कृतिक र धार्मिक इतिहास तयार गरी शिक्षा विभाग उनकै हातमा हुनाले पढाउन थाले । त्यहीं पढेका विद्वान्हरू भारतीय र नेपालीले पनि पाठ्यपुस्तक बनाएर पढाउँदै छन् । भारतबाट उनको शासन गए पनि दिमागी शासन भारत र नेपालमा छँदैछ । उनले घुमाइ दिएको उल्टा दिमागी जाँतो धेरैजसोका सिरमा घुमिरहेकै छ । तेसै शिक्षालाई मेकाले शिक्षा पद्धति भन्दछन् । उनको इतिहासमा भारत र नेपालका मान्छेहरूलाई आर्य र अनार्य दुई भाग लगाई बाहुन, क्षेत्री, वैश्य आदि आर्यहरू ३३ सय वर्ष अघि पश्चिमबाट आई यहाँका अनार्य किरात द्रविड र आदिवासीहरूलाई जिती शासन गरे । देवासुर युद्ध भनेको तेही हो भन्ने कुरा नेपालमा रूपरेखा पत्रिका आदिमा र ०३७ सालसम्म पढाउने ८ कक्षाको सामाजिक शिक्षा पुस्तकमा समेत राखियो । सुम्निमा उपन्यासमा पनि किरातलाई स्त्री पुरुषैनिर्वस्त्र नाङ्गा र अनार्य समेत भनेको छ । वास्तविक कुरा के भने हाम्रा वेदमा कहिं पनि पश्चिमबाट आर्यहरू भारत नेपाल आएका कुरा छैनन् । आर्य शब्दको अर्थ सभ्य, सज्जन, श्रेष्ट विद्वान् आदि प्रकरण अनुसार गरिन्छ । तेसैले बौद्धग्रन्थहरूमा चार आर्य सत्य र आर्यअष्टांगिक मार्गमा आर्यको अर्थ श्रेष्ठ पवित्र गरेको छ । ५ हजारवर्ष अघिको कौरव पाण्डव युद्धमा वर्म संछन्न ७ सय हात्तीकासाथ सैन्य पठाउन सक्ने किरात राजा शिक्षित सभ्य हुँदा आर्य थिए ।

अझ त्यो भन्दा अर्को महत्वपूर्ण कुरा शास्त्रविद्यामा प्रथम श्रेणीमा गनिएका अर्जुनलाई वनवासका समयमा वेदव्यासले भेटेर कौरवका साथ युद्ध गर्न अझै शस्त्रविद्या सिक्न उत्तर पर्वतमा जानु भन्दै योटा यक्ष (याखा) लाई बाटो देखाउन पठाउनु भयो । वहाँ किरातेश्वर (किरातका राजा वा नेता वा किरातरूपधारी शिव) लाई खुसी पारी शस्त्र विद्या सिकेर आए भन्ने कुरा महाभारत, किरातार्जुनीय आदिमा स्पष्टसंग छ । त्यो लेखेको किरातेश्वर भएको राज्य स्पष्ट नै किरात राज्य थियो । किरात नाम यजुर्वेद र अथर्ववेदमा छ, तर जात छुट्टिदैन । तर महा-

भारत र मनुस्मृति (१०।४४) मा किरातलाई क्षत्रिय हुन्, तर कर्मचाहिँ शूद्रको गर्छन्, भनेको छ। संवत् १८३२ मा श्री ५ वडामहाराजाधिराज पृथ्वीनाराण शाहबाट किरातरूलाई दिएको लालमोहरमा किरातलाई राजभार सामर्थ लेखेको छ। त्यस्तै १८३९ श्रावण वदी ८ को श्री ५ रणवहादुर शाहले दिएको लाल मोहरमा पनि राजभार रामर्थ लेखेको किरात इतिहास आदिमा देखिएकोले र ७ साल अघि ब्राह्मणलाई ब्रम्हकर्म सामर्थ र क्षत्रियलाई राजभार सामर्थ लेख्ने चलन हुनाले सगेत शाहवंशका राज'ले पनि किरात जातलाई क्षत्रिय मानेको स्पष्ट हुँदा हुँदै पनि नेपालको पाठच पुस्तकमा र सुम्निमा, रूपरेखा पत्रिकामा र अरू ठाउँमा केही लेखालीहरुले किरात जात अनार्य लेखेकोमा मुख्य कारण पाश्चात्य विद्वान्ले लेखेकोचाहिँ खोजपूर्ण, वैज्ञानिक र ब्रह्म वाक्य भान्ने तर हाम्रा चाहिं पुरानग्रन्थ र सन्धिपत्र, चिठ्ठीपत्रलाई समेत गफ ठहराउने विद्वान्हरू नै माथिल्ला स्तरका नेता र शिक्षा विभागका अग्ररू र समेत हुँदा क्षत्रिय र ब्र ह्मण समेत तथा नयाँ मतुवाली बनेको यस समयमा किरात जातैलाई र अरूलाई पनि ३३ सयवर्ष अघि पश्चिमबाट आर्यहरूले फलाना फलाना अनार्यका किल्लाहरू ध्वस्त पारेर शासन गर्ने र वेद बनाउने गरे इत्यादि कुरा भावी पिढीलाई समेत धोकाइदैछ । तर हाल डा. स्वामी प्रपन्नाचार्चज्यूको वेदमा के छ ? प्राचीन हिन्दू विज्ञान्, गम्भीर राई आर्यज्यूको हिन्दू धर्म किरात जत र इसाइ मत, योगी नरहरिनाथज्यूका अनेक लेख, पुस्तकहरू र यस लेखहकरूका पनि वेद देखिका धर्म र मतहरू, आधुनिक दृष्टिमा वाल्मीकि रामायण, वैदिक सिद्धान्त र मानव समाज इत्यादि पुरतकहरू प्रकाशित छन् । भारतमा पनि जवाहरलाल नेहरूजीले सिन्धुसभ्यता भारतीय नै हो, इत्यादि उत्तम विचार हिन्दू स्तानकी कहानामा प्रकट गर्नु भएको छ । डा. सम्पूर्णानन्दज्यूले "आर्योंके आदि-देश"मा र अविनाशचन्द्रज्यूले ऋग्वैदिक इण्डियामा आर्यहरू बाहिरबाट आएका होइनन् र वेदको समय पच्चीसौं हजार वर्ष अगाडिको हो भन्ने कुराको सप्रमाण प्रतिवादन गर्नु भएको छ । भारतमा प्रधानमन्त्री र मुख्यमन्त्रीले तेस्तो लेखे पनि त्यहाँ पनि शिक्षा विभागले ध्यान दिएको बुझिदैन, तापनि हामी जस्ता अन्वेषकहरूलाई अति ठूलो लाभ भएको छ । नेपालमा हामी जस्ता भारे भुरेले जस्तै प्रमाण दिएर लेखे पनि शिक्षा विभागले ध्यानै दिदैन । हाल नेपालका माध्यमिक सम्मका विद्यालयहरूमा नै ६० हजार भन्दा बढी शिक्षक छन् । छात्रहरुमा कैयौं लाख हुनन् । हामीले चन्दा गरेर वा खेत-बारी वन्धक राखी बा वेची १ हजार सम्म पुस्तक बल्ल बल्ल छपाउँछौं । हात्ती का मुखमा जिरा जस्तै हुन्छ त्यो पनि शिक्षा विभागले हेरी राष्ट्रिय एकता र

नैतिकतामा प्रोत्साहन दिने ठहरिएमा किनेर विद्यालयहरूमा पठाइ दिने गरेमा हजार ठाउँमा त पुग्थ्यो । तर तेस्मा उत्तम पुस्तकहरू अरण्यरोदन जस्तै भै घमिरा मुसाका फेरा पर्दछन् ।

इसाइ मिशनले प्रतिवर्ष धरानमा र अन्यत्र पनि ३-४ नेपाली भाषाका पुस्तक बाडदैछन्, जसमा मूर्ति पूजा गर्नु ठूलो अपराध हो, कसैले प्रसाद भनेर दिए भने खानु हुँदैन । जुनसुकै वस्तु पनि खाएर बाहिर निस्कन्छ मनमा पस्दैन । कुनै कुरा पनि खानु हुन्छ । ईश्वरको शरण परेमा जस्तै असाध्य रोग पनि हट्तछ, धनी बन्छ, इत्यादि कुरा पुस्तक र मान्छेद्वारा प्रचार गरिदैछ । आफ्नो धर्मतर्फ हेरौं – नौ र दश कक्षाको हाल चालू पाठ्यपुस्तक नेपाली शिक्षामा हाम्रा आराध्य देव पशुपतिमा अश्रद्धा घृणा पैदा गर्ने लेखको निन्दा प्रकाशित भए, तर शिक्षा विभागले चालू नै राखेकोछ । एक दुइले ता स्कन्दपुराण आदिमा शिव बारेमा अनेक नराम्रा कुरा पनि छन् भन्दै समर्थन गरेजस्तो देखियो । तर लेख्नेले जहाँ जे लेखे पनि शिक्षा विभागले चाहिं पाठ्यपुस्तक मानेकोले विरोध गरेको हो । पुराणै पनि छात्रहरूलाई आवश्यक ठहराई राख्नु पर्थ्यो । नेपालको आनन्द वनमा १२५ कुष्ठरोगीको राम्रो सेवा हुँदछ । तर कोठै पिच्छे ईशुले निको पार्नु हुन्छ भन्ने लेखेको छ । निश्वार्थ सेवा भए त गड्ले वा ईश्वरले निको पार्नु हुन्छ भन्ने लेख्तथे वास्तवमा परमेश्वरको ध्यान, जप, पाठ, पूजा गर्नु उत्तम काम हो, तर वनियाको जस्तो धन, स्वास्थ्य आदि माग्दै रहनु ठीक होइन । ईश्वरभक्तिबाट मानसिक शक्ति बढी कार्यशक्ति, नैतिकता बढ्नु आदि अनेक लाभ छँदैछन् । ४।५ हजार वर्ष अघि किरातेश्वर मान्ने हुँदा हामीहरूले पनि हामी जस्तै किरात पनि आर्य क्षत्रिय हुन् भन्दैछौं ।

अहिलेकै पनि उनको रीति स्थिति हेर्दा हामीमा जस्तै उनमा पनि जोसमनि कवीरपन्थी, रामानुजा आदि वैष्णव संप्रदायका किरात मद्यमांस त्याग्ने र आर्य समाजी किरात जनै लगाउने वेदपाठी छँदैछन् । ती बाहेक अरू किरातहरू गाउँघरमा पाठ पूजा गर्ने गराउने रुद्री भागवत लाउने र १०।१२ दिनसम्म जूठो सुतक बार्दछन् । कुनै तीनचार दिनसम्म मात्र बार्छन् । अचेल दार्जिलिङ आदिबाट इसाई बनी नेपाल पसेकाहरू हामी मङ्गोलियन अनार्य हौं, हिन्दू आर्य होइनौं भन्दै मिशनलाई मूलबाटो खन्दैछन् । पाश्चात्य शिक्षा पाएका विद्वान क्षत्रि, बाहुन र किरातहरू मध्ये धेरैजसो नै नेपाल परिचय र सुम्निमा आदि पाठ्यपुस्तक घोकाए अनुसार मङ्गोलियन र अनार्य भन्दैछन् । राजनीतिमा डुबेका चाहिं जस्तो बोल्दा धेरै भोट मिल्दछ, त्यतैतिर लाग्ने नै धेरै जसो देखिन्छन् ।

किरातवंशको प्रशंसनीय अभियान

आचार्य खेमराज केशवशरण

(सनातनधर्म सेवा समितिका केन्द्रीय अध्यक्ष, प्रसिद्ध व्याख्यानदाता आचार्य श्री खेमराज केशवशरणजीले २०४१ फाल्गुण २४ गते पूर्णिमाका दिन लखनपुर दमकस्थित किरातेश्वर धाममा दिनु भएको प्रवचनमा आधारित)

हाम्रो देशको अति प्राचीनकाल देखि धेरै ठूलो ऐतिहासिक गौरव प्राप्त गर्दै आएको र वैदिक, पौराणिक एवं ऐतिहासिक वाङमयका पवित्र पानामा प्रशस्त चर्चा परिचर्चा भएको किरात जातिका दाजुभाई दिदीबहिनीहरु संगठित भएर किरातेश्वर भगवान्को उपासनाद्वारा समाजको पुनर्निर्माण निम्ति धार्मिक आध्यात्मिक भावनाबाट अगाडी बढेको देख्न पाउँदा मलाई धेरै खुशी लाग्यो। मलाई गत पाँच सात महीना भित्र दुई पटक अमेरिका पुग्ने अवसर प्राप्त भयो । यस यात्राबाट मलाई धेरै उपयोगी अनुभवहरू भएका छन् । अहिले संसारभर एउटा कुरा स्वीकार गरिएको छ । त्यो के हो त भने विकृतिको खिया लागेको, झ्याउ उम्रेको, फोहर जमेको कुसंस्कारले भरिएको सामाजिक स्थितिलाई शुद्ध र परिस्कृत गराउनु छ भने त्यसको लागि धर्म जति भरपर्दो र शुद्ध अर्को कुनै आधार हुन सक्दैन । यस तथ्यलाई आज संसारभर स्वीकार गरिएको छ । हामी संसारको निम्ति नयाँ र सुन्दर बाटो बनाउन चाहन्छौं । समाजमा जुन नयाँ सुधार गर्न चाहन्छौं, त्यसको निम्ति धर्म जति भरपर्दो आधार अर्को छैन । धर्मले नै मानिसलाई आन्तरिक शुद्ध दिन्छ । बाहिरबाट मात्रै धोइपुछी गरेर पुग्दैन । कानूनको आधारले मात्र पुग्दैन । कानूनको दृष्टिमा मात्र अघि बढ्दा बाहिर देखिएको कुरालाई मात्र भन्न पाइन्छ । बाहिर देखिएन भने भन्न पाइदैन । लुकी छिपी जे गरे पनि हुने स्थिति रहन्छ । यसरी मानिसलाई प्रकाशमा मात्र अपराधी बन्नबाट रोकेर

काम चल्दैन । उसलाई भित्रैबाट कल्याणकारी बनाउनु आवश्यक छ । लुकी छिपी गरिएको अपराध देखे पर्दैन । त्यसैले दण्डनीय हुँदैन र रोकिंदैन । मानिसले-भित्रैदेखि राम्रो काम गरोस्, नराम्रो गर्दै नगरोस् यस्तो स्वभाव बनाउनको लागि धर्ममात्र एउटा यस्तो शक्ति छ । जसले मानिसलाई भित्रैदेखि नै नराम्रो काम गर्दै नगर्ने बनाइ दिन्छ । त्यसो भएको हुनाले मानिसलाई यदि सुधार्नु छ भने धर्म नै सर्वोपरि महत्त्वको आधार हो भनेर आज विश्वभरी स्वीकार गरिएको छ । त्यसैले आजभन्दा केही दशक अगाडिसम्म जुन राष्ट्रहरूमा, जुन देशहरूमा धर्म-लाई अफीम भनेर गाली गरियो, त्यसलाई प्रतिबन्धित गरियो, कसैले धर्म नगर, धर्म सम्बन्धी साधना भूमिमा नजाऊ, यहाँ कुनै पनि प्रार्थनार साधना केन्द्रहरू खुला हुन सक्दैन भनियो, तिनीहरूलाई प्रतिबन्धित गरियो। ती राष्ट्रहरूमा पनि अहिले आएर धर्म भन्ने वस्तु मानिसको लागि अनिवार्य रहेछ भन्ने तथ्यको अनुभव गरी आज त्याहाँ साधना केन्द्रहरू धार्मिक उपासना स्थलहरु खुला भइरहेका छन् । चाहे ती साम्य-वादीमुलुक हुन्, अथवा अरु प्रकारका राष्ट्र हुन्, जसमा धर्मलाई प्रतिबन्धित गरिएको थियो, तिनीहरुले पनि आज मानिसको निम्ति धर्म नभई नहुने तथ्य अनुभव गरिरहेको उदाहरणहरु र प्रसंग दिनहुँ मिलिरहेका छन् । त्यसो भएको हुना-ले धर्म नभई कुनै मानिस बाँच्न सक्दैन । मानवता बाँच्न सक्दैन । संसारमा मानिसको कल्याणकारी स्वभाव धर्म नभै अड्न सक्दैन । त्यसो भएको हुनाले समाज सुधारको सिलसिलामा, राष्ट्रनिर्माणको कार्यमा, नेपाल आमाको अनुहार उज्या-लो बनाउने क्रममा, हामीलाई जुन चारित्रिक सुधारको आवश्यकता पर्दछ, त्यस-मा यस प्रकारको धार्मिक आध्यात्मिक अभियान नै सबै भन्दा भरपर्दो आधार हुन सक्दछ । यस दृष्टिले सोच्दा हाम्रा किरात दाजुभाई दिदी बहिनीहरुद्वारा ज्योतिर्लिङ्गको स्थापना गरेर किरातेश्वर धामको स्थापना गरेर जुन एउटा सामाजिक निर्माण गर्न ज्योतिको थालनी गरिएको छ, त्यो देख्न पाउँदा आज मलाई ज्यादै खुशी लाग्यो। आज विदेशी लेखकहरूले लेखेका भ्रमात्मक कुराहरूको पछि लागरे हिड्ने प्रवृत्तिले हाम्रो जातीय एकता र सामन्जस्यमा आधारित राष्ट्रिय जनजीवनमा पृथक ता र अनेकताको स्थिति पैदा गर्ने भय हुन थालेको छ । किरात जातिको परि-चयसंग सम्बन्धित विषय लेख्दा नेपालीहरू कै लेखनीबाट पनि पृथकतातिर प्रेरित गर्ने अभिव्यक्तिहरू प्रकाशित भएका पाइन्छन् । (श्री जनकलाल शर्माद्वारा लिखित) 'हाम्रो समाज एक अध्ययन' पुस्तकमा भन्ने किरात जातिलाई आर्यहरूको दुश्मन र दस्यु

भनेर परिचय गराइएको छ, त्यसै गरी 'पिपुल अफ नेपाल' भन्ने पुस्तकमा साच्चै भन्ने हो भने उनीहरुले अनुसरण गरेको धर्म, न त बौद्ध धर्म हो, न त हिन्दू धर्म नै ◆ भनेर लेखेको छ। नेपाली साहित्यको 'ऐतिहासिक संगालो' नामका पुस्तकमा श्री बालकृष्ण पोखरेलले शंबरासुरसंगको युद्धलाई अत्यन्त कपोलकल्पित रूपमा किरातहरुसितको युद्ध हो भनी शास्त्र विरूद्ध, इतिहास विरुद्ध कुराहरू लेखेका छन्। यी त सामान्य उदाहरण मात्र हुन्। तिनबाट प्रभावित यस्ता विचारहरू फेला पर्दै जाने छन्। किरातहरूको बारेमा घृणात्मक भाव व्यक्त गर्ने कपोलकल्पित अर्थहरूको निस्सारता वैदिक संस्कृतिको सही रुपले अध्ययन गरेमा स्वतः स्पष्ट हुन्छ। किरातहरू आर्य हुन्, शैव हिन्दू हुन् यी तथ्य सूर्य जत्तिकै टडकारो छ। के किरातहरू बाहिरबाट आएका हुन्? पश्चिमी विचारकहरूको एकोहोरो अनुसरण गर्नेहरू किरात जातको उद्भव बाहिर भएको मान्दछन्। तर यसै पवित्र आर्यावर्तभित्र उनीहरूको मूल थलो भएको तथ्य "शिवशक्तिसंगम तन्त्र" मा यसरी भनिएको छ। भगवान् शङ्कर पार्वतीलाई भन्नु हुन्छ। "शिवे" तप्तकुण्डबाट शुरू गरेर राम क्षेत्रसम्मको भूभाग नै किरात देश हो। यसको मुख्य क्षेत्र विन्ध्याचल हो।"

तप्तकुण्डं समारभ्य रामक्षेत्रान्तकं शिवे ?।
किरातदेशो विज्ञेयो विन्ध्यशैलेऽवतिष्ठते ॥

त्यसैले किरातहरू बाहिरबाट आएका हुन् भन्ने भनाई कल्पित हो। उनीहरू यसै भूमिका आदिवसी हुन्। संस्कृतको ज्ञान; प्राचीन शास्त्रहरूको अध्ययन र चिन्तन मननको लागि अपरिहार्य पूर्वाधार हो। त्यसमा पनि लौकिक संस्कृत र वैदिक संस्कृत गरी संस्कृत भाषाका दुई रूप छन्। वैदिक संस्कृतको ज्ञान विना वेदका मन्त्रहरूको अर्थ नै खुल्दैन। त्यसमाथि वेदका प्रतीकात्मक मन्त्रहरूको आधिदैविक आधिभौतिक र आध्यात्मिक गरी विविध अर्थ हुन्छन्। साथै विदेशीहरूको अनुवादबाट मात्र अनुसन्धानका पाइला चाल्नेहरूलाई तथ्यको समीप पुग्न कति अप्ठेरो पर्दछ भनी साध्य हुँदैन। त्यसैले विदेशीहरूका अभिव्यक्तिलाई नै आधार मान्ने प्रवृत्तिबाट हाम्रा कैयौं धार्मिक एवं सांस्कृतिक पक्षहरूबाट हाम्रा विभिन्न जातिहरूमा प्रचलित विशिष्ट सांस्कृतिक परिपाटीहरुमाथि अनर्गल विचारहरू,

---

◆ *Dor Bahadur Bista, Fourth Edition (Kathmaudu: Ratna Pustak Bhardar, 1980) p. 41.*

भ्रामक तत्त्वहरु यदा कदा प्रकट भएको हामीले देख्नु परेको छ । हिन्दू अधिराज्य नेपालको अति प्राचीनकालदेखि गौरवमय परम्पराको निर्वाहको एउटा प्रतिष्ठा प्राप्त जाति किरात जातिको बारेमा यसरी भ्रामक रुपमा लेखिएका पढ्नासाथ र सुन्नासाथ अहिन्दू सँस्कारतिर वहकिन प्रेरित गर्ने विघटनकारी अभिव्यक्तिहरू राष्ट्रिय एकताको दृष्टिले कति हानिकारक छन् र हुनसक्तछन् भनिरहनु पर्दैन । राष्ट्रको बारेमा आधिकारिक तवरबाट सोच्ने मनी प्रतिष्ठा पाएको क्षेत्रबाट समेत यस्ता भ्रामक अभिव्यक्तिहरू पोखिने गरेको देख्दा साह्रै दुःख लाग्दछ ।

आज हाम्रो राष्ट्रिय जीवनको प्रत्येक पक्षमा धार्मिक, साँस्कृतिक दृष्टिले आफ्नो गौरवमय मूल परम्पराको सही खोजी गर्नु परमावश्यक छ । आज हामीले सजग रहेर यस्ता विघटनमा बल पुऱ्याउने दुर्विचारहरुको डटेर सामना गर्ने बेला आएको छ । म मन्दछु हाम्रा किरात दाजुभाईहरु मूलरुपमा शुद्ध क्षत्रिय हुन् । प्राचीन समयदेखि उनीहरू शुद्ध क्षत्रियरुपमा नै मान्य भई आएका थिए । पछि आएर किरात जातिमा केही कुसंस्कारहरु पलाए, विकारहरु आए । आध्यात्मिक साधना र सत्संग प्राप्त हुन छाड्यो त्यसो हुँदा आध्यात्मिक उज्यालो प्राप्त हुन छोड्यो । त्यसैले गर्दा अज्ञानमा परी खाद्य-अखाद्यको विवेक हराउँदै गयो र व्यवहार समेत दूषित हुँदै गयो । त्यसपछि फरक परेर हामी अर्कै स्थितिमा पुग्यौ । हाम्रा किरात दाजुमाई भिन्न स्थितिमा पुगे । अत : अलिकति तल झरे जस्तो अवस्था मयो । मनुस्मृतिमा स्वयं मनुमहाराजले नै मन्नु मएको छ

शनकैस्तु क्रियालोपादिमा : क्षत्रियजातयः ।
वृषलत्वं गता लोके ब्राह्मणादर्शनेन च ॥
पौण्ड्रकाश्चोडद्रविडा : काम्बोजा यवना : शका : ।
पारदा : पल्लवाश्चीना : किराता दरदा : खशा : ।

महाभारतमा मगवान् शिव स्वयं किरात रूपमा प्रकट भएको प्रसंग छ । एकजना किरात राजा पुलिन्दले युधिष्ठिरको पक्षबाट युद्ध गरेका थिए । अर्को किरात राजा सुमना युधिष्ठिरका समासद् थिए । अर्का प्रतिष्ठित किरातराजा सुबाहु थिए । महाभारतमा यी सबैको सगौरव वर्णन आउछ तपोधन ब्राह्मणहरूको सत्सङ्ग टाढा मएर सत्संस्कारको लोपले गर्दा विकृतिहरूद्वारा घेरिँदै गएका हुनाले किरातहरू पछि गएर अलि तल परेका हुन् । वस्तुत : मूलरूपमा यिनीहरू क्षत्रिय

नै हुन् । किरात मंगोल कदापि हैनन् । यी मगोलियन कुनै प्रमाणले पनि सिद्ध हुदैनन् । मंगोल शब्द स्वयं नै अत्यन्त अर्वाचीन र कल्पित हो। त्यसमा पनि किरात जातिको बारेमा त्यसको प्रयोग त सर्वदा कल्पित हो । किरातहरू संग तपाईहरूको शास्त्र कुन हो भनेर सोधेमा 'उनीहरू' रिसिया र 'मुन्धुमको चर्चा' गर्दछन्। रिसिया भन्ने शब्द ऋचाको अपभ्रंश हो । मुन्धुम भन्ने मन्त्रको अपभ्रंश हो। यसरी उनीहरू आफूलाई वेदसित सम्बन्धित देखाउनमा गौरव मान्दै आएका छन्। पार्वती र शिवलाई सुम्नीमा र पारुहाङ् भन्ने संज्ञाले संबोधन गरी उनीहरू आफूलाई उनैको वंशज बताउछन् । ✻

नेपालमा किरात राजाहरूले गौरवपूर्वक राज्य गरेको कुरा इतिहास जगत्मा प्रसिद्ध छ । पशुपति क्षेत्रको गौरीघाट माथि पाइने किरातेश्वर शिवमन्दिरको स्थापना किरात शासनकालकै हो भन्ने इतिहासकारहरूको मनाई छ । 'राज' शब्दको अपभ्रंश प्राकृतमा 'राय' भएर पछि 'राई' भएको कुरा विद्वान्हरूमा अपरिचित छैन। त्यसैले किरात शुद्ध आर्य हिन्दू नै थिए र हुन् । पहिलेको समयमा ब्राह्मणलाई चिठी लेख्दा ब्रह्मकर्म समर्थ भनेर र क्षत्रियलाई राजभारसमर्थ भनेर लेख्ने विशिष्ट परम्परा थियो। राजकाजमा त्यो अत्यन्त मान्य थियो। श्री ५ पृथिवी नारायण शाह र श्री ५ रणबहादुर शाहबाट बक्सेको लालमोहरहरूमा राई लिम्बूहरूलाई राजभार समर्थ भनिएको छ केही किरातहरू बौद्ध धर्मावलम्बी पनि छन् । तर मानिलिऔं कोही किरातहरू भगवान बुद्धका उपासक छन् । तर बुद्ध कै उपासक भए पनि उनीहरू आर्य हुन् । किन भने भगवान् बुद्ध स्वयं आर्य हुनु हुन्थ्यो । वैदिक संस्कृतिका अनुयायी विशुद्ध क्षत्रिय हुनुहुन्थ्यो । उहाँ वैदिक संस्कृतिको अनुयायी शाक्यवंशीय राजपरिवारमा जन्मनु भयो । जात कर्म लगायत विबाहसम्मका सम्पूर्ण संस्कारहरू उहाँका वैदिक पद्धति अनुसार नै भए । महानिष्क्रमण पछि पनि विभिन्न आश्रम र तीर्थहरूमा कतै योग र कतै सांख्यदर्शनको प्रशिक्षण केन्द्रको रूपमा परिचित साधनास्थलहरूमा रही साधना गर्नु भयो । अन्तमा ज्ञान प्राप्त गर्ने बेलामा पनि वैदिक संस्कृतिका अनुयायीहरूको महान् तीर्थ गयामा नै गएर पारमार्थिक ज्ञान प्राप्त गरी बुद्ध बन्नु भयो । त्यसले वैदिक संस्कृतिका अनुयायी हिन्दूहरूले भगवान् बुद्धलाई आफ्नै संस्कृतिको उन्नायक महामानवको रूपमा अत्यन्त श्रद्धा गरेका हुन् ।

✻ गंभीरराईको हिन्दूधर्म किरात जाति र ईसाईमत, पृ ४२-४३।

अन्तमा वैदिक संकृति र बौद्ध संस्कृति दुवैका अनुयायी किरातहरू शुद्ध आर्य हुन्, हिन्दू हुन् । यस देवस्थल किरातेश्वर मन्दिरमा भविष्यमा पनि यस्ता राम्रा राम्रा कार्यहरू हुदैं रहुन् । किरातेश्वरधाम सामाजिक एकता, धार्मिक समुत्थान र राष्ट्रिय संस्कृतिको जगेर्नामा प्रेरणा दिने ज्योतिस्तम्भ भई किरात जातिमा हिन्दूधर्म प्रतिको आस्था र ममता बढाउने केन्द्र बनोस्। आफ्नो मूल आस्था विकसित गरि नेपाल राष्ट्र र नेपाली जातिको एकता एवं अखण्डता कायम राख्ने कानमा महत्त्वपूर्ण काम गर्नु हुने सन्त फल्गुनन्द एवं ज्योतिनन्द जस्ता विभूतिहरू प्रति हिन्दूमात्रको शिर श्रद्धाले स्वत: अवनत हुन्छ । म उहाँहरू प्रति हार्दिक श्रद्धाञ्जलि समपर्ण गर्दछु । साथै आफ्नो मूल सनातनधर्म आर्य संस्कृति प्रति श्रद्धा विकसित गरी प्राचीन कालदेखिको आफ्नो हिन्दूत्वमूलक संस्कारको अभिवृद्धिमा अग्रसर बन्नु भएका समस्त किरात दाजुभाई दिदी बहिनीमा पुन: साधुवाद टक्रयाउँछु ।



न मे स्तेनो जनपदे न कदर्यो न मद्यपः।
नानाहिताग्निर्नाविद्वान् न स्वैरी स्वैरिणी कुतः ।।

अर्थात:–

मेरो जनपदमा (राज्य) न चोर छन् । न निन्दित छन् । न रक्सी पिउने कुव्यसनी नै छन् । अग्नि होत्र कर्म नगर्ने पनि कुनै छैन् । अर्थात् सबैले अग्निहोत्र कर्म गरेर मात्र खान्छन् । अविद्वान् पनि कोही छैन । सबै विद्वान् शिक्षित साक्षर छन् । सबै बुद्धिमान् र बुद्धिमती भए पछि वेश्या र वेश्यागामीको कुरै आउदैन । त्यसो भएको हुनाले मेरो राज्यमा न वेश्यागामी छ । न वेश्या नै छ । कति सुन्दर आदर्श राष्ट्रको चित्र खिचेको छ । यो हाम्रो प्राचीन नेपालको इतिहास हो ।

अभिलाषा, पृ० ५

साभार अन्तराष्ट्रिय युवा वर्ष १९८५ को
(युवाविशेषाङ्कबाट)

~ ~ ~ ~

प्राचीनकालको भाषा सम्बन्धमा एक सानो चर्चा

ज्ञानमणि नेपाल

राजा मानदेवले दिग्वजय गरेर आए पछि वि०सं० ५२१ मा चांगुनारायण स्थानमा स्थापना गरेको ढुङ्गे स्तम्भ सुन्दर पद्यमा संस्कृत भाषाको प्रशस्ति कुँदिएको छ। अहिलेसम्म नेपालमा पाइएका अभिलेखमा यो पहिलो हो। यस पछिका लिच्छविकालका सम्पूर्ण अभिलेख संस्कृत भाषाका गद्य पद्यमा कुँदिएका मात्र पाइएका छन्। मानदेवका नाति वसन्तदेवका पालादेखिका कतिपय अभिलेखमा शासन सम्बन्धी विविध नियम बाँधी गरिएका शनदपत्रहरू पनि पाइन्छन्। संस्कृत भाषाको प्रयोग सर्वत्र छँदैछ। तर कतिपय अड्डा, अदालत, कर विशेषका नाम, स्थान नाम, ग्राम नाम, नदीनाम भने संस्कृतेतर स्थानीय भाषाका पनि परेका छन्। ती नामबाट त्यस बेला यहाँ पढे लेखेका उच्च मानिसमा र शासन व्यवस्थामा संस्कृत भाषाको प्रयोग हुन्थ्यो, बोली चाली र व्यवहारमा चाहिँ प्राकृत❖ भाषा र किरात परिवारको स्थानीय भाषाको प्रयोग हुन्थ्यो भन्ने कुरा स्पष्ट विदित हुन्छ। अहिले हाम्रो चर्चाको विषय पनि यही हो र यो सानो लेखमा त्यस बेलाको भाषाको सम्बन्धमा अलिकति कुरा कोट्याउने विचारले यो पातो कोर्न लागिएको छ।

लिच्छविकालमा र यो भन्दा धेरै पहिलेदेखि यहाँ संस्कृत प्राकृत र किरात

❖लेखकले नेपालमा प्राकृतभाषाको प्रयोग हुन्थ्यो भनेर लेखेको छ। तर अनुसन्धान गर्नु बाँकी नै छ। यस्तै नीपगणको सम्बन्धमा पनि अझ टट्कारो अनुसन्धानको आवश्यकता छदै छ। सम्पादक

भाषाको प्रयोग हुन्थ्यो भन्ने कुरा यहाँका जातिको बसोबासको अध्ययनले भारतसँगको सम्बन्धले बेपारको आदान प्रदानले पनि प्रकट गर्दछ। नेपालका नामकरण गर्नमा हेतु बनेका संघात्मक शासनमा हुर्केका नीपगण नै नेपालको सभ्यताको दैलो उघार्नेमा पहिला थिए भन्ने कुरा नै मैले ठहराएको छु। तिनले व्यवहार गर्ने स्थानीय भाषा र संस्कृत पालि प्राकृत थियो भन्ने अनुमान मात्र गर्न सकिन्छ।

हाम्रा वंशावलीमा किरातभन्दा पहिले नेपालमा शासन गर्ने राजाहरूको एक लामो सूची दिएको छ। यिनले के भाषाको प्रयोग गर्थे यिनको कुनै लेख भने पाइएको छैन। अनुमानबाट संस्कृत प्राकृत स्थानीय भाषाको नै यिनले पनि प्रयोग गर्थे भन्न सकिन्छ। यहाँनेर हामीलाई सानो टुकी देखाउने चाहिं आचार्य कौटिल्य भएका छन्। आफ्नो अर्थशास्त्रमा उनले नेपालबाट बनेर भारतमा बिक्री हुन जाने महत्त्वपूर्ण वस्तुको रूपमा मानिएका राडी-पाखी र घुमराडीको बयान गरेका छन्। त्यहाँ दुई पारिभाषिक नेपाली शब्द दिएकोमा एउटा शुद्ध संस्कृतको छ भने अर्को किरात परिवारको छ। 'अप-सारक' संस्कृत शब्द हो भने 'भिङ्गिसी' किरात भाषाको भन्न सकिन्छ।

मौर्यकालमा त्यस भन्दा अघिपछि पनि भारतीय बेपारी जैन बौद्ध भिक्षु नेपालमा आउँथे भन्ने कुरा कौटिल्यकै वाक्यबाट र जैन, बौद्ध साहित्यबाट पनि भन्न सकिन्छ। नेपालदूनमा पाइएका आहतमुद्राले पनि यो कुरा प्रमाणित मान्न सकिन्छ। ती मुद्रा भारतबाट आउने बेपारी र भिक्षु यात्रीहरूले ल्याएका थिए। यहाँ सो मुद्राको व्यवहार चलेको थियो भन्ने कुरा स्वतः सिद्ध छ। तिनले बोल्ने व्यवहार गर्ने भाषा पनि संस्कृत पालि प्राकृत थियो भन्न सकिन्छ।

लिच्छविशासन शुरू हुनु भन्दा पहिले नेपालमा किरातवंशको शासन थियो। हाम्रा वंशावली, पुराण, माहात्म्य ग्रन्थहरूले एक स्वरले यो कुरा भनिरहेका छन्। लिच्छवि अभि-लेखले पनि यो कुरा पुष्टि गर्दछ। नेपालमा लिच्छवि पूर्व संस्कृत भाषाले राज भाषाको रूप लिन सकेको थिएन। किन भने यहाँका अड्डाखानाका कर वेनी वेठ रको र स्थानीय स्थानको नाम संस्कृतमा नभएर किरात भाषाका भएबाट हामीले यो कुरा भन्न परेको हो। लिच्छविहरूले आफ्नो शासनकालमा राजभाषाको रूपमा संस्कृतलाई लिए तापनि शासनव्यवस्थामा चलिरहेका रूढ भएका अड्डाखानाका कर-तिराका नामलाई जस्ताकोतस्तो किरात भाषाकै लिएका थिए।

यद्यपि लिच्छवि पूर्व अर्थात् किरातकालमै पनि दक्षिण पश्चिमतिरबाट आएका धेरै बाहुन क्षेत्रीका वस्ती यहाँ बसिसकेका थिए। उत्तराखण्डको पवित्र भूमि

तीर्थ भूमिको रूपमा नेपालमा माहात्म्य टाढाटाढासम्म फिजिएको थियो । गण्डकी किनारामा पुलहाश्रम भएको र त्यहाँ भरतले तपस्या गरेको कोशी किनारामा वाराहक्षेत्र लिच्छविकालदेखि प्रसिद्ध भएर रहेको र त्यही वारीपट्टि शिव पार्वतीको विवाह भएको कुरा कालिदासले भनेको र किरातहरूको पुर्ख्यौली देवथलो अद्यावधि सो भएको र नुवाकोट ब्रह्मपुर नामले प्रख्यात भएको र त्यहाँ लिच्छविकलमा बाहुन वस्ती बसेको नेपाल दूनमा भारताश्रम गौतमाश्रम आदि ऋषिमुनिका आश्रम तीर्थको उपलब्धि आदिले पनि यो देशको महिमा प्राचीनकाल देखि कम थिएन । विशेषतः नेपाल दूनका शहर र यसका आस पासका गाउँमा लिच्छविशासन र यस अघि किरात गोपाल वंशको शासन-कालदेखि नै बाहुन छेत्रीका प्रशस्त बस्ती बसिसकेका र कतिपय गाउँ वस्ती स्थानका नाम पनि तिनका नाम बाट रूढ भइसकेका थिए । उदाहरणको लागि वृजिक रथ्या, दक्षिण कोलिग्राम, स्थरू द्रङ्ग, श्रेष्ठिदुल, पशुपतिक्षेत्र , मानेश्वर, शाम्बपुर, ताम्रकुट्टशाला, नीलीश ला आदिलाई देखाउन सकिन्छ । यस्ता अरू व्यक्तिविशेष र स्थापित देवताका नाम संस्कृतका छन् भने कति प्राकृत भाषा र किरात भाषा मिश्रित संस्कृतका शब्द पनि पाइन्छन् । तिनमा केही उदाहरणार्थ यहाँ उद्धृत गरेकोछु खड्स्वामी, लच्छा गोर्म्र, नटपटा वाटिका जयपल्लिका, जयलम्भ शाम्मपुर पोन्डि-मण्डपिका, पुण्ड्रिराजकृत, पुत्तीनारायण, दिग्वारवृत्ति गीनुङ्गवृत्ति खर्जूरिकाविहार, अ-याक्षिकाङ्का, पुंदट्ट, शाञ्जलपट्ट – ञ्छिञ्टदत्राषकलह' शिवगल्, वैद्यमद्गुदि, विशिका, यूग्वल, रेटा, शीत्यटी रुपेला, लावमक, पिलमक, सिकर, रोगमाचौ दौवारिक जमयम्वी पालगम्वी क्षेत्र, मतीञारूप्पक' आदि । यहाँ एउटा चाखलाग्दो कुरा पनि हेरिहालौं किरात लिच्छविकालमा रूढ भएका स्थानका गाउँका नाउँ आजमोलिसम्म प्रचलित हुदै केही रूपान्तर र केही उहीरूपमा अहिलेसम्म हाम्रो भाषामा बोलचल-प्रयोग भइरहेका छन् । जस्तै –

अहिले प्रचलित	अहिले उच्चारित
तलस्वामी	तलसिङ
कुर्पासी	खोपासी
शङगा	साँगा
चङगु	चाँगु
सीनगु, साह्मगु	सिम्भू (स्वयम्भू)
तेङखू	टेकु

तेस्तुङ्ग	टिस्टुङ
थेञ्चो	थाङ्कोट
माखोप्रिङ खोपृङ	खोप खप्व (भक्तपुर)
वूगायुमी	बुगमती, बुङमती
लेम्बटी	लेले
कोलिग्राम	केलटोल

यसरी कति नामहरू संस्कृत भाषा प्राकृत भाषाका स्थानीय भाषाका र कति मिश्रित भाषाका पनि रहेका थिए। विशेष चल्तीका शासनसम्बन्धी अड्डा, अदालत कर विशेषका नाम पुराना किरात भाषाका प्रायः थिए। जस्तै –

कुथेर वा कुथेरवती (संस्कृतमिश्रित) लिङ्गल वा लिग्वल शोल्ल वा शूली माप्चोक, पिटल्जा, आदि। महाधिकरण यो चाहिं वर्णाश्रमव्यवस्था जात पात हेर्ने हुँदा पछि स्थापित भएकोले संस्कृत भाषाको देखिन आयो। कशष्ठी, जङ्ग फलञ्जु, ह्याम्हुम्, कुह्यु न् दङ्गतुट्टार्था आदि कर वेगारका रूढ नाम पनि किरात भाषाकै थिए। कतिपय व्यक्ति विशेषका नाम पनि स्थानीय भाषामा पाइन्छन्। तिबमा केदुम्बाट गोच्छिजाक आदिलाई देखाउन सकिन्छ। त्यस वेला प्रचलित भएको सो किरात परिवारको भाषामा गाउँलाई कहने शब्दको अन्त्यमा प्रिङ जोडिए को पाइन्छ। माखोमिङबाट खोप्रिङ खोप हुँदै वर्तमान कालमा भक्तपुरलाई खप्व भनिन थालेको पाइन्छ। यस्तै खकम्प्रिङ, चुप्रिङ, पुठंप्रिङ, खुलम्प्रिङ, खुप्रिङ, जेल्प्रिङ, नरप्रिङ, याप्रिङ, दुप्रिङ, आदि पाइन्छन्। पाहाडलाई कहने गुँ शब्द अन्त्यमा जोडिए र बनेका शब्द पनि धेरै छन्। यस्तो चङ्ग सनिगुँ, छोगुँ, ल्हागुँ दण्डङगुँ, आदि। ग्वंल शब्द त्यस वेला धेरै चल्तीको थियो। गूलकै विकसित रूप अहिले गाल वा गल भएको छ। यङ्गाल टङ्गाल सौगल मङ्गल, नगल, त्यागल, यसैका विकसित रूप हुन्।

डोल भनेको गहीरो डोल परेको पानी चाहिं बगेर जाने जगा कहिन्छ। दुलूबाट डोल बनेको कुरामा शङ्का छैन। श्रेष्ठिदुल, गुडंदुल, थम्बिदुल, ब्राडुल त्यस्तै स्थान नामलाई कहने शब्द थिए।

चो भनेको उठेको डाडो भन्ने हुन्छ। यो अन्त्यमा लागेका शब्द पनि ग्रामवाचक छन्। जस्तो थेञ्चो, महञ्चो लुम्वञ्चो आदिलाई देखाउन सकिन्छ।

यस अतिरिक्त धानवाली उब्जा हुने क्षेत्रलाई कहने बू शब्दको बारेमा

चर्चा गरौं। यो शब्द पनि लिच्छविकालमा वहुत प्रचलित थियो। यो पद पछि-ल्तिर लागेका धेरै शब्द पाइन्छन् । मुख्यतः काठमाडौंलाई कहने यम्वू नै प्रसिद्ध छ। अरू मितम्ब्रू, थम्ब्रू, निम्ब्रू, प्रोजम्ब्रू भेल्ब्रू शलम्ब्रू आदि शब्दलाई देखाउन सकिन्छ । हामीले यहाँ विचार गर्नु पर्ने कुरा छ। यी शब्द केही मैले उद्धृत गरें। लिच्छविकालमा र यो मन्दा पहिलेदेखि रूढ भएर थी प्रचलित हुदैं आएका हुन् । अव के यी शब्द नेपालदूनमा मात्र प्रचलित थिए त, प्रश्न हाम्रो सामू आउँछ । यस्तो प्रश्नको समाधानको लागि हामीले विस्तृत अध्ययन गर्नु आवश्यक छ । सानो यो लेखमा सो विवेचना गर्न सम्भव छैन तापनि एक दुइ कुरामा मात्र यहाँ चर्चा गरिन्छ । फु' यो प्रदेशलाई कहने यो शब्द भोट तर्फ प्रचलित देखिन्छ । छिन्फु या ठिन्दफु थिम्फु वा ठिम्फु भने यहाँ लिच्छविकालका अभिलेखमा खैनप्फु, पनप्फु प्रदेशलाई कहनेमा देख्न पाइए ।

विर्ता दिएको जग्गा खेतको नाउँमा सिञ्जाका राजा पृथ्वीमल्लको तवाँपत्र-मा छ्रिघाँ' शब्द देखिन्छ । यहाँ नेपालदूनमा खाघाँ भन्ने शब्द पाइन्छ । लिच्छविकालमा कुलालाई तिलमक र पानी जाने निकासलाई 'लँखमक' पाइएको छ । उताका तावाँपत्रमा पनि सो शब्द 'लँखु नाज'का रूपमा देखिन्छ ।

वर्तमान कालमा पनि कति स्थानवाची शब्द अविकृतरूपले अविरल बोलि-रहिएका छन् । तिनको सादृश्य अनौठो खालको छ। जस्तो पूर्वमा ताप्लेजुङ्ग स्थान नाम छ, ।त्यतै ओलाङ्चुङ्ग वा ओल्पाङ्जुङ्ग रहेको छ। यता अर्को खाम्पजुङ्ग छ भने पश्चिम लमजुङ्ग रहेको छ। यो जुङ्ग(किल्ला) अन्त्यमा लागेको शब्द एकै नाससगँ पूर्व देखि पश्चिमसम्म प्रयोग त्यसै आकस्मिक भएको होइन। नेपालदेखि बाहिर भोटमा सिखारजुङ्ग हुङ्ग डुगा पनि पाईन्छन् । यसले हाम्रो हिमाल क्षेत्रमा पूर्वकालमा किरात परिवारका भाषाले एकै नाशसँग विस्तृत प्रदेश ओगटेको कुरालाई नकार्न सकिदैंन। अर्को कुरा उब्जा हुने जग्गा खेतलाई बुझाउने बू शब्द अन्त्यमा लागेका केही शब्द माथि उद्धृत गरिए। यस्तै शब्द सुदूर पश्चिमप्रदेश सिञ्जाका खसमल्ल राजाका तावाँपत्र अध्ययन गर्दा पनि प्राप्त हुन आउँछन् । तिनमा पृथ्वीम-ल्लको अभिलेखमा आएका 'थिङ्वु' जांवु 'शब्दलाई देखाउन सकिन्छ । जगालाई कहने यी पारिभाषिक शब्दलाई हेर्दा उहां र यहाँ बोल्ने भाषा एउटै रहेको रहेछ भन्ने कुरा प्रमाणित हुन आउँछ । अझै विस्तृत क्षेत्रमा दृष्टि दिने हो भने यो भाषाको क्षेत्र अझै विस्तृत भएको प्रतीत हुन्छ ।

हाम्रो वंशावली ,पुराण, अनुभूति, अनुसार परापूर्व कालमा नेपालखाल्डो ठूलो पोखरीको रूपमा बिद्यमान थियो र पछि यहाँबाट पानी निखिएर गए पछि यो ठाउँ उब्जावबाली हुने जग्गाको रुपमा विकसित भयो र मानीसको आवादि योग्य बन्न आएको हो भन्ने कुरा पढ्न सुन्न पाइन्छ। यस्तै अनुश्रुति काश्मीरको र ल्हासाको पनि पाइन्छ। यसरी यी तीनै क्षेत्रको भौगोलिक बनावट र अनुश्रुति एकै नासको छ त यहाँ आश्चर्य लाग्ने कुरा अर्को के छ भने यी तीनै ठाउँको नाउँ पनि एकै वा एकै नासको छ। जस्तै हामी ले अघि भन्यौ काठमण्डौको पुरानो नाम यम्बू भनेर त्यस्तै काश्मीरको नाउ पनि जम्बू देखिछ। यम्बू र जम्बूमा उच्चारणको मात्र पृथक्ता छ। शब्दको होइन। 'य' र 'ज'को च्चारण अहिले पनि एकै हुन्छ। वेदमा त यलाई ज्य भनेरै उच्चारण गरिन्छ । अब उता ल्हासा प्रदेशलाई हेरौं, त्यस प्रदेशको नाउँ पनि 'बू' भन्ने नै रहेको पाउँछौं। अझ पोतला दरवार बन्नुभन्दा पहिलेको राजप्रसाद यम्बू ल्हाखा' वा 'यम्बू जा खाङ' भन्ने थियो भन्ने तिब्वती वंशावलीमा उल्लखित भएको पनि पाउँछौं। नेपालक्रमको शालम्बू पनि राजप्रसाद नै थियो । त्यसलाई 'सालम्बू राजवासक' भनी लेखिएको छ। यसरी सुदूरपश्चिम सुदूर उत्तरमा पनि नामको एकरूपता देख्न पाइयो। यसरी काश्मीरदेखि पूर्वको सम्पूर्ण यो हिमालय खण्डमा नै किरातपरिवारका मान्छे र किरात भाषाको प्रभाव फैलिएको देखेर नै एक तान्त्रिक मतमा यो सबै प्रदेशलाई एकै रूपावाट चित्रित गरिएको होला। पूर्वकालमा यो हिमाल र यसका आसपासमा बोलिने एकै परिवार थियो भन्ने कुरा माथिको सानो चर्चाबाट विदित हुन आउँछ। यसैले अहिले दुइ चार उदाहरण हामीले पैल्याउन सकेका छौं। यस क्षेत्रमा यस्तै विस्तृत अध्यन गर्दै गएको खण्डमा यस्ता उदाहरण प्रशस्त फेला पारिनेछन् र यो मतलाई अझै पुष्ट पार्न सकिने छ ।



के आइमाईले वेद पढनु हुन्छ ?

डा. स्वामी प्रपन्नाचार्य

यो प्रश्न बनाएको हैन । कसैलाई सोधेको पनि हैन । कसैलाई सोध्नु पनि छैन । तर मध्यकालिक इतिहासले चाहिं यो गोरेटो अवश्य बनाएको हो भन्न सकिन्छ । तर लोग्ने मान्छेहरुमा केही ब्राह्मण वर्गले पढ्न पाउँथ्यो । अरूले पनि लुकी, छिपी, बाहिर गई पढ्थे । तर आइमाईहरूलाई भने बाहुनी नै भए पनि शिक्षाको ढोका उसको लागि बन्द थियो । अरू जातिको त कुरै छैन ।

यस सन्दर्भमा म केवल केही टिपोटमात्र पाठकहरुको जानकारीको लागि प्रस्तुत गर्दछु । ऋग्वेद◆ आदि प्राचीन इतिहासलाई हेर्दा वाक्, वागाम्भृणी, सूर्या अपाला र उपनिषद्कालिक गार्गी, मैत्रेयी, पुराणकालीक मदालसा आदि महाविदुषी थिए । सम्पूर्ण शास्त्रज्ञान भएका महिला विदुषीहरू थिए । कवयित्री थिए । स्वयं वेदको ऋचा संग्रह गर्ने ऋषिकाहरू थिए । वास्तुशास्त्रमा प्रवीण थिए। गृहविज्ञनमा कुशल थिए । पूर्णरुपले पुरूष वर्ग जस्तै युद्ध गर्नमा पनि प्राचीन-कालिक महिलाहरू समर्थ थिए । वेददेखि लिएर रामायण, महाभारत पौराणिक काल ईसापूर्व द्वितीय, तृतीय, शताब्दीसम्म पनि महिलाहरूको सामाजिक सङ्गठन र सामाजिक अधिकार तथा विद्याध्ययनमा बाधा थिएन । ईसाको प्रथम शताब्दी-देखि यता भने महिलावर्गको अधिकार माथि बलियो गरी ढोका लगाई दिए । त्यसै भएको हुनाले ईसादेखि यताको इतिहासमा महिला वर्गको ढोका साँचिकै बन्द भयो । त्यो ढोका झन् सारो बलियो मात्रै नभएर, मोटे ताल्चा ठोकियो। तर त्यो ताल्चालाई खिया लाग्यो । दैलो र ढोका मक्किए । बिस्तार बिस्तारै महिलाजन बाहिर समाजमा देखिन थाले । त्यसो हुँदा १९ शताब्दीको दगुराइमा त राजनीतिको क्षेत्रमा त शिखरैमा पुगे भने पनि हुन्छ । त्यसको उदाहरणमा

◆'वेदमा के छ ?' पृ. नं. ९९ देखि १०३ सम्म हेर्नु होस् ।

विश्वमा सर्वभन्दा महिला प्रधान मन्त्री हुने लङ्काको प्रधान मन्त्री श्रीमती सिरि-माओ भण्डारनायिके, भारतको प्रधानमन्त्री इन्दिरा गान्धी, श्रीमती ब्रिटेनकी मार्ग-रेट थेचर आदि गनिएका वर्तमान कालिक विश्वप्रसिद्ध महिला हुन्। यसै प्रकारले भारत आदिमा मुख्यमन्त्री, राज्यपाल, कुलपति, उपकुलपति, न्यायाधीश पुलिसको ठूलो अफिसर र कवयित्री, महाकवयित्री, लेखिका आदि भएका छन्। तर यी महिला हरूले अरू देशमा सामाजिक विकास पाइराखेको बेलामा नेपालमा राणा शासन थियो। त्यसो हुँदा शिक्षा पाउनु एक अपराध मानिन्थ्यो। त्यसमा हाम्रा केही अनुदारवादी धर्मनेता तथा पुरोहित वर्गले पनि थपुवा शास्त्रको उदाहरण दिएर 'स्त्री शूद्रौ नाधीयानाम्' अर्थात् स्त्री र शूद्रले वेद पढ्नु हुँदैन भने। वेदको बाहनाले अरू सबै शिक्षामा पनि ताल्चा ठोक्दै गए। तर वेद नपढेपनि साक्षर हुने प्रयत्न नेपालमा केही महिलाहरूले गरे। कयौंका लागि माता पिता सुबुद्ध थिए। अतः आफ्ना छोरीहरूलाई पढाउने प्रयत्न गरे। एकतिर खाली घरधन्दा र नानी हेर्नु, खेत बारी, मेला, घाँसपात, देखि अर्को काम थिएन। सम्मेलन या कवि सम्मेलनको नाममा वल्लो घरे, पल्लोघरे, माथिल्लो घरे, तल्लो घरे दिदी, बैनी आदि देखि अरूसंग कुरै गर्नु अपराध हुन्थ्यो। कुनै कुनै बालिकाहरूले पिता कट्टर भए पनि यजमानहरूलाई शास्त्र सम्बन्धी निर्णय दिन्थे। अथवा आफ्नो दाजु भाईहरूले लुकी छिपी लेख पढ गरेको देखेर स्वयं पनि लेख पढ गर्दथे। यस प्रका-रले कट्टरहरूकै घरगाउँमा पनि सेप, चेपको बिउ, बिरुवा जस्तै भएर महिला हरू कवयित्री, लेखिकाहरू नभएकी होइन। तर यसको हेरचाहर संरक्षण, सङ्क-लन र निदी खोजी भएन। ऐलेसम्म पनि महिलाहरूबारे केही खोजी भएकै छैन्। यस कारण नै यहाँ आंशिरूपमा नेपालका केही प्रसिद्ध तर अँध्यारोमा विलीन पूर्वको महिला व्यक्तिहरूबारे चर्चा गर्ने जमर्को गरिएको छ। त्यो अन्यायको युगमा पनि पूर्व नेपाल कोशी अञ्चल जिल्ला धनकुटा शुक्रवारे (फयाक) मा एक कवयित्रीको जन्म भयो।

[क] सुश्री पुण्यमती देवी बस्ती

पुण्यमतीदेवी बस्तीको जन्म वि. सं. १९६६ मा धनकुटा शूक्रवारे (फयाक) मा भएको हो। कवयित्री पुण्यमती तात्कालिक प्रसिद्ध विद्वान् पं. उमानाथ भट्टराईजीको सुपुत्री हुनुहुन्थ्यो। माता सरस्वती भट्टराई हुनुहुन्थ्यो। पिता उमा-नाथ भट्टराई ज्योतिष धर्मशास्त्र र पुराणका प्रकाण्ड विद्वान् हुनुहुन्थ्यो। त्यस

कट्टर अवानोको युगमा पनि पिता उमानाथको प्यारी छोरी माथि निकै ठूलो उदारता थियो । त्यसै भएको हुनाले त छोरी पुण्यमतीमा पनि सानैदेखि ज्योतिष, धर्मशास्त्र, र पौराणिक ऐतिहासको तत्त्व बुझ्ने अवसर मिल्यो । सानै देखि पिताले दिएको धर्मशास्त्र र ज्योतिष सम्बन्धी निर्णयहरू सुन्दा सुन्दै साक्षर हुने अवसर पनि पाई । त्यसै अवसरमा पिताले ठाउँ ठाउँमा भनेको पुराणहरूको सार पनि सहज भावले ग्रहण गरी कालान्तरमा पं, छविलाल वस्तीसँग धनकुटा फलाटेमा विहा भए पछि पति गृहमा बसेर गृहस्थ जीवन विताउन थालिन् । तर समयले पल्टा खांदा दुःख र सुखको भुंवरीमा पर्न स्वाभाविक मानव धर्म हो । सुखमा सबै मित्र हुन्छन् । दुःखमा सबै पर सर्छन् । यस्ता क्षणहरू कवयित्री पुण्यमतीमा पनि प्रशस्त आए । ती क्षणहरू सदुपयोगमा ल्याउँदा कवितारूपि मोतीका हार बने । त्यो दुःख नआएको भए, कविता बन्ने थिएन होला । किन भने कविता अन्तर्वेदना हो । कविको अन्तर्वेदना नै भाव भएर बसेको हुन्छ । त्यो अक्षराकारमा लेखिदा कर्म हुन्छ । त्यसो भएको हुनाले ती दुःखका क्षणहरूले पुण्यमतीजीलाई अजर-अमर बनाए । यो पंक्ति लेख्ने वेलासम्म काठमाडौंदेखि पूर्वाञ्चल क्षेत्रको महिला कवयित्रीहरूमा पहिला पंक्तिमा उभिएकी छिन् ।

पुण्यमतीको "प्रदक्षिणा"

"प्रदक्षिणा" त्यो समयको रचना हो । जुन वेला आइमाईहरूले बार्दली, कौशी, शिकुवा, आँगन, धुरेन देखि ताती गर्दै पँदेरा पँदेरादेखि उही आँगन सिकुवामा पुगेर ओदान, चौकासँग नाता जोडेर थुपुक्क मेलोमा पुगे पछि एकैफेरा वेल्का साँझमा खुइयाको स्वरमा घाँस, दाउरा, या पानीको डोको बिसाइन्थे । त्यस वेलाका कवयित्रीं हृदयले के भने होला। यो प्रश्न कै चिह्नमा रहेको छ। तर पुण्यमती धार्मिक महिला भएकी हुंनाले वृन्दावन आदिमा परम वैष्णव धामहरूमा रही वैष्णवी वृत्ति बनाइसकेकी थिइन् । तीर्थस्थानहरूमा मुख्य तीर्थ वाराणसीमा पनि निवास गरेकै हो। वाराणसीमा आफ्नो एकलो छोरो पं. टीका प्रसाद वस्तीको विद्याध्ययनको रेख देखमा बसिन् । विस्तारै पुत्र साहित्याचार्य पास गरे पछि सुयोग्य विद्वान् भए । तर पुण्यमतीजीले शार्दूल बिक्रीदित छन्दमा कविता लेखन शुरू गरिसकेकी थिइन्। आफ्नो जीवन सार्थकताको लागि भारत वर्षको चार धाम यात्रा गरीसके पछि 'प्रदक्षिणा'को क्रम शुरू भयो । 'प्रदक्षिणा' को क्रम अत्यन्त सुन्दर छ । त्यतिखेरका महिला प्रतिनिधि कवयित्री पुण्यमतीजीको कविता

शक्ति कतिको थियो भन्ने नमुना सुन्दर रूपमा प्रस्तुत भएको छ । यस्ता कवयित्रीको ५८ वर्षको अवस्थामा २०२४ सालमा चोला उठ्यो । तर कवयित्री यति नै भए पनि अमर हुनु हुन्छ ।

यी मन्दा पुराना महाकवि लक्ष्मी प्रसाद देवकोटाजीको आमा श्रीमती अमर राज्यलक्ष्मीजी पनि असल कवयित्री थिइन् अरे । तर उहाँको कविता वा रचनाहरु हाम्रो सामु परेका छैनन् । भविष्यमा हात परे छ भने जनताको सामुमा आउने छ । अझ यी अमर राज्यलक्ष्मी मन्दा पनि अलि पुरानो कवयित्री कुमुदिनीदेवी दीक्षित जस्तो लाग्छ । कुमुदिनी दीक्षित, कवयित्री थिइन भन्ने उल्लेखो उनका नाती प्रसिद्ध लेखक कमलमणि दीक्षितले आफ्नी आमा विद्यादेवीको जीवनी लेखदो लेखेको छ । कमलमणिको भनाई के छ भने, आफ्नी आमा विद्यादेवीले आफ्नो सासु ससुराको युवावस्थाको पद्यमय प्रेमपत्र देखेर नै विद्यादेवीले पनि आफ्नो पति केदारमणिलाई पद्यमय पत्र लेखेकी थिइन् अरे । जे होस्, कवयित्री कुमुदिनीदेवीको पनि कविता रचना पाइएको छैन । उहाँको नातीले पाउनु भएको छ कि, कालान्तरमा शोध खोज गर्दै लैजादा थाहा होला । तर यो निश्चित भन्न सकिन्छ कि राजधानी बाहिर महिलासमाज पुरुष वर्ग मन्दा पनि धेरै देखिए । तै पनि राज धानी काठमाण्डौ अधित्यकामा कुनै न कुनै प्रकारले महिला प्रतिभाहरू फाट फूट चमकी राखेका थिए । तर चम्कने अवसर पाएनन् । उनीहरूको प्रतिभाको वास्ता गरिएन । यस्ता कैयौं प्रतिभाहरू आज पनि छरिएका छन् । तर आज पनि वास्ता गरेको देखिदैन । तल हामी अरू पाए सम्म कवयित्री लेखिकाहरूको मूल्याङ्कान गर्दै छौं । ,

[ख] कवयित्री श्रीमती जुनुमाया राई

यसो चियाएर हेर्दा आफ्नै काखी हसक्क गनाउँछ । आफ्नै काखी गनाय कता थुकौं, आफ्नै जिब्रो आफ्नै दाँत कल्लाई भनौं । आफैं अपराधी आफै न्यायाधीश, न्याय माग्न कहा जाउँ ? कसको अपराध देखाउँ । आफैं अपराधी दण्ड कसलाई दिउँ । यो विचित्र कुरा छ । यसै समस्या भित्र घेरिएका किरातहरू छन् । वस्तुतः नाच्न जान्दैनन्, आँगन बाँउठो छ भन्छन् । कुरा सत्य हो ।

सही भनौ भने नेपाल भित्रै बस्ने चाहिं निकनै - बासी भए । यहाँ सम्म कि कुहिएको नै मन्दा कुनै आपत्ति हुने छैन । तर त्यो कुहेको छोडे, अवश्य पनि दिन फेरिंदो रहेछ । नेपालभित्र बसो वास गर्ने किरात राईहरूले कुनै पनि क्षेत्रमा उन्नति गर्न सकेनन् । जुवा, तास, जाँड, रक्सी, आदि दुर्व्यसनको उन्नतिले वृद्धि

अवश्य कुहाए। यो दुर्भाग्यले होस्, अथवा सौभाग्यले हो, नेपालबाट बाहिर मिल्कि-एका राईहरूले हरेक क्षेत्रमा घत लाग्दो र चहकीलो उन्नति गरेका छन्। त्यस्तै राईनीहरूले पनि नेपाल मित्रकाले छपनीले छानेर डवकाले हान्नुदेखि वहेक अरू केही जानेनन्। यसको मतलव यो हैन कि उनीहरूको बुद्धि छैन। बुद्धि त छ। अरू भन्दा पनि बढतै छ। तर कुहेको छ। किन भने कुहेको खान–पानले बुद्धि कुहिन्दो रहे छ। यहाँ हामी बुद्धि नकुहाई चोखो राखेर सदुपयोगमा ल्याउने राई-नीको बुद्धिको चर्चा गर्दै छौं। यो तथ्यलाई बुझेर हाम्री आमा, दिदी वैनीहरूले यस पछि छपनीले छानेको झोंकमा जस्तै विदुषी र कवयित्री, लेखिका भएर कविता, लेख, समालोचना, आदिको क्षेत्रमा कदम चालेर भविष्यको सन्तानलाई बाटो देखाएर 'जुनुमायाराई*' जस्तै नाक राखी दिन्छन् कि भनेर पंङति कोरि-एका छन्। कसैलाई जिसक्याउनको लागि हैन। जिसक्याउँदा मापाको हुने ध्येय भए छ भने पनि यी पङ्तिहरू सफल हुने छन्। यसमा सन्देह छैन।

जुनुमाया राईनीको थिइन्? के थिइन्? कहाँ थिइन्? कुन थर वा पाछाका राईनी थिइन्? नेपालको कुन ठाउँबाट गएकी हुन्? उनीको बारेमा कही स्रोत पाइएन। यति हो कि शारदा पत्रिका वर्ष ५, १९९५ साल चैत्र महीनाको अङ्कमा जुनुमाया राईनीले 'व्यर्थ प्राण' शीर्षकमा आफ्नो प्रेमीलाई सम्बोधन गरी लेखेको कविता प्रकाशित भएको छ। कविताको केही अंश यो हो।

खुशी हौ राजी हौ आनन्द उन्माद
निसङ्ग भएँ म त चिर निशासंग तनमन
के छ र उपहार दिउँ, के मेरो नयन तारा
ग्रहण गर मौन विदाई दोषी अश्रुधारा

यसै गरी १९९६ साल वैशाख महीनाको शारदामा प्रकाशित 'साहित्यमा नारी' शीर्षक जांडको च्याम्पामा कुहिएको राईनी जस्तो छैन। राई र राईनीकै छोरी भएर प्रौढ विद्वत्तापूर्ण साहित्यिक समालोचना देखिन्छ। उसै लेखकको केही नमूना हेर्नुहोस्।

"यस जगतमा जति साहित्य छ। तो सर्व साहित्यमा रस वृष्टि भएक छ। स्त्री पुरुष दुइको भाव आदान प्रदानमा चिन्तन त्रिभुज *Internal*

---

*पद्मकन्या क्यम्पसका उपप्राध्यापिका देवीशर्माको सौजन्यपूर्वक सत्प्रयासले प्राप्त भएको हो।

Triangle दुई पुरूष र एक स्त्री, एक पुरूष दुई स्त्रीमा घात प्रतिघातले जो प्रकाशित हुन्छ, त्यही भावले सृष्टिमा सहायता पुऱ्याउँदछ''

यसमा लेखिएका नारी जगतका महिमा र गरिमा प्रति 'जुनुमाया' पूर्ण सचेत छिन्। परम्परावाट चली आएको नारी जातिको अवहेलना प्रति 'जुनुमाया' राईनी जस्तै पूर्ण जागरूक छ। जुनुमायाजी कवयित्री र कुशल लेखिका थिइन्। साथै विदुषी आलोचिका पनि थिइन्। यस्ते सुँगूर पालन छोडी जाँड, रक्सीको घ्याम्पा फोडी यस क्षेत्रमा किरात महिला समाज कम्मर कसेर निक्ले त हाम्रो राष्ट्र र समाज छिटै बन्ने थियो। फेरि पनि जुनुमायाले केही राईनीहरूलाई प्रेरणा दिएर बाटोमा फर्काउलिन् भन्ने विश्वासमा छौं।

[ग] कवयित्री सानुमती राई

जुनुमाया राई जस्तै कवयित्री सानुमती राईको पनि परिचय दिन गारो परेको छ। यहाँ सानुमती राईको उल्लेख 'भारती' भन्ने पत्रिका वि. सं. २००८ वर्ष ३ संख्या ३ मा 'व्यथा' शीर्षक कवितावाट मात्र राईनीहरू पनि कवयित्री हुन सक्दा रहेछन् भनेर लेख्दै छौं। 'व्यथा' को एउटा नमूना

"मुहारमा तिम्रो निरन्तर देखि एउटा
व्यथित संचित मुस्कान मधुर
भन्छन् अनेकन तिम्रो अन्तर
पूर्ण छ प्रसन्नता प्राण
यसैले त्यहाँ सर्वदा छ हर्ष
उच्छ्वासको श्वास
नजाने किन त्यहाँ
पुख्छ एउटा प्रस्ट पीडा"

यसरी नै सानुमती राईले २००८ साल कार्तिक 'भारती' संख्या ५ मा उद्देश्य, उपहार, लघुकथा लेखेकी छिन्। २००८ पुषको भारती ७ मा 'यो जीवन' पद्य शीर्षकहरूमा आफ्नो बुद्धि र कलम चलाएर गद्य र पद्य दुवैको परिचय दिएकी थिइन्। यसको अर्थ यो छ कि उनी कवयित्री र लेखिका दुवै थिइन्। तर यत्रो लामो अवधिमा फेरि पनि जुनकिरीको उज्यालो जति पनि राईनीहरू कवयित्री निक्लेको देखिन्न। जे होस्, भविष्यमा देखिएलान्।

[घ] कवयित्री माधुरी उप्रेती

कवयित्री श्रीमती माधुरी उप्रेतीजीको जन्म वि. सं. १९९४ सालमा भारतको लखनउमा भएको हो। एघार वर्षको उमेरमा प्राध्यापक स्व. चन्द्रधर उप्रेतीसंग विवाह गयो । त्यस पछिको जीवन डिल्लीबजार काठमाडौंमा बिताई रहनु भएको छ। २०४० सलमा पतिदेव उप्रेतीजीको स्वर्गवास पछि, एक वर्षको वैधव्य जीवन बिताउँदाको अनुभवहरू; सामाजिक बन्धन र देशको स्थितिप्रति बितेका कुराहरूलाई अत्यन्त उत्साह र लगनशीलतापूर्वक माधुरीजीले मधुर पदावलीमा तर भावपूर्ण ओजस्वी शब्दमा उतार्ने काम गर्नु भयो । धर्म र नियमका अनेकौं जालहरू भित्र जकडिएर बस्न बाध्य, हजारौं हजार नेपाली दीन–हीन नारीहरू, त्यसमा पनि खास गरी विधवा नारीको अवस्थाबारे केही प्रत्यक्ष जानकारी नै माधुरीजीको लेख र कविताको विषय बनेको छ । 'विधवाको कलम' निक्लेको अथवा जन्मेको 'यही हो हाम्रो देश नेपाल' नारी र बन्धन, किन लुक्ने ?, बाल विधवा 'डोली चढेर' आदि कविता मार्मिक छन् । नारी बन्धन कविता मार्मिक छन् । नारी बन्धन कविताको केही नमूना हेर्नु होस् ।

किन नारीलाई यस्तो बन्धन ?
उसले किन बोल्नै न पाउने ?
सानोमा छँदा बाबुको बन्धन,
बिहे गरेपछि लोग्नेको बन्धन
पछिबाट छोराको बन्धन
किन नारीलाई यस्तो बन्धन ?

यस प्रकार कवयित्री माधुरी उप्रेतीजीको सुन्दर आधुनिक छन्दमा मार्मिक कविता र लेखहरू छन् । दुवैमा माधुरीजीको गति देखिन्छ। नारी हृदयबाट निस्केको ठोस कदम भन्न सकिन्छ ।

[ङ] भाउजु (विद्यादेवी दीक्षित)

कवयित्री विद्यादेवी दीक्षितजी प्रसिद्ध लेखक कमलमणि दीक्षितजीको आमा हुनुहुन्थ्यो। उहाँको जन्म वि. सं. १९६२ साल आषाढ गुरूपूर्णिमाको दिन डुगम्बहिल टोल काठमाडौमा जोशी (घिमिरे) सुब्बा शिवनारायणकी कान्छी छोरीको रूपमा भएको थियो । त्यतिखेर नारीहरूले पढ्न नपाउने जमाना थियो । तै पनि पिता

प्रगतिशील र उदारवादी हुनाले विद्यादेवीले पढ्ने अवसर पाइन् । विद्यादेवीजीको अक्षारम्भको गुरू कविशिरोमणि लेखनाथ पौड्याल हुनुहुन्थ्यो । आफू नौ पुगेर दश वसन्तसंग भेट गर्दा एघार वसन्तले केदारमणि आचार्य दीक्षितसंग पाणिग्रहणसंस्कार सम्पन्न भयो । विहा भए पछि लगतै उनका पति पढ्न भनेर कलकत्ता गई हाले । काल गतिले गर्दा आफ्नो पिता थुनामा परी स्वर्गे भए । आफूलाई जीवनभर प्यारो गर्ने उदार विचार भएको पिताको अन्तिम दर्शन नहुँदा उनी दुःखी भए । कविता र निबन्ध नाटक आदिको विऊ यसरी नैं रोपिन्छ । तर ससुरा राममणिले सानी बुहारीलाई पुस्तकालय सफा गर्ने कार्य भार सुम्पेका थिए । पुस्तकालयबाट बुद्धिमती विद्यादेवीले महिला समाजमा अमर हुने ओखती पाइन् । आफ्नो बुद्धिले भ्याएसम्म पुस्तक पढेर विद्यादेवी विद्यादेवी भइन् । यसै अवसरमा आफ्नो ससुरा राममणि र सासु कुमुदिनीदेवीको युवावस्थामा आपसमा भएको प्रेमपत्रको प्रतिलिपि पनि हात लाग्यो । आद्योपान्त त्यो प्रेमपत्र पढे पछि विद्या देवीले पनि आफ्नो पतिदेव केदारमणिजीलाई प्रेमपत्र लेख्दा कलम चलाउन थालेकी हुन् । विद्यादेवीजीको कविताको नमूना यसप्रकार छ ।

पिता जान्छौ सबै हामी विदा दिनोस् दुःखी जानी
पिता जान्छौ सबै माई गई बस्छौं बनै छहि
अघि थियौं सबै हामी अहा सम्पत्तिका खानी
आहा त्यो सब कहाँ भाग्यो विमाताको वचन लाग्यो

यसरी वि. सं. १९९० सालतिर 'विलाप' भन्ने पुस्तिका छापियो । यसरी विद्यादेवीजीले मदन शमसेर राणाको दरवार भित्र आफ्नो बुद्धि र विद्याले खेल्न पाएकी थिइन् । यसरी नै रानी जगदम्बाको सम्पूर्ण भारतको तीर्थ र यूरोपका केही देशहरू पनि विद्यादेवीले घुमी विदेशमा पनि केही न केही कलमको उपयोगिता सार्थक पारेकी थिइन् । त्यो कुरा 'इन्द्रधनु' आदिवाट बुझिन्छ । विद्यादेवीको देन कविता संग्रह (२०३५) विद्या गद्यसंग्रह (२०३६) मा सपनाका छहरा (२०३४) विलाप शोक (२०३६) मा प्रकाशित भएका छन् । यस प्रकार साहित्यमा मात्रै हैन अपितु महिला सामाजिक क्षेत्रमा पनि विद्यादेवीको महत्त्वपूर्ण योगदान छ । यस रीतिले साहित्य र समाजसेवा गर्दै अस्सी वसन्त देखेर समाजबाट बिदा लिइन् । उनीको विस्तृत जीवन उनकै सुपुत्र कमलमणि दीक्षितले लेख्नु भएको छ ।

[च] देवकुमारी थापा

नारीसमाजमा निबन्ध लेखिकाको रुपमा पूर्वनेपालमा श्रीमती देवकुमारीजी निकै

यशस्विनी हुनुहुन्छ। महिला समाजमा कलमको धनी भएकी हुनाले समाजमा निकै चिनिनु हुन्छ। उहांको 'भोगतृप्ति' आदि निबन्ध संग्रह पाठकहरूको लागि निकै आकर्षक देखिन्छ। उहांको विस्तृत जीवनी कालान्तरमा प्राप्त होला। ऐले केवल दुइ शब्द लेखने अवसरमात्र पाएको छु। तर भाषा र शब्दावलीको प्रयोगले गर्दा देवकुमारीजीको कलम गहकीलो र दरीलो छ भन्ने विश्वासमा छु।

[छ] माया ठकुरी

'सांघु तरे पछि' कथा संग्रहमा सर्सर्ति आंखा कुदाउने मेसो परेको बेलामा ठाउ-टाउँको कथाहरुले शब्दात्मक र भावात्मक दृष्टिले श्रीमती माया ठकुरीसंग चिनारी गरायो। परिणाम, हावाको, वेग, सम्झौता' आदि लेख दुवै तिरबाट मनन गर्न योग्य छ। हाम्रो देशमा नारीसमाजमा कथाकारको पनि अभावै देखिन्छ। साहित्यको अङ्गहरुमा कथा पनि साहित्यको एक अङ्ग हो। यस रुपले मायाठकुरीको 'सांघुतरे पछि' निकै महत्त्वको छ भन्न सकिन्छ। यसमा केही सन्देह छैन। परिचय त भविष्यमा होला।

[ज] स्व. कवयित्री लोकप्रिया देवी

जीवन अनौठो हुन्छ। कुन घडीमा के हुन्छ थाहा हुंदैन। कुन पलमा कसले जन्म लिन्छ र कुन पलामा कसले मर्छ। यो पनि कसैलाई थाहा छैन। फेरि पनि मानव घमण्डले चूर भएको हुन्छ। विज्ञानको झन्कोले लथारिएको हुन्छ। फेरि त्यसमा पनि कसले कवि हुने। कसले राजा, बादशाह हुने आमाको कोखबाट जन्मदां बालक या बालिकाको निधारमा कोरेको हुंदैन। तर त्यही बालक बालिका राजा बादशाह, दार्शनिक, कवि, कवयित्री हुन पुग्छन्। यसै प्रकारले हामी यहां नेपालका यसम्वी महाकवयित्रीको रूपमा एक विलक्षण कवयित्रीलाई पाठकहरूको सामुमा प्रस्तुत गर्दै छौं।

ती कवयित्री हुन् स्व' महाकवि लक्ष्मी प्रसाद देवकोटाजीको दिदी स्व, श्रीमती लोकप्रियादेवी। लोकप्रियाजीको जन्म वि. सं. १९५५ साल जेष्ठ महीनामा भएको हो। संस्कृतको विद्वान् पं. तिलमाधव देवकोटा तथा श्रीमती अमरराज्य लक्ष्मीदेवीजीको काहिंली छोरीको रुपमा उनको जन्म भयो। जन्मथात डिल्लीबजार धोवी धारा काठमाण्डु हो। कुप्रथाले गर्दा पुग नपुग आठ वर्षको उमेरमा वि. सं. १९६३ सालमा डिल्लीबजार निवासी लोकनाथ जोशीसंग विवाह सम्पन्न भयो। बाल्यावस्थामा सद्‌गृहिणी हुन पुगेकी लोकप्रियाजीले सासु शसुराको टड्कारो देख रेखमा बिताउनु परेको इतिहास लुकेको छैन। तर विद्वान् परिवारमा जन्म र भाई

लक्ष्मी प्रसाद देवकोटा आदिको संसर्गले गर्दा कोमल नारी हृदय स्पान्दित भयो । ्न्तरात्माको वेदनानै कविता हो । त्यो वेदना कविताको रूपमा प्रष्फुरित भयो । सिद्ध लेखक कमलमणि दीक्षितको लेखाई अनुसार १५ वर्षको उमेरमा परदेश गएको तिलाई द्रुतविलम्वित छन्दमा पत्र पठाउने क्षमता पैतृक सम्पति हो । जे होस्; ति पनि छन्दमा कमी थिएनन् भन्ने कुरा उनीहरुकै प्रेम पत्रको श्लोकबाट बुझि- छ । भारत गएको पतिलाई नवोढा पत्नी लोकप्रियाजीले पत्र लेख्नु भए छ –

हजुर पाल्नु हुंदा सिमला पुरी ।
मकन ल्याइदिनू सुनका चुरी ?

त्तरमा नवयुवक लोकनाथजीले – वरष चार पछिता घर आउँला
सहलिया हरिया चुरि ल्याउँला ?

त्यो नारीले लेखन पढ्न नहुने जमानामा त्यो पनि १५ वर्षको किशोरी वस्थामा द्रुतविलम्वित छन्दमा कविता लेखनु भनेको अलौकिक प्रतिभा हो । जब- आइमाई र शूद्रले पढन हुदैन भनेर डङ्का बजाइन्थ्यो । जे होस्' लोकप्रिया अमर ायित्री भएर लोकप्रिया अवश्य भएकी थिइन् । लोकप्रियाजीको कविता वि. सं. १९९१ नमा 'शारदा' उदयको साथै प्रकाशित भयो । १९९२ सालमा शारदामा 'शान्ता- ई जवाफ' भन्ने पहिलो कविता छापिए छ । त्यस पछि २००० साल सम्ममा १२ ा कविता लगातार छपाउनु भयो । 'उद्योग' र 'दोस्ती' मा दुई वटा कविता र उषारा' ा छापिएका छन् । 'साहित्य स्रोत' मा 'शम दम' भन्ने कविता छापिएको छ । यसरी ाशित जम्मा १८ कविता र लेख फेला पारेका छन् भनी उँहाकै सुपुत्री कव- ी शशी रिमालजीले परिचयमा लेख्नु भएको छ । पछि गएर गाहस्थ जीवन सुख- नहुँदा र आफ्नो प्यारो भाई महाकवि लक्ष्मी प्रसाद देवकोटाको स्वर्गवास को दुःख खप्न नसक्दा नौ महीना पछि वि. सं. २०१७ साल जेष्ठ महीनामा ि हुनु भयो । यस्तै हो संसार ज्युंदोमा हाँसिदिने छैनन् । मरे पछि रोईदिने छैन- वाच्दा पानी पनि सोद्दैनन् मरे पछि श्राद्ध गर्छन् । यो हाम्रो समाजको विचि- विडम्वना छ । हामीलाई मरे पछि श्राद्ध मन्दा ज्युंदैमा कदर चाहिएको हुन्छ । र्वको नशामा चुर भएको अन्धो दुनियाले यसलाई देखदैन । यसलाई अब दुःखको भन्नु होस् वा सुखको तपाइहरूको इच्छा । यहाँ हामी शारदा पत्रिकामा ९२ साल फागुन महीना, वर्ष २ संख्या २ मा विदुषी एम० लक्ष्मीजीलाई उत्तर को कविता साभार उद्धृत गर्दै छौं । पाठकहरूले घोरिएर घोत्लिनु होस् । कवितामा के रहस्य छ ?

प्यारी बहिनी

नहोऊ दिक्क मनमा यस्तै छ संसारमा,
तिम्रो पत्र पढी अहो ? रगतको आँसु बग्यो नेत्रमा
हामी हौं ललना अबोध जनना के शक्ति हाम्रो यहाँ
आर्यै धर्म भनी सबै दु : ख खपी बस्नै छ धीरा बनी
देवै खालि विमुख भो' र सब गो' दुर्भाग्य यस्तै रह्यो
तिम्रो दु : ख महाँ त छुद्र मनमा अफ्शोस मात्रै भयो ॥

लोकप्रियाजीको यस कविताले स्वयंलाई अपर पारेर गईन् । छोरी शशी रिमालले आमाको माया र महिला समाजको उत्साहको लागि लोकप्रियाजीको कविता सङ्कलन गरेर छपाउनु भए छ । धन्यवाद छ ।

[ञ] कवयित्री भगवतकुमारी पाण्डेय

महिला समाजको लागि विकट समस्या भए पनि वि. सं. १९५८ मा कालिकास्थान काठमाण्डुमा पं. ताराप्रसादको छोरी भएर एक कवयित्रीले जन्म लिईन् । त्यसवेलाको झमेला पार गर्दै केही अध्ययन र सङ्गतले कवयित्री हुन पुगिन् कालन्तरमा श्री दोरानन्दपाण्डेयलाई पति वरण गर्न पुगिन् । प्रसिद्ध नेपाली कथाकार पोषण पाण्डेय कवयित्री भगवतकुमारी कै सुपुत्र हुन् । भगवतकुमारीको मृतु २०२९ चैत्रमा भयो ।

भक्तितिलक कवयित्री भगवतकुमारीको सुन्दर रचना हो । यो वि. सं. १९७६ मा गोरखापत्र छापाखाना नक्सालमा मुद्रित भै प्रकाशित छ । उहाँको भक्तितिलकबाट केही उद्धरण दिइन्छ ।

संसारसारस्वप्नमा भुलेर अहिले ।
भोग्नु पर्‍यो दु : ख यसोरी मैले ॥
संसार बन्धन अब काटि दिन्छु ।
वैराग्यरूपी तरवार लिन्छु ॥

X X X X

अठार बर्ष वितिगो नि ऐले ।
अनन्द मनमा रति छैन कैले ॥
ठक्कर हजार तिरको झन आज खाई ।
दुःखैरूपी सुख भयो मलाई ॥

यसै प्रकारले भगवतपुष्पाञ्जलि कवितासङ्ग्रह पनि उनकै सुपुत्र पोषण पाण्डेयले २०३० साल चैत्रमा प्रकाशित गरिदिनु भएको छ। यसमा गाईको महिमा ईस्वर-पुकार, ईश्वरस्तुति र ईश्वरप्रतिज्ञा आदि शीर्षकका कविताहरू छन्। पुष्पाञ्जलिबाट केही नमूना छ –

निर्धक्क होऊ दिल भित्र महाँ
पूरा म गर्छु सब काम यहाँ
डर छैन प्रेमी प्रियलाई यहाँ
दर्शन म दिन्छु सरवत्र महाँ ॥

X X X X

वास्ता जगतको रतिभर नराखी
सम्झी मलाई दिन रात साथी
मेरो शरणमा जुन जीव पर्छ
तेस् माथि कस्को अब जोड चल्छ ॥

कवयित्री भगवत्कुमारीजी परम ईश्वर भक्तिमी भई उनी शरणागत सिद्धान्तमा विश्वास राख्ने कवयित्री हुन्।

[ञ] श्रीमती पारिजात

यो लेखकको कुनै पनि लेखिका अथवा कवयित्रीहरूसंग साक्षात् परिचय छैन। उनीह-रूको कलमको टुप्पाले जो परिचय दियो त्यसैको आधारमा लेखिदै छ। पारिजातको? के? कहाँ? केही थाहा छैन। केवल 'शिरीषको फूल' संग भेट भएको आधारमा यो पृष्ठमा पारेको हो। पारिजात पुरस्कृत हुन्। नेपाली उपन्यास र कथा र साहित्यलाई पारिजातले निकै दिएको छ। 'महत्ताहीन' 'पर्खाल भित्र र 'बाहिर 'तोरीबारी' बाट र सपनाहरु, अन्तर्मुखी, शिरीषको फूल, उपन्यास र सडक र प्रतिमा, आदि कथा संग्रहले एकातिर महिला जगत्का सजिएको छ भने अर्कोतिर नेपाली साहित्य जगत पनि सजिएको छ भन्न सकिन्छ।

[ट] कवयित्री प्रेम राजेश्वरी शाही

श्रीमती प्रेमराजेश्वरीजीको जन्म वि. सं. १९७१ नक्साल काठमाडौंमा भएको हो। उहाँको पिताको नाम डम्बर संशेर थापा थियो। कवयित्रीको विवाह २००५ सालमा भारतको सुलतानपुर जिल्ला दियारा स्टेटमा कुंवर योगीन्द्र प्रताप शाहीसंग भएको हो। प्रेमराजेश्वरीजीको कवितानुभूति राम्रो छ। उहाँको कविता सङ्ग्रहको रूपमा २०३१ सालमा 'अनुभूति' को जन्म भई प्रकाशन पनि भयो।

प्रेमराजेश्वरीजी कवयित्री हुँदा हुँदै विस्तारै वि. सं. १९९७ तिर लेखिकाको रूपमा देखिनु भयो । उहाँ यी पंक्तिहरुको काराङकुरूङ हुँदासम्म जीवितै हुनु हुन्छ। उहाँको अनुभूतिवाट पाठकले अनुभव गर्नु होस् ।

उहाँले 'आराधना' शीर्षकको कवितामा आफ्नो अनुभवलाई यसरी राख्नु भएको छ–

दिनमा पनि वन्द गरी दृष्टि
हेर्छु प्रियतमको सृङ्गार
खोल्दिन पल्लव पलकसम्म पनि
हट्दछन कि भनी प्राणाधार॥ (१९९७ चैत्र)

यस्तै बाँच्नु मर्नुको 'इमान्दारी' शीर्षक कविताबाट उद्धृत

बाँच्न भने बाँचेकै छु
अज्ञ आफ्नै कर्मले पनि
तर आफ्नै निम्ति रत्ति पनि बाँचेको हो र ?'
त्यसमा अनेक प्रकार छन्
प्रकार, अर्थात् कति कति भाग वण्डा छन
सम्वन्धीहरूको अठ्याइ
तँ, हाम्रो, यो, त्यो त्यस्तै । (२०२३ साल आषाढ)

यस्ता मीठा प्रेरणादायक कविताहरू त्यो कोमल हृदयमा लुकेको छ । त्यस्ता प्रतिभाहरूलाई पहिलेदेखि नै जगेर्ना गरे कति राम्रो हुने थियो।

[ठ] श्रीमती सृजना

२०४१ साल आषाढमा रविन गुरुङ्गले प्रकाशित गरेको कवयित्री श्रीमती सृजनाजीको 'संघर्षशील जीवन' भन्ने कविता संग्रह पाइयो। कवयित्री कहाँको हो ? के थरी हो ? पत्ता चलेन। किताबको अन्तमा खम्वुवान पूर्व नेपाल भनेर लेखेको छ। जे होस्, कविता आधुनिकै भएता पनि नारीहरूको उत्साहवर्धक छ। आफ्नो देश छोडेर खाली पल्टनमा लाहुरे हुनेहरूलाई माइती बनाएर खुब शिक्षा दिएको छ । यस पुस्तिकामा भाषा जेसुकै होस् । तर 'गरीवको व्यथा' 'गाउँतिर अब जाऔं' 'आस्तित्व,' 'आह्वान,' 'आफ्नै देशमा लड,' 'अवहेलित नारी' आदि महत्वपूर्ण विषयहरूमा कविता छन् । यहाँ अवहेलित नारी' शीर्षकको नमूना प्रस्तुत छ–

अत्याचार र अन्यायमा पर्दो रैछ नारी
जन्मदेखि दासी बन्छिन् यसै गरी गरी
सानै छँदा देखि उनी बन्धनमा पर्छिन
बन्धनदेखि मुक्ति नपाई उनी त्यसै मर्छिन् ॥

यो नारीले गरेको संघर्षमय जीवनको परिणाम हो । दुःख र संघर्ष नै जीवनका क्षेत्र हो । कोमल नारी हृदयमा कोमल कवितावली हुनु त स्वाभाविकै हो । तर कोमलतामा काठिन्य अर्थात् वीर रस संघर्षको परिणाम हो । पाएसम्म नारी चेतनाहरूमा सामाजिक चेतनाको लागि केही मर्यादित खुकुलोपना हुनुपर्छ । तर अनावश्यक खुकुलोपनाले समाज भाँडिन्छ । जेहोस्, सृजना कविता सृजनामा केही वीर रसको नमूना देखाउने कवयित्री हुन् । मलै छन्द, अलङ्कार आदि नहोस् । त्यो त परिपक्व अवस्थामा आफैं आउने मात्र हो ।

[ङ[श्रीमती चन्द्रकान्ता मल्ल

श्रीमती चन्द्राकान्ता मल्लको जन्म वि. सं. १९६४सालमा भएको हो । उहांको पिताको नाम माधवराज र आमाको नाम रत्नमाया जोशी हो । चन्द्रकान्ताजी हुतात्मा शुक्रराज शास्त्रीजीको वैनी हुनु हुन्छ । उहाँले तात्कालिक नेपाली महिला समाजलाई शिक्षा दिलाउनको लागि ठूलो संघर्ष गर्नु परेको थियो । उहाँको 'गृहलक्ष्मा' र 'आत्मकथा' दुइ कृति प्रकाशित छन् । यस्तै कवयित्री लोकप्रियादेवीजीले सान्त्वना दिनु भएका विदुषी एम. लक्ष्मी को हाजीले रचना पाएका छैनौं । केवल उल्लेख मात्र छ । शारदा पत्रिकामा लेख कविता दिन सक्ने कवायित्री लेखिकाका अवश्य पनि परिचय हुनु पर्छ । तर पाइएन । यसै प्रकारले शुरूमा शारदामा कविता छपाउने श्रीमती कवयित्री गोमा पनि हुन् । त्यस बेलाका कवयित्रीहरू मध्ये प्रेमनमञ्जरी र मधुधारा पनि हुन् । तर उनीहरूको पनि परिचय र रचना खोज्नै परेको छ । तर चाँदनी शाहको गीत, कविताहरू चाहिं पाइन्छन् । कर्मिकामा गोमाजीले उध्दृत गर्नु भएको कवितालाई जस्ताको तस्तै राख्दछौं ।

लक्ष्यको सुनौलो योजनामा अवरोध बना
जब आउँछन् समस्या घेरेर चारैतिर
त्यहाँ जाँगर र हौसलाको मुहान खुलाई
तिम्रा पाइलाहरू अघि बढाउन सके हुन्छ ॥

चाँदनी शाहको भावपूर्ण कविताहरू भावैमा पढ्न पाइन्छ । यो निश्चित छ कि महिला जगतमा यो भाव उत्तम हो । यस रीतिले हिरण्यकुमारी पाठक, सावित्री

पोखरेल, विष्णुदेवी पुडासैनी, गार्गी, रेवती राजभण्डारी, ज्ञानु पाण्डेय आदिका कविता 'ऊर्मिका' अङ्क १ वर्ष १, कार्तिक २०४१ मा राम्रा राम्रा भावपूर्ण कविताहरू पढ्न पाइन्छ । यसै प्रकारले विदुषी लेखिकाहरूमा श्रीमती गोमा, धनराज्यलक्ष्मी शाह, सुमति वैद्य, प्रमिला उपाध्याय, मीरा, शशी रिमाल, गार्गी, देवी शर्मा आदि प्रसिद्ध छन्। तथा सुन्दर लेख र कविता दुवै छन् । यी मध्ये शशी रिमाल कवयित्री लोकप्रियादेवीकी सुपुत्री हुन् । महाकवि लक्ष्मीप्रसाद देवकोटाका माञ्जी हुन् । शशी रिमालजी लेखिका र कवयित्री दुवै हुनुहुन्छ । उहाँको कविता संग्रह सुन्दर रूपमा निक्लदै छ । उहाँले आफ्नी आमा लोकप्रियाजीको कविता सङ्कलन छपाएर साहित्य जगतको ठूलो उपकार गर्नु भएको छ । यसै रीतिले देवी शर्मा लामिछानेको जन्म १९९९ साल जेष्ठमा भएको हो । नेपालीबाट एम. ए. गरी पद्मकन्या क्याम्पसमा उपप्राध्यापक हुनुहुन्छ । रचनाहरूमा 'तर्क' पत्रिका र गोरखापत्रमा २०२६ देखि बेला बेलामा कविता समीक्षा एवं समालोचना प्रकाशित छन् । नारी साहित्यकारहरूको शोधखोजपूर्ण लेखहरू गरिमा र प्रज्ञा आदिमा प्रकाशित छन्। अनि जागरूक कार्यरत पनि छन् ।

[ढ] वानीरा गिरि

वानीरा गिरिजीको संक्षिप्त परिचय 'कारागार'को अन्तिम पृष्ठमा जुन रूपमा उल्लेख गरिएको छ, म पाठकहरूको सामुमा त्यसै रूपमा राख्दैछु । श्रीमती वानीरा गिरिजीको जन्ममा २९ अप्रिल, १९४६ मा भएको हो । नेपालीबाट एम. ए. र शिक्षा शास्त्रमा एम. एड. पनि गर्नु भएको छ । वर्तमान समयमा त्रिभुवन विश्वविद्यालय अन्तर्गत गोपालप्रसाद रिमालका कविता विषयमा विद्यावारीधी हासिल गर्नु भएको छ । साहित्यिक भ्रमणमा आफ्नो एशियाली युवा साहित्यिक सेमिनारमा भागलिन सोभियत रुस जानु भएको थियो। प्रकाशित कृतिहरूमा 'एउटा जिउँदो जङ्गबहादुर' (कविता संग्रह) 'जीवन थायमरू' (कविता संग्रह) 'मेरो आविष्कार' र 'कारागार' उपन्यास आदि प्रकाशित छन्। यी रचनाहरू मध्ये 'मेरो आविष्कार' र 'कारागार' लेखकको आँखामा परेको छ; मेरो आविष्कार आधुनिक रबडछन्दमा लेखिएको कविता सङ्गालो हो।'कारागार' उपन्यास हो। दुवै महिला समाजलाई कुनै न कुनै स्थितिमा प्रेरणादायक छ। यसै गरी महिला जगतको खाँचोमा खाँचो टार्ने उपाय नारी वर्गमा हुनुपर्छ ।

यस लेखलाई संग्रह गर्दा पनि देवी शर्मा र शशी रिमालजीले निकै सहयोग दिनु भएको छ । यसप्रकार राजधानी भित्रका महिलाहरू दबिएरै बसे पनि यत्तिका त निबले । राजधानी बाहिरका महिलाहरू जागरूक त के शिक्षित पनि देखिदैनन् । त्यसमा पनि किरात वर्ग सारै लोसे भएर बुहिएका छन् । केही शिक्षा लेलान् भनेर यो लेख तयार गरेको हो । निश्चित महिला वर्गले पढ्नु हुन्छ । कसैले अब रोकन सक्दैनन् । तर किरात र किराती महिलाहरूलाई आफ्नै कुहेको बुद्धिले रोके भने कसको दोष ? । यस लेखमा सङ्कलन भएका कविताहरू मध्ये छन्द, अलङ्कार, रस, भाव, भएको कविता लक्ष्मी प्रसाद देवकोटाकै टक्करको कवयित्री लोकप्रिया देवीको छ । जो भाव र अर्थ तथा अलङ्कारहरूले सुशोभित छन् यसमा अरू पछि लेखिने छ । अहिले यो लेख केवल महिला वर्गलाई प्रोत्साहन गर्नका लागि तथा मेरी आमा श्रीमती दिल-माया दोवाली चामलिङ्ग राईले ८ वर्षको उमेरमा छंडे पछि सेवा त के कालेको मुखैं देख्न पाइनन् । ए काले ! तैंले गरेर खाँदैनस्, भनी उतिखेर तीतो लागे तापनि यतिखेरको मीठो अर्ति दिनुहुन्थ्यो । कालेले वेद पढेछ भने म पनि सुनौला भन्नु हुन्थ्यो । कालेले वेद पढ्यो । तर सुनाउनु भन्दा पहिले नै बुबा धम्बे राई र मुमा दिलमाया दुवै सातै दिनको अगाडी–पछाडी पारेर हिंडे । नारी जतिको मूल्याङ्कन भए दिलमाया पनि बुद्धिले समाजमा कुनै हालतमा कम थिइन । जेहेस् यस लेखले केही दिदी बैनीहरू प्रेरित भएछन् भने यस लेखको सार्थकता सम्झने छु । साथै आमाको कोख शुद्ध भएको ठान्ने छु ।



नेपाललाई एउटा आदर्श हिन्दूराष्ट्रको रूपमा विकसित गर्ने हामीले अठोट गरेका छौं ।

– स्व. श्री ५ महेन्द्र

लिच्छविकालमा किरातकालको प्रभाव

—गोविन्द टण्डन

परिचय :

साहित्यिक र पुरातात्विक सामग्रीहरूको सचेततावाट नेपालको इतिहास बारे अध्ययन, मनन हुन लागेको ठीक १०५ वर्ष भयो। यतिन्जेलमा नेपाल राष्ट्रको पूर्ण इतिहास लेखिन नसकेको भएता पनि काठमाण्डौ अधित्यकाको इतिहासको खोजविनको क्रममा लिच्छविकालदेखि यता मध्यकालको इतिहासलाई छाडेर अरूको अध्ययन-मनन भएको उपलब्धीपूर्ण नै मान्नु पर्छ। यद्यपि इतिहास लेखेर कहिल्यै टुङ्गिदैन। सत्य, तथ्य र प्रामाणिक सामग्रीहरूको प्राप्ति हुँदै जाँदा इतिहास पुन: लेखिदै जान्छ। सत्य भनेर मानिई आएको कुरा असत्य हुन्छ, असत्य ठानिएको कुरा सत्य पनि हुन सक्छ। यसकारण इतिहास लेखनको क्रममा खोज तथा अनुसन्धानको अत्यधिक महत्तो हुने स्पष्ट छ। लिच्छविकालको इतिहासमा पनि मानदेव प्रथम (वि. सं. ५२१-६६२) भन्दा अगाडिको वस्तुस्थिति, वसन्तदेवदेखि शिवदेव प्रथम (वि. सं. ६४७-६७०) सम्मको अवस्थाको बारेमा कमै मात्र कुराहरू थाहा पाइएका छन्। गोपालराज वंशावली, प्रचलित भाषा वंशावली आदिमा

पुराण, माहात्म्य, वंशावली आदि लेख्ने, लेखाउने परम्परा निकै अघिदेखि चलेको हो। त्यसो भए तापनि शिलालेख आदिको समेत मनन गरी इतिहास लेख्ने परम्परा अहिलेसम्म प्राप्त प्रमाणहरूको आधारबाट वि०सं०१९३७ मा भारतका पं. भगवान लाल ईन्द्रजीले नेपालबाट लगेका लिच्छविकालका १५ वटा अभिलेख प्रकाश गराए पछि प्रारम्भ भएको मानिन्छ।

लिच्छविकाल मन्दा अगाडिका राजवंशहरूको उल्लेख पाइन्छ । त्यहाँ कलियुगको प्रारम्भ देखि अर्थात पाँच हजार जति वर्ष अघिदेखि काठमाण्डौ अधित्यकामा वस्ती बस्न शुरु भएको कुरा वंशावालीहरूमा लेखिएका छन् । यहाँ पहिले गोपाल, महिषपालहरूको राज्य चलेको, त्यसपछि सत्रसय वर्ष भन्दा पनि बढी समयसम्म किरातहरूको राज्य चलेको अनि किरातहरुलाई जिती लिच्छविहरुले शासन गरेको भन्ने कुरा गोपाल-राज वंशावली र भाषा वंशावलीहरूमा लेखिएको छ । गोपाल राजवंशावलीमा ती गोपाल, महिषपाल र किरात राजाहरुका नाम, क्रम, वर्ष र कसै-कसैको पालाको महत्वपूर्ण घटनासम्मको उल्लेख गरेको छ । विक्रमको पन्ध्रौ शताब्दीमा संकलित गोपाल राज-वशावलीमा उल्लेखित उपर्युक्त विवरणहरूको तथ्यातथ्यको बारेमा अहिले यसै हो भनी यकीन गर्न प्रमाणहरू फेला नपरेकोले लिच्छविकाल मन्दा अगाडिका किरातकाल महिषपालकाल, गोपालहरूको राज्यकालको बारेमा ठोकुवा गर्न सकिदैन । भविष्यमा खोज, अनुसन्धान एवं उत्खननहरूद्वारा इतिहास निर्माण गर्ने परिपाटी बस्न सके त्यत्तिखेर केही बुझ्न सकिएला । लिच्छविकाल भन्दा अगाडि यहाँ किरातहरुको शासन चलेको थियो भन्ने वंशावली, पशुपति पुराण, नेपाल माहात्म्य, स्कन्द पुराण अन्तर्गतको हिमवतखण्ड आदिमा लेखिएको कुरा चाहिं सत्य हो भन्ने देखाउने केही सामग्रीहरू लिच्छविकालका अभिलेखहरूबाट थाहा पाउन सकिन्छ । अभिलेखमा प्राप्त विवरणहरूबाट किरातकालको विषयमा विस्तृत कुराहरु थाहा हुन नसके पनि त्यति बलाको राजनैतिक आर्थिक सामाजिक पक्षहरूबारे विचार गर्ने आधारहरू भने उपलब्ध छन् । किरात शासन पध्दतिको अमिट छाप लिच्छविकालको शासन प्रशासनमा प्रशस्त परेको थियो । साच्चै भन्ने हो भने कतिपय कुराहरूमा किरातहरूले देखाएकै बाटोमा लिच्छवि शासकहरू हिंडे, त्यतिखेरको समाज हिड्यो । लिच्छविहरूले तात्कालिक नेपालको उन्नतिमा जति व्यवस्थाहरू बाँधे तिनीहरूमध्ये कैयन व्यवस्थाहरू किरातकालदेखि नै अवलम्बित हुदै आएको देखा पर्छ । लिच्छविकाललाई समृध्द बनाउन त्यो निरन्तरताले पनि उल्लेखनीय रूपले सहयोग गरेको बुझिन्छ । त्यो नमइकन लिच्छविकालमा एक्कासी उन्नति र विकास हुनु सम्भव थिएन । लिच्छविकालको जनजीवनको हरेक पक्षमा किरातकालको प्रभाव परेको कुरा लिच्छविकालका शिलालेखहरूमा पाइने विवरणहरूबाट बुझ्न सकिन्छ । लिच्छविकालमा राजभाषाको रूपमा संस्कृत भाषाको स्थान थियो । त्यसबेलाका आधिकांश शिलालेखहरू संस्कृत भाषामा लेखिएका छन् । तर ती शिलालेखहरूमा संस्कृत भाषाभन्दा भिन्न भाषाका कैयन शब्दहरू पनि आएका छन् । संस्कृत भाषाका शिलालेखहरूमा आएका ती संस्कृतेतर शब्दहरूबाट त्यसबेला जनजीवनमा बोलिने स्थानीय भाषा अर्कै थियो भन्ने बुझि-

न्छ। त्यो कुन भाषा हो ? प्रश्न उठ्न सक्छ। वंशवलीकारहरुले एक स्वरले लिच्छविकाल मन्दा अगाडि किरातवशंको राज्य थियो भनी वोलेको, त्यस्तै पशुपति पुराण, नेपाल माहात्म्य, हिमवत्खण्ड आदि नेपालमा ज्यादै प्रचलित प्राचीन इतिहासका ग्रन्थहरूमा पनि किरातहरूलाई लिच्छविहरूले पराजित गरेको कुराहरू वर्णन गरेकाले लिच्छवि शिलालेखहरूमा उल्लेखित संस्कृतेतर शब्दहरू किरात परिवार-कै हो भन्ने बुझिन्छ। त्यस्तै अंशुवर्माको समयतिरको मानिने हनुमानढोकाको एउटा अभिलेखमा पुरानो दरवारको जीर्णोद्धार रहेरचाहको क्रममा किरात शब्दको स्पष्ट उल्लेख आएकोले पनि लिच्छविहरूमन्दा अगाडि किरातहरूको राज्य थियो र लि-च्छवि शिलालेखहरूमा आएका संस्कृतेतर शब्दहरू किरात भाषा को हो भन्ने देखिन्छ। व्यक्ति, पद, मठ, मन्दिर, वस्तु, गोष्ठी, खोला, कुलो, अड्डा, डाँडो, खेत, बाटो, विष्टि (काम,) वृत्ति (जागीर) गाँउ, पाञ्चाली ठाँउ,कर,स्रोत (मुहान वा खानी), कुटी, सेतु, राजवासक आदिको नामको क्रममा किरात शब्दहरूको प्रयोग ज्यादात्तर गरिएका छन्। त्यस्ता नामहरु संस्कृत भाषाबाट पनि रहेका छन्। तर असी प्रतिशत मन्दा पनि बढी नामहरू किरात भाषाबाट रहेको देखिनाले लिच्छवि जनजीवन-मा किरातकालको कतिको प्रभाव रहेको थियो जान्न सकिन्छ। ती शब्द मध्ये केही शब्दहरू अहिले पनि किरात परिवारका कुनै कुनै भाषाहरूमा हुवहु उही रूपमा अहिले प्रचलित छन्। कतिपय नाम अपभ्रंस भएर अहिले प्रचलित भएका देखिएका छन्। त्यत्तिखेर किरात भाषाको काठमाण्डौ अधित्यकामा व्यापकता थियो।

राज्य पध्दतिमा प्रभाव:

लिच्छविहरूको पुर्खौली थलो वैशाली हो। ◆ 'वैशाली' मुजफ्फरपुर जिल्लामा पर्ने वर्तमान 'बसाढ' भेकमा थियो। त्यहाँका लिच्छविहरूमध्ये बाट राजा छानिथ्यो। राजपदको उम्मेदवार वुढा, तरूना जो पनि हुन सक्थे। यसको संकेत ललितविस्तरमा पाइन्छ ~~ परन्तु त्यो चलन नेपालका लिच्छविहरूमा पाइदैन।

◆ धनवज्र वज्राचार्य (सम्पा), इतिहास संशोधनको प्रमाण प्रमेय, भाग १, (ललितपुर जगदम्वा प्रकाशन, वि०सं० २०१९), पृष्ठ २०६।

~~ डा० पि०एल०वैद्य (सम्पा), ललितविस्तर, (दरभङ्गा: मिथिला विद्यापीठ' वि०सं० २०१८), पृष्ठ १५,

अपरे त्वाहु:- इयं वैशाली महानगरी ऋद्धाच स्फीता च

नेपालमा आएपछि उनीहरूले आफ्नो प्राचीन चलनलाई छोडन बाध्य हुनु पर्‍यो। किनभने यहाँ एकराजतन्त्र पद्धतिको अवलम्बन प्राचीनकालदेखि नै हुदै आएको संकेत वंशावलीहरुमा पाइन्छ। यहाँको जनजीवनमा एक राजतन्त्र पद्धतिले जरो गाडेको-कारणबाट नै लिच्छविहरुले पनि त्यही पद्धतिलाई अपनाउनु पर्‍यो। यद्यपि ग्राम, पाञ्चाली, गोष्ठी आदि निकायहरुद्वारा संघात्मक शासन पद्धतिमा बल पुर्‍याइएको थियो। धर्मदेव पछि मानदेव, मानदेवपछि महीदेव, वसन्तदेव आदि वंशानुगतरूपबाट शासन चलाइनु र मानदेव प्रथम(वि.सं. ५२१-६६२)को चाँगुनारायणको अभिलेख एवं जयदेव द्वितीय (वि. सं. अ.७६२-७७०) को पशुपतिको अभिलेखमा त्यो भन्दा अगाडिका लिच्छवि राजाहरुको उल्लेख गर्दा बाबु पछि छोरा राजा भएको उल्लेख गरिनुले यहाँ लिच्छविहरुको एक राजतन्त्रात्मक पद्धति थियो भन्ने बुझिन्छ।

प्रशासनमा प्रभाव:

सुगम र सुव्यवस्थितरूपले प्रशासनसम्बन्धी आवश्यक काम कुराहरू गर्न र व्यवस्था मिलउन लिच्छविकालमा अनेक अधिकरण, अड्डा, अदालतहरू कायम थिए- पूर्वाधिकरण, पश्चिम धिकरण, भट्टाधिकरण, कुथेर अधिकरण, शोल्ल वा शुल्ली अधिकरण, लिङ्ग्वल अधिकरण, माप्चोक अधिकरण, आदि। तिनीहरूमध्येमा कुथेर अधिकरण, शोल्ल वा शुल्ली अधिकरण, लिङ्ग्वल अधिकरण, माप्चोक अधिकरण, मुख्य थिए। यी चारै अधिकरणका नामहरू संस्कृत भाषाबाट रहेका नभई स्थानीय जनबोली बाट रहेका थिए। त्यसकारण अहिले तिनको नामबाट अर्थ गर्न गाह्रो

क्षेजा सुभिक्षा च रमणीया चाकीर्णबहुजनमानमनुष्या च वितर्दिनीर्यूहतोरणगवाक्षहर्म्यकूटागारप्रासाद-समलंकृता च पुष्पवाटिकावनराजिसंकुसुमिता च अमरतल भवन पुरप्रकाश्या। सा प्रतिरूपास्य बोधिसत्त्वस्य गर्भप्रतिसंस्थानायेति। अपर आहुः- साप्यप्रतिरूपा। किं कारणम्? तथा हि - तेषां नास्ति परस्परन्याय-वादिता, नास्ति धर्माचरणम्, नोच्चमध्यवृद्धज्येष्ठा-नुपालिता। एकैक एव मन्यते - अहं राजा, अहं राजेति। न च कस्यचिच्छिष्यत्वमभ्युपगच्छति न धर्मत्वम्। तेन साप्य प्रतिरूपा॥

छ । शिलालेखमा आएका प्रसङ्गबाट कुथेर अधिकरणको मुख्यकाम 'राजस्व' उठाउने ✻, शोल्ल अधिकरणले पञ्चापराध (चोरी गर्नु, अर्काकी स्वास्नी हेर्नु, ज्यान मार्नु, तथा यस्ता अपराध गर्नेहरूसंग सम्बन्ध राख्नु) सम्बन्धी कार्य हेर्ने ~, लिङ्ग्वल अधिकरणले सम्भवतः कुलो, धारा आदि जनजीवनसंग महत्वपूर्णरूपले सम्बन्ध राख्ने कामकारबाई गर्थ्यो कि भन्ने बुझिन्छ ✻✻। माप्चोक अधिकरणको अधिकार भित्र के के कुराहरू पर्दथ्यो निश्चित रूपले यकीन गर्न सकिंदैन। तर मालीगाउँको अभिलेखबाट विवाह पारपाचुके आदिसँग यस्को केही सम्बन्ध भएको आभाष मिल्दछ ◇ । यहाँ विचारणीय पक्ष के छ भने संस्कृत भाषालाई राजभाषाको रूपमा मान्यता दिई

✻(क) धनवज्र वज्राचार्य, 'लिच्छविकालको शासन पद्धति', पूर्णिमा, वर्ष ६, अंक ३, (वि० सं० २०२६), पृष्ठ १७० ।

(ख) धनवज्र वज्राचार्य, लिच्छविकालका अभिलेख, प्रथम संस्करण (काठमाडौं: नेपाल तथा एशियाली अध्ययन संस्थान, वि० सं० २०३०), पृष्ठ १२५ ।

~(क) धनवज्र वज्राचार्य, पूर्ववत, पूर्णिमा, वर्ष६, अङ्क ३, पृष्ठ १७२ ।

(ख) „ „ पूर्ववत, लिच्छविकालका अभिलेख, पृष्ठ १२७ ।

✻✻(क) „ „ पूर्ववत, पूर्णिमा, वर्ष ६, अङ्क ३, पृष्ठ १७४ ।

(ख) „ „ पूर्ववत, लिच्छविकालका अभिलेख, पृष्ठ १२९ ।

◇ „ „ पूर्ववत, लिच्छविकालका अभिलेख, पृष्ठ ४३८–४३९ ।

"...पत्यावुपरते नष्टे प्रव्रजितेपि वा पतितेपि दृष्टे–योषितामपरः पति इत्येव मादिभि : कारणैरपरैरपि कारणान्तरैर्विवाहात्पतनकालं सङ्ग्रहणेनापरं पतिमुपयाता निरपत्या योषितो ज्ञातिभिः– व... या ... यदि परिभ्रश्यान्यतपत्यन्तरमुपाददत .एवं द्वितीय सङ्ग्रह (मुप) याता नि (ःपु) त्रवत्यो भविष्यन्ति तासु माप्चोकाधिकारोयं यथाव्यवस्थम्प्रवर्तयितव्यस्तःस्वप्यतीतासुयतीसारूप्यकन्तन्नाम्ना परिभाषितञ्च धनं तम्माप्चोकवृत्तिभुजा ग्राह्यं ततोपि पुरुषपरितोषमभावयित्वा बहुशोपि व्यपेतलज्जाः प्रखलस्वभावश्चारित्रधर्मा (पगता) युवत्य : सन्तोषहीना प्रथमे विरक्ता रागानुषक्ता : पुरुष भजन्ते तापि यदि पुत्रवत्यो भविष्यन्ति नैव माप्चोकाधिकारभागधेया" .....

अर्थात्– लोग्ने मरेमा, हराएमा, जोगी भएमा वा पतित भएमा –– आइमाईहरूको अर्को लोग्ने...इत्यादि कारण र अरू कारणद्वारा विवाह पछि पतित भई

सम्पूर्ण शिलालेखहरू संस्कृत भाषामा लेखाउने लिच्छवि शासकहरूले उपर्युक्त चार मुख्य अधिकरणका नामहरू संस्कृत भिन्न भाषाबाट राख्नाले ती अधिकरणहरूको समाजमा अत्यन्त व्यापकता भएको थियो भन्ने बुझिन्छ । सम्भवतः यही कारणले संस्कृत भाषाबाट नाम दिनु निरर्थक संझियो । कुनै पनि कुराहरुले समाजमा जरो गाडे पछि हत्तपत पन्छाउन गाह्रो पर्छ । यी चार अधिकरणहरूको सम्बन्ध-मा पनि त्यस्तै भयो । यसबाट के देखिन्छ भने लिच्छविहरूको शासन भन्दा अगाडिदेखि अर्थात् किरातकालदेखि नै तात्कालिक समाजमा यी चार अधिकरण-हरू मार्फत प्रशासनका विविध पक्षहरुसंग सम्बन्ध राख्ने कार्यहरू गरिन्थ्यो । अधि-देखि चलेर परम्परा झैं बनी सकेका ती नाउँ फेरेर व्यवहार चलाउन गाह्रो पर्ने देखिएको हुँदा लिच्छवि शासनकालमा पनि त्यसैलाई मान्यता दिएको देखिन्छ । यसले लोक व्यवहारमा लिच्छविहरूको प्रतिष्ठा पनि बढायो । ती चार अधिकरणहरूको लिच्छविकालका शिलालेखमा आएका प्रकरणलाई विचार गर्दा किरातकालको प्रशासन व्यवस्था पनि कम महत्वपूर्ण थिएन भन्ने स्पष्ट हुन आएको छ ।

अधिकरणहरूको अतिरिक्त लिच्छविकालका शिलालेखहरूमा कतिपय यस्ता सरकारी पद, कर्मचारीका नामहरू आएका छन् जुन तात्कालिक जन भाषाबाट रहेका छन् । सिन्दिर दौवारिक, रोगमाचो दौवारिक ꙮ धावक गंछिजाक ❧, ब्रह्मुङ, शुह्मुं, तेपुल ✵ तेस्तुङ, शुल्हमुङ, ब्रह्मुङ ❖ पिटलंजाधिकार ◆ आदि । त्यस्तै गरी देउपाटनको वि. सं. ७०२ (संवत ६९)को अभिलेखमा "चुडुंगपेडामा नियुक्त गरिएकाको धनको व्याज सहित गरी (यो खेत दिइएको छ) ★ भन्ने वाक्य

अरू लोग्ने लिन्छन, यसरी दोस्रो संग्रह (ल्याइते स्वास्नी) हुन पुगेर पनि निस्सन्तान हुन्छन् भने तिनीहरुमा माप्चोक अधिकारणले लाग्ने कानून लाउनू । तिनीहरूको शेष पछि यती सारूप्य नाउँले तोकिएको धन माप्चोकका जागीरदारले लिनु । तैपनि लोग्नेबाट सन्तुष्ट नभई धेरै बाजी लाज पचाएका, खराब स्वभावका, चरित्र धर्मबाट च्यूत भएका पहिलो लोग्नेदेखि विरक्त भएका, कामवासनातिर झुकेका असन्तुष्ट युवतीहरू अरू लोग्ने लिन्छन् र तिनीहरूको सन्तान भयो भने चाहिं माप्चोक अधिकरणले कारवाई गर्नु पर्दैन ।

ꙮ धनवज्र वज्राचार्य, पूर्ववत, लिच्छविकालका अभिलेख, पृष्ठ ५६५–५६९ ।

❧ ऐजन, पृष्ठ ३०१–३०३ ।

✵ ऐजन, पृष्ठ ९१–९३

❖ ऐजन, पृष्ठ ३४८–३८९।

◆ ऐजन, पृष्ठ, ४५८–४६० ।

★ ऐजन, पृष्ठ ४७२ ।

परेको छ। चहुंगपेडाको अर्थ र काम त्यहाँ स्पष्ट नभएको हुँदा यो अड्डाको नाम पनि हुन सक्छ, कुनै सरकारी पद विशेषको नाम हुन पनि सक्ने देखिन्छ। सबभन्दा पहिले 'ब्रह्मुङ' शब्द वसन्तदेवको जैसिदेवलको अभिलेखमा आएको छ। त्यो शिलालेखमा "इति ब्रह्मुङिच महीशीले व्यवहरतीति" अर्थात् महीशील ब्रह्मुङले मुद्दामामिला सम्बन्धी काम गरिरहेको बेलामा भन्ने वाक्यांश परेको छ। महीशील भन्ने व्यक्तिको नाम पछाडि 'ब्रह्मुङ' शब्द आएको हुँदा यो 'थर' विशेष हो कि भन्ने देखिएता पनि वसन्तदेवको बलम्बु, पाँसिख्य र चौकिटारको अभिलेखमा प्रतिहार भवगुप्त ब्रह्मुङ त्यस्तै गणदेवका बलम्बु, सतुङ्गल, चौकिटार, किसिपिंडीका अभिलेखहरूमा एकजना बभ्रुवर्मा ब्रह्मुङ नामका दूतकको उल्लेख पाइने हुँदा 'गुप्त', 'वर्मा' आदि थर पश्चात आएको ब्रह्मुङ थर बुझाउने शब्द होइन भन्ने बुझिन्छ। उपर्युक्त अभिलेखहरूमा भवगुप्त ब्रह्मुङ, बभ्रुवर्मा ब्रह्मुङको उल्लेख गर्दा महीशील ब्रह्मुङलाई झैं मुद्दा मामिला सम्बन्धी काम गरिरहेको बेलामा भन्ने कुरा शिलालेखमा लेखिएको हुँदा 'ब्रह्मुङ' विशेषण भएका अधिकारीहरू प्रशासनमा संलग्न अधिकारीहरूको पद हो भन्ने बुझिन्छ।

लिच्छविकालमा सरकारी जागीरदारहरूलाई वृत्ति (जागीर) को रुपमा जग्गा दिने चलन थियो। यो परम्परा नेपालमा प्रजातन्त्र अगाडिसम्म पनि केही न केही रूपमा थियो। बलम्बुको भीमार्जुनदेवको वि. सं. ६८८ (संवत् ५५) को अभिलेखमा गीनुङ वृत्ति र दिग्वार वृत्तिको चर्चा आएको छ [*]। ती वृत्तिहरूको अर्थ र के गरे वापत पाइने हुन् शिलालेखबाट खुलस्त हुन सकेको छैन। स्थानीय जनभाषाबाट रहेका यी वृत्तिका नामहरूबाट त्यसरी वृत्ति दिने चलन लिच्छविकालभन्दा अगाडिदेखि नै चलेको संकेत हुन्छ। त्यस्तै गरी लिच्छविकालमा सरकारबाट नियत गरिएका कामहरू झाराको रूपमा ग्राम, पाञ्चालि, द्रङ्ग, तल आदिका वासिन्दाहरूले गर्नु पर्ने चलन थियो। राजाबाट निगाह हुँदा त्यस्ता बस्तीमा चाटभट (सरकारी कर्मचारी) पस्न नपाउने, विष्टि (झारा) नलाग्ने गरी वन्धेज बाँधी दिने प्रचलन पनि थियो। खासगरी देशको हीत हुने काम पर्दा, वा अरू कुनै विशेष राजकीय कामहरू आईपर्दा अनिवार्य रूपमा जनतालाई झाराको रूपमा निःशुल्क काम लगाइन्थ्यो। यो चलनको व्यापकता प्रजातन्त्रको उदय हुनुभन्दा अगाडि सम्म थियो। यस्तै विष्टिको रूपमा दङखुट्टारथा [*], फलन्जु [*], कशाण्ठी [*],

---

[*] ऐजन, पृष्ठ ४१९।

[*] ऐजन, पृष्ठ ४१४–४१५।

[*] ऐजन, पृष्ट ५३१–३२

[*] ऐजन, पृष्ठ ४४८–४९।

आदिको उल्लेख पाइन्छ। यी विष्टिहरु कुनै खास कामसंग सम्बन्धित होलान तर यसबारे अहिले निश्चय गर्ने साधन प्राप्त छैन।

जनजीवनमा प्रभाव

लिच्छविकालको हरक्षेत्रमा किरातकालको कुनै न कुनै रूपबाट प्रभाव परेको थियो। यस कुरा पुष्ट्याइ त्यसवेलाको मठ–मन्दिर, वस्तु, पद (सरकारी) खोला, कुलो, डाँडो, खेत, बाटो, कर, स्रोत, मण्डप, कुटी, सेतु, कोट (किल्ला), राजवासक् आदिका नामहरूबाट हुन्छ भन्ने कुराको चर्चा माथि गरियो। जनजीवनमा कुनै भाषा वा संस्कृतिले गाढा जरो नहालिकन अर्को भाषा वा संस्कृतिलाई कदापि प्रभावित पार्न सक्तैन। अझ शिलालेखहरूमा ती कुराहरू दर्शाउने गरी यत्रतत्र उदाहरण पाइनुले माथिको कुराको राम्ररी पुष्टि हुन्छ। मानदेवको मानिने विष्णुपादुका फेदीको शिलास्तम्भको अभिलेखमा 'केदुम्बाट' भन्ने एकजना मानिसको उल्लेख आएको छ। 'केदुम्बाट' संस्कृत भाषाको शब्द होइन। यो शब्दसंग सामन्जस्य राख्ने शब्दको प्रयोग अद्यपि किरात भाषा परिवारमध्ये कुनै–कुनै भाषाहरूमा 'माहिलो' भन्ने अर्थमा प्रचलनमा रहेको छ त्यस्तै गरी नक्साल नारायणचौरको अभिलेखमा 'वोन्तरिनो' नामका एकजना व्यक्तिको नाम उल्लेख भएको छ। उनले एउटा धारा बनाएका थिए। उक्त अभिलेखमा जग्गाको सीमाना खुलाउँदा सो कुराको चर्चा आएको छ।

लिच्छविकालमा कतिपय देव–मन्दिर, मठ, विहार आदिको नाम स्थानीय जनभाषाबाट रहेका देखिएका छन्। गुंविहार, भुम्मुक्किका जलशयन, माटिङ देवकुल, तेग्वल नारायण स्थान, मीर्मेलीती शङ्कर नारायण'

ऐजन, पृष्ठ ४५।

(क) ऐजन, पृष्ठ ३२३।

(ख) गौतमवज्र वज्राचार्य 'लिच्छविकालका पाँचवटा अप्रकाशित अभिलेख" पूर्णिमा, वर्ष ३, अङ्क १ (वि०सं०२०२३), पृष्ठ ९।

घनवज्र वज्राचार्य, लिच्छविकालका अभिलेख, पृष्ठ ३२५, ४४४-४४७।

ऐजन, पृष्ठ ३३९।

ऐजन, पृष्ठ ३४२–३४३।

ऐजन, पृष्ठ ३४५- ३४६।

थंसम्पिम् देव ❖, वलसोक्षि देवमन्दिर※, पृच्छिन्न्र दक्षिणेश्वर ✿, खर्जुरिका विहार ◈, त्यसका उदाहरणहरू हुन् । तिनीहरुमध्ये केहीको नाम ठाउँबाट रहेको देखिन्छ । वज्रयोगिनीमा रहेको विहारलाई मल्लकालका ठ्यासफुहरूको ❀ अतिरिक्त अहिलेसम्म पनि 'गुंविहार' नै भनिन्छ । लिच्छविकालको मुम्मिक्किका जलशयन मल्लकालमा 'भोयूवजलसेन' भयो ✱।

लिच्छविकालका शिलालेखहरूमा खासगरी जग्गाको सीमाना दिंदा खोला कुलो, खेतको नाम, बाटोको नाम, डाँडो, स्रोत, सेतु मण्डप , कुटी, राजवासक आदिका नामहरू अ एको देखिन्छ । त्यसमा पनि नदी, खोलाका नामहरू ज्यादाजसो स्थानीय जनबोलीमा नै रहेका देखिन्छ । भक्तपुर कुम्हाले टोलको अभिलेखमा सङ्को, सन्जारा नदीको ❈ चाँगुको शिवदेवको अभिलेखमा वुदुंम्न्रादुल, प्रोंज्ञम्वु, प्रोङनिप्रङ, प्रोङप्रोवाङ नदीका ☙; टोखाको शिवदेवको वि. सं. ६५४ को अभिलेखमा ज्ञातिखृन नदीको, वुन्लु खोलाको ❁. तौखेलको अंशुवर्माको वि. सं. ६७० को अभिलेखमा चुप्रिङ, चुम्तु नदीको ★, वनेपाको शिवदेवको अभिलेख घेलन्ती नदीकोO उल्लेख आएका छन् ।

लिच्छविकालमा कुलोलाई वुझाउन 'तिलमक' शब्द प्रयोग गरिन्थ्यो । 'तिलमक' शब्द संस्कृत भाषाको होइन । कुलोको पर्यायवाचीकोरूपमा 'तिलमक' शब्दको प्रयोग मल्लकालमा पनि भएको देखिएका छन् । विभिन्न नामका तिलमकका उल्लेखहरू लिच्छवि शिलालेखहरूमा पाइएका छन् । टोखाको शिवदेवको वि. सं. ६५४

❖ ऐजन, पृ'ठ ३९५ ९६

※ ऐजन, पृष्ठ ५६८ ।

✿ ऐजन, पृष्ठ ५०१ ।

◈ ऐजन, पृष्ठ ३२४ ।

❀ गौतमवज्र वज्राचार्य, पूर्णिमा वर्ष ३, अङ्क १, पृष्ठ ९ ।

✱ धनवज्र बज्राचार्य, पूर्ववत, लिच्छविकालका अभिलेख, पृष्ठ ४४४–४४७ ।

❈ ऐजन, पृष्ठ २३१

☙ ऐजन, पृष्ठ २३३–२३४ ।

❁ ऐजन, पृष्ठ २६६–२६७ ।

★ ऐजन, पृष्ठ ३४८–३४९ ।

O ऐजन, पृष्ठ २४१ ।

को अभिलेखमा पहिलो पटक 'तिलमक' शब्दको उल्लेख पाइन्छ । त्यहाँ 'तिलमक' को नाम भएको भाग फुटेकोले त्यसको नामकोबारेमा भने केही भन्न सकिँदैन । तर याग-वहालको नरेन्द्रदेवको वि. सं ७३६ को अभिलेखमा गोत तिलमकको ✸ लगनटोलको शिवदेवको वि. सं. ७५२ को अभिलेखमा चिसिमण्डा तिलमकको ∾, वजूधरको नरेन्द्रदेवको वि. सं. ७३६ को अभिलेखमा मेकण्डीदुल तिलमकको उल्लेख आएको छ ❧ ।

अहिले प्रचलनमा रहे जस्ता खेत बारीलाई भिन्ना भिन्नै नाम दिई सम्बोधन गर्ने चलन लिच्छविकालमा थियो तिनीहरू मध्ये कतिका नामहरु स्थानीय जनबोली बाट राखिएका हुन्ये । ज्बावहालको वि. सं ६७० को अभिलेखमा फृयूल खेत ❖; देवपाटनस्थित मृगस्थलीको रामदेवको वि. सं. ६०२ को अभिलेखमा शालगम्बि खेत ❁ बनेपाको शिवदेवको अभिलेखमा गोटन खेत ✿, वजूधरको नरेन्द्रदेवको वि. सं. ७३६ को अभिलेखमा प्रीतुव्र (खेत), चुह्वङ्ग भूमि, मित्तम्व्र (खेत) को उल्लेख आएको छ ✳ । त्यस्तै वलम्बुको शिवदेव (द्वितीय) को बि. सं. ७६२ को अभिलेखमा सिस्तीखोट्ट खेत ★, नक्साल नारायणचौरको अभिलेखमा नडपटा बारीको उल्लेख पाइन्छ 📖।

लिच्छविकालका अभिलेखहरूमा कतिपय डाँडाका नामहरु स्थानीय जनभाषा बाट नै सम्बोधन गरिएका उदाहरणहरू पाइएका छन् । 'गु' 'चो' आदि शब्दहरू

✸ ऐजन, पृष्ठ ४६८ ।

∾ ऐजन, पृष्ठ ५१४–५१५ ।

❧ ऐजन, पृष्ठ ५०० ।

❖ ऐजन, पृष्ठ ३४२–३४३ ।

❁ ऐजन, पृष्ठ १७६ ।

✿ ऐजन, पृष्ठ २४१ ।

✳ ऐजन, पृष्ठ ५०० ।

★ ऐजन, पृष्ठ ५३१–३२ ।

📖 ऐजन, ५६६ ।

डाँडो बोधक भएको बुझिन्छ। सीतापाइलाको वसन्तदेवको अभिलेखमा उनको बहिनी जयसुन्दरीले आफ्नो बुबा र आफ्नो कल्याणको लागि धाराको निर्माण गर्दा त्यसको मर्मत-जीर्णोद्धारको निमित्त राखेको जग्गाको सीमाना तोक्दा "ह्वारागुँ" डाँडोको उल्लेख आएको छ ※। त्यस्तै गरी बलम्बुको भीमार्जुनदेवको वि. सं. ६८८ को अभिलेखमा आएको ह्लागु ∾, पनि कुनै डाँडो कै नाम हुनु पर्छ। भीमार्जुनदेवकै वि. सं. ६९० को थानकोटमा रहेको अभिलेखमा पहञ्चो, लुम्वञ्चो डाँडाका नामहरू आएको छ। फर्पिङको गणदेवको अभिलेख मा ◇ उल्लेखित भिंदिचो खाह्लिचो, ब्रेम्गुंचो, मोगुंचो आदिहरू पनि डाँडा विशेष कै नाम हुन् भन्ने कुरा शब्दको पछाडि 'चो' प्रत्यय भएबाट बुझिन्छ। यागवहालको नरेन्द्रदेवको वि. सं. ७३६ को अभिलेखमा 📖 आर्यभिक्षु संघलाई दान दिएको जग्गाको सीमानाको चार किल्ला खोल्दा आएको गोमिभूधञ्चो, खारेवालगञ्चो पनि डाँडाकै नाम हुनु पर्छ।

यस सन्दर्भमा स्रोत (मुहान, मूल) को नामहरू पनि उल्लेखनीय छ। लिच्छविकालका अभिलेखहरु केलाई हेर्दा चाँगुको शिवदेवको अभिलेखमा विह्लिङ्खो ❧ पशुपति वज्रघरको नरेन्द्रदेवको वि. सं. ७३६ को अभिलेखमा फंशिन्प्रल ❧ बलम्बुको शिवदेव द्वितीयको वि. सं. ७६२ को अभिलेखमा लुल्जु र गोल्लं ❖ बनेपाको शिवदेवको अभिलेखमा तेखुंदुल स्रोतहरुको उल्लेख आएका छन् □।

यसै गरी नक्साल नारायणचौरको अभिलेखमा विङ्वोचा मण्डपी, पोण्डि मण्डपिकाको उल्लेख आएको छ ✻। त्यसै अभिलेखमा पङ कुटी, छूम कुटीको-

---

※ ऐजन, पृष्ठ १३२।

∾ ऐजन, पृठ ४२०।

◇ ऐजन, पृष्ठ १८२।

📖 ऐजन, पृष्ठ ४९६–४९८।

❧ ऐजन, पृष्ठ २३४।

❧ ऐजन, पृष्ठ ४९९–५००

❖ ऐजन, पृष्ठ ५३२।

□ ऐजन, पृष्ठ २४१।

✻ ऐजन, पृष्ठ ५६९।

पनि चर्चा छ। चाँगुको शिवदेवको अभिलेखमा उदलमलक, रिम्शिङ नामका सेतुका उल्लेख छ ❋। सतुङ्गलको शिवदेवको वि. सं. ६५४ को अभिलेखमा फेरङ कोट (किल्ला) को चर्चा छ ◆। बलम्बुको शिवदेव द्वितीयको वि. सं. ७६२ को अभिलेखमा सलम्ब्रू राजवासकको उल्लेख आएको छ ❧। 'सलम्बु' यो संस्कृत शब्द होइन। यसबाट सलम्बु राजवासक या त किरातले बनाएको दरबार या स्थानीय जनभाषाको शब्द अवलम्बन गरी बनाएको दरबार रहेछ भन्ने बुझिन्छ। सलम्बु राजवासक कहाँ थियो ? कस्तो थियो भन्न गाह्रो छ। साँखुमा सलम्बु, नाम गरेको ठाउँ, सलम्बु देवी आदिका स्थान अद्यापि छन्। उक्त अभिलेखमा उल्लेखित सलम्बु र साँखुका विद्यमान सलम्बु बीचको सामञ्जस्यता बारे अहिले ठेकुवा गर्न सकिदैन। तर तात्कालिक भाषामा भएको सलम्बु अहिलेसम्म प्रचलनमा हुवहु उही रूपमा रहेको पाइनु भाषागत अध्ययनको निमित्त महत्वपूर्ण सामग्री हुनसक्छ।

सरकारद्वारा जिनिसकोरूपमा जनताबाट उठाइने एक किसिमको करलाई 'वस्तु' भनिन्थ्यो। साँगाको अंशुवर्माको वि. सं. ६६५ को अभिलेखमा शङ्गा (साँगा) ग्राममा बस्ने मानिसहरुको दुःख बुझेर हाम्हुं, कूम्हुं भन्ने वस्तुहरु करको रूपमा बुझाउनु नपर्ने व्यवस्था गरेको कुरा परेको छ ✿। तेलका बाह्र वडाको साथमा तैल्यशाला (कोल) को प्रसङ्गमा आएको हाम्हुं, कूम्हुं के हुन निश्चय गर्न सकिदैन। नेवारी भाषामा तिललाई 'हामो' भनिने चलन भएबाट श्रीधनवज्र बज्राचार्यले 'हाम्हुं' लाई तिल हो कि भन्ने अनुमान गर्नु भएको छ ✳।

त्यस्तै गरी 'कर' लाई बुझाउने केही नामहरू संस्कृतभिन्न तात्कालिक जनभाषाबाट रहेको पाइन्छ। थानकोटको भीमार्जुनदेवको वि. सं. ६९० को अभिलेखमा 'सिकर', 'चोखपरा' भन्ने चैलकरको उल्लेख पाइन्छ। त्यहाँ चोखपरा भन्ने चैनकर माफी गरिदिएको र सिकरमा चाहिं जसले १ कार्षापण बुझाउनु पर्थ्यो त्यसले ८ पण बुझाउनु, जसले ८ पण बुझाउनुपर्थ्यो त्यसले ४ पण बुझाउनु

❋ ऐजन, पृष्ठ २३४-३५

◆ ऐजन, २६२।

❧ ऐजन, ५३०-३१।

✿ ऐजन, ३३६-३७।

✳ ऐजन, पृष्ठ ३३८।

भन्ने स्थिति बाँधिएको कुरा परेको छ ꩜। यहाँ उल्लिखित 'चोख्परा' 'सिं' यी पद संस्कृत भिन्न भाषाका हुन् । दाउरा, काठ, भन्ने बुझाउन अहिलेसम्म नेवारी, लिम्बु, राई, लेप्चा, शेर्पा, आदि भाषामा 'सिं' शब्द प्रयोग गरिन्छ। यसकारण 'सिंकर' दाउरा वा काठ विशेषमा लाग्ने कर हो भन्ने बुझिन्छ ★। जहाँसम्म चोख्परा भन्ने चैलकरको कुरा छ, त्यो कपडाको उत्पादनमा लागेको कर हो भन्ने बुझिन्छ। 'चोखपरा' संस्कृत भिन्न भाषाको भएकोले यो लिच्छविकाल भन्दा अगाडिदेखि प्रचलित कर रहेछ भन्ने संकेत मिल्छ।

लिच्छविकालका अभिलेखहरूमा संस्कृत भिन्न तात्कालिक जनभाषाबाट रहेका ग्राम, पाञ्चाली, द्रङ्ग र ठाउँका नाउँहरु प्रशस्त भएकाले तिनीहरूको तालिका नै बनाई उल्लेख गर्नु सान्दर्भिक हुने हुँदा यहाँ प्रत्येकको तालिका प्रस्तुत गरिदैछ–

꩜ एजन, पृष्ठ ४३४-४३७।

★ एजन।

[१] ग्रामहरू:-

क्रमसंख्या	ग्रामका नामहरू	शक सम्वत् / मानदेव सम्वत	विक्रम संवत्	शिलालेख रहेको ठाउँ	स्रोत
१.	खकम्प्रिङ ग्राम	श. सं. ३८६	५२१	चाँगुको मानदेवको अभिलेख	इन्द्रजी १, लेभी १, सं.स १।६ १/७,नोली१,ई.सं.प्र.प्र.पृष्ठ१०२-१०५,लि का.अ.२.ने.प्रा.अ.२,३।
२..	दुलङग्राम,खोपृङग्राम, दुप्रङग्रान, ह्यास्प्रिङ ग्राम	श सं. ३९९	५३४	देउपाटनको रत्नसंघको "	नोली ६. इ.सं.प्र.प्र.पृष्ठ २६४, लि.का.अ. १०, ने. प्रा.अ. १२।
३.	थेञ्चो ग्राम	श. सं. ४२८	५६३	थानकोट मादिनारायणस्थानको वसन्तदेवको अभिलेख	नोली १२, पूर्णिमा १४,लि.का. अ. २२, ने,प्रा, अ. २४।
४.	दुलम ग्राम	श. सं. ४५२	५८७	खपिंछेको "	अ.सं.५.लि. का. अ. २८, ने. प्रा. अ. ३१।
५.	दोव ग्राम	श. सं. ४६७	६०२	अयंघाटको रामदेवको "	सं. स. १।७, २।१-२-३, नोली १७. लि.का.अ. ३९, ने. प्रा. अ. ४१।
६.	टेग्वल ग्राम	श. सं ४८२	६१७	चौकिटारको गणदेवको "	नोली १९, ने. प्रा. ई. न प्र. (परि. ख), लि. का. अ. ४४, ने. प्रा. अ. ४८।

७.	किचप्रिचिङ ग्राम	शा. सं. ४८२	६७२	किसिपिडिको गणदेवको अभिलेख	लेभी. ७, लि.का. अ. ४७, ने प्रा. अ. ५० ।
८.	कादुङ ग्राम	" "	६१७	रतुङ्गलको "	लि. का. अ. ४९,ने.प्रा. अ.५२ ।
९.	तुञ्चतुचतु ग्राम	शा. सं. ४८९	६२४	चपली गाउँको गङ्गादेवको "	लेभी ८, नोली २१, लि. का. अ. ५१, ने. प्रा. अ. ५४।
१०.	खृपुङ ग्राम	शा. सं. ५१६	६५१	तुलान्छें टोलको शिवदेवको "	लेभी ९, नोली २५, ने. ई. न. प्र. (परि ग) लि. का. अ. ६२, ने. प्रा. अ. ६५ ।
११.	कादुङ ग्राम	शा. सं. ५१९	६४५	सतुङ्गलको शिवदेव "	नोली २८ लि. का. अ. ६५, ने. प्रा. अ. ६८ ।
१३.	वुगायुमी ग्राम	मा .सं. २९	६६२	बुङमतीको अंशुवर्माको "	इन्द्रजी ६, नोली ३९, लि. का. अ. ७१, ने. प्रा. अ. ७४ ।
१३.	तेस्तुङ ग्राम	--	--	टिस्टुङ्गको " "	अ.प्र. ५, टि. चि ए.सा. पृष्ठ १५-१६, लि.का.अ. ७४, ने. प्रा. अ. ७६ ।
१४.	शङगा ग्राम	मा. सं ३२	६६५	साँगाको अंशुवर्माको "	लेमी १५, नोली ३७, पूर्णिमा ७,लि.का.अ.७८,ने प्रा.अ.८० ।
१५.	माटिङ ग्राम	मा सं. ३४	६६७	पाटन सुन्धाराको "	वेण्डाल २, नोली ३८, लि. का.अ.७९,ने.प्रा.अ ८१ ।

१६.	चुस्तुङ ग्राम	मा. सं. ३७	६७०	तौखेलको " "	टि. चि. ऐ. सा, पृष्ठ १७–१८; लि. का. अ ८२, ने. प्रा अ. ८४।
१७.	जोञ्जोन्दिङ ग्राम	--	--	नक्साल मन्सारहिटीको "	सं स. ११९, नोली ४२, लि.का.अ. ८४, ने. प्रा. अ ८८ ।
१८.	माथङ ग्राम	--	--	नःघलको "	अ. सं. १, लि. का अ. ९४, ने प्रा. अ. १२१ ।
१९.	पनप्फु ग्राम	--	--	ललितपुर चपटोलको "	अ. सं ५, लि. का. अ ९५, ने. प्रा अ. ३४ ।
२०.	हस्विमबिल्ली ग्राम	--	--	भेल्लुको अभिलेख "	पूर्णिमा ५, लि. का. अ १०३, ने. प्रा. अ. ९९।
२१.	थम्बु ग्राम, गाडशुल ग्राम	मा सं. ४८	६८१	छिन्नमस्ताको ध्रुवदेवको "	इन्दजी ६, नोली ५०, पूर्णिमा २१, लि. का. अ १०५, ने.प्रा. अ. १०२ ।
२२.	माग्वल ग्राम	मा. सं. ४९	६८२	माजटारको ध्रुवदेवको अभिलेख	नोली ५१, लि. का. अ. १०६, ने प्रा अ. १०३ ।
२३.	छोगुं ग्राम, युवीसामा ग्राम, तलञ्जु ग्राम	--	--	आदेश्वरको "	नोली ५३, लि. का. अ. १०८, ने. प्रा. अ. १०६ ।
२४	जोलिप्रङ ग्राम	मा. सं. ५५	--	बलम्बुको भीमार्जुनदेवको "	नोली ५५ लि का अ. ११०, ने. प्रा. अ. १०८ ।

२५.	पिखु ग्राम, खुलप्रिङ ग्राम, पो ग्राः	--	--	पशुपति छत्रचण्डेश्वरको "	इन्द्रजी ११, नोली ५९, पूर्णिमा १४, लि. का. अ. ११२, ने. प्रा. अ. ११४।
२६.	याप्रिङ ग्राम, दुप्रङ ग्राम	--	--	नील वाराहीको अभिलेख "	पूर्णिमा १३, लि. का अ. ११४, ने. प्रा. अ. ११२।
२७.	थेञ्चो ग्राम	मा. सं ५७	६९०	थानकोटको भीमार्जुनदेवको "	लेभी १६, नोली ५६, पूर्णिमा ८, लि का. अ. ११५, ने, प्रा. अ. १०९।
२८.	भृङ्गार ग्राम	मा. सं. ६५	६९८	भृङ्गारेश्वरको भीमार्जुनदेवको "	नोली ६२, पूर्णिमा १६, लि. का. अ ११८, ने.प्रा. अ. ११७।
२९.	कोङको ग्राम, हुसपिन्दुङ ग्राम	मा सं. ६७	७००	यङ्गालहिटीको नरेन्द्रदेवको "	नोली ६६, पूर्णिमा २३, लि. का. अ. १२४, ने. प्रा. अ. १२२।
३०.	चुहुङपेड्या ग्राम, नर्रप्रि ग्राम	मा. सं. ६९	७०२	देउपाटनको अभिलेख "	नोली ६५, लि. का अ. १२५; ने.प्रा. अ. १२४।
३१.	गुल्लंतङ ग्राम	मा. स १०३	७३६	देउपाटनको नरेन्द्रदेवको अभिलेख	लेभी २०, नोली ७४, पूर्णिमा १४, लि. का. अ. १३३ ने. प्रा. अ. १३६।

३२.	लोप्रिङ ग्राम	मा. सं. १०३	७३६	देउपाटनको अभिलेख	इन्द्रजी १३, नोली. ७३, पूर्णिमा १४, लि. का. अ. १३४, ने. प्रा. अ. १३७।
३३.	नालङ्ग ग्राम	मा. सं. ११८	७५१	नालाको शिवदेव (द्वितीय) को "	अ. सं ५, लि. का. अ. १३८, ने प्रा. अ १३८।
३४.	दावाकोट्ट ग्राम, फवद्रङ ग्राम, गंप्रोदिङ ग्राम, गणिदुङ ग्राम,	मा. सं. १२९	७६२	वम्बुको " " "	नोली ७६, लि का. अ. १४३, ने. प्रा. अ. १४५।
३५.	लोप्रिङ ग्राम	मा सं. १३७	७७०	च्यासलटोलको जयदेव (द्वितीय) "	लेभी १८, नोली ७९, लि. का. अ. १४५, ने. प्रा. अ. १५०।
३६	कलोपि ग्राम	मा. सं. १७०	८०३	मंगलबजारास्थित धाराको "	अ. सं. ५. लि. का. अ. १७०, ने. प्रा. अ. १६०।
३७.	कादलक ग्राम	मा सं. १७२	८०५	विष्णूर्तिको पादपीठको "	आ. ए. आ. २५; पृष्ठ ६०–६१। लि. का. अ. १७१, ने. प्रा. अ. १६२।
३८.	लङखा ग्राम	मा. सं. २७१	९०४	चाँगुको अभिलेख	नोली ८९, लि. का. अ. १८०, ने. प्रा. अ. १९१।
३९.	गुङ्दीमक ग्राम	—	—	चाँगुको शिवदेवको "	नोली. ३४, लि. का. अ. ५८, ने. प्रा. अ. ६१।
४०.	एतङ ग्राम	मा. सं. १८०	८१३	यङ्गबहालको "	मे. ने ३ (परि *A*) अ प्र. ९, लि का अ १७२ ने प्रा अ १६७।

[२] पाञ्चालीका नामहरू

क्रम संख्या	पाञ्चालीका नामहरु	शक सम्वत् / मानदेव सम्वत्	विक्रम संवत्	शिलालेखको विवरण	स्रोत
१.	आङलात्रकसपिता पाञ्चाली	श. सं. ५१७	६५२	बुढानिलकण्ठस्थानको शिवदेवको अभिलेख	इन्द्रजी ५, नोली ७७, पूर्णिमा १८ लि.का अ. ६४, ने प्रा. अ. ६७ ।
२.	सपेला पाञ्चाली	मा. स. ३२	६६५	हाँडीगाउँको अंशुवर्माको "	लेमी १४, नोली ३६, पूर्णिमा १४, लि.का अ. ७७ ।
३.	माग्गोल ग्राम पाञ्चाली	मा. सं. ४९	६८२	मालटारको शिवदेवको "	नोली ५१ लि. का. अ. १०६, ने. प्रा. अ. १०३ ।
४.	गीटा पाञ्चाली	----	--	मीननारायणको " "	इन्द्रजी १०, नोली, ५२, पूर्णिमा २१, लि का.अ. १०७, ने. प्रा. अ. १०४ ।
५	कोङको ग्राम पाञ्चाली	----	--	अनन्तलिङ्गेश्वरको नरेन्द्रदेवको "	अ. सं. १, लि का. अ. १२९, ने. प्रा. अ. १२८ ।
६.	रेटा पाञ्चाली, लोप्रिङ पाञ्चाली पुनु पाञ्चाली	मा. सं. १३७	७७०	च्यासलटोलको जयदेवको "	लेमी १८, नोली ७९, लि. का. अ. १४५, ने. प्रा. अ. १५० ।
७.	गीग्बल. जाज्जे, तेग्वल, यूग्वल पाञ्चाली	मा. सं. १४८	७८१	मीननाथको अभिलेख	इन्द्रजी १४, नोली ८०, लि.का. अ. १४६, ने. प्रा अ. १५२ ।
८.	लज्जम्वल पाञ्चाली	मा. सं. १५१	७८४	जैशिदेवलनिरको अभिलेख	वेण्डाल ४, नोली (परि .२), लि, का. अ १४७, ने प्रा, अ १५३ ।
९.	ह्मप्रिङ, पुठम्प्रिङ, जययाम्वि, पुंदट्ट पाञ्चाली	----	--	नक्साल नारायणचौरको	लेमी २१, नोली, ८३, पूर्णिमा १६, लि, का, अ, १४९, ने, प्रा, अ, १५६ ।

[३] ठाउँका नामहरू :

क्र. सं.	ठाउँका नामहरू	शक सम्वत् वा मानदेव सम्वत्	विक्रम सम्वत्	शिलालेख रहेको ठाउँ	स्रोत
१.	दोम्मान	श. सं ३८६	५२१	चाँगुनारायणस्थित मानदेवको अभिलेख	इन्द्रजी १, लेमी १, सं. स. ११६, ११७, नोली १, इ स. प्र. प्र. पृष्ठ१०२–१०५, लि का.अ. २ ने. प्रा. अ २, ३ ।
२.	विलिविक्षी, वेम्मा, खैनप्पु,	श. सं. ३९९	५३४	देउपाटनको रत्नसंघको "	नोली ६,इ. सं. प्र. प्र. पृष्ठ,२६४, लि. का. अ. १०, ने. प्रा. अ. १२ ।
३.	प्रङप्रिङ, मैंशिङ, वोतवोरूषो, सीताटी, जोल्प्रिं, प्रयिट्टिखा	श. सं. ४०२	५३७	देउपाटनको अभिलेख	नोली १०, लि. का. का. ११, ने. प्रा. अ. १३ ।
४.	गुम्पद्वृं	श. सं. ४१०	५४५	पंचदेवलको "	अ. सं. १. लि. का. अ १३, ने. प्रा. अ. १५ ।
५.	गुडन्दुलुत्तर, ह्लीम्को	श. सं ४३५	५७०	पाटन वाहालुखाको वसन्तदेवको"	अ. सं. ५, लि का. अ. २४, ने. प्रा. अ. २८ ।
६.	पिकङकूलक	श. सं. ४५२	५८७	खर्पिछेको अभिलेख	अ. सं. १, लि. का. अ. २८ ।
७.	शटम्मि, गम्मे, मिङ्को, लेन्दु, सुब्रंको	श. सं, ४६०	५९५	साँखु दुगाहिटीको वामनदेवको "	अ. सं. १, लि. का. अ. ३७, ने. प्रा. अ. ३१ ।

८.	वेम्मा	श. सं. ४६२	५९७	पशुपतिको आभिरी गोमिनीको "	सं.स. २।१-२-३, नोली १६; लि. का. अ. ३८, ने. प्रा. अ.४०।
९.	तेग्वङ, केखा	श. सं. ४७९	६१४	फर्पिङको अभिलेख	अ. सं ९, लि. का. अ. ४२. ने. प्रा. अ. ४४।
१०.	माखोदुलं. तरंफुथुल्व, हेलीतिलं…,वि-यखोट्टसुल्प, दट्टणदत्पस	--	--	भक्तपुरको कुम्हाले टोलको "	अ. सं ५, लि.का. अ ५७, ने.प्रा. अ. ६०।
११.	शातुन्तीदुल	--	--	चाँगुको शिवदेवको अभिलेख	नोली ३४. लि. का. अ. ५८, ने. प्रा. अ. ६१।
१२.	डिविचदि	--	--	ललितपुर मङ्गलबजारको "	नोली ४५, लि. का. अ. ९९, ने. प्रा. अ. ९४।
१३.	वद्राली	--	--	भेम्वुको अभिलेख	पूर्णिमा ५, लि. का.अ. १०३, ने. प्रा. अ. ९९।
१४.	न्हागुं, नतिंदुल	मा. सं. ५५	६८८	बलम्बुको भीमार्जुनदेवको "	नोली ५५, लि. का. अ ११० ने. प्रा. अ. १०८।
१५.	शिताटी	मा. सं. ६७	७००	यङ्गालहिटीको नरेन्द्रदेवको "	नोली ६६, पूर्णिमा, २३. लि. का. अ. १२४, ने. प्रा. अ. १२२।
१६.	शालङा	मा. सं. ६९	७०२	देउपाटनको अभिलेख	नोली ६५, लि. का. अ.१२५, ने. प्रा. अ. १२४।

१७.	परिगेस्पुल्ली	मा. सं. १०३	७३६	यागबहालको नरेन्द्रदेवको "	लेमी २०, नोली ७४, पूर्णिमा १४, लि. का. अ. १३३, ने. प्रा. अ. १३६ ।
१८.	पीतुब्रु, मित्तम्ब्रु, निम्बू, म्हुप्रिङ	"	७३६	वज्रगर " "	इन्द्रजी १३, नोली ७३, पूर्णिमा १४, लि. का. अ. १३४, ने प्रा. अ. १३७ ।
१९.	दण्डङ्गु, सत्वौमालम्बा, पालण, दावाकोट्ट, दांयम्बी	मा. सं. १२९	७६२	बलम्बुको शिवदेव (द्वितीय) को"	नोली ७६, लि का. अ. १४३. ने. प्रा. अ. १४५ ।
२०.	अशिङको, कडम्प्रिङ, कङकुलम	मा. सं. ४८	६८१	छिन्नमस्ताको ध्रुवदेवको "	इन्द्रजी ९, नोली ५०. पूर्णिमा २१, लि. का. अ. १०५, ने. प्रा. अ. १०२ ।
२१.	पाफनादूलक, पागुंमक	--	--	पशुपति छत्रछण्डेश्वरको "	इन्द्रजी ११ नोली ५९, पूर्णिमा १४, लि. का. अ. ११२, ने. प्रा. अ. ११२ ।
२२.	येब्रंखर, थम्बिदुल, सुर्िसिवत्ती, शलङ्खा, पहञ्चो, लुम्बञ्चो	मा. सं. ५७	६९०	थानकोटको भीमार्जुनदेवको "	लेमी १६, नोली ५६. पूर्णिमा ८, लि. का. अ. ११५, ने. प्रा. अ. १०९ ।
२३.	लंखुलंउट्टण, तवेचेखा, उडणेहुश, कङकावत्तिखा, कम्प्रोयम्ब्री, हुडिखु, यकु,	----	--	नक्साल नारायणचौरको "	लेमी २१ नोली ८३, पूर्णिमा १६, लि. का. अ. १४९, ने प्रा. अ. १५६ ।
२४.	चुल्लंखु	मा. सं. १७१	८०३	मंगलबजार धाराको "	अ. सं. ५, लि. का. अ. १७०, ने. प्रा. अ. १६० ।
२५.	लहुग्वल	मा. सं. १८०,	८१३	यङगबहालको अभिलेख	मे. ने. ३ (परि. *A*) अ. प्र. ६, लि. का. अ. १७२, ने. प्रा. अ. १६७ ।

क्रम संख्या	द्रङ्गका नामहरू	शक सम्वत्/ मानदेव सम्वत्	विक्रम संवत्	शिलालेख विवरण	स्रोत
१.	थंतुंरी द्रङ्ग	श. सं. ५१२	६४७	विष्णुपादुका फेदीको शिवदेवको अभिलेख	पूर्णिमा १५, लि. का. अ. ५४, ने. प्रा. अ. ५७ ।
२.	स्थरू द्रङ्ग	—	—	चापागाउँको " "	नोली ३२, लि. का. अ. ५५, ने. प्रा. अ. ५८ ।
३.	माखोपृङ द्रङ्ग	श. सं ५१६	६५१	गोलमाढी टोलको " "	वेण्डाल १, नोली२४, पूर्णिमा १८, लि. का. अ. ६१. ने. प्रा. अ. ६४।
४.	लेम्वटी द्रङ्ग	श. सं. ५२६	६६१	लेलेको अभिलेख	अ. स. १, लि. का. अ. ७०, ने. प्रा. अ. ७३ ।
५.	शीताटी द्रङ्ग	मा. सं. १२९	७६२	वलम्बुको शिवदेवको (द्वितीय) को अभिलेख	नोली ७६, लि. का. अ., १४३, ने. प्रा. अ. १४५ ।

प्रयोग गरिएका संकेतहरूको संक्षिप्तरूप

आ. ए. आ. = आर्काइभ्स अफ एशियन आर्ट (पि. पाल, २०२९)

अ. प्र. = अभिलेख प्रकाश (हेमराज शाक्य, २०२६)

अ. सं. = अभिलेख संग्रह (संशोधन मण्डल, २०१८–२०२१)

वेण्डाल = ए जर्नी अफ लिटेररी एण्ड आर्कियोलोजिकल रिसर्च (२०३४)

नोली = नेप्लिज इन्सक्रिप्सन इन गुप्त क्यारेक्टर्स (२०१३)

इन्द्रजी = इन्स्क्रिप्सन फ्रम नेपाल (भगवानलाल इन्द्रजी र जि. बुल्हर १९३७)

इ. सं. प्र. प्र. = इतिहास संशोधनको प्रमाण प्रमेय (धनवज्र वज्राचार्य (सम्पा.) २०१९)

ने. प्रा. अ = नेपालको प्राचीन अभिलेख (हरिराम जोशी, २०३०)

लेभी. = ले नेपाल, भाग ३ (१९६५)

मे. ने. = मेडिएभल नेपाल, भाग ३ (डि. आर. रेग्मी, २०२३)

लि. का. अ. = लिच्छविकालका अभिलेख (धनवज्र वज्राचार्य, २०३०)

ने. प्रा. इ. न. प्र. = नेपालको प्राचीन इतिहासमा नयाँ प्रकाश (ज्ञानमणि नेपाल, २०१९)

सं. स. = संस्कृत सन्देश

टि. चि. ऐ. सं. = टिस्टुङ्ग – चितलाङ्ग भेगको ऐतिहासिक संग्रह (हेमन्त राणा र धनवज्र वज्राचार्य, २०२९)

अहिलेसम्म काठमाण्डौ अधित्यकाको प्रामाणिक इतिहास विक्रमको छैठौं शताब्दीमन्दा अघि जान सकेको छैन। यो हुनाको मुख्य कारण हामीकहाँ वैज्ञानिक रूपबाट उत्खनन्, व्यापकरूपमा खोजिनीति तथा अनुसन्धानहरू नहुनाले नै भएको हो । वंशावलीका भनाइहरू, लिच्छवि शिलालेखमा पाइने संस्कृतेतर शब्दहरू, परम्परा र अनुश्रुतिबाट लिच्छविहरू मन्दा अगाडि यहाँ शासन गर्ने किरातहरू नै थिए भन्ने स्पष्ट हुँदा हुँदै पनि त्यस कालसंग सम्बन्धित समकालिक शिलालेखहरू, मूर्तिहरू, कलाकौशलका अनुचिह्नहरू नपाइनु आश्चर्य लाग्दो छ । उपर्युक्त कारणले गर्दा काठमाडौं अधित्यकामा भएका लिच्छविकालिक मूर्तिहरू भन्दा भिन्न विशेषतायुक्त मूर्तिहरूको ठीक ठीक पहिचान गर्न सम्म गाह्रो परेको छ । आर्यघाटको विरूपाक्ष वा कलि भनिने मूर्ति, मातृका समूहका हाँडिगाउँ, वलखु, जयवागेश्वरी, मालीगाउँ, बालाजु आदिका मूर्तिहरूलाई उदाहरणका रूपमा प्रस्तुत गर्न गरिन्छ ।

माथि उल्लेखित विवरणहरूबाट लिच्छवि समाजमा किरातहरूको अत्यधिक

प्रभाव परेको थियो भन्ने कुरामा दुई मत हुन सक्तैन । किरातकालको प्रभाव मध्यकाल, मल्लकाल हुँदै अहिले पनि कतिपय ठाँउको नाममा देखिएकै छ। लेम्वटी अहिले लेले भयो शिताटी सीतापाइला भयो, पाटनलाइ कहने यूप ग्राम 'यल' भयो, माखोपृं 'खोप' भयो । शाङ्गा 'साँगा' भयो । किचप्रिचिङ 'किसिपिडि भयो । तेङ्‌वु 'टेकु' भयो । तेग्वल 'त्यागल' भयो। यस्तै अझ कति छन् तिनको खोजिनीति हुनु आवश्यक छ । त्यसवेलाको ठाउँको नामको पछाडि आउने ग्वल, अहिले, 'गल' 'गाल' भएका छन् । 'चो' नेवारी भाषामा उही रूपमा रहे पनि नेपालीमा आइपुग्दा 'चोक' भैदियो । जामाचोक पुल्चोक, फुल्चोक यसका उदाहरणहरु हुन् । लिच्छविकालका अभिलेखमा आएका तात्कालिक जनभाषाका शव्दावलीहरूबाट लिच्छविकालको जनजीवनको हरेक पक्षमा किरातकालको प्रत्यक्ष प्रभाव परेको थियो भन्ने कुरा स्पष्ट हुन आएको छ। ती शव्दहरू आज किरात परिवारका कुन-कुन भाषामा ? कसरी ? कुनरूपमा प्रचलित छन् ? तिनको भाषागत अध्ययन हुन सके अझ धेरै कुराहरू प्रकाशमा आउन सक्ने थियो। यस्तो अध्ययनको निमित्त सवैको सामूहिक प्रयास खोज, अनुसन्धान आवश्यक हुन्छ नै त्यो भन्दा पनि महत्वपूर्ण कुरा किरात परिवारका वहुभाषी एवं संस्कृतज्ञ विद्वानहरू अघि बढी यसको सम्वन्धमा खोजिनीति गर्न अग्रसर हुनु अत्यन्त आवश्यक छ । तर विडम्वना यो स्थिति अझसम्म बन्न सकेको छैन् । मंगोल हुन् भनेर विदेशीहरूले लेखिदिएको अवास्तविकता प्रति नै रंगमगिएर आफ्नो मूल अस्तित्वलाई नामेट पार्ने दिशातिर नै बढी अग्रसर भएको देखा पर्दछ। यस परिप्रेक्ष्यमा नेपाली सभ्यता, र संस्कृतिको निर्माणमा आदिवासी भएर प्रारम्भ देखि नै उल्लेखनीयरूपले किरातहरूले योगदान पुऱ्याउँदै आएका छन्। किरातहरूको आफ्नो भाषा मात्र होइन लिपि नै पनि थियो भन्ने कुरा वौध्द ग्रन्थ ललितविस्तर आदिवाट थाहा हुन्छ।❖ लिच्छविकाल भन्दा अगाडिको अहिलेसम्म कुनै शिलालेखहरू पाउन सकिएको छैन्। किरातहरूको आफ्नै लिपि र भाषा भएको वस्तुस्थितिलाईं विचार गर्दा उनीहरूको तात्कालिक लिखित प्रमाणहरू खोजिनीति गरी वैज्ञानिकरूपले उत्खनन गर्न सके प्राप्त हुन सक्ने देखिन्छ । किरातकालसंग सम्वध्द मानिने कैयन लोकोक्ति अझै समाजमा व्यापक छन् । उनीहरुसंग सम्बन्ध भएको ठानिने क्षेत्र, भग्नावशेषहरू अझै छन् । तिनको समुचितरुपबाट अध्ययन-मनन एवं पुरातात्विक उत्खननहरू हुन सकेको खण्डमा निश्चय नै अन्धकार युग मानिने नेपालको एउटा महत्वपूर्ण प्राचीन कालको इतिहासको बारेमा प्रशस्त कुराहरू उद्घाटित हुने पक्का छ।

❖डा० पि० एल० वैद्य (सम्पा.), पूर्ववत्, ललित-विस्तरः, पृष्ठ ८८।

हाम्रो राष्ट्रियताको अभिवृद्धिमा हिन्दूधर्म

सह. प्रा. हेमचन्द्र पोखरेल

वृहत् नेपालका स्रष्टा एवं द्रष्टा श्री ५ बडामहाराजाधिराज पृथिवीनारायण शाहका दिव्य वाणी अनुसार नेपाल प्राचीन कालदेखि नै चार वर्ण छत्तीस जातको फूलवारी रहेको छ। चाहे उच्च जातको होस् वा निम्न जातको, चाहे धनी होस् वा गरीव, मधिसे होस् वा पहाडे, नेपाल भित्र बसोवास गर्ने सम्पूर्ण प्रजा समान हुन् भन्ने राष्ट्रनिर्माताको यस उदात्त भावनालाई हामीले अझै गहिरिएर सोच्नुपर्ने‍को छ। राष्ट्र भनेको कुनै देशको ढुङ्गा, माटो, खोला-नाला वा वन–पहाड होइन अपितु त्यहाँका व्यक्ति र समाजको वृहद् एकाइलाई नै वास्तवमा राष्ट्र भनिन्छ। यसै गरी राष्ट्रको हित चिताउनु, राष्ट्रको उत्थान र गौरव बढाउने कार्य गर्नु र प्रत्येक राष्ट्रजनसित वन्धुत्वको प्रेमपूर्ण व्यवहार गर्नु नै राष्ट्रियता हो। राष्ट्र र राष्ट्रियताको यस सामान्य परिभाषाका अतिरिक्त नेपाललाई संविधानले नै 'हिन्दू राज्य' भनी स्वीकार गरेको हुनाले हाम्रो राष्ट्रियता विशेष गरी धार्मिक एकतासित पनि सम्बद्ध रहेको छ। वहुसंख्यक हिन्दूधर्मावलम्वी भएको हुनाले र हिन्दू धर्मशास्त्र अनुसार राजपदमा अतिरिक्त सिंहासनासीन राजाबाट संरक्षित एवं सुशासित भएबाट नेपाललाई विश्वको एकमात्र 'हिन्दूराज्य' का रूपमा मानिएको हो। त्यसैले आजको परिप्रेक्ष्यमा राष्ट्रिय सार्वभौम स्वतन्त्रता र अखण्डताको संरक्षणमा जत्तिकै यस हिन्दूराज्यको हिन्दुत्वको सुदृढीकरण पट्टि पनि राष्ट्रको सबै नागरिक सचेत र सचेष्ट हुनु अत्यावश्यक एवं वाञ्छनीय भएको देखिन्छ।

हाम्रो देश परापूर्वकालदेखि नै धर्म सापेक्ष रही आएकोले धर्म पनि हाम्रो

राष्ट्रिय एकतामा बल पुऱ्याउने एउटा महत्वपूर्ण तत्व रहेको छ। अत एव राष्ट्रियतालाई खलवल्याउने अन्य तत्त्वहरू झैं हाम्रो धार्मिक एवं सांस्कृतिक ऐक्यमा पनि अवरोध ल्याउने कुनै त्यस्ता तत्व छन् भने त्यतातिर बेलैमा दृष्टि नपुऱ्याए कालान्तरमा हामीले आफैलाई छाम-छाम छुम-छुप गरेर खोज्नु पर्ने स्थिति नआउला भन्न सकिंदैन । यो सत्य हो कि अन्यधर्महरूमा भन्दा हिन्दू धर्ममा बढी धार्मिक सहिष्णुता छ तर सहिष्णुताको सीमा त्यहाँ सम्म मात्र हुन्छ जहाँ सम्म आफ्नो अस्तित्वमा कुनै प्रकारको संकट आइ पर्दैन। घरमा आएका पाहुनाले घरका मालिकलाई निकालेर आफै घरको मालिक बन्नखोज्छ भने त्यसलाई पाहुना भन्न मिल्ला र ? त्यसकारण सर्वप्रथम स्वधर्मको दृढ संरक्षण गरेर मात्र अन्य धर्मको कदर गर्नु पर्छ । यथार्थमा धार्मिक सहिष्णुताको अर्थ पनि यही हो।

नेपालमा धार्मिक सहिष्णुताको अनन्य उदाहरण हो – बौद्धधर्म र हिन्दूधर्मको समन्वय । बौद्ध मन्दिर र विहारहरूमा गएर हेरौं त्यहाँ हिन्दू देवताहरूका मूर्ति पनि उत्तिकै सम्मानित र पूजित भएका छन्, त्यस्तै हिन्दू देवताहरूका मन्दिरमा बुद्धका मूर्तिहरूको समान रूपमा आदर गरिएको छ । पशुपतिको दर्शन गर्नेहरू जत्तिको श्रद्धाले स्वयंभू र बौद्धमा जान्छन्। त्यत्तिकै स्वयंभू र बौद्धका तीर्थ यात्रीहरू पशुपति र अन्य देवताको दर्शन गर्छन्। यतिमात्र नभएर हिन्दू पुराणहरूमा समेत विष्णुका दश अवतारमध्ये बुद्धलाई पनि लिएको छ। यसरी भिन्न–भिन्न सिद्धान्तका भिन्न-भिन्न धर्महरूको सुमधुर समन्वय भएको उदाहरण संसारमा अन्यत्र शायदै पाइएला। उक्त कुराबाट के स्पष्ट हुन्छ भने हाम्रो राष्ट्रियतालाई अखण्ड रूपमा संचालित गर्नमा हाम्रो धार्मिक समन्वयात्मक भावनाले ठूलो सघाउ पुऱ्याएको छ।

परन्तु यति भएर पनि अझै हाम्रा राष्ट्रिय भावनाहरू र धार्मिक एकताहरूलाई विखण्डित पार्ने किसिमका कतिपय संकीर्णताहरूले समाजमा निकै दरो जरो गाडी राखेकाछन्, जसको पूर्णतया उन्मूलन नगरे हामी स्वतन्त्र हिन्दू राज्यको शीतल छहारीमा निश्चिन्त भएर बस्न सकौंला भन्न गाह्रो छ। नेपाल हिन्दू राज्य भएकाहुनाले सबै नेपाली हिन्दू हुन्। यस आधारमा हेर्दा नेपालीत्व र हिन्दूत्व हाम्रा लागि एक अर्काको पर्यायवाची शब्द बन्न पुगेका छन्। हामी हिन्दू हुनाले हाम्रा चाड पर्व पूजा आजा रीति-रिवाज सबै हिन्दू धर्मशास्त्रमा आधारित छन्। तापनि हामीले ती धर्मशास्त्रका विधि निषेध पट्टि मात्र कट्टर नभएर अन्य क्षेत्रमा झैं आजको धार्मिक प्रतिस्पर्धाको युगमा हाम्रो हिन्दूधर्मलाई पनि समाज सापेक्ष,

राष्ट्रियताको अनुकूल, र व्यावहारिक एवं उदार बनाउनु अत्यावश्यक भएको छ। किन भने विश्वको इतिहास मात्र होइन अपितु धर्म शास्त्र नै पल्टाएर हेर्दा पनि वैदिक कालदेखि आजसम्म युग अनुसार सामाजिक व्यवस्था र धार्मिक मान्यताहरुमा पनि हेरफेर भइरहेका प्रमाणहरु प्रशस्त पाइन्छन्। हामीले धर्मलाई त्यस दृष्टिले हेर्नु पर्दछ, जो आवश्यकतानुसार साँघुरो वा खकुलो पार्न सकियोस्। (नत्र भने

हाम्रा धर्मशास्त्रहरुमा वर्णित धर्म र आचार संहिताहरु कयन् ठाउँमा विभिन्न रुपमा परिभाषित गरिएका छन्, जो सबै समयमा समाजका अनुकूल हुदैनन्। अत: हामीले शास्त्रका ती बुँदाहरुलाइ लिनु पर्छ, जो समाजोपयोगी र राष्ट्रिय भावनामा बल पुऱ्याउने खालका छन्। समाजमा वैमनस्यको वीजारोपण गरेर भिन्नताका विषाक्त भावनालाई उत्पन्न गराउने कुराहरु शास्त्रोक्त भएपनि त्याज्य हुन्छन्। हामीलाई हाम्रो सामाजिक स्वरुप र राष्ट्रियतालाई दृढ तुल्याउन धार्मिक उदारताको ज्यादै खाँचो छ। बाहुन, क्षेत्रि, नेवार, गुरुङ, मगर, राई, लिम्बू, आदि र पहाडे पर्वते र मधिसे भनेर एक अर्कालाई होच्याउने वा ठेस पुऱ्याउने व्यवहारहरू हाम्रो हिन्दुत्व र राष्ट्रियताका विपरीत मात्र नभएर मानवीय दृष्टिकोणबाट पनि सर्वथा निन्दित धारणाका अभिव्यक्तिहरु हुन्। हाम्रा धर्मशास्त्र अनुसार वर्णश्रमणव्यिवस्था अहिले व्यवहारिक ठहर्दैन, किन भने त्यस व्यवस्था अन्तर्गत बताइएका गुण र कर्महरू अहिले कसैले पालना गर्न सक्तैनन्। त्यस्तै स्पृश्यास्पृश्यको शास्त्रोक्त निर्देश पनि अहिलेको विश्वमा मानवसमाजलाई हानिकारक हुन जान्छ। त्यसैले हामीले मानवतालाई परिपुष्ट गर्ने शाश्वत मानवतावादी तथ्यहरुको खोजी शास्त्रहरूमा गर्नु पर्छ। हामीलाई 'नयाँ मुलुकी ऐन' ले जात, भात, वर्ण, लिङ्ग र सम्प्रदायको घेराबाट मुक्त गरिएकेको छ। तापनि अझै हामीले आफ्ना रूढिगत तथा कथित धारणा र मान्यतालाई व्यवहारको क्षेत्रबाट उखेल्न सकेका छैनौं। यो हाम्रो कमजोरी हो। हामीले एउटै उपवनको शोभा बढाउने फूल हौं भनेर जतिसुकै फलाके पनि बाहुन क्षत्रियलाई आर्य, किरातजातिलाई मंगोल जाति अथवा अनार्य तथा केही वर्गलाई अछूत भनेर हिन्दुत्वको ग्रन्थिलाई बलियो पार्नु सट्टा शिथिल बनाएर आफ्ना एकै आँतका दाजुभाई हरूलाई अन्यत्र शरण लिन जानुपर्ने वातावरणको सिर्जना गरी रहेछौं। वास्तवमा विदेशी इतिहाकारहरू र धर्मशास्त्रका केही प्रक्षिप्त बुँदाहरुका आधारमा उक्तधारणलाई प्रश्रय दिनु हाम्रो हिन्दुत्वको र राष्ट्रियताको एक दमै प्रतिकूल हो। अनार्य शब्द ज्यादै अप्रिय शब्द हो। यस शब्दले केवल आर्येतर जाति भन्ने मात्र बुझाउने होइन परन्तुअसभ्य, अशिक्षित' अनद्र दुष्ट, आचान रहित आदि अर्थहरू

अनार्यशब्दबाट प्रकट हुन्छन् । अतः हाम्रा किरात बन्धुहरूलाई अनार्यको श्रेणीमा राख्नु सामाजिक, नैतिक, मानवीय र राष्ट्रियताको दृष्टिबाट पनि जघन्य अन्याय र घोर अपराध ठहर्छ । किरातहरू अनार्य हुन् भन्ने कुरा वैदिक, पौराणिक र प्राचीन इतिहासका ग्रन्थहरुमा कतै पनि उल्लेख गरिएको छैन । बरू किरातहरू पहिले क्षत्रिय थिए भन्ने कुरा मनुस्मृति र अन्य प्राचीन धर्मग्रन्थहरूमा पनि बताइएको छ । किरातहरू वीर योध्दा थिए, उनीहरू शास्त्र र शस्त्र दुवैमा निपुण थिए । किरातहरूले महाभारतको युद्धमा पनि भाग लिएका थिए । अझ नेपालमा त प्राचीन कालमा किरातहरुले नै शासन गरेका थिए र उनीहरूका पहिला राजा यलम्बर हाङ् थिए भन्ने कुरा इतिहासले नै बताइराखेको छ । जसबाट किरातहरू अनार्य होइनन्, परन्तु क्षत्रिय आर्य हुन् भन्ने प्रमाणित हुन्छ। यदि गुण र कर्म अनुसार वर्ण विभाजन गरिएको हो भने पनि युद्ध गर्ने, शिकार खेल्ने, राज्य गर्ने आदि क्षत्रिय जातिका गुण धर्महरूको विद्यमानताद्वारा किरातहरू सर्वथा आर्य थिए र अहिले पनि उनीहरू आर्य क्षत्रिय हुन् भन्ने निर्विवाद सिद्ध हुन्छ । एवम् प्रकारले अहिले हाम्रो समाजले अस्पृश्य ठानेका नेपाली बन्धुहरू पनि शुद्ध हिन्दू हुन् र उनीहरूको वर्तमान अस्पृश्यतामा रूढिगत कुसंस्कार बाहेक अरू केही आधार नभएको हुँदा उनीहरू प्रति घृणाको भावनालाई सर्वथा त्याग गरेर हिन्दू राष्ट्रियता र मानवताको पवित्र विस्तृत अंगालोमा समेटेर हाम्रो हिन्दुत्वलाई ज्यादा फराकिलो र मजबूत तुल्याउने दिशातिर दृढतापूर्वक अग्रसर हुनु पर्ने परिस्थिति हामी सबैका सामू एक चुनौतीका रूपमा उपस्थित भएको महसूस गरी सो चुनौतीमाथि विजय प्राप्त गरेका खण्डमा मात्र हामी गर्वसाथ भन्न सक्नेछौं–संगच्छध्वं संवदध्वं सं वो मनांसि जानताम्, सह नाववतु, सह नौ भुनक्तु। अन्तमा "धर्म एवं हतो हन्ति धर्मो रक्षति रक्षितः" राष्ट्रमेव हतं हन्ति राष्ट्र रक्षति रक्षितम् अर्थात्-धर्मको रक्षा गरेमात्र हाम्रो रक्षा हुन्छ, धर्म नास भयो भने हामी पनि नष्ट हुन्छौं । त्यस्तै राष्ट्र रहेमात्र हामी रहनेछौं र राष्ट्र विलीन भए हामी पनि विलाएर जानेछौं अस्तु

राष्ट्रका यी विभूतिहरूलाई नभुलौं

लक्ष्मणाचार्य

[क] गुरू नारायणदास

कुनै पनि महापुरूषको जीवन अनुकरण गर्न योग्य हुन्छ। यस्ता महापुरूष हिलोमा कमल फूले झैं हुन्छ। यस्ता महापुरुषहरू मध्ये किरात वान्तावा राई परिवारमा एक महापुरूषले जन्म लियो। उहाँको नाम नारायणदास राखियो। उहाँको जन्म वि. सं. १९०५ मा भएको हो। उहाँले गृहस्थ आश्रममा रहे पनि त्यति खेरका प्रसिद्ध संस्कृतका विद्वान् भोजपुर छिनामखु निवासी गुरु अगमदिल राईको शिष्यत्व स्वीकार गर्नु भयो। गुरु नारायणदासजीले २७ वर्षको उमेरमा जशमुनि दीक्षा लिनु भयो। यस प्रकार गुरुनारायणदासले योग लिए पछि त्यतिखेरका अपठित, अशिक्षित, अभक्ष्य कुखुरा, सुँगूर, जाड, रक्सी, जुवा, बिडी, चुरोट कानी आदि दुर्व्यसनमा डुबेर कुबाटोमा लागि रहेका समाजलाई जगाएर अगाडी बढाउनु भयो। आज पनि रवि र आसपासको क्षेत्रहरूमा सुध्रिएका केही छन् भने गुरुनारायणदासको तपस्याकै फल हो भन्न सकिन्छ। त्यसो त किरात समाजमा राईहरू वि. सं. को १८ शताब्दीदेखि नै सुध्रेर माझ किरात ट्यामके वरीपरी प्रचार – प्रसारमा लागि रहेका थिए। यो प्रचार परम्परा गुरु अगमदिलको शिष्यद्वारा पाँचथर रविमा पनि पुग्यो। केही वर्ष भित्र गुरू नारायणदास जीको व्यक्तित्वले आसपासमा पनि जशमुनि भेषको मनग्य प्रचार भयो। तर जशमुनि पन्थमा पनि कुरीति र कट्टरता तथा छूवा छुतको भाव सहि नसक्नु बढेर आयो। त्यसले गर्दा गुरू नारायण दासजीले ठूलो सुधार गर्नु पर्‍यो। त्यस बेला गुरू नाराणयदास जस्तो व्यक्तित्वलाई नहेर्ने कोही थिएन। सबै भन्दा पहिले उहाँले छुवाछुतको भूत भगाएर अशिक्षालाई हटाई समाजलाई साक्षर पार्ने उहाँको

ठूलो प्रयास थियो। यद्यपि उहाँलाई यस विषयमा ठूलो मुकाबला गर्नु पर्‍यो। यस प्रकार १९२१ देखि १९२९ सम्म उहाँले आफ्नै देश पूर्व मेची देखि पश्चिम महाकालीसम्म भ्रमण गरेर धेरै सत्सङ्ग गरे। समाजको लागि धेरै ज्ञान आर्जे। १९३३ देखि १९४१ सम्ममा गीता सम्बन्धी ग्रन्थ लेखेर जशमुनि पन्थमा आएको कुरीतिहरूको संशोधन गर्नु भयो। यस बीचमा उहाँले अनेक धार्मिक यज्ञ–याग, अनुष्ठानहरू पनि गर्नु गराउनु भएको थियो। यस प्रकार वि० सं० १९८७ मा पश्चिमी बजार मुनि बाँज गाउँमा इहलोकको लीला समाप्त गर्नु भयो। आज उहाँलाई गुरुनारायणदासको नामले मात्र जान्दछन्। रविक्षेत्रको जनता उहाँको जनसेवा र धार्मिक सेवाले ऋणी छ। समाजलाई उहाँको उपदेश यस प्रकार थियो।

१. ईश्वरलाई कहिले नभुल्नु।
२. मेरो सम्पूर्ण भक्त परिवारले सँधै सुमार्गमा हिड्नु पर्छ।
३. मेरा प्यारा भक्त सँधैं सच्चरित्रमा रहनु।
४. मेरा प्यारा मानव अभक्ष्य नखानु अश्लील नहेर्नु।
५. दिमाग बिग्रने तास जूवा र परस्त्री तिर कहिले नजानु।
६. फुर्सत निकालेर साधना गर्नु।
७. जो मेरा आज्ञाकारी सेवक छ त्यो मेरो प्यारो सेवक हो।
८. मेरा प्यारा शिष्यगण विनयशील भएर ज्ञान लिनु।
९. सच्चा साधकले आफ्नो लक्ष्यमा धैर्य रहनु।
१०. लक्ष्य र सिद्धान्त हीन काम कहिल्यै नगर्नु।

[ख] गुरु फलगुनन्द

नेपाली आमाले महापुरूषहरूलाई जन्म नदिएको होइन। तर समयमा सदुपयोग हुन सकेन। हीरा, मोती, पारस आदि भएर मात्रै हुँदैन। यी वस्तुहरू त चम्की राखेका हुन्छन्। तर यी वस्तुहरूलाई उपयोगमा ल्याउने बुद्धिमान् पारखी पनि हुन आवश्यक छ। नत्र हमेशा यी वस्तुहरूका दुरुपयोग नै हुनेछ। दुरूपयोग भएको देखियो पनि।

ठीक यसै रीतिले हाम्रो फलगुनन्द गुरूको बारेमा पनि पाउँछौ। कवि, लेखक, विद्वान्, सन्त, महापुरूष कुनै देश, कालको सीमामा बाँधिएका हुँदैनन्। उनीहरू शरीरले सीमित भएता पनि विद्या, बुद्धि, र तपोबलले गर्दा उनीहरू सीमा देखि बाहिर हुन्छन्। फेरि कुनै जाति विशेषमा पनि बाँधिदैनन्। दुरा-

अड़ी हुँदैनन् । लक्ष्य या सिद्धान्त मात्रमा पक्का हुन्छन् । तर हिमालय जस्तै अडीग रहन्छन् ।

फलगुनन्द गुरू पनि यस्तै गुण-गाणले विभूषित हुनु हुन्थ्यो । उहाँको जन्म वि. सं. १९४२ कार्तिक २५ गते रविवार द्वितीय तिथि अनुराधा नक्षत्रको दिन किरात लिम्बू लिङ्गदेन परिवारमा भयो । बुबाको नाम असुवन्त लिङ्गदेन र मुमाको नाम हंसमती थियो । बाल्यकालको तीतो - मीठो, नमीठो, टर्रो आदि सबै अनुभव गर्दा उहाँको न्वारानको नाम फलामसिंह राखियो । एक दिन युवा अवस्थामा पुगे । अनेक प्रकारका रङ्ग-विरङ्ग जीवन बिताउँदै २२ वर्षको तन्नेरी अवस्थामा वि. सं. १९६४ मा अंग्रेजको गोरखाली सेनामा भर्ना हुन पुगे । तर उनीले समाज सेवा गर्नु थियो । अतः सेनालाई छोडेर अध्यात्म क्षेत्र तिर लागे ।

गुरु बिना अध्यात्म स्वरूप सिद्ध हुँदैन । त्यसो भएको हुनाले एक दिन इरावती नदीको किनारामा बर्मामा बस्ने जशमुनि सन्त मधुनन्दजीलाई अध्यात्म गुरू बनाएर फलामसिंहले वेदान्तादि अध्यात्म विद्या सिखे । त्यस पछि फलामसिंह वाट फलगुनन्द भए । यी आबाल ब्रह्मचारी थिए । त्यस पछि कुखुरा, सुँगूर र जाँड रक्सी आदि दुर्व्यसनमा लागेका लिम्बु, किरातहरूलाई सुधार्ने भरसक प्रयत्न गर्नु भयो । यस बीचमा फलगुनन्द गुरूले किरातहरूमा भएको अनेक कुरीतिलाई छुटाएर सुमार्गमा ल्याउने प्रयास गरे । तर धेरै यस्ता पनि थिए आधार चाँहदैन थिए । त्यसो भएको हुनाले फलगुनन्द गुरुमाथि देशद्रोहको अभियोग लाग्यो । पछि त्यो अभियोग झूठा ठहरियो । १९९८ मा यो अभियोग लागेको थियो ।

गुरू फलगुनन्दजीको महत्त्वपूर्ण कार्यहरूमा किरात लिम्बु लिपि प्राप्त गर्नु हो । १९९८ मा हिमालयको यात्रामा जाँदा उपर्युक्त लिपि प्राप्त गरेका थिए । पछि याङरूप श्रीजङ्गसिंह थेबेको घरमा पाइएको लिपिसंग मिलान गरेर लेख पढमा ल्याउने ठूलो प्रयास गर्नु भयो । त्यही लिपि ऐले कतै कतै देखिंदै छ । यस लिपिमा श, ष, स, र क्ष, त्र, ज्ञ, आदि अक्षरहरूको लागि पनि प्रयास गर्नु भयो । तर चलतीमा आउन सकेको थिएन । फलगुनन्द गुरूले बर्मा देखि आसाम, सिक्कीम, भोटाङ तथा नेपालको विशेष यात्रा गर्नु भएको थियो । उहाँको विशेष प्रचारको क्षेत्र उनीकै जन्म भूमि चुकचीनाम्बा, जितपुर, खान्द्रुङ, पाँचथर चोकमागु, सारताप, याङरूप, सीनाम, मेहले, माङदेन, कावेरी दोभान आदिमा बसेर



आसेवारो

श्रीगुरुवर फलगुनन्द सत्यहाङमा

आविर्भाव वि. सं. १९४२ कार्तिक २५ गते तिरोभाव वि.सं. २००५

विशेष प्रचार गर्नु भयो। प्रायः यिनै स्थानहरुमा कुटिया, मन्दिर धर्मशाला आदि बनाउने प्रेरणा दिनु भयो। अन्तिम समयमा पाँचथर सिलौटीमा बनाएको मन्दिर-संग उहाको विशेष लगाव थियो। गर्मीको दिनमा त्यहीं बस्ने गर्थे। यस प्रकारले किरात लिम्बू परिवारमा विशेष लिम्बुभाषाला नै शिक्षा, र सुधारको काम गर्दा गर्दै आफ्नो जन्मभूमि चुकचीनाम्वाबाट सिलौटीमा जानु भयो। तर जाँदा–जाँदै वि. सं. २००५ चैत्र २२ सोमवार मध्यान्हको दिनमा ६३ वर्षको अवस्थामा सिलौटी मन्दिर-देखि तल 'पाल्ले' भन्ने ठाउँमा स्वर्गे ❀ हुनु भयो। नेपाली आम.को एक सुयोग्य पुत्रले धरातलबाट सदाको लागि बिदा लिए। उहाँको प्रचार प्रसार फराकिलो जशमुनि सिद्धान्तको अनुसार नै हुन्थ्यो। धेरै जसो भजन हिन्दी भाषाकै हुन्थ्यो। तर सबै जशमुनि नै हुन्थ्यो। केवल अन्यमा 'कहे फलगुनन्द सत्यहाङमा' कतै कतै 'सरस्वती' पद पनि जो. दिन्थ्यो । प्रचारको माध्यम लिम्बुभाषा थियो। तर वेद, उपनिषद्, शास्त्र, आदिदेखि बाहिरका कुरा हुँदैन थिए। फलगुनन्दगुरुले लेख्नु भएको वर्तमान लिम्बु किरात मुन्धु-मको अनुवाद इमानसिंह चेमजोङ्ले गरेको छ। यस प्रकार गुरू फलगुनन्दको अमर देन आज पनि समाजमा मुखरित छ। यसै प्रकारले उहाँले केही भक्त र शिष्य-हरू पनि तयार पारेर जानु भएको छ। उहाँको शिष्यहरूमा प्रधान वदरीनन्द गुरू हुनु हुन्थ्यो । उहाँलाई चुकचीनाम्वाको मन्दिरमा पुजारी बनाउनु भएको हो।

फलगुनन्द गुरुसंग साथ लागेर हिड्ने राईहरूमा आनन्दशक्तिदास र सिद्धि-दास हुन्। तर सिद्धिदासजी दीक्षाको शिष्य हैन । केवल लिम्बु मुन्धुमको कर्म-काण्ड सिक्नको लागि उहाँको साथमा हिड्नु भएको हो। सिद्धिदासजीले उहाँसंग लागेर हिमालयमा पनि साधना गरी मुन्धुम पाउनु भयो । त्यतिखेरका उहाँलाई साथ दिने चेलाहरूमा वदरीनन्द, सिद्धिदास, वैद्यनाथ, नरबहादुर आदि थिए। गृहस्थ सहयोगी भक्तहरूमा तेह्रथुमको सुब्बा काजीमान तुम्वाहाम्फे, पाँचथर यासोक भदौरेको सुब्बा शेरबहादुर लावती, याङरूप, कुरूम्बा, चोकमागु, सारताप, जितपुर आदिका अनेक सुब्बाहरू थिए। यस प्रकार चुकचीनाम्वाबाट हिडे पछि फलगुनन्द गुरू रवि मूढेगाउँको र ह्यात्थीडाँडाको कुटीमा वास बस्न पुगे । त्यहाँ रामानन्दराई आदिले 'उभौली सेवा' गरे पछि सिलोटी हिड्नु भएको फेरि फर्कनु भएन। यसरी महापुरूषहरूको संयोग र वियोगमा रविको ठूलो देन छ। तर यस्तै लेख्नु पर्ने महानुभाव अरु पनि छन्।

❀ २०४१ साल चैत्र १० गतेको गोरखापत्रको लेखमा 'भाषण दिदा दिदै आफ्नो इच्छा मरण भयो भनी विपिनदेव ढुङ्गेलले लेख्नु भएको छ।

भोजपुर दिङ्गनामा संस्कृत विद्यालय खोलेर जनतालाई शिक्षा दिने परम सिद्ध आवाल ब्रह्मचारी षडानन्द गुरू, वैयाकरण नेपाल भोजपुर गोगोने, वैदिक-दिलदास, अगमदिलदास, सद् ब्रह्मदिलदास छिमाखु भोजपुर, उमानाथ पोखरेल, कवि-राज नरपति पोखरेल , पं. छविलाल पोखरेल, कचिडे धनकुटा, नरहरि स्वामी तेह्रथुम, गलेश्वर बाबा ताप्लेजुङ्ग, स्वामीमहन्त मङ्गलदास नामसालिङ्ग (वर्तमान कालेम्बुङ्ग), स्वामी कमलनयनाचार्य, माईधार; वैरागी काईला पौवा पाँचथर, डा० डिल्लीराम-तिमल्सिना पाँचथर एकत्रेता, (वर्तमान बी. एच. यू. वाराणसी). जनकलालशर्मा, इलाम, (वर्तमान रा. प्र. ले. काठमाण्डौ), महाप्रभु ज्ञानदिलदास फिकल. भवानीशङ्कर काफले इलाम, तानाशर्मा, फिकल; पद्मप्रसाद ढुङ्गाना फिकल, पं. यज्ञनिधि रेग्मी, तापलेजुङ्ग, पं० लिलुसिंह चामलिङ्ग भोजपुर (दार्जिलिङ्ग), सच्चिदानन्दस्वामी, पूर्वाश्रम ललिताप्र-साद घिताल पूर्व भोजपुर (वर्तमान जाउलाखेल काठमाण्डौ), पं. छविलाल सूरि सिन्धुली, दधिराम पोडेल, पद्मप्रसाद भट्टराई सालु सामली जिल्ला रामेछाप, शिव-शङ्कर बराल चौवीसे कुरुले, विष्णुप्रसाद भण्डारी पूर्व सिन्धुली, विष्णुहरि रिमाल त्रिशूली, देवीदत्त पराजुली काठमाण्डौ, कालीदास पराजुली, पोखरा, प्रेमनिधिपन्त बागलुङ्ग, मीलदेवपन्त, वाचस्पति पन्त, पाल्पा ठूलो हुंगी, गङ्गदत्त गोतामे, विश्व-नाथ रिमाल काठमाण्डौ, सुकीर्ति दत्त पन्त, जयदेव, दिव्यदेव पन्त काठमाण्डौ, पं० मीनप्रसाद नेपाल देउराली पाल्पा, योगीनरहरिनाथ मृगस्थली काठमाण्डौ, दधिराम मरासिन रिडी, माधवप्रसाद देवकोटा पाल्पा तानसेन, खप्तडस्वामी बझाग खप्तड, पं० नयराज पन्त, पथिक कवि, आदि अनेकौ महापुरूष र विद्वान्हरू नेपाली आमाको काखमा हुर्केर उसै काखमा लुकेका छन् । यिनीहरू एक एक जना विद्वान् , तपस्वी, सन्त , महात्मा, कवि, कवयित्री, लेखकहरूलाई किरातेश्वर सन्देशले निकट भविष्यमा चिनारी गराउने छ। हाम्रा देशका विभूति हुन् । यी हाम्रा समाजका प्रकाश हुन् । यी हाम्रा निकट भविष्यका गौरव हुन् । यी भूत र भविष्यलाई जोडने वर्तमान साधन हुन् । अतः हाम्रो राष्ट्रको सामाजिक, धार्मिक, ऐतिहासिक, नैतिक, चारित्रिक, अमूल्य निधिले समर्पित भएर धर्म, देश र समाज-सेवामा समर्पित हुने राष्ट्रिय विभूतिहरूलाई भुल्नु हुँदैन भनेर धेरै जसो विद्वान्-हरूको नाम मात्रै उल्लेख गरिएको छ। जन्म थात, समय, रचना र समाजसेवा आदि सबै खोजको विषय छ। यस लेखमा नारायण दास गुरू (वोखिं वान्तवा) र फल्गुनन्दगुरु (लिङदेन लिम्बु) दुईजना धार्मिक समाजसेवी महापुरूषहरूको मात्र संक्षे-पमा परिचय दिएका छौं। यस्तो परिचय अरूको पनि भविष्यमा निक्लने छ। पाठक वृन्दले धैर्यपूर्वक तथा सघाउको साथ पर्खिनु पर्ने छ।

किरातहरूको वर्तमान अवस्था

दिलीप वान्तवा

'विश्व प्रसिद्ध हिमालयको काखमा बसेको हाम्रो नेपाल विभिन्न जन-जाति र र संस्कृतिको एक विशाल भण्डार हो । यो देश सुन्दर'शान्त हुनाले आफ्नै संस्कृति र सभ्यतामा बाचिराखेको छ । स्व. श्री ५ बडामहाराजाधिराज पृथिवी नारायण शाहले भन्नु भएको छ–"यो देश चार जात छत्तीस वर्णको एक फूलबारी हो।" यस देशका विभिन्न जाति र संस्कृतिमा आधारित नागरिकहरू सँधै आपसी सद्भाव राखी एकै राष्ट्रिय झण्डामुनि रमाएर बसेको ऐतिहासिक तथ्य पाइन्छ । हाम्रो छिमेकी देशहरूमा साम्प्रदायिक घटना भएको देखिन्छ । तर हाम्रो राष्ट्रिय गौरव आजसम्म सुरक्षित छ ।

आजको युगमा "किरात" शब्द एक प्रश्नको रूपमा खडा भएको छ । "किरात" शब्दको वास्तविक अर्थ के हो ? तर किरात शब्द अति व्यापक छ। डा० स्वामी प्रपन्नाचार्यज्यूको खोजको आधारमा किरात भनेको नेपालदेखि बर्मा पाकिस्तान, जम्मु, काश्मीर र समुद्र पर्यन्त शासन गर्ने जाति हुन् । त्यसो भएको हुनाले वीर महापुरूषका सन्तानलाई किरात भन्दछन् । यसको उदाहरणमा पाकिस्तानको किलात जिल्ला बलोच्चस्थान (बलवान्कोस्थान) हो । अत एव व्यापक वीर जातिलाई नै किरात भनेको बुझिन्छ ।

राई, लिम्बु, गुरुङ्ग, मगर, नेवार, कोचे, मेचे, आदि किरात हुन् । यो सबैको मूल चरित्रमा समता पाइन्छ। यो व्यापक किरात शब्दभित्र पर्ने जातिहरू आजभन्दा ५००० वर्ष अगाडि सुयोग्य शासक नै थिए । यो ऐतिहासिक तथ्यहरूबाट बुझिन्छ ।

आजभन्दा हजारौं वर्ष अगाडी शासकको रूपमा रहने किरातहरू निश्चय पनि सभ्य थिए । तर आज उनीहरू शैक्षिक, धार्मिक, सामाजिक, दृष्टिबाट निकै दयनीय अवस्थामा पुगेको देखिन्छ । सामाजिक जीवनको कल्पना गर्दा सबैभन्दा पहिले व्यक्तिको विकास आवश्यक छ । व्यक्ति बने समाज बन्छ ।

समाज बने राष्ट्र धन्छ । यस परिस्थितिमा किरातहरूमा सामाजिक विकृतिको प्रवेश गर्नाले उनीहरूको दुर्दशा भएको हो । त्यसो भएको हुनाले आज दिनप्रतिदिन अधोगतिमा लागि राखेका छन् । किरातहरुमा सामाजिक चेतना नभएकोले उनीहरूको दशा खलबलिन गयो । कुनै पनि समाज शैक्षिक, धार्मिक, आर्थिक क्षेत्रमा पछि पर्छ भने अवश्य नै त्यसको अस्तित्व खलबलिन्छ । महाभारतको लडाईमा किरातहरू ठूला ठूला राजा, महाराजा, सम्राट र कूटनीतिज्ञहरू थिए । त्यस्ताका सन्ततीहरू आज यस रुपमा देखिनु धेरै ठूलो क्षति हो । किरातहरुमा देखिएको अन्यमनस्कताको स्थितिलाई प्राचीन गौरव अनुसार सही ढङ्गमा लग्न उनीहरुले आफ्नो अस्तित्व र स्वरुपलाई पनि कुनै बेला किरातहरुले नबुझेका होइनन् । तर आज त्यस्मा पनि अलमलिएका किरातहरुको प्राचीन इतिहास स्पष्ट रुपले आर्य वाङ्मयमा स्पष्टिएको देखिन्छ । तर वर्तमान युगमा किरातहरु धर्मको बारेमा ठूलो अन्यौलमा परेका छन् । आजका कतिपय शिक्षित किरातहरूले आफूलाई मङ्गोलियन हौं भनेर अन्धकारमा हिंडिरहेका छन् । किन भने पाश्चात्य र हाम्रा देशका केही पश्चिमी लेखालीहरुको अन्धानुकरण गर्ने इतिहासकारहरूले झूठो प्रचार गरी रहेका छन् ✒ । तर त्यसको कुनै ऐतिहासिक प्रमाण छैन । केवल शारीरिक बनावट र लक्षणको आधारबाट नै पश्चिमीहरुले किरातहरुलाई मङ्गोलियन हुन् भन्ने आधार बनाएका छन् । वस्तुतः किरातहरु मङ्गोलिन होइनन् । किरातहरु मुसलमान, क्रिश्चियन पनि होइनन् । तर कतिपय किरातहरु आफूलाई हिन्दू भन्नमा गर्व मान्दैनन् । यसको मूल कारण हो जातिवादको असमानता । कुनै पनि मानिसले धर्म मान्छ भने समान व्यवहार चाहन्छ । हाम्रो हिन्दू धर्मको केही व्याखाकारहरुले स्वार्थपूर्ण व्याख्या गरेर असमान व्यवहार गरेका छन् । त्यसले हाम्रो राष्ट्रको अवनति नै भएको देखिएकोछ । डा. स्वामी प्रपन्नाचार्यको अनुसन्धानको अनुसार किरातहरू नेपालका आदिवासी हुन् । मङ्गोलबाट आएका मतुवा होइनन् । किरातहरु शुद्ध आर्य क्षत्रियहरु हुन् । यो तथ्य खोजपूर्ण ग्रन्थ वेदमा के छ ? मा स्पष्ट गरेर लेख्नु भएको छ । निश्चय पनि किरातहरु अनादिकालदेखि आफ्नै मौलिक आर्य धर्म र संस्कृतिमा बाँचेका थिए र अब पनि बाँच्नु पर्छ ।

सामाजिक स्थितिको बारेमा केही दुर्व्यसनलाई छोडेर किरातहरू स्वच्छ रुपले बाँचेकै छन् । किरातहरुको संस्कृतिमा आजको युगमा कही विकृति आएता पनि ऋग्वेद

✒ *Dor Bahadur Bista, People of Nepal, FourthEdition (Kathmandu: Ratna Pustak Bhandar, 1980), P. 41.*

देखि रामायण, महाभारत कालसम्म सर्वोत्कृष्ठ थियो। त्यस कालमा किरातहरु ऋषिमुनि व्याख्याता, विद्वान्, वैज्ञानिक, दार्शनिक आदि राष्ट्रको समृद्ध स्वरुपमा थिए। त्यस कालमा किरातहरु हिमालयदेखि समुद्रपर्यन्त पूर्व पश्चिम उत्तर दक्षिण सबै ठाउँमा समृद्धशाली भएर बसेका थिए। तर दुर्भाग्यको कुरा के छ भने त्यस्तो विस्तृत क्षेत्रफलमा शासन गरेर बस्ने किरातहरु आज नेपालको पनि कहीं कहीं छरपस्टिएर आफ्नो इतिहास, संस्कृति र सभ्यतालाई भूलेर दुर्व्यसनलाई आत्मसात गरेर बसेका छन्। निकट भविष्यमा यी दुर्व्यसनहरुबाट माथि उठेर आफ्नो स्वरुपलाई संझिए भने किरातहरुको फेरि उन्नति सम्भव हुने थियो।



कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन।
मा कर्मफलहेतुर्भूर्मा ते सङ्गोऽस्त्वकर्मणि॥

अर्थात्–कर्म मात्र गर्ने तिम्रो काम हो, फलासा राख्ने होइन, त्यस कारण तिमी फलको इच्छाले कर्म गर्ने नहोऊ। फेरि फल मिल्दैन, निष्फल कर्म किन गर्नु भन्ने विचारले कर्म गर्नमा पनि तिमी अरूचि नगर।

श्रीमद्भगवद्गीता २।४७



कविता

ईश्वरको सृष्टि

—सन्तोष रिसाल

सृजना भयो पृथिवीमा जीवको सृष्टि आदिमा
सहस्रौं प्राणी जन्मन्छन् दिनहुँ यस धर्तीमा

उड्दछन्, घुम्दछन्, खेल्दछन् सबै आफ्नैं स्वतन्त्रतामा
आ–आफ्नै तालमा चल्छन् सबै प्राकृतिक रूपमा

भित्र भित्रै रगत बग्छ धड्कन्छ मुटु छातिमा
शरीर गाडी हो यस्को, को छ चालक साथमा ?

न त्यो देखिन्छ आँखाले न त भेट्नै सकिन्छ त्यो
रूप छैन कुनै त्यसको विश्वको सृष्टि गर्छ जो

सर्वव्यापी त्यही नै छ हैन त्यो वस्तु नश्वर
नजानी सकन् त्यो कस्तो आश्चर्यको छ ईश्वर।



"थुलुङ भाषा" को कविता

सगुन एलुङ

"माँ"

माँ, धिक्कारङा दयूस्ता गङ्डोम् ओ–शाम ।
पापलागेदिम्स्यो ! यिनीमा कोख वात्सल्य प्रेमकाम् ॥
मेरोकावा न-थ्योम ङाडो हेल्लो थो ।
रोकता न ओमलो ! सिमवेला दयूस्ता लो ॥
विवेकी दयूमसाका, मिनीकु कर्तव्य मिमसाका ।
मेचांउवा वत्ति ! सामारा दिङ्कोरो अमसांपा ।
बोमुने बाइरा पृच्चीयकु सुवुरा बाँकीङा हांपा ।
बामा ह्रामबोमु ! ओमलो दयूस्ता खापा ॥
दिफुलाई मिमसाका ङादो मेवेउवा लो ।
पछुताउरा दिम्तो सित्तो लेत्पु ओमलो गो ।

"आमा"

आमा, धिक्कार भएछ जनम लिएको ।
पाप लाग्नेछ ! त्यो तिम्रो कोख वात्सल्य प्रेमको ॥
आएन बुद्धि ज्ञान पहिले कहिले ।
आयो बुद्धि ! मरणको बेला बिती गयो अहिले ॥
विवेकी भई ज्ञानी मानिसको कर्तव्य ठानी ।
बालिन बत्ती ! समाजमा भएछु अज्ञानी ।
गर्नु त थियो देशको सेवा बाँकी धेरै ।
खोई, के गर्नु ! अब त भएछ अबेरै ॥
पछिको निम्ति, सोचेर पहिले गरिन मैले ।
पछुताउमा परी जिउँदै मर्दैछु अहिले ॥

कविता

बाँचौ अमर भएर

दीपक राई "दुःखी"

देखिन्छन् ती श्वेत स्वच्छ
हिमालका चुचुराहरू त्यहाँ,
तव छन् अशेष सौन्दर्य
पर- क्षितिजसम्म त्यो कहाँ हो कहाँ
व्याख्या गर्छन् होला त्यसलाई महान विद्वान्हरूले
तर सक्दिन कल्पना गर्न म यहाँ

हरेक मानवतामा होलान्
आफ्नै-आफ्नै विवेक, वेद- वेदान्तहरू
अतः छन् होला आफ्ना सबल
पाखुरा र औंलाहरू
त्यसैले दर्शाई देऊ छर्लङ्ग-जन समक्ष
ती मनमा लुकेका पवित्र उपदेशहरू

आफ्नै देश-कर्मभूमि र गाँउकै लागि
गर केही त्यहाँ अथक परिश्रम
तर अज्ञानीलाई झुलाएर-भुलाएर होईन
बरू तिनीहरूमा
एक सच्चा मार्गदर्शक र उत्प्रेरक भई
अतः बाँच एक महान कीर्तिमान
र एक आत्मीय विभूति भएर

किरातहरूको परम इष्टदेव शिव र शैवधर्म

बुलु मुकारूङ्ग वान्तवा

शैवधर्म प्राचीन धर्म हो । तर शैवधर्मको उत्पत्ति कहिले र कसरी भयो भन्न धेरै गाह्लो पर्दछ ! तैपनि वैदिक, पौराणिक कालदेखि महादेवलाई संहार र कल्याणकारी दुवै रूपमा वर्णन गरेको पाउँछौं । उही शिवले दुष्टहरूको दमन र संसारको श्रृष्टि गर्छन् भन्ने कुरा ऋग्वेद, यजुर्वेद, अथर्ववेद, र सूत्र आदि ग्रन्थहरुमा भनिएको छ। शिवलाई रुद्रको रूपमा वर्णन गरेको पाउँछौं । तिनीहरुको अनुसार त्यसबेला रुद्रलाई अनेकौं किसिमले मान्न थालियो । उनले रोगी मानिसलाइ रोगबाट मुक्त गर्न सक्दथे । पशुलाई पनि रोगबाट बचाउन सक्थे भनी वर्णन गरेको पाउँछौं । ऋग्वेदमा रुद्रलाई मानिसहरुले धेरै नै मान्न थाले । यस प्रकार रुद्र धेरै प्रचलित देवता हुन थाले ।

उनको अधीनमा सूर्य, चन्द्र र अरु नागहरू पनि रहन थाले । यसरी शैवधर्मको उदय वैदिक युगमा भएको पाइन्छ । महाभारतमा शैवधर्मलाई पाशुपत धर्म भनिएको छ। कालान्तरमा आएर यो धर्म अनेक शाखामा विभाजित भयो । किरातकालिक धर्मको अध्ययन गर्दा शैव धर्मको त्यस बखतमा निकै उन्नति भएको थाहा हुन्छ ।

अथर्ववेदका प्रथम खण्डमा शिवको विभिन्न नामहरु दिइएको छ। जस्तैः भवः पूर्व दिशाको देवता, सर्वः दक्षिण दिशाको देवता, पशुपति पश्चिम दिशाको देवता । उग्रः उत्तर दिशाको देवता, रूद्र पाताल प्रदेशका देवता । महादेव आकाश प्रदेशका देवता । ईशानः सबै अन्तरिक्षका देवता हुन् । यी देवताहरुले आपनो आपनो प्रदेशको रक्षा गर्न थाले ।

उपनिषद्कालमा आएर शैव धर्मको झन प्रसिद्धि देखिन थाल्यो । श्वेताश्वेत्तर र अथर्वशीर्ष उपनिषद्हरुको अनुसार शिव सर्वव्यापी देवताको रुपमा मानिन थाले । श्वेताश्वेत्तर उपनिषद् अनुसार त्यसवेला शैव धर्मको रुपमा शिवलाई भक्ति गर्न थाले । उनलाई भक्ति र प्रार्थना गरेर मानिसहरुले आफूलाई अज्ञानताबाट मुक्त गर्न थाले । अथर्वशीर्ष उपनिषद्मा शिवको झन् लोकप्रियता देखिन थाल्यो । यस उपनिषद्मा यस्तो उल्लेख भएको छ कि देवताहरू शिवलाई सोध्न गएछन् । शिव भनेको को हो र उ कहाँ उपस्थित छ ? त्यसमा शिवले उनीहरुलाई शिव तीनै कालमा उपस्थित भएको कुरा बताए। यसबाट उनी कहिल्यै पनि नमर्ने र सर्वव्यापक रुपले रहने बुझिन्छ । यसबाट भने शिव धेरै शक्तिशाली थिए भन्ने बुझिन्छ । केन उपनिषद्मा हामी उमाको नाम उल्लेख भएको पाउँछौं । उनी हिमवानको पुत्री थिइन् ।

रावण शिवको परम भक्त थियो । यसमा कृष्णले अर्जुनलाई युद्धमा विजय प्राप्त गर्न दुर्गाको आराधना गर्ने सुझाव दिएका थिए भन्ने कुरा महाभारतमा उल्लेख गरेको पाउँछौं । यसबाट के बुझिन्छ भने दुर्गा नै उमा हो । उमाको प्रार्थना गर्नु नै शिवको भक्ति गर्नु हो त्यसबाट शिवको प्रसिद्धि बारे बुझिन्छ । अर्को कुरा चाहिं स्कन्द पुराण अन्तर्गत हिमवत्खण्डको अनुसार काठमाडौं अवित्यकाको पाशुपत क्षेत्रको श्लेष्मान्तक वनमा अर्जुन तपस्या गरिरहेको बेला किरात भेषमा शिव आए । त्यही बेला दुई बीच घोर युद्ध भएको थियो । त्यसवेला अर्जुनले शिवलाई चिनेका थिएनन् । आखिर भगवान् शिवको अगाडि अर्जुन टिक्न नसकी भूमिमा गिरे । त्यसपछि अर्जुनले जमीनको माटो थुपारेर शिवको प्रार्थना गरेर फूल चढाए । त्यो चढाएको फूल किरात भेषधारी शिवको टाउकोमा थिप-यो । यसबाट अर्जुनले किरात भेषमा आएका अरु कुनै होइनन् स्वयं भगवान् शिव हुन् भन्ने कुरा थाहा पाई आत्मसमर्पण गरे । यसबाट शिव प्रसन्न भै अर्जुनलाई वरदान माग भने । उनले युद्धमा विजयी हुने वर मागे। तव शिवले उनलाई पाशुपत भन्ने अस्त्र प्रदान गरे । यो वर्णन हामी महाभारत आदि ग्रन्थहरुमा अनेकपटक उल्लेख गरेको पाउँछौं ।

अतः हाम्रो प्राचीन इतिहास वैदिक वाङ्मयमा उल्लेख भए अनुसार किरात-हरुको इष्टदेव, कुलदेव, मर्यादादेव, गौरवदेव आदि भगवान शिव नै हुन् यसमा केही अत्युक्ति छैन । शिव जस्को इष्टदेव छ, त्यो जाति शैव धर्मावलम्वी हो । किरात शैव-धर्मी अनार्य, अहिन्दू कुनै हालतमा हुन सक्तैन । त्यसो हुँदा किरातहरू शैवधर्मावलम्बी हिन्दू क्षत्रिय हुन् । यसमा शङ्का उपशङ्काको अवसर छैन ।



जिन्दगी या मद्यपान ?

विष्णु 'आभूषण'

आज देश र युगको जिम्मेवारी सम्पूर्ण युवा समुदायको हातमा छ । उनीहरूको बलिष्ठ मुठीको बावजूद समय र परिस्थितिको मुकाबिलासँग लड्न सक्ने विकल्प अहिले देश र युगसंग छैन। उनीहरूको मन र मस्तिष्कमा देश र समाज प्रति समर्पित हुने कठोर प्रतिवद्धताको छाप बस्नु आवश्यक छ ।

तर आज युवा शक्तिको सदुपयोगमा देश र समाजले जिल्लाराम हुनु परेको छ। बिल्कुलै अहित हुने दिशातिर बढिरहेको युवावर्गलाई देखेर कसले को माथि दोष लगाउने ?

हामी अखवारहरूको एकातिर्ट्ट मादक पदार्थको सेवनबाट हुने घातक रोगहरू बारे पढिरहेका हुन्छौं र अर्को पृष्ठमा त्यसैको आकर्षक विज्ञापन छापिएको देखेर असमञ्जसतामा पर्छौं । हामी कुन बाटोमा कतातिर हिंडिरहेका छौं, पत्तो हुँदैन ।

एकातिर बजारमा आज अत्यधिक मात्रामा नशालु पदार्थको क्रय-विक्रय बढिरहेछ । यसको सेबनले आनन्द लुट्न पाइन्छ भन्ने गलत भावना लहै-लहमा परेर अधिकांश युवाहरू दुर्व्यसनमा भासिन अग्रसर भैरहेका छन् । पूर्वी र पश्चिमी भेकतिर किरात, समुदायमा दक्षिणी भेकतिर थारू, दनुवार, धिमाल, राजवंशी आदि त्यस्तै अधित्यकाभित्र नेवार समुदायमा त जाँड-रक्सी नभए पितृ समेत रिसाउने अन्धविश्वास र रूढीवादले एकातिर सभ्यता र विकासकै उपहास गरिरहेछ । अर्कोतिर हाम्रो समाजलाई भ्रष्ट र अधोगतितिर लगिरहेको छ । त्यसैको साथै अन्य जनजातिमा पनि यस्को व्यापक प्रयोग हुन थालेको छ । हुँदा-खाँदाको अन्न कुहाएर जाँड, रक्सी बनाई आवश्यक पर्दा चाहिं चर्को मोलमा बेसाएर जीवन धान्ने ग्रामीण जनताहरू वास्तवमा वर्षेनी आफैंले अभाव र अवनतिलाई निम्त्याइरहेका हुन्छन्। यस्तो स्थितिमा नेपाल र नेपालीले कहिले विकास गर्ने ?

आज शिक्षित युवाहरू पनि आफ्नो कर्तव्य र दायित्वको विपरीत दुर्व्यसमतिर पदार्पण गर्दैछन् । गरीबि, अभाव र अवनतिको द्योतक मध्यपानलाई सभ्यताको चिह्नको रूपमा लिइरहेका छन् । यो छोटो लेखमा मद्यपानको दोषको बारेमा धेरै के लेखौं । केवल संक्षेपमा त्यसको अवगुणलाई केलाउन मात्रै खोजेको हो । कसैले मद्यपान गरेछ भने उस्ले आफ्नै आँसु पिउँदै गरेको हो भन्ने निश्चित छ । आँसु पिउँदै जिन्दगीको सफर गर्न सकिंदैन । यसैले जिन्दगीलाई दरिलो मरिलो बनाई आत्मोत्थान र समाज सेवा गर्ने हो भने मद्यपानको दुर्व्यसन छोड्नु अत्यावश्यक छ !

सोलुखुम्बुको किरात जन-जातिको छोटो परिचय

भावोराई एलुङ्ग

सोलुखुम्बु जिल्ला नेपालको पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने सगरमाथा अञ्चलको उत्तरी सीमानाको जिल्ला हो। यो जिल्लाको प्राय: उत्तरी भागमा बाह्रैं महीना हिउँले ढाकिएको पाइन्छ र लहरै फैलिएर आकाशतिर उठेको अनेकौं प्राकृतिक गगन-चुम्बी सुनौंला चाँदीका मन्दिरहरू जस्तै देखिने सुन्दर हिमशयलहरूको मनोरम दृश्यहरूले पर्यटकहरूलाई आकर्षित गरेको छ। यहाँ बर्षेनी हजारौं-हजार पर्यटकहरू आउने जाने गर्दछन्। यहाँ संसार प्रसिद्ध हिमालयहरू सगरमाथा, ल्होत्से, आमा-दाब्लाम, चोयु, पोमुरी, नुम्बुर, रोल्वालिङ्ग आदि अनेकौं हिमालचुलि, नदी नाला, ताल र झर्नाहरूले पर्यटकहरूको हृदयमा मन्त्र मुग्ध कल्पनाको अमिट छाप छोडेको छ। यो जिल्लाको प्रमुख नदी दूधकोशी हो र सहायक नदीहरूमा सोलु, होङगु र इङ-खु हुन्। तालहरुमा दूधकुण्ड, जालीम पोखरी, भैरव कुण्ड, पाँच पोखरी सरस्वती कुण्ड र साल्पा पोखरी हुन।

यो जिल्लाको क्षेत्रफल ३५९४ वर्ग कि. मि. र २०३८ सालको तथ्याङ्क अनुसार १,०५,७,३८ जनसंख्या भएको बहुजनजातिहरू बसोवास गर्दछन्। ती जनजातिहरू मध्ये किरात जाति पनि एक हुन्। यिनीहरूको आफ्नै मातृभाषा, धर्म र संस्कृति भएता पनि धेरैजसो राष्ट्र भाषा बोल्दछन्। यिनीहरूले बसोवास गरेको क्षेत्रलाई वल्लो किरात वा खुम्बुवान पनि भनिन्छ।

यहांको गांउ र बस्तीहरू हेर्दा उत्तरमा हिमालय दक्षिणतिर नदी, खोला गांउघर र खेतीहरूले गर्दा एउटा अनुपम रमाइलो दृश्य देखिन्छ। घरहरू ढुङ्गा र माटोको गाह्रोमा सेतो कमेरो माटोले पोतेको खरको छाना, कतै फलेक र ढुङ्गाको छाना भएको प्राय: दुई तीन तले घर पाइन्छन्। घरभित्र मान्सामा अगेना हुन्छ। अगेनामा तीनवटा ढुङ्गाको चुलो ढुङ्गा हुन्छन्। यो चुलोढुङ्गालाई लेम्मुहाङ्ग (ब्रह्मा); पारूहाङ्ग (शिव) र सुबुमाम (विष्णु) भनिन्छ। यिनलाई कुलदेवता मानेर पूजा गर्ने चलन छ। उनीहरूको आराध्यदेव कुलदेवता शिवपार्वती हुन्। यिनीहरू जिल्लाको मध्य भाग, दक्षिणी भाग र सम्पूर्ण पूर्वी भागमा फैलिएर रहेको पाइन्छन्। २०३८ सालको तथ्याङ्क अनुसार किरात क्षेत्रियहरू ४६./. (थुलुङ्ग, कुलुङ्ग, खालिङ्ग, सोताङ्ग, [redacted] बाइङ्ग) क्षेत्रिय,,बाहुन ३०./. शेर्पा १५./. र बांकी अरू जनजातिहरू मिश्रित रूपमा पाइन्छन्। कामी, दमाई, सार्की, घर्ती आदिकासाथै यहाँ राईहरूको बाहुल्य देखिन्छ। यिनीहरूको पेशा कृषि र सैनिक सेवा हो।


गाउँमा प्राय: लोग्ने मानिसहरू दौरासुरुवाल, भोटो पटुका बाँधी खुकुरी भिरेका मालिङगोको बाँसुरी बोकेका टोपी लगाएका हुन्छन्। आइमाईहरू गुनिउँ चौबन्दी चोलो, कम्मरमा छिलिङ्गे खुर्पा भिरेका, मालिङ्गोको बिनायो, मुचुङ्गा र थैली बोकेका नाकमा बुलाकी ढुंग्री, कसैले कानमा सुनको गहना गलामा कम्पनीको हार, पोते माला पुवाँलो हातमा चाँदीका कल्ली, चुरा कुम-कुम्मा सुनाखरीको बुट्टा बनाएको फूल आदि वेश भूषाले सुशोभित भएको पाइन्छन् भने कतिपयमा आजकाल वेषभूषा र लवाईमा आधुनिकताले फरक आउन थालेको छ। यहाँको किरात जातिहरू हिन्दू, बौद्ध धर्मावलम्बी भएता पनि उनीहरूको आफ्नै लोक-संस्कृति र रीतिरिवाज पाइन्छन्। जन्म, विवाह र मृत्यु संस्कार प्राय: आफ्नै किसिमको पाइन्छ। उनीहरूको मूल ग्रन्थ मुन्धुम हो र मुख्य चाड पर्व दशैं तिहार भएपनि "सावलें तोसी" (भूमिपूजा) मुख्य पर्व हो। तोसी नाचमा राईहरू ढोल र झ्याम्टा बजाएर देवताको वरिपरि वृत्त कार रूपमा गोलबन्द भएर स्त्री पुरुष सरोबर भएर विभिन्न सिलाको अभिनय गरेर नाच्छन्। तोसी नाच, वैशाख र मसीर गरी दुई पटक हुन्छ। तोसी असोज, माघ, चैत्र वैशाख र असारमा हुन्छ। त्यस अवसरमा ठूलो मेला वा जात्रा हुन्छ। असारको तोसी विशेष रूपले महत्वको मानिन्छ। यसमा नोक्छोङ्क र देवताहरूले शिरमा मुजुरको प्वाँख र सुनाखरीको पगरी माला लगाएको हुन्छ। गलामा रूद्राक्ष माला कम्मरमा घण्टी माला, कुममा सिदिमो झोला भिरेको तथा हातमा तरवार, खुकुरी चौरीको पुच्छर र मुन्धुम लेखिएको काठको डण्डा लिएर नाच्छन्। पूजा धुमधामले गर्छन्। पूजाको शुरूमा देवाले पहिले आफ्नो कुलदेवता वा आरा-

छ्य देवता पारुहाङ्ग र पार्वतीको व्याख्या गर्छन् । त्यसपछि क्रमैसंग देवी देवता, भूमे, नागदेवको पूजाआजा हुन्छ । प्रार्थना पनि गर्छन् राईहरूको तोसी (भूमेथान) प्रत्येक राई समुदायले गाँउमा स्थापना गरेको पाईन्छ । यो 'तोसी' पूजा गरेको दिन जसरी भएपनि आकाशबाट पानी पर्छ । भन्ने धारणा छ । राईहरूको साख्ले तोसी (भूमे) मध्ये मुकली गाउँको सेती भूमे विशेष महत्वको मानिन्छ । किम्वदन्ती अनुसार एवहजार वष अगाडी रोम्लीहव (हाङ्ग) किरात राज ले स्थापना गरेको जनश्रृति छ र आजसम्म पूजिदै आएको पनि छ । भनिन्छ, यो सेतीभूमे एक शक्तिशाली साक्षात् देवी हुन् । यो सेती भूमेमा थुप्रै कडा प्रस्तरका ढुङ्गाको देवत हरू छन् । जसमध्ये एक मूलदेवता छन् । यसको चार किल्ला ढुङ्गाको पर्खालले घेरिएको छ । दुईतिर ठूला ढुङ्गाको ढोकाहरू छन् । सोलुखुम्बु जिल्लामा किरातहरू कहाँबाट आए ? कहिले आए ? कसरी आए ? उनीहरूको उत्थान कसरी भयो ? यी प्रश्न स्वभाविक हुन् र तथ्यातथ्यको लागि सोधखोज गर्नु पर्ने आवश्यकता छ । यसको बारेमा स्थानीय राई थुलुङ्ग भाषाको जनश्रुति अनुसार थुलुङ्ग "नुलि" (इतिहास) मा उल्लेख गरे अनुसार उनीहरूको पुर्खाहरु उहिले हजार बाह्रसय वर्ष अगाडी नेपाल (काठमाण्डौ) बाट आएर आजको सोलुखुम्बुमा बसोवास गरेको कुरा थाहा पाइन्छ । थुलुङ्ग भाषामा यस्तो कुरा सुनिन्छ "माके साम्दीमोलो यिकी प्रचे बाय हव हव्मे हुनु नेपालनु बाम्डीये बाइगीये हामा यिकीमा मेनु मुल्कु वाइ रायेमा यिकी पृप्ची ये दरा सुवृबारा यिकीमा हापा बाइरायें दिफु चङडा यिकी रा यिकीमा ङामावोक भिङका यिकी मुल्कु नुङ्ग, ब्र आल मा बाय रोडमेरी ए मे डाम गुई मेनुमलाङका आसी विक्तिम ए । गुई ओडा विक्तिलियिकी देवा नोक्छोङ्कका सोर, पृप्चीमा कुरीचचा युङ्गका ओन्दीलो यिकी हवकु लीनवल आसिन्डा रोक्तामा गन्डाए मा गुई अडा रोक्तीम ए" अर्थात् उहिले नेपालमा हाम्रो किरात राजाले शासन चलाएर बसेका थिए । त्यहाँ हाम्रो सभा (मुल्कु) मा धेरै कार्यालय अड्डा (कुढेर) थियो रे पछि उनका मन्त्रीहरूले किरात राज्य शासनमा आक्रमण गरेछन् । आक्रमण पछि दरबारमा पसे रे । सम्पत्ति लुटे रे । अनि किरात राजाको गुरूले तान्त्रिक विद्या अनुसार चामल, दुबो, कुरी बाँण मन्तरेर धनुको ताँदो खिचेर हान्दा त्यो बाँण यही 'मुकली'मा (मुरारीपुर) आएर खस्यो अरे । त्यसपछि किरात राजाले आफ्ना सेना र जनतासाथ साङ्गा, बन्पा, ताँवाकोशी, दोलखा, किर तछाप हुँदै यलुङ्गमा आएर केही दिन बसेछग् र यो मुकलीमा आएर बस्न थालेको रे । अनि किरात वंशावली अनुसार उनीहरू १६०० वर्ष अगाडी नेपालमा लिच्छविहरूको आक्रमण पछि नेपाललाई छोडेर पूर्वतर्फ लागे भनिन्छ । नेपालबाट आएपछि पहिलो दरबार यही मुकलीमा बनाए । धनसार घर (कुढेर) टुँडिखेल बनाई

केही वर्ष राज्यगरी त्यसलाई एउटा किल्ला गढीको रूपमा बनाई पूर्वतर्फ गएर अर्को राजधानी बनाएर बसे भन्ने कुरा सुनिन्छ। त्यो किल्ला सोह्रौं शताब्दीसम्म मजबुत थियो अरे। हालसम्म पनि पुरानो दरबार टुँडिखेल, धनसार, घर आदि विभिन्न भग्नावशेषहरु पाइन्छन्। त्यसै बेला किरात राजाले स्थापना गरेको साखले तोसी (सेतीभूमे देवता, नाच आजसम्म पूजिदै आएको छ। यसै पूजामा असारमा र वैशाखमा ठूलो मेला लाग्छ। स्त्री–पुरुषहरु ढोल, झ्याम्टा बजाउँदै सिली नाचमा नाच्दछन्। हाल जिल्लाभरीमा ७ ८ वटा मा. वि. र ४०,५० वटा प्रा. वि., नि. मा. विद्यालयहरू भएता पनि किरातहरुले फाइदा लिन सकेका छैनन्। किनभने उनीहरुमा "हलो जोती खाने काम पढी गुनी चोरीकाम" भन्ने उखान सुनिन्छ र गाउँमा अधिकांश अभिभावकहरू आफ्नो छोरा-छोरीहरुलाई गाई भैंसी र भेंडाबाखा चराउने काममा लगाउछन्। उनीहरुमा अर्को कुरा के छ भने पढेर के गर्नु ? लाहुरे बन्न गएमा पैसा, सुन कमाएर त ल्याउँछ भन्ने धारणा छ। यो जिल्लाको कतिपय ठाँउहरु अति दुर्गम र विकट छन्। ती ठाउँहरु सुदूर उत्तर-पूर्व हिमालयको तल्लो खोंचका गाउँहरु (बुङ्ग, छेस्काम गुदेल सोताङ्ग, देवसा, खालिङ्ग लोखिन) आदि हुन्। सोलु जिल्लामा राईहरु बसोवास गरेको गाउँ पञ्चायतहरु यसप्रकार छन्-तिङ्गला, सल्यान, नेचा विदेशी, नेचा बतासे, पञ्चन, काँगेल, मुकली देवसा, जुवु, लोखिम, नेले, काँकु, खालिङ्ग, जुविङ्ग, वाकु, सोताङ्ग, बुङ्ग, छेस्काम, गुदेल, र वासा हुन्। एक-दुई गाउँ पञ्चायत जुन ठाँउ अति विकट र दुर्गम पञ्चायत पर्दछन्। त्यो ठाउँको राईहरुले छोराछोरीलाई स्कूल पठाउन चाहन्नन्। त्यहाँ भएको गाउँले प्रा. वि. मा विद्यार्थी भर्ना गर्नलाई बाहिरबाट खटिएर गएका मास्टरहरुले प्रत्येक राईको घर–दैलामा गएर पढ्ने योग्य विद्यार्थी ल्याउँछन्। घरमा धेरै जना भए पनि घरको एक जनालाई मात्र मुश्किलले भर्ना गर्न सकिन्छ। अनि एकजना स्कूलमा भर्ना भएपछि यदि परिवारमा अरु दाजु-भाइहरू छन् भने पहिलो दिन जेठो, दोश्रो दिन माहिलो तेश्रो दिन साहिंलो चोथो दिन कान्छो पालै-पालो गरेर स्कूल पढ्न जान्छन्। सबै एक एक दिन गएपछि अर्को दिन या हप्ता पछि स्कूल आउन छाडी दिन्छन् फेरि स्कूलको मास्टर विद्यार्थी लिन उसको घर जानुपर्छ। यसरी जाँदा उनीहरु "हामीले पढी सक्यौं, पुग्यो" भन्छन्। यो क्रम आजसम्म पनि कतै कतै पाइन्छ। पढन् पठाउनु होस् भन्दा उनीहरु भन्छन्, हाम्रो बस्तुभाउ हेर्ने मान्छे छैन, काम गर्नुपर्छ। यसरी सरसर्ती हेर्दा, जिल्लाको साक्षरता प्रतिशत १२.४% भएता पनि राईहरुको साक्षरता प्रतिशत चाहिं लगभग ८% भन्दा तल पाइन्छ। राई गाउँमा पसेर हेर्‍यौं भने स्कूल

पढ्ने मन्दा लाहुरेको संख्या बढी देखिन्छ। एक दुई गाउँ पन्चायतलाई छोडेर प्राय: जसो सबै गाउँमा एस.एल.सी. पास गर्ने व्यक्ति पाउन गाह्रो पर्छ। २००० देखि ४००० सम्म जनसंख्या भएको गाउँमा मुस्किलले दुई तीन राई केटाहरूले मात्र एस. एल सी पास गरेको पाईन्छ। तिनीहरू पनि गाउँमा बस्दैनन्। कि त धरान कि त काठमाण्डौ गएर बस्छन्। यसरी राईहरूको संख्या बढी भएता पनि अरू जन-जातिहरूको तुलनामा धेरै नै पिछडिएको पाइन्छ भने महिलाहरूको अवस्था पनि उस्तै छ। ५-१० प्रतिशत केटाकेटीले ८, ९, १० कक्षा सम्मको औपचारिक रूपले स्कूल पढेर छोडी त्यहींको स्कूलमा पढाउने काम गर्छन्। यसरी चेतनाको अभावले स्थिति गिर्दो छ।

जबसम्म मानिसलाई शिक्षाको ज्योतिले प्रभाव पार्दैन तबसम्म मानिसको मनको र ज्ञानको विकास हुन बिल्कुल असम्भव छ। मानिस स्वभावले सामाजिक प्राणी हो, उ समाजमा सबैसंग मिलेर बस्न र बाँच्न चाहन्छ। तर बिडम्बना के छ भने गाउँले समाजमा शिक्षितहरु मन्दा अशिक्षितको संख्या बढी भएको कारण त्यहाँ अहंकारी, मूर्ख, घमण्डी, जाली, फट्याई, शोषण, ठगी आदि विभिन्न किसिमका सामाजिक र आर्थिक असमानताहरू पाईन्छ। यस्ता जटिल कुराहरु हटाउनको लागि प्रत्येक मानिसले शिक्षा पाउनु अनिवार्य देखिन्छ। जबसम्म ज्ञान र विद्याको बोध हुँदैन तबसम्म मानिसको मस्तिष्क विकसित हुँदैन र उनीहरुमा शैक्षिक, सामाजिक, साँस्कृतिक, राजनीतिक चेतना आउँदैन। गाउँमा स्कूलहरु भएता पनि कतिपय ठाउँहरुमा जन इच्छा र आवश्यकता भएर पनि विद्यालयहरु, पुस्तकालयहरु स्थापना हुन सकेका छैनन्। यसको कारण विकट क्षेत्र परेकाले यातायातको असुविधा, सीमित भौतिक साधन, जनताको आर्थिक निर्बलता, समाज सेवाको भावनाको कमी जस्ता कुराहरुले स्थितिलाई पिछडिंदो पारेको छ। साधन र श्रोतको अभाव, स्कूलमा समयमा किताब उपलब्ध नहुनु, दक्ष शिक्षकको कमी अधिकांश विद्यार्थीहरुले ध्यान दिएर नपढनु आदि कारणहरु र उनीहरूका अभिभावकहरू ९८./. अशिक्षित हुनुनै अभिशाप देखिन्छ। केही राई केटाहरूमा पढछु, गर्छु भन्ने भावना पाईन्छ तर भनेर मात्र हुदैंन। उनीहरूमा पढ्ने लगनशीलता र गर्ने भित्री भावना हुनुपर्छ। त्यस्तो आकांक्षा नभएसम्म सफल हुन मुश्किल छ। जहिलेसम्म शिक्षामा सन्तोषजनक प्रगति हुँदैन र विद्या आर्जन गर्दैन त्यो समाज सम्पन्न समाज बन्दैन। जुन समाजको व्यक्ति शिक्षित हुँदैंन त्यो व्यक्तिले समाजको उत्थान र देशको सेवा गर्न सक्दैंन।



शिवज्योतिसिद्ध किरातेश्वर धामका अध्यक्ष श्री मोहनकुमार चामलिङ्ग राई समापन भाषण दिंदै हुनु हुन्छ । साथमा प्रमुख अतिथिज्यू हुनुहुन्छ ।



श्रीलक्ष्मणाचार्य



श्रीबी० बी० सुब्बा



श्रीप्रेमराई चामलिङ्ग




श्रीमणीश्वर पाङमाली राई



श्रीहर्कमान राङकासु राई



श्रीपूर्णदिल चामलिङ्ग



श्रीमाबुलाल धिमाल



श्रीदलबहादुर कोयुराई

किरातेश्वरधाम निर्माणार्थ सहयोग गर्ने दान वीरहरूको नामावली

विगत मिति २०४० साल पौष ६ गते बिहिवारका दिन लखनपुर गाउँ पञ्चायत वडा नं. १ का वडा अध्यक्ष श्री पुण्यप्रसाद पौडेलको सभापतित्वमा 'श्री शिव-ज्योतिसिद्ध किरातेश्वर धाम' निर्माण गर्ने सम्बन्धमा पूर्ण भक्तजनहरूको उपस्थितिमा शुभ कार्य प्रारम्भ भयो । यो धाम निर्माण गर्नको लागि प्राप्त भूमिको विवरण तल प्रस्तुत छ ।

१) यस धामको प्रथम खुट्टा टेक्ने ठाउँ लखनपुर-१ निवासी दानवीर श्री पूर्णदिल चाम-लिङ्ग राईले दिनु भयो । पूर्णदिलले निःशुल्क दुइ कट्ठ भूमि प्रदान गरेर सबभन्दा ठूलो गुरु सेवा योग्य आफूलाई बनाउन भएको छ । गुरुभक्तिको यो एउटा राम्रो नमूना देखाउनु भएको छ ।

२) लखनपुर निवासी श्री टुडु सतारले ने. रु. ५००। पाँचसय रुपियाँमा ५ कट्ठा १९ धुर भूमि प्रदान गर्नु भयो ।

३) लखनपुर निवासी श्री सनत सतारले ने. रु. २००। दुई सय रुपियाँमा दुई कट्ठा भूमि दिनु भयो ।

यी महानुभावहरूले मन्दिरको लागि भूमि दान दिए पछि उपर्युक्त सम्बन्धमा विवरण अनुसार मिति २०४० चैत्र ७ गते, २०४१ जेष्ठ ९ गते, मिति २०४१ कार्तिक ३ गते र मिति २०४१ साल माघ १२ श्री मोहनकुमार चामलिङ्ग राईको सभापतित्वमा श्री शिवज्योतिसिद्ध किरातेश्वरधामको निर्माण कार्य प्रारम्भ भयो ।

मन्दिर बन्न थाले पछिका दानदाताहरू

१) लखनपुर गा. पं. वा. नं १ सुवेदार मोहनकुमार चामलिङ्ग राईले रू. ५००० यज्ञकुण्डको लागि जस्तापाता र ताँबाको गजुर; आदि उदार भावले प्रदान गर्नु भएको छ ।

२) तारावारी निवासी श्री मावुलाल धिमालले मन्दिरको गोपुर वनाउनको लागि १५,०००।– ईटा प्रदान गर्नु भएको छ।

३) धरान दन्तकाली पाना पाउरोटीका उद्योगपति श्री प्रेम राई चामलिङ्गले १५ किलो ग्रामको ३५००।– मूल्य बराबरको घण्ट प्रदान गर्नु भएको छ ।

४) धरान निवासी श्री बी. बी. सुब्बाले किरातेश्वर पुस्तकालय निर्माणको लागि रू. १८००। दिनु भएको छ । अनि अखण्ड ज्योति जलाउनको लागि आफ्नो जीवन कालसम्म महीनावारी एक ढ्वाङ मट्टीतेल दिने वचन दिनु भएको छ ।

५) लखनपुर वा. नं. १ का श्री दिलीप वान्तवा राईले गुरू कुटियाको छानाको लागि रू. १५००।– दिनु भएको छ ।

६) दमक वा नं. ११ का क्याप्टेन श्रीनयनकृष्ण साङ्गशाङ्ग राईले एक हजार रूपैयाको जापानी घडी तथा चाँदीले मोरेको एक शङ्ख जसको मूल्य रू. १५००।- पर्छ मन्दिर-लाई प्रदान गर्नु भएको छ।

७) लखनपुर वा. नं. १ का श्री हर्कमान राई राङ्कासुले मन्दिरमा पिउने पानीको इनार लगभग रू. १४३८।–मूल्यको लागतले बनाई मन्दिर समितिलाई प्रदान गर्नु भएको छ।

८) पाँचथर कुरूम्वा हुलाकको श्री कुमार खालिङ्ग राईले गुरू आश्रमको छानाको लागि १०००।– प्रदान गर्नु भएको छ।

९) डा. श्री भीष्म प्रसाईंले किरातेश्वर पुस्तकालयको लागि २५ थान पुस्तक दिनु भएको छ।

१०) श्री नरेश कुमार चामलिङ्ग राईले ल.गा. वा. नं. १ ज्योतिको दियो, आरती थाल, पञ्चपात्र, तथा कलश दिनु भएको छ।

किरातेश्वर सन्देश पत्रिका प्रकाशनार्थ सहयोग गर्ने चन्दा दाताहरूको नामावली

	नाम	पञ्चायत	प्राप्त रू.
१)	श्री प्रेम कुमार राई	धरान–३.	१,५०१।–
२)	श्री मणीश्वर पाङमाली राई	लखनपुर-१, सीतापुरी	१००१।–
३)	श्री हर्कमान राङकासु राई	" "	७०५।–
४)	श्री जय भक्त खालिङ राई	" "	५०१।–

५)	श्री पूर्णदिल चामलिङ्ग राई	" "	५०१।–
६)	श्री भगिश्वर पाङमाली राई	" "	५०१।–
७)	श्री बी. बी. सुब्बा	धरान-३	८२७।–
८)	श्री दिलीप वान्तवा राई	लखनपुर, मंलधारे	५०१।–
९)	श्री सु. मोहनकुमार चामलिङ राई	लखनपुर-१	५००।–
१०)	श्री भगिराज चामलिङ राई	" "	३०१।–
११)	श्री हरिबहादुर राई	लखनपुर–१, मंगवारे	२००।–
१२)	श्री पूर्णबहादुर वान्तवा राई	लखनपुर–१, पाडाजुङ्गी	१५०।–
१३)	श्री जङ्गबहादुर रूछेनबुङ राई	लखनपुर–३	१५१।–
१४)	श्री हर्कमान वान्तवा राई	" "	१५१।–
१५)	श्री नरेन्द्रप्रसाद वान्तवा राई	लखनपुर–१, सीतापुरी	१००।–
१६)	श्री दलबहादुर कोयू राई	" "	१५१।–
१७)	श्री धर्मबहादुर खालिङ राई	रवि हिकुनाम्बा	१०२।–
१८)	श्री गणेशकुमार साङपाङ राई	लखनपुर १	१०१ –
१९)	श्री हर्कबहादुर राउत	" "	१०१।–
२०)	श्री नरेशकुमार चामलिङ राई	" "	१०१।–
२१)	श्री गङ्गाराम निरौला	" "	१०१।–
२२)	श्री शेरबहादुर साँवा	" "	१००।–
२३)	श्री सन्तकुमार वान्तवा	लखनपुर–२, मङ्गलबारे	२०१।–
२४)	श्री नर वीर राई	लखनपुर-२	१०१।–
२५)	श्री पूर्णनन्द शर्मा	लखनपुर-१	१०१।–
२६)	श्री हरिप्रसाद साङपा राई	मधुमल्ला	१०१।–
२७)	श्री भीमबहादुर हीराहाङ राई	लखनपुर-१	१००।–
२८)	श्री गुरुप्रसाद संग्रौला	लखनपुर-३	१००।–
२९)	श्री बलबहादुर चामलिङ राई	लखनपुर-१	७५।–
३०)	श्री रुद्र प्रसाद गौतम	" "	५१।–
३१)	श्री चन्द्रबहादुर एवाई	सीतापुरी	५०।–
३२)	श्री सिद्धिदेवी राई	तोपगाछी–५	५०।–
३३)	श्री योगेन्द्र प्रसाद गौतम	लखनपुर–१	४१।–

३४) श्री चन्द्रप्रसाद बोखिम	" "	३०।-
३५) श्री भक्तिप्रसाद गौतम	"	२५।-
३६) श्री गौरीप्रसाद राई	" "	२०।-
३७) श्री लीलाप्रसाद दाहाल	" "	११।-
३८) श्री पुण्यप्रसाद पौडेल	लखनपुर-१	११।-
३९) श्री लालध्वज राई	लखनपुर-३	५०।-
४०) श्री घनश्याम भट्टराई	तोपगाछी-५	१०।-
४१) श्री डिल्लीराम मिरौला	" "	१०।-
४२) श्री मोहनकुमार भट्टराई	लखनपुर-१	१०।-
४३) श्री इच्छा दिलमाया राई	" "	१०।-
४४) श्री देवानन्द खालिङ राई	" "	५।२५
४५) श्री कमलकुमार वान्तवा	" "	५।-
४६) श्री मिलन रूछेनवुङ राई	" "	१००।-
४७) श्री जङ्गवहादुर चामलिङ्ग राई	" "	१५०।-
४८) श्री लप्टन धनबहादुर थुलुङ्ग	मुकली, सोलुखुम्बु	१०१।-



यस परिवर्तनशील संसारमा कसले जन्म लिदैंन ? को मर्दैन ? अर्थात् कीरा फट्याङ्ग्रादेखि लिएर पशुपंक्षी मानव सबैले जन्म लिन्छन् र एक दिन मरेर पनि जान्छन् । तर यतिको नाम जन्मनु हैन। यतिको नाम नै जन्मनु भएमा कीरा-फटयाङ्ग्रा र मानवमा केही अन्तर हुँदैन ।

त्यसकारण आफ्नो जन्मलाई सार्थक पार्ने क्रममा क्रियाशील भई राष्ट्रोत्थानमा समर्पित हुने युवाहरूको राष्ट्रलाई नितान्त आवश्यक छ ।

डा० स्वामी प्रपन्नाचार्य

'किरातेश्वर-सन्देश' पत्रिकाको नियमावली

१) किरातेश्वर पत्रिका एउटा पवित्र धार्मिक पत्रिका हो ।

२) परम्परादेखि मान्य रही आएका धार्मिक, नैतिक एवं मर्यादाहरुको समयानुकूल समाजमा तिनीहरुको प्रतिष्ठापन गरी हिन्दूराष्ट्र नेपालको गौरव बढाउन सहयोग गर्नु पत्रिकाको मूल उद्देश्य हुनेछ ।

३) किरातेश्वर सन्देश पत्रिकामा लेखहरू दिंदा ध्यान दिनु पर्ने कुराहरु निम्न लिखित छन् ।

(क) नेपाल राष्ट्र भित्रका आर्य संस्कृतिको अनुयायी समस्त जाति-जातिहरूका बीच परस्पर सामञ्जस्य एवं परस्पर सद्भावनाको विकासका नैतिक जागरणमा मद्दत दिने लेख साथै कविता, कथा, रूपक आदि सामग्रीहरू पत्रिकाको निमित्त स्वीकार्य हुनेछ ।

(ख) धर्म-संस्कृति, इतिहास, पुरातत्व, कला, साहित्य, दर्शन; आदि राष्ट्रिय जीवनमा स्वीकृत सबै पक्षहरूको स्वस्थ्य विवेचना भएका सामग्रीहरू यो पत्रिकाको निमित्त स्वीकार्य हुनेछन् ।

(ग) रचना पठाउँदा कुनै पनि राजनैतिक विवादमा नपरेको स्वस्थ्य र संतुलित विवेचना भएको लेख मात्र स्वीकृत हुनेछ ।

(घ) पूरा पृष्ठ कागजको पानामा १० पृष्ठ भन्दा बढी नभएको पानाको एक तर्फ मात्र लेखिएको अथवा स्पष्ट टाइप गरिएको लेख स्वीकृत हुनेछ ।

(ङ) तीन पटकसम्म पत्रिकामा नछापिएको लेख अस्वीकृत भएको सम्झनु पर्ने छ । त्यस्तो लेख फिर्ता पठाउन सम्पादक मण्डल बाध्यता हुने छैन ।

(च) पत्रिका वर्षको एक पटक महाशिवरात्रीको अवसरमा निकालिने छ ।

नव वर्षको शुभ-कामना

वि सं २०४१ साल फाल्गुन ६ गते महाशिवरात्रिको
शुभ-अवसरमा पूज्य डा० स्वमी प्रपन्नाचार्यज्यूको
करकमलबाट उद्घाटित 'श्रीशिवज्योति
सिद्धकिरातेश्वर धाम' सम्पूर्ण
भक्तजनहरूमा आध्यात्मिक
जागरण, नैतिक उत्थान
र सुख शान्तिको
कामना गर्दछ ।



शिवज्योति सिद्धकिरातेश्वर धाम
सीतापुरी लखनपुर १
झापा
मेची अञ्चल
नेपाल

केही मनन गर्न योग्य बुँदाहरू

१- आफ्नो इतिहास आफ्नै हातले लेखेको हुनु पर्छ र आफ्नै आँखाले पढ्नु पर्छ ।

२- किरातहरू मङ्गोलियन होइनन् । किराहरू बहादुर आर्यावर्त हिमवत्खण्ड किरातदेशका वीर हिन्दू क्षत्रिय हुन् ।

३- आर्यावर्त भित्र जन्म सिद्ध अधिकार सम्पन्न मानवलाई बाहिरबाट आएका भत्तुवा हो भन्ने 'इतिहास' झूठो हो ।

४- आफ्नो इतिहास र संस्कृतिमा गौरव नमान्ने कति नै ठूलो भए पनि ज्युँदै मरेको मुर्दा हो ।

५- अर्काको आँखाले देखेको सर्वत्र सही हुंदैन ।

६- विश्व संस्कृति र इतिहासको मूल संस्कृत मासियो भने सनातन हिन्दूत्व नै समाप्त हुने छ । त्यो स्वत्व खतम भएको मुर्दामाथि स्वतन्त्ररूपले हमेशा गिद्ध घुमछ । आज हिन्दू धर्म र संस्कृतिमाथि यही समस्या आइलागेको छ । यसको लागि कमर कसेर सजग रहनु आवश्यक छ ।

७- पैसामा बेचिनु पशु नै हो । त्यसबाट राष्ट्र र समाजले सजग रहनु पर्छ ।